CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

2 सद्-श्री-विचारका भाव मिलबाटै उठ्न सक्छ!!

नेपाल महात्म्य -कुचकैप्रवे

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ– 'साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि हिमवत्खण्डले दिइआएका योग-दानको विशेष महत्त्व छ ।'

हुन पनि हिमवत्खण्डको साहित्यमा जीवनको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन गएको छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ, ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो । मौसूफ सरकारबाट हुकुम पनि भएको छ– 'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ ।'

मलाइ आशा मात्र होइन पूर्ण विश्वास पनि छ, श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा-प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्नेछ र देशान्तरमा पनि हाम्रो जीवनको रूप-सौन्दर्य मात्र होइन कि कर्म-सौन्दर्य र शील-सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ ।

केदारमान व्यथित
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

२०२६ साल जेठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

'नेपाल-माहात्म्य' एक पौराणिक कथा र धार्मिक तीर्थको पुस्तक मात्र नभएर त्यस बेला संस्कृतज्ञमा रहेको राष्ट्रवादको एक प्रगाढ प्रेम पनि भन्नुपर्छ कि भन्ने देखिन्छ । स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा यसको प्रस्तुतीकरण गरिएको पाइन्छ । अनूदित हिमवत्खण्डलाई यहाँ दोहोऱ्याएर फेरि लेखिएको भने यो होइन ।

नेपाल देशको उल्लेख स्मृति, पुराण, धर्मशास्त्र, आयुर्वेद, महाभारत, महाकाव्य, शिलापत्र आदिमा गरिएको छ । हिमालयको भने झन् वेद र उपनिषद् आदिमा पनि नाम संकीर्तन गरिएको पाउँछौं । यसको सीमाको वारेमा पनि अगिपछि थपघट हुँदै गरेको कुरा भूगोलज्ञ र इतिहासकारवाट प्रकाशमा आएको र आउने कुरो हो । अगिको कुरा छाडेर वर्तमानका आधारमा हाम्रो नेपाल पूर्व मेची पश्चिम महाकालीको सीमामा परिवेष्टित छ । तर 'नेपाल-माहात्म्य, लेखिदा यसको सीमा पूर्वमा कौशिकी नदी, पश्चिममा त्रिशूली, उत्तरमा शिवपुरी र दक्षिणमा शीतलोदका (चीसापानी खोला ?) यस परिधिभित्र निश्चित गरिएको देखिन्छ ।

यस सीमाभित्र यो नेपाल कहिलेदेखि कहिलेसम्म रह्यो, त्यसै समयमा यस ग्रन्थको निर्माण भएछ भन्नुपर्ने भयो । पुराणका अर्थवादलाई सर्वात्मना सत्यै मान्नुपर्छ भन्ने त हाम्रो पनि भनाइ होइन । तर तीर्थ र देवस्थलहरूको पौराणिक आधारको अन्वेषणवाट पनि देशका धेरै कुरा जान्न सकिन्छ भन्नु हाम्रो तात्पर्य हो ।

पुराणका विषयमा दुई धारा छन्: एक ऐतिहासिक र एक धार्मिक । धार्मिक विश्वासलाई अनास्था गरी अर्को मोड दिन पनि त विश्वासलाई जन्माउनुपर्छ । जुन विश्वास राष्ट्रको हितकारक हुन्छ, त्यो अप्रतिष्ठित तर्कभन्दा धेरै उपादेय हुन्छ भन्ने हाम्रो धारणा छ । इतिहासकारहरू वैदिक कालदेखि नै पुराणको प्रारम्भ मानी वि. सं. तेह्रौं शताव्दीसम्म यसको रचनाकाल मान्छन् र व्यासका नाममा दर्ता हुँदै गएको ठान्छन् । स्कन्दपुराणको धेरै भाग आठौं शताब्दीपछि आएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचिएको हो भन्ने भनाइसँग न त हाम्रो विरोध छ न त पूर्ण समर्थन नै छ । किनभने यस क्रमको अन्वेषण जुन साधिकार पण्डितहरूवाट हुनुपर्दथ्यो त्यो भएको नै छैन झैं लाग्छ । पाश्चात्य विद्वान्का कुरा भाषान्तर गर्दैमा र त्यस ग्रन्थकै अन्वेषण नगरिंदा प्रमाण कोटिमा आउँछन् भन्ने पक्षमा म छैन । यसको खोजी गर्न बाँकी नै छ ।

यो धार्मिक महत्त्वको ग्रन्थ भएकोले र नेपाल एक मात्र हिन्दू राष्ट्र भएको हुँदा आजभन्दा धेरै अगि पनि यसको आफ्नै स्थान रहेछ भन्ने यसले देखाउँछ र आज पनि यसैका आधारमा आस्था वनाई धर्म-कर्म गर्ने धेरै नै छन् । यसरी नेपालीको संस्कृतिलाई 'नेपाल-माहात्म्य'ले आज जोगाएर राखेकोले नेपाली भाषामा यसको अनुवाद गर्नु उचित वन्न गएको ठानेका छौं । यसको रचनाकालअघि यहाँ धेरै नै देवमन्दिर वनिसकेका र तीर्थहरूको नामकरण समेत भई प्रसिद्धि पाइसकेका देखिन्छन् । विभिन्न वस्तीका विकास पनि भएका पाइन्छन् । यसवाट प्राचीन नेपाललाई एक झलकवाट अनुसन्धानको सामग्री प्राप्त हुन सक्ने भन्न सकिन्छ । सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक आदि विषयहरूलाई खोज गर्न यसले सघाउ पुऱ्याएमा केही अंश भए पनि उद्देश्यपूर्ति हुन जाने थियो ।

धर्मप्राण यी नेपाली जातिले संस्कृतिलाई आजसम्म जोगाइराखेको देखिन्छ । ती धर्ममा विश्वास राख्ने मनुष्यहरूले आफ्ना आराध्य देव-देवताको उत्पत्ति र त्यसको महिमा थाहा पाउन पनि यसको माध्यम उपयुक्त हुन्छ झैं लाग्छ ।

यसको अनुवाद श्री मुक्तिनाथ खनालले पञ्चवार्षिक योजनाअन्तर्गत अनुवादकको रूपमा रही गर्नुभएको हो । अनुवादकले निकै परिश्रम गरी यसलाई सम्पन्न गर्नुभएको छ । पहिलो प्रयास भएकोले र धार्मिक पुस्तकको मान्यतासित समेत समन्वय गर्नुपर्दा केही कठिनाइ पर्नु पनि कुनै नौलो कुरो भएन । सम्भव मात्रामा हामीले यस पुस्तकको अनुवाद विद्वान्समक्ष राखेका छौं । कतै हाम्रो भूल भएको सूचना पाए धन्यवादसहित स्वीकारी अर्को संस्करणमा शुद्धयाउन पाउँदथ्यौं । खालि नेपाली मात्र नराखी मूल संस्कृत पनि राखिएको त पुस्तकको संस्कृत प्रति पनि सुलभ रूपले प्राप्य नभएकोले नै हो ।

यसमा रहेको नेपाल र त्यसभित्रका देव-तीर्थस्थललाई मानचित्र वनाई प्रस्तुत गर्ने विचारलाई साकार रूप दिन खोजेर पनि प्रस्तुत गर्न सकेनौं, प्राचीन नाम र अर्वाचीन नामको भिन्नताले पनि यो अति दुष्कर भयो । अन्वेषणको कार्य बाँकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नँ छ । करीव तीन महीनाको समयभित्र यसको यति रूपरेखा परेकोसम्म सम्झेर केही पर्न गएको त्रुटिमा क्षमा याचना गर्दै यस लेखलाई समाप्त गर्छु ।

चूडानाथ भट्टराय
आयोजक
संस्कृति उपविभाग नं. १
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

द्रष्टव्यः– वि. सं. १९५७ मा प्रभाकरी कम्पनी वाराणसीबाट प्रकाशित पुस्तकलाई अनूदित गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुक्रमणिका

			पृष्ठ
१.	पहिलो	अध्याय–	१
२.	दोस्रो	अध्याय–	११
३.	तेस्रो	अध्याय–	२२
४.	चौथो	अध्याय–	३३
५.	पाँचौं	अध्याय–	४२
६.	छैटौं	अध्याय–	५३
७.	सातौं	अध्याय–	६५
८.	आठौं	अध्याय–	७५
९.	नवौं	अध्याय–	८८
१०.	दशौं	अध्याय–	१००
११.	एघारौं	अध्याय–	११२
१२.	बाह्रौं	अध्याय–	१२६
१३.	तेह्रौं	अध्याय–	१३८
१४	चौधौं	अध्याय–	१५०
१५.	पन्ध्रौं	अध्याय–	१६३
१६.	सोह्रौं	अध्याय–	१७०
१७.	सत्रौं	अध्याय–	१७७
१८.	अठारौं	अध्याय–	१८६
१९.	उन्नाइसौं	अध्याय–	१९७
२०.	बीसौं	अध्याय–	२०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१.	एकाइसौं अध्याय–	२११
२२.	बाइसौं अध्याय–	२१९
२३.	तेइसौं अध्याय–	२२४
२४.	चौबीसौं अध्याय–	२३१
२५.	पच्चीसौं अध्याय–	२३९
२६.	छब्बीसौं अध्याय–	२४७
२७.	सत्ताइसौं अध्याय–	२५२
२८.	अट्ठाइसौं अध्याय–	२६२
२९.	उनन्तीसौं अध्याय–	२७१
३०.	तीसौं अध्याय–	२८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीर्थादिनाम-सूची

	अ.	श्लो.
अगस्त्यकुण्डम् (कुम्भेश्वरस्य कुण्डम्)	१५	३१
अगस्त्येश्वरः (कुम्भेश्वरलिङ्गम्)	१५	२५–४८
अनन्तभोगशयनविष्णुः	११	१९–२८
अनन्तलिङ्गम्	७	२१–२८
अनन्तशयनासीननारायणः	२९	५८
अन्तर्गणेशः (कूर्मगिरिमूलस्थगणेशः)	११	११४–११५
आशापुरेश्वरः	५	१९–२१
इन्द्रेश्वरः	५	१४–१८
ऋष्याश्रमः	६	१३–१४
कर्कोटकनागेन्द्रः	११	८६
कारुणिकेश्वरः	१	५७–६५
किरातेश्वरः	१	३०
कीलेश्वरः	७	७ अं. को ३१–१० अं. को ८३
	१०	
कुमारकन्दरम्	१४	६५
(महाद्भूत) कूपः	१६	३
कूर्मपर्वतम्	११	१११
कोषोदकतीर्थम्	१४	५३–५५
कौशिकी नदी (कोशी ?)	१५	३
क्षेत्रपालः	११	१०९
खुरेश्वरः	५	७–८
गरुडध्वजः		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ.	श्लो.
(गरुडनारायणो वा)		
दोलागिरिस्थनारायणः	२	३–६६
गुप्तेश्वरी	३	५६
गुह्येश्वरी	१	४१
दक्षिणगोकर्णः	१	४८
गोकर्णेश्वरः	१	४५
गोखुरकतीर्थम्	१४	५८
गोखुरकेश्वरः	२६	२४
गोपालेश्वरः	१२	१
गौरीशिखरम्	१४	५६
चटकतीर्थम्	२६	७–१५ :२४–२५
चण्डेश्वरः	४	५५
चण्डेश्वरी	४	४४
चतुर्वक्त्रेश्वरः	२६	४६
चन्दनागिरिः	८	२
चन्द्रदीप्तितटम्	११	८०
चम्पानदीसङ्गमम्	११	६५
चैलगङ्गा	२६	१३
जयवागीश्वरी	१	५३
टङ्केश्वरः	११	१०४
डोलेश्वरः	५	२६–७८
तमसा	३	१३–१४
तिलमाधवः	७	३–१८
तिलमाधवतीर्थम् (चम्पानदीसङ्गमजतीर्थम्)	११	६५
त्रिचम्पकसरः	२६	२१
त्रिपुरा	१	५५
त्रिशूलगङ्गा (त्रिशूली)	१५	३
देववापी (देववापी ?)	१४	६५
दोलागिरिः	२	३
द्वारपालविनायकः	२६	६६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ.	श्लो.
धनेश्वरः	५	५
धर्मभूमिः	११	६७
धारातीर्थम्	५	७४
नवनाडीमयगिरिः	३	२२
नारायणः	२६	५१
नीरामती	५	१५
नेपालः	१	६
	११	६०–६३
	१५	३–५
नेमिः	११	४६
पञ्चनदतीर्थम्	१४	६१
पञ्चलिङ्गतीर्थम्	११	१०५
पशुकुण्डम्	१	३०
पशुपतिः	१	६–२७
पापमोचनतीर्थम्	१४	५१
पाण्डुकेश्वरः	२६	४७
पाण्डुनदी	२६	४८
पुलहाश्रमः	११	१०३
प्रकाण्डवनम्	६	१–३
प्रकामदतीर्थम्	११	११६
प्रह्लादतपोभूमिः	७	५४–५५
बुद्धतपोभूमिः	१	५७
बुद्धस्थानम्	२६	५४
ब्रह्मभेदतीर्थम्	१४	५७
भद्रनद्याः संगमम्	११	६३
भारभूतेश्वरः	२६	३८
भुजङ्गशैलः	२६	३७
भुजङ्गशैलस्थगुहा	२६	३६
भुजङ्गशैलस्थगुहाद्वारिस्थगणेशः	२६	३७
भृगुकन्दरम् वा भृगुप्रपतनकन्दरम्	१४	५६–५७
भृङ्गीश्वरः	२७–३०	२७अ.को.६– ३०अ. को. १७ ½

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ.	श्लो.
भैरवः	१६	४
भोगिभोगसमासोनमाधवः	२९	२२
मङ्गलतीर्थम्	६	६६–७८
मङ्गलविघ्नहा (गणेशः)	६	६६–७५ १/२
मङ्गलेश्वरः	६	६६ ७९
मणिधातुपर्वतम्	२	५७
मणिमती नदी	१	५७–५८
मनःशिला महातीर्थम्	२९	४०
मनोहरा	६	६६
	११	९६
मातृतीर्थम्	२९	४१
मीनचक्रह्लदः	११	११७
मृगस्थली	१	३०
मृगेन्द्रशिखरम्	७	५०–५४
मृगोदकतीर्थम्	१४	५०–५१
यक्षोदकतीर्थम्	१४	६४
योगकुण्डम्	१४	६५
रक्तचन्दनवनम्	३	३४
	५	९
रक्तचन्दनवनस्थदेवी	३	३५
राजराजेश्वरी	१	५५
राढा	१	५२
रावणतपोभूमिः	१६	७
	२४	१०–१३
	२६	१–२
रुद्रधारा	११	८९
रुद्रमती	११	१०३
रोषमती नदी (रोसी ?)	५	१०
लीलावती	२९	२६
लीलावतीरोषमत्योः संगमम्	२९	२६
लुण्ठिकेशः	२९	५८
वज्रयोगिनी	२९	५७–५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ.	श्लो.
वज्रवाराही	२६	३६
वत्सला	१	३९
बदरिकातीर्थम्	१४	५२
वागीश्वरः		
(वाल्मीकीश्वरः)	३	२२–२६
वाग्मती	१	२८–२९
	७	९–५८
वाग्मतीमणिमत्योः संगमम्	११	८६
वाल्मीकियज्ञभूमिः	३	२१
वाल्मीकेशस्थकुण्डम्	२९	१८
वासुकी	१	५६
वासुकीक्षेत्रम्	११	५९
विश्वामित्रेश्वरः	५	१०–१४
विष्णुतीर्थम्	११	११७
विष्णुपदी (विष्णुमती)	११	१०१
वीरभद्रानदी	३	७
वीरभद्रासंगमम्	३	७
वीरभद्रासंगमस्थवनम्	३	७
वीरावतरणतीर्थम्	११	६३
वैष्णवक्षेत्रम्	७	५९
शङ्खमूलम्		
(वा अगस्त्याश्रमम्)	१४	३९
शङ्खालयगिरिः	१०	१६
शक्रनदी	११	८२
शिवनारायण :	१२	२
शिवपुरी	१५	६०
शीतलोदका	१५	४
शूलोद्भवतीर्थम्	१४	६२
श्लेष्मान्तकवनम्	१	६–९
	१	१६
श्वेतकानगरी	७	३३
सर्वौषधिगिरिः	११	८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ.	श्लो.
	११	१८०
सिद्धभूमिः	११	१०२
सुन्दरी	२६	१६
सुप्रभापुरी	८	२–३
सूर्यविनायकः	६	१–६५ १/२
सोमश्वरः (सोमलिङ्गम्)	१३	३–५
	२६	७–२८
स्कन्दकुण्डम्	१४	६०
स्तनकुण्डम्	१६	४
स्वर्णशृङ्गपर्वतम्	१०	७१
स्वर्णशृङ्गेश्वरः	७	७अ.को–१० अ.
	१०	२८–को ८३
हनुमत्तीर्थम्	३	१–२०
हनुमदीश्वरः	३	१७
हरसिद्धिः	२६	३०

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल-माहात्म्य

पहिलो अध्याय

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं चैव ततो जयमुदीरयेत् ॥१॥

नारायणलाई, नरलाई,नरोत्तमलाई, देवीलाई र सरस्वतीलाई नमस्कार गरेर त्यसपछि जय भनोस् ।

सूत उवाच–सूतजीले भन्नुभयो–

जन्मेजयस्य यज्ञान्ते मुनयो ब्रह्मवादिनः ।
समागताः पुराणानां कथां चक्रुर्निरन्तरम् ॥२॥

जन्मेजयको यज्ञको समाप्तिमा ब्रह्मवादी मुनिहरू आए र निरन्तर पुराणको कथा भने ।

मुनिमध्ये महातेजा जैमिनिः पर्यपृच्छत ।
मार्कण्डेयं महात्मानं भूय एव महाद्युतिम् ॥३॥

मुनिहरूमध्येका ठूलो तेज भएका जैमिनिले ठूलो कान्ति भएका महात्मा मार्कण्डेयलाई फेरि सोध्नुभयो–

जैमिनिरुवाच–जेमिनिले भन्नुभयो–

भगवान् सर्वधर्मज्ञ त्रिकालज्ञ मुनीश्वर ।
त्वत्तः श्रुतानि सर्वाणि क्षेत्राणि फलदानि च ॥४॥

सबै धर्म जान्ने, तिनै कालका (भूत, भविष्यत् वर्तमानका) ज्ञाता हे भगवान् मुनीश्वर ! तपाईंबाट सबै फल दिने क्षेत्रहरू सुनिए, ।

नेपालं च महाक्षेत्रं भुक्तिमुक्तिफलप्रदम् ।
वद तत् कीदृशं क्षेत्रं श्रोतुमुत्सुकितं मनः ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अब) भुक्ति मुक्ति फल दिने महाक्षेत्र (ठूलो तीर्थ) नेपाल कस्तो क्षेत्र हो, यो भन्नुहोस्, मन सुन्नका लागि उत्सुक छ ।

मार्कण्डेय उवाच– मार्कण्डेयजीले भन्नुभयो–

नेपालक्षेत्रमाहात्म्यं शृणु सावहितो मुदा ।
पीठानां परमं पीठं क्षेत्राणां क्षेत्रमुत्तमम् ।।६।।

पीठहरूमा पनि ठूलो पीठ भएको, क्षेत्रहरूमा पनि ठूलो क्षेत्र भएको नेपालको माहात्म्य प्रसन्नतापूर्वक सावधान भएर सुन्नुहोस्–

श्लेष्मान्तकवनं तस्य पुरा नाम प्रतिष्ठितम् ।
शालैस्तालैस्तमालैश्च हिन्तालैः परिपूरितम् ।।७।।
खर्जूरैर्नागरङ्गैश्च बीजपूरैश्च मण्डितम् ।
नानानिर्झरणोपेतं नानापक्षिनिनादितम् ।।८।।

शाल, ताल, तमाल, हिन्ताल (सानो ताल)हरूले भरिभराउ भएको; खजूर, सुन्तला, बिमिराहरूले सिंगारिएको; विभिन्न झरनाहरू भएको; विभिन्न पक्षीहरूले शब्द गरिएको त्यसको नाम श्लेष्मान्तक वन भनेर पहिल्यै राखियो ।

वाग्मत्याः सरितस्तीरे सर्वत्र कुसुमान्वितम् ।
श्लेष्मान्तकवनं दृष्ट्वा पार्वत्या सह शङ्करः ।।९।।
तुष्टोऽभूदतुलां प्रीतिं लेभे च मुनिसत्तम ।

हे श्रेष्ठ मुनि ! वाग्मती नदीको तीरमा जताततै फूलैफूल भएको श्लेष्मान्तक वनलाई देखेर पार्वतीका साथमा शंकर खुशी हुनुभयो र प्रशस्त प्रेम पनि पाउनुभयो–

काशिं विहाय कैलासमण्डलं सुमनोहरम् ।।१०।।
पार्वत्या सहितो रुद्रः श्लेष्मान्तकवनं ययौ ।

काशीलाई र सुन्दर कैलाशमण्डललाई छोडेर पार्वतीका साथ रुद्र श्लेष्मान्तक वनमा जानुभयो ।

अलक्षितो निजगणैर्मृगरूपं विधाय च ।।११।।
मृग्या भवान्या सहितो रेमे तस्मिन् वने मुदा ।

आफ्ना गणहरूद्वारा पनि नदेखिईकन मृगरूप लिएर मृगीरूप लिएकी भवानी (पार्वती) का साथ त्यस (श्लेष्मान्तक) वनमा आनन्दपूर्वक रमाउनुभयो ।

श्लेष्मान्तकवनं रुद्रे प्रविष्टे पार्वतीयुते ।।१२।।
अलक्षितः सुरगणैर्जगदासीत् समाकुलम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वतीलाई लिएर श्लेष्मान्तक वनमा रुद्र पसेपछि देवताहरूले (उहाँलाई) नदेख्दा सारा संसार नै आकुल थियो ।

ब्रह्मादयः सुरगणा मुनिभिर्नारदादिभिः ॥१३॥
त्रैलोक्यं बभ्रमुः सर्वे रुद्रान्वेषणतत्पराः ।

नारदादि मुनिहरूका साथ रुद्रलाई खोज्न तत्पर भएका सबै ब्रह्मादि देवताहरू तीनै लोक घुमे ।

पुरे ग्रामे वने वाऽपि नद्यामुपवनेषु च ॥१४॥
पर्वतेषु समस्तेषु ददृशुर्नैव शङ्करम् ।

शहर, गाउँ, वन, नदी र उपवनहरूमा त्यस्तै सबै पर्वतहरूमा पनि शङ्करलाई देखेनन् ।

भ्रमन्तो ह्यलसाः श्रान्ता हिमवन्तं नगेश्वरम् ॥१५॥
जग्मुर्मुनिगणैः सार्द्धं शङ्करेऽर्पितमानसाः ।
कुक्षौ हिमवतो रम्ये श्लेष्मान्तकवने तदा ॥१६॥

हिमालय पर्वत घुम्दा-घुम्दा थाकेका र अल्छी (शिथिल) भइसकेका शङ्करमै मन दिएका (देवताहरू) मुनिहरूका साथ हिमालय पर्वतको काखमा रहेको श्लेष्मान्तक वनमा गए । त्यस बेला–

एकशृङ्गं त्रिनेत्रं च पुष्टाङ्गमतिसुन्दरम् ।
मृगरूपधरं रुद्रं मृगीरूपधरां शिवाम् ॥१७॥
ददृशुर्विस्मिताः सर्वे मृगयूथसमन्वितम् ।
तुष्टुवुर्देवताः सर्वा नानास्तोत्रैर्मदान्विताः ॥१८॥

एक सिङ र, तीनोटा आँखा भएका, मोटो र राम्रो मृगको रूप लिएका र मृगको बथानमा मिलेका रुद्रलाई र मृगीको रूप लिएकी पार्वतीलाई सबैले देखे र आश्चर्य भए । खुशी भएका सबै देवताहरूले स्तोत्रद्वारा स्तुति गरे ।

तथाऽपि न जहौ रुद्रो मृगरूपं तपोधन ।
चक्रुस्ते मन्त्रणां विप्र शक्रविष्णुविरञ्चयः ॥१९॥

हे तपस्या नै धन भएका ब्राह्मण (जैमिनि) ! तैपनि रुद्रले मृगरूपलाई छोडेनन्; (अनि) इन्द्र, विष्णु र ब्रह्माले सल्लाह गरे–

शृङ्गं धृत्वा मृगस्यास्य स्थापयामो वशे वयम् ।
इति कृत्वा मतिं देवा ब्रह्मविष्णुसुरेश्वराः ॥२०॥
बलेन जगृहुः शृङ्गं पाणिभ्यां मृगरूपिणः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'यस मृगको सिङ पक्रेर हामीहरू वशमा राखौं' यस्तो विचार गरेर ब्रह्मा, विष्णु र इन्द्र देवताले वलपूर्वक दुवै हातले मृगरूपी शिवको सिङ पक्रे ।

धृते शृङ्गे सुरैः शीघ्रं मृगरूपी महेश्वरः ॥२१॥
उत्पफाल ततो जातं शृङ्गं खण्डचतुष्टयम् ।

देवताहरूले सिङ पक्रेपछि मृगरूपी महेश्वर उफ्रिए, त्यसपछि सिङ त चार टुक्रा भयो ।

उत्पत्य च महारुद्रः परे पारे मनोहरे ॥२२॥
वाग्मत्याः सहितस्तीरे नाम्ना पशुपतिः स्मृतः ।

महारुद्र उफ्रेर त पल्लोपट्टि वाग्मती नदीको मनोहर तीरमा पशुपति नामले पुकारिए (पशुपति भएर रहे) ।

मार्कंडेय उवाच– मार्कण्डेयजीले भन्नुभयो–

ततो ब्रह्मादयो रुद्रमूचुः प्राञ्जलयः सुराः ॥२३॥
व्रज काशीं महारुद्र कैलासं वा मनोहरम् ।
त्वया विना जगच्छून्यं भाति नः सचराचरम् ॥२४॥

त्यसपछि हात जोडेका ब्रह्मादि सवै देवताहरूले रुद्रलाई भने–हे महारुद्र ! काशीमा हिंड्नुहोस् अथवा मनोहर कैलाशमा हिंड्नुहोस्, तपाईंविना हामीहरू-लाई चराचर जगत् शून्य जस्तो भान हुन्छ ।

इत्याकर्ण्य वचो रुद्रो जगाद त्रिदशान् प्रति ।
स्थास्याम्यत्र वने रम्ये न यास्यामि च कुत्रचित् ॥२५॥

यस्तो कुरा सुनेर रुद्रले देवताहरूप्रति यस्तो कुरा भन्नुभयो– 'यही राम्रो वनमा वस्छु, कहीं जान्नँ–

स्थितोऽहं पशुरूपेण श्लेष्मान्तकवने यतः ।
अतः पशुपतिर्लोके मम नाम भविष्यति ॥२६॥

यो श्लेष्मान्तक वनमा पशुरूपले म बसेको छु, यसै कारणले मेरो नाम संसारमा पशुपति हुनेछ ।

ये मां पशुपतिं देवा द्रक्षन्ति मनुजा भुवि ।
पशुजन्म न तेषां तु मत्प्रसादाद् भविष्यति ॥२७॥

म पशुपतिलाई जुन देवताहरूले हेर्नेछन् (दर्शन गर्नेछन्) र पृथिवीमा जुन मानिसहरूले हेर्नेछन् (दर्शन गर्नेछन्) मेरो अनुग्रहवाट तिनीहरूको पशुजन्म हुनेछैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृगेन्द्रशिखराद्रम्यां मम हासाद्विनिर्गताम् ।
वाग्मतीं ये च द्रक्ष्यन्ति ते नराः पुण्यभागिनः ॥२८॥

मेरो हाँसोबाट निस्केकी वाग्मतीलाई मृगेन्द्रशिखराद्रिमा गएर जसले हेर्नेछन्, ती मानिसहरू पुण्यभागी हुन् ।

मृगेन्द्रशिखरं गत्वा पीत्वा वै वाग्मतीजलम् ।
द्रक्ष्यन्ति मां पशुपतिं न ते स्युः पशवो द्विज ॥२९॥

हे द्विज ! मृगेन्द्रशिखरमा गएर वाग्मतीको पानी पिई म पशुपतिलाई जो हेर्छन्, ती पशु हुँदैनन् ।

पशुकुण्डे नरः स्नात्वा पदाऽऽक्रम्य मृगस्थलीम् ।
किरातेश्वरमभ्यर्च्य सर्वपापैः प्रमुच्यते ॥३०॥

पशुकुण्डमा नुहाएर मृगस्थली पैदल हिंडेर किरातेश्वरलाई पूजा गरेपछि सम्पूर्ण पापबाट मानिस मुक्त हुन्छ ।

कार्तिके कृष्णपक्षस्य चतुर्दश्यां मृगस्थलीम् ।
प्रदक्षिणीं करिष्यन्ति ते नराः स्वर्गगामिनः ॥३१॥

कार्तिक कृष्ण चतुर्दशीमा जसले मृगस्थलीको प्रदक्षिणा गर्नेछन्, ती स्वर्ग जाने मानिस हुन् ।

इन्द्रेण विष्णुना धात्रा यद्यच्छृङ्गं धृतं मम ।
आत्माभिलषिते स्थाने तं लिङ्गं स्थाप्यतां मम ॥३२॥

इन्द्र, विष्णु र ब्रह्माले मेरो जुन जुन सिङ लिए, आफूलाई इच्छा लागेको ठाउँमा मेरो त्यो लिङ्ग स्थापना गरून् ।

एतस्मिन्नन्तरे गौरी महादेवमुवाच तम् ।
वाग्मत्याः सरितस्तीरे स्थास्यामि तव सन्निधौ ॥३३॥

यसै बीचमा उनै महादेवलाई गौरीले भनिन्– वाग्मती नदीको तीरमा तपाईंको नजीक म पनि बस्नेछु ।

श्रुत्वा गिरिसुतावाक्यमुवाच गिरिजापतिः ।
अत्यन्तगुप्तं गिरिजे कथयामि तवाग्रतः ॥३४॥

पर्वतकी छोरी (पार्वती) को बोली सुनेर गिरिजापति (शिव) ले भन्नुभयो– हे गिरिजा ! (पार्वती !) तिम्रो अगाडि ज्यादै नै गुप्त कुरा भन्छु–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वे भवे दक्षकन्या सती नाम्ना व्यवस्थिता ।
अपमानेन तातस्य प्राणास्त्यक्तास्त्वया शिवे ॥३५॥

हे पार्वती ! पहिलो जन्ममा सती नाम गरेकी दक्षकी छोरी भयौ, बाबुको अपमानले तिमीले प्राण त्याग गऱ्यौ ।

मया स्नेहेन ते देवी कुणपं कण्ठसंस्थितम् ।
कृत्वा महीपर्यटनं कृतं शोकाकुलेन च ॥३६॥

हे देवी ! शोकले आकुल भएको मैले तिम्रो मायाले लाश कण्ठमा धारण गरेर पृथ्वी घुमें ।

शोकाकुलं च मां दृष्ट्वा विष्णुस्नेहवशेन मे ।
सुदर्शनेन चिच्छेद तवाङ्गानि स्थले स्थले ॥३७॥

शोकले आत्तिएको मलाई देखेर विष्णुले मेरो माया लाग्दा सुदर्शन (चक्र) ले तिम्रा अङ्गलाई ठाउँ-ठाउँमा काट्नुभयो ।

तवाङ्गं पतितं गुह्यं वाग्मतीतटिनीतटे ।
मृगस्थल्या उदीच्यां तु तत् पीठं परमं महत् ॥३८॥

मृगस्थलीको उत्तरपट्टि वाग्मती नदीको तीरमा तिम्रो गुह्य खस्यो, त्यो पीठ परम महिमायुक्त छ ।

मम वात्सल्यतो यस्मात् स्थातुमिच्छसि पार्वति ।
तस्मात् ते वत्सला नाम भविष्यति वरानने ॥३९॥
ममाग्नेय्यां सदा तिष्ठ ममाज्ञातो महेश्वरी ।

मेरै वात्सल्य (प्रेम) ले गर्दा हे पार्वती ! तिमी बस्न इच्छा गर्दछौ, त्यसै-कारण हे सुन्दर अनुहार भएकी पार्वती ! तिम्रो नाउँ वत्सला हुनेछ । हे महेश्वरी ! मेरै आज्ञाले मेरै आग्नेयपट्टि सधैं बस ।

वाग्मत्याः पयसि स्नात्वा दृष्ट्वा त्वां वत्सलां शिवे ॥४०॥
द्रक्ष्यन्ति मां नरा ये वै ते स्युः कैलासगामिनः ।

हे पार्वती ! वाग्मतीको पानीमा नुहाएर तिमी वत्सलालाई हेरी जो मानिस-हरू मलाई हेर्नेछन् ती कैलास जाने होऊन् ।

मत्सन्निधौ तेऽन्तिके वा गुह्येशीसन्निधावपि ॥४१॥
ये जपन्ति नरा भक्त्या तेषां सिद्धिर्भविष्यति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो नजीकमा वा तिम्रो नजीकमा अथवा गुह्येश्वरीको नजीकमा पनि जो मानिसहरू भक्तिले जप्छन्, तिनीहरूको सिद्धि हुनेछ ।

इत्याकर्ण्य वचो देवी शङ्करस्य शुभाशयम् ॥४२॥
स्थिता सा वत्सला तत्र वाग्मत्याः सरितस्तटे ।

पार्वतीले शङ्करको यस्तो शुभ आशयको बोली सुनेर ती वत्सला त्यहीं वाग्मती नदीको तीरमा रहिन् ।

विष्णुस्तच्छृङ्गमादाय पशुपाशविमोचनम् ॥४३॥
उत्तरे वाग्मतीतीरे सुतुङ्गे सुमनोहरे ।
स्थापयामास तल्लिङ्गं सर्वपापैः प्रमुच्यते ॥४४॥

विष्णुले त्यो सिङ लिएर अग्लो र राम्रो वाग्मतीतीरको उत्तरपट्टि जीवको कर्मबन्धनलाई छुटाउने लिङ्गको स्थापना गरे । (त्यहाँ गएपछि) सबै पापबाट छुटकारा पाइन्छ ।

भाद्रमासे त्वमावास्यां तिथौ गोकर्णसन्निधौ ।
ये पिण्डान् पातयिष्यन्ति तारयिष्यन्ति ते पितॄन् ॥४५॥

भदौको औंसी तिथिमा गोकर्णको नजीकमा जसले पिण्ड खसाल्नेछन् (दिनेछन्) तिनीहरूले पितृहरूलाई तार्नेछन् ।

भृगुपातं करिष्यन्ति गोकर्णेश्वरसन्निधौ ।
तेषां मनोरथाः सर्वे भविष्यन्ति न संशयः ॥४६॥

गोकर्णेश्वरको नजीकमा जसले भृगुपात (हाम्फालेर मर्नु) गर्नेछन्, तिनीहरूको सबै इच्छा निश्चय पूर्ण हुनेछन् ।

ब्रह्मापि शृङ्गमादाय तदा दक्षिणसारणम् ।
गत्वा संस्थापयामास गोकर्णेश्वरमुत्तमम् ॥४७॥
तद्दक्षिणं तु गोकर्णं क्षेत्राणां क्षेत्रमुत्तमम् ।

ब्रह्माले पनि सिङ लिएर दक्षिणसारणमा गई उत्तम गोकर्णेश्वरको स्थापना गरे । त्यो दक्षिण गोकर्ण त क्षेत्रहरूमध्ये पनि उत्तम क्षेत्र (तीर्थ) हो ।

इन्द्रोऽपि शृङ्गमादायामरावत्यां द्विजोत्तम ॥४८॥
स्थापयामास तल्लिङ्गं सर्वकामफलप्रदम् ।

हे द्विजोत्तम (हे श्रेष्ठ ब्राह्मण जैमिनी !) इन्द्रले पनि सिङ लिएर अमरावतीमा सबै इच्छाको फल दिने लिङ्गको स्थापना गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाग्मत्याः सरितस्तीरे पशुपाशविमोचनम् ॥४९॥
एवं श्लेष्मान्तकवने नाम्ना पशुपतिः स्मृतः ।

वाग्मती नदीको तीरमा जीवको कर्मवन्धनलाई छुटाउने यस्तै श्लेष्मान्तक वनमा पशुपति नामले कहिए ।

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो,

पार्वत्या सहिते रुद्रे स्थिते श्लेष्मान्तके वने॥५०॥
किमकारि सुरैः सर्वैस्तन्ममाचक्ष्व सुव्रत ।

हे सुव्रत ! (हे असल किसिमले व्रत लिने मार्कण्डेयजी !.) पार्वतीका साथ रुद्र श्लेष्मान्तक वनमा वसेपछि सबै देवताहरूले के गरे ? त्यो मलाई भन्नुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयजीले भन्नुभयो–

स्थिते पशुपतौ तत्र सर्वे ये देवता गणाः ॥५१॥
स्वस्वक्षेत्रं परित्यज्य श्लेष्मान्तकवने स्थिताः ।

त्यहाँ पशुपति वसेपछि सबै देवताहरू आ-आफ्नो ठाउँ छोडेर श्लेष्मान्तक वनमा वसे ।

राढातः कालिका देवी श्लेष्मान्तकवने गता ॥५२॥
जयवागीश्वरी नाम्ना प्रसिद्धा क्षेत्रसत्तमे ।
येऽस्या भक्ता भविष्यन्ति यास्यन्ति परमां गतिम् ॥५३॥

राढावाट कालिका देवी श्लेष्मान्तक वनमा गइन् र त्यस उत्तम क्षेत्रमा जय-वागीश्वरी नामले प्रसिद्ध भइन्। जो यिनको भक्त हुनेछन्, ती परम गतिमा जानेछन्।

याः स्त्रियश्चार्चयिष्यन्ति देव्यै हंसं मनोहरम् ।
अनुयास्यन्ति ताः सर्वाः प्रियं यमपुरं गतम् ॥५४॥

जो स्त्रीहरू मनोहर हंस चढाउनेछन् ती सबै यमपुरमा गएको पतिको पछि लाग्नेछन् ।

त्रिपुरातः समायाता राजराजेश्वरी शिवा ।
अस्या दर्शनमात्रेण दरिद्रोऽतिसुखी भवेत् ॥५५॥

त्रिपुरावाट राजराजेश्वरी देवी आइन्, यिनको दर्शनले मात्रै दरिद्र अत्यन्त सुखी हुनेछ ।

पातालमूलमुत्सृज्य वासुकिर्नागसत्तमः ।
उत्तरे देवदेवस्य स्थितो निजगणैर्वृतः ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाताल छोडेर श्रेष्ठ वासुकिनाग आफ्ना गणहरूले घेरिएर देवदेव (पशुपति) को उत्तरपट्टि रहे ।

सौराष्ट्रदेशादागत्य बुद्धरूपी जनार्दनः ।
मणिधातौ गिरिवरे तपस्यामकरोद्वशी ॥५७॥

सौराष्ट्र देशबाट आएर इन्द्रियलाई वश गरेका बुद्धावतारले पनि मणिधातु पर्वतमा तपस्या गरे ।

तपस्यातो गिरिवरे पञ्चाग्निज्वालया भृशम् ।
प्रस्वेदान्निर्गता सद्यो नाम्ना मणिमती नदी ॥५८॥

पर्वतमा तपस्या गर्दाको ठूलो पञ्चाग्नि ज्वालाबाट निस्केको उनको पसीनाले मणिमती नाम गरेकी नदी निस्किन् ।

तपस्यां कुर्वतस्तस्य बुद्धस्य गिरिजा तदा ।
तुष्टा बभूव प्रकटा नाम्ना सा वज्रयोगिनी ॥५९॥
उवाच गिरिजा बुद्धं वरं वरय सुव्रत ।

तपस्या गर्ने ती बुद्धको तपस्याबाट गिरिजा (पार्वती) खुशी भइन् र वज्रयोगिनी नामले ती प्रकट भइन् र बुद्धलाई पार्वतीले हे सुव्रत ! (हे असल व्रत गर्ने !) वर माग भनिन् ।

श्रुत्वा गिरिसुता वाक्यमुवाच भगवाँस्तदा ॥६०॥
सदाचारपरालोका ह्यस्मिन् देशे भवन्त्विति ।

गिरिसुता (पार्वती) को वाक्य सुनेर भगवान् (बुद्ध) ले यस देशमा सदाचारमा लागेका मानिसहरू होऊन् भन्नुभयो ।

बुद्धवाक्यं शिवा श्रुत्वा प्राह तं भक्तवत्सला ॥६१॥
शिवेन रचितं क्षेत्रं भवताऽपि तपः कृतम् ।
अतः क्षेत्रोत्तमे बुद्ध शैवाचारपरायणाः ॥६२॥
बौद्धाचारपरा लोका भविष्यन्ति न संशयः ।

बुद्धको बोली सुनेर भक्तवत्सला पार्वतीले भनिन्– शिवले रचिएको यो क्षेत्र हो, यहाँ तपाईंले पनि तपस्या गर्नुभयो । यसै कारणले हे बुद्ध ! यो उत्तम ठाउँमा शैवको आचारमा लागेका र बौद्धको आचारमा लागेका मानिसहरू निश्चय नै हुनेछन् ।

वाग्मत्या मणिमत्याश्च सङ्गमे क्षेत्रसत्तमे ॥६३॥
शिवधर्मपरो भूत्वा लिङ्गं संस्थापय प्रभो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे प्रभु (बुद्ध) ! बाग्मती र मणिमतीको दोभान भएको असल क्षेत्रमा शिव-धर्ममा लागेको भएर लिङ्ग स्थापना गर्नुहोस् ।

श्रुत्वा गिरिसुतावाक्यं बुद्धः कारुणिकस्तदा ।।६४।।
सङ्गमे स्थापयामास लिङ्गं कारुणिकेश्वरम् ।

पार्वतीको बोली सुनेर त्यसपछि कारुणिक (दया भएका) बुद्धले त्यस दोभान-मा कारुणिकेश्वर लिङ्गको स्थापना गरे ।

ये द्रक्ष्यन्ति नरा भक्त्या ते च वै स्वर्गगामिनः ।६५।।

जो मानिसहरू भक्तिपूर्वक (कारुणिकेश्वरलाई) हेर्दछन् ती निश्चय नै स्वर्ग जान्छन् ।

मार्कण्डेय उवाच– मार्कण्डेयजीले भन्नुभयो–
तस्मिन् प्रदेशे गिरिजा जाता वै वज्रयोगिनी ।।६६।।
भक्तलोकहितार्थाय स्थिता वै तत्र पर्वते ।

त्यस ठाउँमा गिरिजा वज्रयोगिनी उत्पन्न भइन् र त्यस पर्वतमा भक्तजनहरू-को हितका लागि रहिन् ।

एवं च देवताः सर्वाः श्लेष्मान्तकवने शुभे ।।६७।।
तदा पशुपतिप्रेम्णा नानास्थानेषु संहिताः ।।

यसरी असल श्लेष्मान्तक वनमा पशुपतिको प्रेमले गर्दा सबै देवताहरू विभिन्न ठाउँमा रहे ।

इति श्रीस्कन्दपुराणे नेपाल-महात्म्ये पशुपतिप्रादुर्भावो नाम प्रथमोध्याय ।।१।।

स्कन्दपुराणअन्तर्गतको नेपाल-महात्म्यमा पशुपति उत्पन्न भएको पहिलो अध्याय सकियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो अध्याय

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो–

केषु स्थानेषु के देवाः श्लेष्मान्तकवने स्थिताः ।
वद सर्वं महाभाग श्रोतुमिच्छा प्रजायते ॥१॥

श्लेष्मान्तक वनमा कुन ठाउँमा कुन देवता रहें, हे महाभाग ! त्यो सबै भन्नुहोस्, सुन्ने इच्छा पैदा भएको छ ।

मार्कण्डेय उवाच–मार्कण्डेयले भन्नुभयो–

सन्ति तीर्थान्यनेकानि श्लेष्मान्तकवने शुभे ।
देवताः सकलास्तत्र स्थिता भक्तवरप्रदाः ॥२॥
तथापि मुख्यतीर्थानां कानिचित् कथयामि ते ॥

शुभ (कल्याणदायी) श्लेष्मान्तक वनमा अनेकौं तीर्थहरू छन्, त्यहाँ भक्तजनलाई वर दिने सबै देवताहरू रहेका छन् । तैपनि केही मुख्य तीर्थहरू तपाईंलाई भन्दछु–

दोलागिरौ चम्पकवृक्षनिर्गतो
भक्तानुकम्पी गरुडध्वजो हरिः ।
यन्नामसंकीर्तनतो भुजङ्गमो
महाविषो निर्विषतामुपैति ॥३॥

दोलागिरिमा चाँपको रूखबाट निस्केका, भक्तलाई दया गर्ने गरुडध्वज हरि हुनुहुन्छ । जसको नाम कीर्तन गर्नाले प्रशस्त विष भएको सर्प विष नभएको जस्तो हुन्छ ।

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो–

कथं चम्पकवृक्षात् तु निर्गतो गरुडध्वजः ।
तद् ब्रूहि त्वं महाभाग श्रोतुकामास्तपोधन ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपस्या नै धन भएका हे महाभाग ! कसरी चाँपको रूखबाट गरुडध्वज निस्कनुभयो त्यो भन्नुहोस्, सुन्न इच्छा गर्दछु ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो –

तपोधन कथामेतां मत्तः सावहितः शृणु ।
आसीत् सुदर्शनः कश्चित् तापसः कोपनः शुचिः ॥५॥

हे तपोधन ! सावधानपूर्वक मवाट यो कथा सुन्नुहोस्– कुनै रिसाहा पवित्र तपस्वी सुदर्शन थिए ।

दोलागिरिवरे चक्रे तपोवनमनुत्तमम् ।
तस्यैका कपिला धेनुः कामधेनुरिवापरा ॥६॥

तिनले दोलागिरिमा श्रेष्ठ तपोवन बनाए । तिनकी दोस्री कामधेनु जस्ती एउटी कैली गाई थिइन् ।

तस्या दुग्धेन स मुनिर्हव्यकव्यादिकं स्वयम् ।
प्राणयात्रां च विदधे यतात्माऽतिथिपूजकः ॥७॥

संयमित आत्मा भएका अतिथिको सत्कार गर्ने ती मुनिले तिनै गाईको दूधले हव्य (देवकर्म) कव्य (पितृकर्म) आदि आफैं गर्थे र प्राणयात्रा (जीवननिर्वाह) पनि गर्थे ।

एकदा कपिला तस्य भ्रमन्ती चम्पके गता ।
चम्पकाद्वहिरागत्य पुरुषः कोऽपि शोभनः ॥८॥
तस्या दुग्धं स्वयं पीत्वा चम्पकाऽभ्यन्तरं ययौ ।
तस्या दुग्धं मुनिर्नैव लेभे यत्नपरायणः ॥९॥

एकदिन तिनकी कपिला (कैली गाई) घुम्दै चम्पक (चाँपको रूख)मा गइन्, चाँपको रूखवाट कुनै राम्रो पुरुष वाहिर आएर ती गाईको दूध पिई चाँपको रूखभित्र गयो । धेरै कोशिश गर्दा पनि मुनिले ती गाईको दूध पाएनन् (निकाल्न सकेनन् वा पगार्न सकेनन्) ।

याति चम्पकमूलं सा क्षीरं च पुरुषः पपौ ।
अलब्ध्वा कपिलाक्षीरं मुनिर्वै सप्तवासरान् ॥१०॥
चुकोपातीव संक्रुद्धो वचनं चेदमब्रवीत् ।
यः पिवत्येव कपिलादुग्धं हव्यनिमित्तकम् ॥११॥
शिरश्छेत्स्यामि दुर्बुद्धेर्यद्यहं तपसो निधिः ।
इत्युक्त्वा सनकैर्विप्रः कपिलापृष्ठतो ययौ ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती गाई चाँपको फेदमा जान्छिन्, दूध पुरुषले पिउँछ (यसरी नै) सात दिनसम्म कपिलाको दूध नपाएर मुनिले ज्यादै रिसाई यो बोली बोले– यदि म तपोनिधि हुँ भने जसले हव्य (देवकर्म) का लागिको कपिलाको दूध पिउँछ, त्यस मूर्खको टाउको काट्नेछु– यति भनेर ब्राह्मण बिस्तार बिस्तार कपिलाको पछि गए।

अलक्षिते तरुतले कपिला चम्पकं ययौ ।
चम्पकाद् बहिरागत्य कपिलायाः पपौ पयः ।।१३।।

ब्राह्मण नदेखिने भएपछि कपिला चाँपको रूखमनि गइन्, चाँपको रूखबाट बाहिर आएर (त्यस पुरुषले) कपिलाको दूध पियो ।

यावत् पीत्वा तरुतलं तावत् स तपसो निधिः ।
शिरश्चिच्छेद खड्गेन पुरुषस्यातिकोपनः ।।१४।।

जब रूखको फेदमा दूध पिएर बसिरहेको थियो अनि औधी रिसाएका ती मुनिले पुरुषको टाउको खड्गले काटिदिए ।।

विच्छिन्नशिरसस्तस्य पुरुषस्य तदा वपुः ।
शङ्खचक्रगदापद्मसमायुक्तं बभूव च ।।१५।।

अनि टाउको काटिएको त्यस पुरुषको शरीर त शङ्ख चक्र गदा पद्मले युक्त भएको भयो ।

गरुडोपरि तं दृष्ट्वा विशिरस्कं तदा मुनिः ।
विषण्णोभवदत्यन्तं किं कृतं च मया पुनः ।।१६।।

गरुडमाथि टाउको नभएको त्यसलाई देखेर ओहो ! मैले के गरें भनेर मुनि औधी खिन्न भए ।

गर्हयामास चात्मानं भूयो भूयस्तपोधनः ।
मूर्छामवाप महतीं संज्ञां लब्ध्वा तपोधनः ।।१७।।

तपोधनले वारंवार आफूलाई निन्दा गरे (गाली गरे), कडा मूर्छा परे, पछि होशमा आएर–

निधनायोद्यतः सद्यः प्रायश्चित्तं चराम्यहम् ।
मरणायोद्यतं दृष्ट्वा प्राह नारायणो मुनिम् ।।१८।।

(मुनि) प्रायश्चित्त गर्छु भनेर उत्तिखेरै मर्न आँटे । मर्न आँटेको देखेर मुनिलाई नारायणले भन्नुभयो–

मा भैषीस्त्वं मुनिश्रेष्ठ मा विषादो भवत्विति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वया कृतं सम्यगेव तुष्टोऽहं ते तपोधन ॥१९॥
भयं त्यज मुनिश्रेष्ठ वरं वरय सुव्रत ।

हे श्रेष्ठ मुनि ! तिमी नडराऊ, खिन्न पनि नहोऊ । तिमीले राम्रो नै गर्‍यौ । हे तपोधन ! म तिमीदेखि खुशी छु । हे मुनिश्रेष्ठ ! डर छोड । हे सुव्रत ! (असल किसिमले व्रत लिने !) वर माग ।

निशम्य नारायणवाक्यमुत्तमम्
तपोधनो भीतिमुदस्य तत्क्षणात् ।
कृताञ्जलिः प्राह महापकारिणे
वरं ददासीश विडम्बनं हि तत् ॥२०॥

नारायणको उत्तम वाक्य सुनेर उत्तिखेर डर छोडेका तपोधनले हात जोडेर भने– हे भगवन् ! ठूलो अपकार गर्नेलाई वर दिनुहुन्छ ! यो पनि विडम्बना नै हो ।

अधमं मां दुरात्मानं कर्मचाण्डालतां गतम् ।
सुदर्शनेन चक्रेण जहि मां मधुसूदन ॥२१॥

अधम, दुरात्मा, कर्मचण्डालत्वमा पुगेको मलाई, हे मधुसूदन ! सुदर्शन चक्रले मार्नुहोस् ।

यस्य देवाः सगन्धर्वा युद्धे सासुरमानुषाः ।
लोम च्छेत्तुं न शक्ताः स्युस्तस्य च्छिन्नं मया शिरः ॥२२॥

देव, गन्धर्व, दैत्य र मानिसहरूले युद्धमा जसको रौंसम्म पनि काट्न सकेनन्, त्यस्ताको टाउको मैले काटें ।

श्रुत्वा सुदर्शनवचः प्राह नारायणस्तदा ।
श्रूयतां मुनिशार्दूल येन च्छिन्नं शिरो मम ॥२३॥

सुदर्शनको बोली सुनेर अनि नारायणले भन्नुभयो– हे श्रेष्ठ मुनि ! जुन कारणले मेरो टाउको काटियो सुन–

आसीत् पुरा चण्डनामा दानवोऽतिपराक्रमः ।
वाराणस्यां तपस्तेपे शिवाराधनतत्परः ॥२४॥

पहिल्यै खूब पराक्रम भएको चण्ड नाम गरेको दानव थियो । त्यसले शिवको आराधनामा लागेर बनारसमा तपस्या गर्‍यो ।

दानवेन्द्रे सुतुष्टोऽभूदुमानाथः शिवायुतः ।
वरं वरय दैत्येन्द्र तव मन्मनसेप्सितम् ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दानवेन्द्र उपर पार्वतीले युक्त भएका शङ्कर खुशी भए, र हे दैत्येन्द्र ! तिम्रो मनमा लागेको वर माग भने ।

महादेववचः श्रुत्वा दानवेन्द्रस्तपोधन ।
स्त्रियं विना सर्वसत्त्वावध्यं वव्रे वरं तदा ॥२६॥

हे तपोधन (जैमिनि) ! दानवराजले महादेवको बोली सुनेर स्वास्नीमान्छे-देखि बाहेक सबै प्राणीले नमारिने हुँ भनी वर मागे ।

शुक्राचार्यस्य शिष्योऽभूत् सुमतिर्धर्मतत्परः ।
शिष्यः परशुरामस्य धनुर्विद्याविशारदः ॥२७॥

धनुर्विद्यामा विशारद भएका परशुरामका शिष्य धर्ममा लागेका सुमति शुक्राचार्यका पनि शिष्य हुँदा भए ।

सखा स दानवपतेरत्यन्तं प्रियदर्शनः ।
यानपानाशने तस्य निर्विशेषोऽभवद्द्विजः ॥२८॥

ती ब्राह्मण दानवपतिका अत्यन्तै प्यारा र हिंडाइ, खुवाइ, पियाइमा फरक नभएका साथी भए ।

शिवस्य वरलाभेन सुमतेश्च प्रसादतः ।
त्रैलोक्यराज्यं बुभुजे चण्डनामा स दानवः ॥२९॥

शिववाट वर पाउनाले र सुमतिको प्रसादले गर्दा चण्ड नाम गरेका ती दानवले तीनै लोकको राज्यको भोग गरे ।

पीडितास्तेन दैत्येन देवाः सेन्द्रपुरोगमाः ।
गत्वा च क्षीरजलधिं तुष्टुवुः कमलेक्षणम् ॥३०॥

त्यस दैत्यले पिरिएका इन्द्रादि देवताहरू क्षीरसमुद्रमा गएर कमलका जस्ता आँखा भएका (नारायण) लाई स्तुति गरे ।

तुष्टो भूत्वा जगन्नाथः प्रोवाच बलसूदनम् ।
तवागमनकृत्यं यद्वद शीघ्रं करोम्यहम् ॥३१॥

जगन्नाथ (नारायण) खुशी भएर बलसूदन (इन्द्र) लाई भन्नुभयो– तपाईं आउनाको काम के हो, चाँडो भन्नुहोस्, म गर्छु ।

श्रुत्वा नारायणवचः प्रोवाच बलसूदनः ।
युद्धचस्व चण्डदैत्येन देवार्थं पुरुषोत्तम ॥३२॥

नारायणको बोली सुनेर बलसूदन (इन्द्र)ले भन्नुभयो– हे पुरुषोत्तम ! देवता-का लागि चण्ड दैत्यसँग लडिदिनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयजीले भन्नुभयो–

स तथेति प्रतिज्ञाय दैत्यारिस्त्रिदशैः सह ।
ययौ चण्डपुरं योद्धुं दैत्येन्द्रेण बलीयसा ॥३३॥

उनै विष्णु 'हुन्छ' भनेर देवताहरूका साथ वलियो दैत्यराजसँग लड्नका लागि चण्डपुर जानुभयो ।

आगतं सुरसैन्यं च श्रुत्वा चण्डासुरो रुषा ।
असंख्यैर्दितिजैर्युक्तः स्वपुरान्निर्ययौ बहिः ॥३४॥

देवताको सेना आएको सुनेर रिसले असंख्य दैत्यहरूका साथ चण्ड दैत्य आफ्नो शहरवाट वाहिर निस्किए ।

ततः समभवद्युद्धं तुमुलं लोमहर्षणम् ।
दानावानां सुराणां च नानाशस्त्रप्रहारिणाम् ॥३५॥

त्यसपछि विभिन्न हतियार हानाहान गर्ने देवता र दैत्यहरूका वीच भयङ्कर रोमाञ्चकारी युद्ध भयो ।

ततः प्रावर्तत नदी रुधिरेण भयावहा ।
रथचक्रग्राहवती मांससङ्घातकर्दमा ॥३६॥
छिन्नमुण्डचयैः पूर्णा केशशैवालसंयुता ।
शरोर्मिभीषणा घोरा देवासुरविनाशिनी ॥३७॥
शूरा गच्छन्ति तत्पारं विनिमज्जन्ति कातराः ।
तदा देवबलं भग्नं दैत्यैर्भीमपराक्रमैः ॥३८॥

त्यसपछि रगतै-रगतले डरलाग्दी भएकी, रथ र पांग्रा नै ग्राह भएकी, मासुको थुप्रो नै हिलो भएकी, काटिएका टाउकाका थुप्राले भरिएकी, कपाल नै लेउ भएकी, शर नै डरलाग्दो भेल भएकी, देवता र दैत्यलाई नाश गर्ने नदी वहिन् । सूराहरू त्यस नदीको पारि पुग्छन् र कातरहरू त्यस नदीमा डुब्छन् । अनि त भयङ्कर पराक्रम भएका दैत्यहरूले देवताहरूको सेना खतम पारिदिए ।

ततो भीमबलैर्दैत्यैर्मम युद्धमभून्मुने ।
मम शार्ङ्गच्युतैर्बाणैर्भग्नं दैत्यबलं महत् ॥३९॥

हे मुनि ! त्यसपछि ठूलो वल भएका दैत्यहरूका साथ मेरो लडाइँ भयो । मेरो धनुवाट छोडिएका वाणले दैत्यहरूको ठूलो सेनाको नाश भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भग्नां स्वां वाहिनीं दृष्ट्वा चण्डो दैत्यपतिस्तदा ।
मया योद्धुं समायातो घोरैर्दैत्यबलैर्वृतः ॥४०॥
महतारथ घोषेण नादयन् वै वसुन्धराम् ।
छादयन् बाणवर्षैर्मां दर्शयन् हस्तलाघवम् ॥४१॥

त्यसपछि दैत्यराज चण्ड आफ्नो सेना नाश भएको देखेर मसँग लड्नका लागि रथको ठूलो शब्दले पृथ्वीलाई नै घन्काउँदै, बाणको वर्षाले मलाई ढाक्दै र हस्त-लाघव (हातको सफाइ) देखाउँदै भयङ्कर दैत्यका सेनाले घेरिएर आए र वर्सने दुइटा मेघहरूको झैं डरलाग्दो युद्ध भयो ।

त्रिभिर्बाणैर्ललाटे मे हृदये सप्तभिः शरैः ॥४२॥
गरुडं च त्रिषष्ट्या वै विव्याध दितिजाधिपः ।

दैत्यराजले तीनोटा बाणले मेरो निधारमा, सातोटा बाणले मेरो छातीमा र त्रिसट्ठी बाणले गरुडलाई हाने ।

मयाऽपि हृदयं तस्य भिन्नं पञ्चभिराशुगैः ॥४३॥
ललाटे चार्पिता बाणा दश वै मर्मभेदिनः ।

मैले पनि तिनको छाती पाँचौटा बाणले छेडिदिएँ र मर्म नै छेड्ने दशोटा वाण तिनको निधारमा हानिदिएँ ।

ततः क्रुद्धोऽति दनुजो मां विव्याध त्रिभिः शरैः ॥४४॥
गरुडं चाष्टभिर्बाणैर्दारयामास दारुणः ।

त्यसपछि खूब रिसाएका डरलाग्दा दैत्यले मलाई तीनोटा शरले हाने र गरुड-लाई आठ ओटा बाणले दारे (छेडे) ।

गरुडस्य शरीरात् तु शुश्राव रुधिरं बहु ॥४५॥

गरुडको शरीरबाट त धेरै रगत बह्यो ।

गरुडं विकलं दृष्ट्वा क्रोधो मे समजायत ।
मया च्छिन्नो ध्वजस्तस्य शरेण नतपर्वणा ॥४६॥ दर्वा २
सारथेश्च शिरश्छिन्नं शरेणैकेन तत्क्षणात् ।
चतुर्भिश्चतुरो वाहा हतास्तस्य दुरात्मनः ॥४७॥

गरुडलाई विकल (चोट लागेको) देखेर मलाई रिस उठ्यो । मैले टुप्पो नुहेको, शरले त्यसको ध्वजा काटिदिएँ, उत्तिखेरै एउटा शरले सारथिको टाउको काटें र त्यस दुरात्माको चारोटा घोडा चारोटा बाणद्वारा मारें ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्म च्छिन्नं शरैकेण हृदये पञ्च सायकाः ॥
अर्पिता दितिजेशस्य मया क्रोधेन तत्क्षणात् ॥४८॥

मैंले रिसले उत्तिखेरै एउटा शरले कवच फोरिदिएँ र दैत्यराजको छातीमा पाँचोटा वाण हानिदिएँ ।

विरथश्छिन्नवर्मा च हताश्वो हतसारथिः ।
पदातिरभवच्छीघ्रम् व्याकुलश्चाभवद् भृशम् ॥४९॥

रथ नभएको, कवच काटिएको, घोडाहरू मरेको र सारथि पनि मरेको छँदो तुरुन्तै भुँमा हिड्ने भयो र औधी व्याकुल पनि भयो ।

दानवं पीडितं दृष्ट्वा मच्छरैरर्दितं भृशम् ।
त्रायन् द्विजवरः शीघ्रं सुमतिः प्रत्यपद्यत ॥५०॥

दानव पिरिएको देखेर मेरा शरले खूब चोट पुऱ्याए । चाँडै नै द्विजवर सुमति (दानवको) रक्षा गर्दै आइपुगे ।

स कृत्वा पृष्ठतो दैत्यं रथेन महता द्विजः ।
अभ्ययन्मामतिक्रुद्धश्चण्डस्नेहसमाकुलः ॥५१॥
शिष्यः परशुरामस्य धनुर्विद्याविशारदः ।
मन्त्रशास्त्रे च शुक्रस्य प्रियशिष्यो द्विजोत्तमः ॥५२॥

खूब रिसाएका, चण्डको मायाले आकुल भएका परशुरामका शिष्य धनुर्विद्या र मन्त्रशास्त्रमा विशारद भएका, शुक्रका प्यारा चेला ती श्रेष्ठ ब्राह्मण ठूलो रथले दैत्यलाई पछाडि पारेर मतिर आए ।

तेन मे दारुणं युद्धमतीव प्रत्यपद्यत ।
आसीद् युद्धं सुतुमुलं सिंहयोरिव कानने ॥५३॥
मन द्विजर्षभस्यापि देवलोकभयावहम् ।

तिनका साथ मेरो खूब भयङ्कर युद्ध भयो । मेरो र ती श्रेष्ठ ब्राह्मणको बीचमा देवलोकलाई नै डर गराउने गरेर मच्चिएको युद्ध जङ्गलका कुनै दुई सिंहको जस्तो थियो ।

आग्नेयास्त्रं मया क्षिप्तं पर्जन्यं विदधन्मुने ॥५४॥
वायाव्यास्त्रं मया क्षिप्तं पर्वतास्त्रं स सृष्टवान् ।
सर्पास्त्रं तु मया क्षिप्तं गरुडास्त्रं स सृष्टवान् ॥५५॥

हे मुनि ! मैंले आग्नेयास्त्र छोडें, उनले वर्षा गराए; मैंले वायव्यास्त्र छोडें, उनले पर्वतास्त्रको सिर्जना गरे; सर्पास्त्र मैंले छोडें, उनले गरुडास्त्रको सिर्जना गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृते प्रतिकृति कुर्वन् सुमतिः शूरसत्तमः ।
विव्याध हृदयं घोरैर्मम सप्तभिराशुगैः ॥५६॥

क्रियाको प्रतिक्रिया गर्दै वीर सुमतिले भयङ्कर सातोटा वाणले मेरो हृदयमा चोट पुऱ्याए ।

नवत्या गरुडं विद्ध्वा ननाद द्विजसत्तमः ।
भिन्नमर्मस्तु गरुड आननाद्रुधिरं वमन् ॥५७॥
पपात गरुडो भूमौ निश्चेष्टः पादपो यथा ।
अहं पदातिरभवं पतिते गरुडे भुवि ॥५८॥

नब्बे ओटाले गरुडलाई हानेर द्विजसत्तम (श्रेष्ठ ब्राह्मण) कुर्लिए । मर्मस्थल छेडिएका गरुड मुखबाट रगत छाद्दै मरेको रूख झैं भुईंमा लडे । गरुड भुईंमा लडे-पछि म पदाति (भुईंमा हिंड्ने) भएँ ।

हाहाकारो महानासीद्देवानामतिदारुणः ।
लज्जाक्रोधौ समुत्पन्नौ क्षमाशीलस्य मे मुने ॥५९॥

देवताहरूको बीचमा भयङ्कर ठूलो हाहाकार भयो । हे मुनि ! सहन सक्ने मेरो पनि लाज र रिस उत्पन्न भयो ।

देवानां पश्यतां तत्र भाविनोऽर्थस्य गौरवात् ।
चक्रं सुदर्शनं क्षिप्तं मया ज्वालातिभीषणम् ॥६०॥

पछि हुने अर्थको गौरवबाट हेरिरहेका देवताहरूको अगाडि ज्वालाले खूब डरलाग्दो भएको सुदर्शन चक्र मैले छोडें ।

छिन्नं शिरस्तु चक्रेण ब्राह्मणस्य तदा मया ।
ब्रह्महत्या तदा घोरा मामियाय द्विजोत्तम ॥६१॥

हे द्विजोत्तम ! मैले ब्राह्मणको टाउको चक्रले काटिदिएँ । त्यसपछि त मलाई घोर ब्रह्महत्या लाग्यो ।

शुक्राचार्यो युद्धभूमिमागत्य क्रोधविह्वलः ।
शशापाच्युत शिष्यस्य शिरश्छिन्नं त्वया यतः ॥६२॥
अतोऽस्य वंशजो विप्रः शिरश्छेत्स्यति ते हरे ।
एवं शापो मया लब्धः शुक्राचार्यात् सुदारुणः ॥६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिसले विह्वल भएका शुक्राचार्यले लडाइँको मैदानमा आएर सराप दिनुभयो– हे अच्युत ! तपाईंले (मेरो) शिष्यको टाउको काटिदिनुभयो, यसै कारणले हे हरि ! यिनैको कुलमा जन्मेको बाहुनले तपाईंको टाउको काट्नेछ । यस्तो भयङ्कर सराप मैले शुक्राचार्यबाट पाएँ ।

ब्रह्महत्याभिभूतेन देशा भ्रान्ता मया मुने ।
लब्धं शर्म न कुत्रापि भ्रमता द्विजसत्तम ।।६४।।

हे मुनि ! ब्रह्महत्याले अभिभूत भएको म देशहरू घुमें, तर हे द्विजसत्तम ! घुम्दा मैले कतै पनि सुख सुविस्ता पाइनँ ।

दोलागिरौ चम्पकवृक्षमध्ये
मयास्थितं पापवशेन विप्र ।
शुक्रस्य शापेन शिरो मदीयं
छिन्नं त्वया विप्र न तेऽस्ति दोषः ।।६५।।

हे विप्र ! पापको वशले गर्दा म दोलागिरिको चाँपको रूखको बीचमा बसें । शुक्रको सरापले गर्दा तिमीले मेरो टाउको काट्यौ । हे ब्राह्मण ! तिम्रो दोष छैन ।

अत्र दोलागिरौ स्थास्ये छिन्नशापो द्विजोत्तम ।
सुदर्शन त्वमत्रैव मम पूजापरो भव ।।६६।।

हे श्रेष्ठ ब्राह्मण ! सराप गएको म अब यसै दोलागिरिमा वस्छु । हे सुदर्शन! तिमी यहीं नै मेरो पूजा गर्ने भएर वस ।

द्वादश्यां पौर्णमास्यां च तथैव बुधवासरे ।
ये द्रक्ष्यन्ति नरा भक्त्या ते वै वैकुण्ठगामिनः ।।६७।।

द्वादशीमा, पूर्णिमामा, त्यस्तै बुधवारमा जो जो मानिसले भक्तिपूर्वक दर्शन गर्नेछन्, ती वैकुण्ठ जाने हुन् ।

एवं दोलागिरौ रम्ये हरिश्चम्पकपादपात् ।
छिन्नशीर्षः स्थितस्तत्र पूजकस्तु सुदर्शनः ।।६८।।

यसरी रमणीय दोलागिरिमा चाँपको रूखबाट (निस्केका) टाउको काटिएका हरि रहनुभएको छ, त्यहाँ पुजारी सुदर्शन छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितं दोलागिरौ वीक्ष्य सर्पा निर्विषतां गताः ।
गरुडस्य प्रसादेन जैमिने मुनिसत्तम ॥६६॥

हे श्रेष्ठ मुनि जैमिनि ! दोलागिरिमा रहेका (नारायण) लाई हेरेर गरुडको प्रसादले सर्पहरू विष नभएका हुन्छन् ।

इति श्रीनेपाल-माहात्म्ये हिमवत्खण्डे गरुडनारायणप्रादुर्भावो नाम द्वितीयोऽध्यायः ॥२॥

नेपाल-माहात्म्य हिमवत्खण्डमा गरुडनारायणको प्रादुर्भाव भएको दोस्रो अध्याय सकियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो अध्यायः

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

आसीच्च तमसातीरे वाल्मीकिर्मुनिसत्तमः ।
वेदवेदाङ्गनिपुणस्तपःस्वाध्यायतत्परः ॥१॥

वेद र वेदाङ्गमा निपुण, तपस्या र स्वाध्यायमा तत्पर भएका श्रेष्ठ मुनि वाल्मीकि तमसा नदीको तीरमा थिए ।

कदाचिद्वचनं तस्याकस्मिकं समजायत ।
नारदस्योपदेशेन प्राप्याज्ञां ब्रह्मणोऽपि च ॥२॥
रामायणकथां कर्तुं निश्चयं कृतवान् मुनिः ।
पप्रच्छ नारदमुनिं वाल्मीकिर्मुनिपुङ्गवः ॥३॥

कुनै वेला तिनको (वाल्मीकिलाई) वचन (कविता) अकस्मात् उत्पन्न भयो (फुऱ्यो) । ब्रह्माको आज्ञा पाएर र नारदको उपदेशद्वारा मुनिले रामायणको कथा गर्ने (लेख्ने) निश्चय गरे र मुनिमा श्रेष्ठ वाल्मीकिले नारद मुनिलाई सोधे–

कस्मिँस्थले मया स्थित्वा काव्यं कार्यमनुत्तमम् ।
कस्मिँस्थले वाग्विभूतिर्जायते मुनिसत्तम ॥४॥
स्थैर्यं च मनसः कुत्र सर्वोपद्रववर्जिते ।
जायते मुनिशार्दूल तत्र गत्वा करोम्यहम् ॥५॥
रामायणं नाम काव्यं मुने परमशोभनम् ।

हे मुनिसत्तम ! (श्रेष्ठ मुनि !) कुन ठाउँमा रहेर मैले यो श्रेष्ठ काव्य लेख्नुपर्छ र कुन ठाउँमा वाग्विभूति (वाक् सफल) हुन्छ । हे मुनिहरूमा श्रेष्ठ मुनि ! मन कुन उपद्रव नभएको ठाउँमा स्थिर हुन्छ, म त्यहीं गएर रामायण नामको ज्यादै राम्रो काव्य लेख्छु ।

श्रुत्वा वाल्मीकिवचनं नारदः प्राह शोभनम् ॥६॥

वाल्मीकिको राम्रो कुरो सुनेर नारदले भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोलागिरेरग्निभागे वीरभद्रानदीद्वयम् ।
तयोश्च सङ्गमे रम्ये नानापादपशोभिते ॥७॥

दोलागिरिको आग्नेयपट्टि वीरभद्रा नामका दुई नदी छन् । तिनको राम्रो दोभानमा राम्रो विभिन्न रूखले शोभायमान भएको–

नारिकेलैश्च जम्बीरैः खर्जूरैरुपशोभिते ।
आम्रैश्च पनसैश्चैव बीजपूरैः समन्ततः ॥८॥
कोविदारैश्च वकुलैः कुटजैरुपशोभिते ।
पुष्पैर्नानाविधैरम्यैर्द्वितीय इव नन्दने ॥९॥

नरिवल, ज्यामीर, खजूरहरूले शोभित भएको, आँप, कटहर, बिमिरा, कोइरालो, मौलसरी र ठूला कुराहरूले चारैतिर राम्रो देखिएको र अनेक किसिमका फूलहरूले राम्रो भएको, मानो दोस्रो इन्द्रको वगैंचा जस्तो

तत्र गत्वा मुनिश्रेष्ठ सर्वोपद्रववर्जिते ।
कुरु रामायणं काव्यं जनानां गतिदायकम् ॥१०॥

हे मुनिश्रेष्ठ ! सवै उपद्रोले रहित भएको त्यसै ठाउँमा गएर मानिसहरूलाई गति दिने रामायण काव्य गर्नुहोस् (लेख्नुहोस्) ।

श्रुत्वा स नारदवचो वाल्मीकिर्मुनिसत्तमः ।
वीरभद्रासङ्गमेऽस्मिन् स गत्वा मुनिपुङ्गवः ॥११॥
भाविरामायणं काव्यं चक्रे परमशोभनम् ।

नारदको वोली सुनेर वीरभद्रा नदीको त्यस दोभानमा गई ती श्रेष्ठ मुनि वाल्मीकिले सुन्दर रामायण काव्यको रचना गरे ।

ततः प्रीतो मुनिवरः स्थलेऽनुग्रहमाचरत् ॥१२॥
आहूय तमसां वाक्यं सरितं निजगाद ह ।

त्यसपछि खुशी भएका मुनिले त्यस ठाउँमा अनुग्रह गर्नुभयो । तमसालाई वोलाएर यो कुरा भन्नुभयो–

त्वमप्यत्रैव तमसे मत्प्रीत्या सरितां वरे ॥१३॥
अन्तर्गुप्ता सङ्गमेऽस्मिन् वह शीघ्रं गतिप्रदे ।

गति दिने भएकी (वा चाँडो वहने) नदीहरूमा श्रेष्ठ भएकी हे तमसा ! तिमी पनि मेरो प्रेमले यसै दोभानमा लुकेर चाँडो वहू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

मुनेर्वचनमाकर्ण्य तमसाऽन्तर्हिताऽवहत् ॥१४॥

मुनिको वोली सुनेर तमसा लुकेर बहिन् ।

यदा च रघुनाथेन सागरे सेतुबन्धनम् ।
कर्त्तव्यं वायुतनयस्तदाऽऽगत्य हिमालयम् ॥१५॥
उत्पाट्य हिमवच्छृङ्गं दोर्भ्यामादाय मारुतिः ।
वीरभद्रासङ्गमेऽतिश्रान्तः संस्थाप्य तं गिरिम् ॥१६॥

जव रामचन्द्रले समुद्रमा पुल वाँध्नुपरेको थियो, त्यसवेला वायुका छोरा हनुमान् हिमालयमा आई हिमालयको चुचुरो फोरेर हातमा राखी (आएका छँदा) खूव थाकेर त्यो पर्वत वीरभद्राको दोभानमा राखी–

संस्थाप्य तु महालिङ्गं नाम्ना हनुमदीश्वरम् ।
विश्राम्य सलिलं पीत्वा दोर्भ्यामादाय तं गिरिम् ॥१७॥
विहायसगतिः शीघ्रं हनुमान् वायुनन्दनः ।
ततः प्रभृति तज्जातं हनुमत्तीर्थमुत्तमम् ॥१८॥

हनुमदीश्वर नामको ठूलो लिङ्ग स्थापना गरी, थकाइ मारी, पानी पिई, फेरि त्यो पर्वत दुई हातले बोकेर वायुका छोरा हनुमान् चाँडै नै आकाशमार्गले (गए) त्यहाँदेखि त्यो ठाउँ उत्तम हनुमत्तीर्थ भयो ।

येऽत्र स्नानं करिष्यन्ति सङ्गमेऽतिसुदुर्लभे ।
न द्रक्ष्यन्ति मनुष्यास्ते भास्करेर्मुखपङ्कजम् ॥१९॥

जसले दुर्लभ भएको यस दोभानमा स्नान गर्नेछन्, ती मानिसहरूले यमराजको मुख देख्नेछैनन् ।

प्रातः स्नानं करिष्यन्ति ये नरा भक्तिसंयुताः ।
धनयुक्ता भविष्यन्ति कृतार्थाः स्वर्गगामिनः ॥२०॥

जो मानिसहरू भक्तिपूर्वक प्रातःस्नान गर्नेछन्, ती धनले युक्त भएका, कृतार्थ र स्वर्ग जाने हुनेछन् ।

किञ्चिद् दूरे सङ्गमस्य यज्ञभूमिं मनोहराम् ।
विधाय मुनिभिः सार्द्धं वाजपेयमथाकरोत् ॥२१॥

दोभानको केही टाढा मनोहर यज्ञभूमि वनाएर मुनिहरूका साथ वाजपेय यज्ञ गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञं समाप्य वाल्मीकिर्नवनाडीमयं गिरिम् ।
आरुरोह द्विजश्रेष्ठो मुनिभिर्मुनिसत्तमः ॥२२॥

द्विजश्रेष्ठ मुनि वाल्मीकि यज्ञ सकेर मुनिहरूका साथ नवनाडीमय पर्वतमा चढे ।

कटके तस्य शैलस्य नानानिर्झरशोभिते ।
लिङ्गं संस्थापयामास वाल्मीकीश्वरसंज्ञितम् ॥२३॥

विभिन्न छहराले शोभायमान भएको त्यस पर्वतको माझमा वाल्मीकीश्वर नामको लिङ्ग स्थापना गरे ।

स्थापयित्वा महालिङ्गं वाल्मीकिर्मुनिसत्तमः ।
स्वाश्रमे तमसातीरे ययौ मुनिगणैर्वृतः ॥२४॥

महालिङ्ग स्थापना गरेर तमसाको तीरको आफ्नो आश्रममा मुनिहरूका साथ वाल्मीकि मुनि गए ।

वाल्मीकीश्वरमालोक्य वाग्विभूतिः प्रजायते ।
अतो वागीश्वरं लिङ्गं प्रवदन्ति मनीषिणः ॥२५॥

वाल्मीकीश्वरलाई हेरेर वाग्विभूति हुन्छ, त्यसै कारणले विद्वान्हरू (त्यसलाई) वागीश्वर लिङ्ग भन्छन् ।

आषाढे पौर्णमास्यां वै वागीश्वरविलोकनात् ।
अक्षयः स्वर्गवासः स्याज्जैमिने मुनिसत्तम ॥२६॥

असारमा, पूर्णिमामा वागीश्वरलाई हेर्नाले, हे मुनिसत्तम जैमिनि ! अक्षय स्वर्गवास हुन्छ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

एवं ते कथितं विप्र किमन्यच्छ्रोतुमिच्छसि ।
कथयिष्यामि तत् सर्वं नावाच्यं विद्यते क्वचित् ॥२७॥

हे विप्र ! यसरी तपाईंलाई भनियो, अरू के सुन्न इच्छा गर्नुहुन्छ, त्यो सबै भन्नेछु, भन्न नहुने केही पनि छैन ।

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो–

अच्युतः सुमतिं हत्वा ब्रह्महत्यां सुदारुणाम् ।
लब्ध्वा देशान् स बभ्राम किमकारि सुरैस्ततः ॥२८॥

(१५४४८) १५४४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

अच्युतले सुमतिलाई मारेपछि भयङ्कर ब्रह्महत्या पाएर (लागेर) उनी देशहरू घुमे, अनि देवताहरूले के गरे ?

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ब्रह्महत्याऽभिभूतेऽस्मिन् जाते नारायणे प्रभौ ।
त्रैलोक्यं तापयामास चण्डः परमकोपनः ।।२९।।

यी नारायण प्रभु ब्रह्महत्याले सताइएपछि खूब रिसाहा चण्डले तिनै लोकलाई पिऱ्यो ।

सुमतेर्वधसन्तप्तः प्रत्यहं दितिजाधिपः ।
देवान् विद्रावयामास देवाः सर्वे पलायिताः ।।३०।।

सुमतिको वधले पिरिएको दैत्यराजले दिनहुँ देवताहरूलाई भगायो, र सबै देवताहरू भागे ।

अलब्धरक्षास्ते देवा ब्रह्माणं शरणं ययुः ।।
तुष्टुवुर्वाग्भिरिष्टाभिर्देवाः शक्रपुरोगमाः ।।३१।।

रक्षा (शरण) नपाएका ती देवताहरू ब्रह्माको शरणमा गए, इन्द्रादि देवताहरूले मन परेका वाक्यद्वारा स्तुति गरे ।

तुष्टो ब्रह्मा प्रत्युवाच सर्वानेव दिवौकसः ।
किमागमनकृत्यं वः कथ्यतां पुरतो मम ।।३२।।

खुशी भएका ब्रह्माले सबै देवताहरूलाई भन्नुभयो– तपाईंहरू आउनाको कारण के हो मेरो अगाडि (मलाई) भन्नुहोस् ।

देवाः ऊचुः– देवताहरूले भने–

हृताधिकारश्चण्डेन त्वां प्रभो शरणं गतान् ।
अव नः कृपया ब्रह्मन् त्वं हि नः परमा गतिः ।।३३।।

हे प्रभु ! चण्डले अधिकार खोसिएका तपाईंको शरणमा गएका (आएका) हामीहरूलाई कृपापूर्वक हे ब्रह्मा ! रक्षा गर्नुहोस् । तपाईं नै हाम्रो परम गति हुनुहुन्छ ।

ब्रह्मोवाच– ब्रह्माले भन्नुभयो–

जानामि हृद्गतां पीडां भवतां सुरसत्तमाः ।
श्लेष्मान्तकवनात् पूर्वं रक्तचन्दनकाननम् ।।३४।।
तद्वृक्षस्थां महादेवीं शरणं यान्तु देवताः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताहो ! तपाईंहरूको हृदयमा भएको पीर म जान्दछु, श्लेष्मान्तक वनदेखि पूर्वपट्टि रक्तचन्दनको वन छ, देवताहो ! त्यसको रूखमा बसेकी महादेवी-को शरणमा जानुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

> **नत्वा ब्रह्मपदाम्भोजं रक्तचन्दनकाननम् ॥३५॥**
> **तावद्गच्छन्ति ते देवास्तावद् वै नारदो मुनिः ।**
> **सर्वान् देवान् परित्यज्य चण्डासुरपुरं ययौ ॥३६॥**

ब्रह्माको पाउरूपी कमलमा नमस्कार गरेर जब ती देवताहरू रक्तचन्दन वनमा जान्छन्, त्यसै बेला नारद मुनि सबै देवतालाई छोडेर चण्ड दैत्यको शहरमा गए ।

> **आगतं नारदं श्रुत्वा चण्डो दैत्याधिपस्तदा ।**
> **संत्यज्य चासनं चैव सपर्यापात्रसंयुतः ॥३७॥**
> **सत्कृतं नारदमुनिं कृतासनपरिग्रहम् ।**
> **विनयावनतो भूत्वा पप्रच्छ दनुजाधिपः ॥३८॥**

नारद आएको सुनी पूजासामग्रीका भाँडा लिएका दैत्यराज चण्डले आसन नै छोडेर, सत्कार गरिएका र बसेका नारदमुनिलाई विनयपूर्वक नुहेर दैत्यराजले सोधे–

> **कुत आगम्यते ब्रह्मन् किमपूर्वं विलोकितम् ।**
> **पवित्रीकृतमस्माकं भवनं मुनिसत्तम ॥३९॥**
> **याताः कृतार्थास्तु वयं दर्शनेन तवाधुना ।**
> **किमागमनकृत्यं ते वद सर्वं करोम्यहम् ॥४०॥**

हे ब्राह्मण ! तपाईं कताबाट आउनुभयो, के अनौठो देखियो नि, हे श्रेष्ठ मुनि ! हाम्रो घरलाई पवित्र गरिदिनुभयो! तपाईंलाई अहिले देखेर हामीहरू कृतार्थ भयौं । तपाईं आउनाको कारण के हो सबै भन्नुहोस्, म सबै गर्छु ।

> **श्रुत्वा चण्डासुरवचो नारदः प्राह दानवम् ॥**

नारदले चण्डासुरको वचन सुनेर दानवलाई भने–

नारद उवाच– नारदले भने–

> **शूरोऽसि कृतविद्योऽसि शिवभक्तोऽसि दानव ॥४१॥**
> **त्रैलोक्यं च वशं जातं देवताश्च वशीकृताः ।**
> **नारायणोऽपि विमुखः समरे ते बभूव हि ॥४२॥**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे दानव ! सूरो छौ, विद्या जानेका छौ र शिवको भक्त छौ । तीनै लोक वश भइसके, देवताहरू पनि वशमा ल्याइए, तिमीसँगको लडाइँमा नारायण पनि विमुख हुनुभयो ।

कुबुद्धयः सुराः सर्वे वधार्थं तव दानव ।
मन्त्रयामासुरत्युच्चैर्ब्रह्मणो निकटेऽधुना ।।४३।।

हे दानव ! तिम्रो वधको निम्ति वुद्धि नभएका (खराव वुद्धि भएका) सवै देवताहरूले नजीकै अघि भर्खरै ब्रह्मासँग ठूलो मन्त्रणा गरे ।

शूरं त्वां शिवभक्तं च ज्ञात्वा दानवसत्तम ।
दया तु हृदये जाता तदर्थमिह चागतः ।।४४।।

हे श्रेष्ठ दानव ! तिमी सूरो र शिवभक्त भन्ने जानेर हृदयमा दया जाग्यो, त्यसैले यहाँ आएँ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

नारदस्य वचः श्रुत्वा जैमिने मुनिसत्तम ।
जातः परमसंत्रासश्चण्डदैत्यस्य तत्क्षणात् ।।४५।।

हे श्रेष्ठ मुनि जैमिनि ! नारदको वोली सुनेर उत्तिखेरै चण्ड दैत्यलाई ठूलो डर उत्पन्न भयो ।

आस्थाय धैर्यं परमं चण्डो वचननमब्रवीत् ।
धन्यो ऽ हं कृतकृत्योऽहं सफलं जीवितं मम ।।४६।।
मां विलोक्य यतो जाता भवतः करुणा मुने ।
कथयाशु समस्तं मे देवानां चरितं प्रभो ।।४७।।

खूव धैर्य लिएर चण्डले भने– म धन्य रहेछु, कृतकृत्य छु, मेरो जीवन सफल रहेछ, किनकि मलाई देखेर तपाईको करुणा उत्पन्न भयो । हे प्रभु ! देवताहरूको सवै चरित्र मलाई भन्नुहोस् ।

श्रुत्वा प्रतिक्रियां तस्य करिष्ये मुनिसत्तम ।
इत्याकर्ण्य वचस्तस्य नारदः प्राह दानवम् ।।४८।।

हे श्रेष्ठ मुनि ! सुनिसकेर त्यसको प्रतिक्रिया गर्नेछु । यस्तो तिनको वोली सुनेर नारदले दानवलाई भने–

शृणु दानव वक्ष्यामि मन्त्रणां हि सुपर्वणाम् ।
दत्तदुःखास्त्वया देवा ब्रह्माणं शरणं ययु : ।।४९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन दानव ! देवताहरूको मन्त्रणा भन्छु– तिमीले दुःख दिइएका देवताहरू ब्रह्माको शरणमा गए ।

तुष्टो ब्रह्मा प्रत्युवाच श्रूयतां वचनं मम ।
चण्डासुरवधोपायो गोपनीयः प्रयत्नतः ॥५०॥

खुशी भएका ब्रह्माले भन्नुभयो– मेरो वचन सुन्नुहोस्, चण्डासुर मार्ने उपाय खूबसँग गोप्य राख्नुपर्छ ।

श्लेष्मान्तकवनात् पूर्वं रक्तचन्दनकाननम् ।
अस्ति दिव्यं महत् स्थानं तत्र चम्पकपादपः ॥५१॥
महाँस्तद्वनमध्यस्थस्तन्मध्ये जगदम्बिका ।
तां यातः शरणं यूयं सा वः कार्यं विधास्यति ॥५२॥

श्लेष्मान्तक वनदेखि पूर्वपट्टि रक्तचन्दन वन छ, त्यो सुन्दर ठूलो ठाउँ छ, त्यस वनको बीचमा चाँपको ठूलो रूख छ, त्यसैको बीचमा जगत्‌की आमा (जगदम्बिका) हुनुहुन्छ, तपाईंहरू उनैको शरणमा जानुहोस्, उनैले तपाईंहरूको काम गरिदिनुहुनेछ ।

इत्युक्त्वा देवताः सर्वा ब्रह्माऽप्यन्तर्हितोऽभवत् ।
सर्वे देवा गतास्तत्र मया च तव सन्निधौ ॥५३॥
समागतं दैत्यपते कुरु कार्यमनन्तरम् ।
इत्युक्त्वा प्रययौ तत्र नारदो यत्र देवताः ॥५४॥

सबै देवताहरूलाई यति भनेर ब्रह्मा पनि अन्तर्धान हुनुभयो, सबै देवता त्यहीं (रक्तचन्दन वनमा) गए, म तिम्रा नजीकमा आएँ । हे दैत्यराज ! यसपछि काम गर, यति भनेर जहाँ देवताहरू थिए, त्यहीं नारद गए ।

दैत्योऽपि दुःखितो भूत्वा चिन्तयामास मन्त्रिभिः ।
देवताः सकलाः शीघ्रं गत्वा श्लेष्मान्तकं वनम् ॥५५॥
वाग्मत्यां सरिति स्नात्वा दृष्ट्वा पशुपतिं प्रभुम् ।
गुप्तेश्वरीं समालोक्य गोकर्णेशं विलोक्य च ॥५६॥
दृष्ट्वा वज्रां ततो देवा दोलागिरिमथारुहन् ।
नारायणमथो दृष्ट्वा तथा वागीश्वरं विभुम् ॥५७॥
गरुडोड्डीनमार्गेण देवतास्तद्वनं ययुः ।
भक्तियुक्ताः सुराः सर्वे तुष्टुवुर्जगदम्बिकाम् ॥५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

दैत्य पनि दुःखी भएर मन्त्रीहरूसँग विचार गर्न लागे । (यता) सबै देवताहरू चाँडै नै श्लेष्मान्तक वनमा गएर वाग्मती नदीमा नुहाइवरी पशुपति प्रभु, गुप्तेश्वरी, गोकर्णेशको र वज्रयोगिनीको दर्शन गरेर दोलागिरि पर्वतमा चढ्दा नारायण र वागीश्वर प्रभुको दर्शन पनि गरेर गरुडको उडाइको ढाँचाले देवताहरू त्यस (रक्तचन्दन) वनमा गए । भक्तिले युक्त सबै देवताहरूले जगदम्बिकाको स्तुति गरे ।

नारायणि जगन्मातः शिवे सर्वार्थसाधिके ।
शरणं ते प्रपन्नाः स्मः पाहि नः शरणागतान् ॥५९॥

हे नारायणी ! हे जगन्माता ! हे शिवा ! हे सर्वार्थसाधिका ! (सबै कुरा सिद्ध गर्ने) तपाईंको शरणमा आएका छौं, शरणमा आएका हामीहरूलाई रक्षा गर्नुहोस् ।

हिमालयगिरेः कन्ये शिववक्षःस्थलस्थिते ।
भवसागरमग्नाँस्त्वं पाहि दानवसूदिनि ॥६०॥

हे हिमालय पर्वतकी छोरी ! हे शिवको हृदयमा रहेकी ! हे दानवको नाश गर्ने ! संसार-समुद्रमा डुबेका हामीलाई तपाईं रक्षा गर्नुहोस् ।

माहेश्वरि जगद्धात्रि सृष्टिस्थित्यन्तकारिणी ।
भक्तानुकम्पिनि शिवे पाहि नः शरणागतान् ॥६१॥

हे माहेश्वरी ! हे जगद्धात्री ! (जगत्लाई धारणा गर्ने), हे सृष्टि स्थिति र नाश गर्ने भएकी ! हे भक्तमा दया गर्ने शिवा ! शरणमा आएका हामीलाई रक्षा गर्नुहोस् ।

ब्रह्मा विष्णुश्च रुद्रश्च न तेऽन्तं वेत्ति चण्डिके ॥६२॥
के वराका वयं सर्वे त्वां स्तोतुं जगदम्बिके ॥६२॥

हे चण्डिका ! ब्रह्मा-विष्णु र रुद्रले पनि तपाईंको अन्त जान्दैनन्, के हामी बिचराहरू तपाईंलाई स्तुति गरूँ र जगदम्बिका !

चण्डासुरप्रतप्तानां सर्वेषां त्वं महेश्वरि ।
शरणं भव कल्याणि चण्डं नाशय दानवम् ॥६३॥

हे महेश्वरी ! चण्ड दैत्यले पिरिएका हामी सबैको तपाईं नै शरण हुनुहोस्, हे कल्याणी ! चण्ड दैत्यलाई नाश गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं स्तुता सुरैर्देवी तदा चम्पकवृक्षतः ।
बहिर्बभूव सहसा देवानां दृष्टिगोचरा ॥६४॥

यसरी देवताहरूले स्तुति गरिएकी देवी, उत्तिखेरै चाँपको रूखबाट वाहिर देवताहरूले देखिने भइन् ।

दृष्ट्वा सर्वे प्रणेमुस्ते भक्त्या माहेश्वरीं सुराः ।
धूपैश्च धूपयामासुः पुष्पैर्नानाविधैस्तदा ॥६५॥
पूजयामासुरत्युच्चैर्नैवेद्यैर्बहुविस्तरैः ।
तुष्टा भगवती प्राह किमागमनकारणम् ॥६६॥

माहेश्वरीलाई देखेर भक्तिपूर्वक सबै देवताहरूले उनैलाई प्रणाम गरे, धूप हाले । त्यस्तै विभिन्न किसिमका फूलहरूले, उच्च कोटिका प्रशस्त नैवेद्यहरूले पूजा गरे । खुशी भएकी भगवतीले आउनाको कारण के हो भनेर सोधिन् ।

ब्रूत वत्साः कुतो जाता विपत्तिर्वा भवादृशाम् ।
प्रश्नं यावद् गिरिसुता करोति त्रिदशान् प्रति ॥६७॥

'वावुहो ! भन, तिमीहरूलाई विपत्ति कहाँवाट भयो', जव पार्वतीले देवताहरूलाई यो प्रश्न गरिन्,

तावत् कोलाहलो देवैः श्रुतोऽतीव भयानकः ।
निरूपयन्ति ते देवा यावत् कोलाहलं महत् ॥६८॥
दानवाधिपतेर्घोरं सर्वदेवभयावहम् ।
दृष्ट्वा तत् सैन्यमतुलं देवाः शक्रपुरोगमाः ॥६९॥
पक्षिरूपं समास्थाय दुद्रुवुस्ते दिशो दश ।

त्यसै वेला देवताहरूले अत्यन्तै डरलाग्दो कोलाहल सुने । जवसम्म ती देवताहरू ठूलो कोलाहल ठम्याउँछन्, (त्यतिभित्र) सबै देवताहरूलाई डरले थरथर पार्ने दानवराजको भयङ्कर ठूलो सैन्य देखेर इन्द्रादि देवताहरू चराको रूप लिई दशैं-दिशातिर हुत्तिए ।

इन्द्रो रूपं समास्थाय मायूरमतिसुन्दरम् ॥७०॥
एकः पलायनं चक्रे सर्वदेवान् विहाय च ।

इन्द्र खूब राम्रो मुजूरको रूप लिएर सबै देवतालाई छोडी एक्लै भागे ।

वायसं रूपमास्थाय यमः परमभीयुतः ॥७१॥
मुने दुद्राव वेगेन चण्डसैन्यविलोकनात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे मुनि ! (जैमिनि !) चण्डको सेना देख्नाले खूब डराएका यमराज कागको रूप लिएर वेगले हुर्रिए ।

चन्द्रश्चकोररूपेण पलायनपरोऽभवत् ॥७२॥
जीवञ्जीवकरूपेण रविणा च पलायितम् ।
हंसरूपं समास्थाय वरुणोऽपि पलायितः ॥७३॥

चन्द्रमा चखेवाको रूप लिएर भागे, जीवाजीवको रूप लिएर सूर्य पनि भागे, हाँसको रूप लिएर वरुण पनि भागे ।

क्रौञ्चरूपं समास्थाय वायुर्भेजे दिशो दश ।
ईशेन वकरूपेण तपोधन पलायितम् ॥७४॥

हे तपोधन ! कन्याङ्कुरुङ्को रूप लिएर वायु दशौं दिशातिर गए, बकुल्लाको रूप लिएका ईश (शिव) पनि भागे ।

नानापक्षिस्वरूपेण सर्वदेवैः पलायितम् ।
मुने भगवती शीघ्रं चम्पकाभ्यन्तरं ययौ ॥७५॥

हे मुने ! सबै देवताहरु विभिन्न रूप लिएर भागे, तुरुन्तै भगवती चाँपभित्र गइन् ।

इति श्रीस्कदपुराणे हिमवत्खण्डे नेपाल-माहात्म्ये तृतीयोऽध्यायः ॥३॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपाल-माहात्म्यको तेस्रो अध्याय सिद्धियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो अध्याय

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो–

मार्कण्डेय मुनिश्रेष्ठ देवलोके पलायिते ।

किं चकार तदा चण्डः सर्वसैन्यसमन्वितः ।।१।।

हे मुनिहरूमा श्रेष्ठ भएका मार्कण्डेय ! देवताहरू भागेपछि सबै सेनाले युक्त भएको चण्डले के गर्‍यो ?

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

पलायिते सुरगणे पक्षिरूपेण जैमिने ।

सर्वसैन्ययुतश्चण्डः प्रययौ चम्पकं तरुम् ।।२।।

हे जैमिनि ! पक्षीको रूपले देवताहरू भागेपछि सबै सेनासहित चण्ड चाँपको रूख भएको ठाउँमा गयो ।

दृष्ट्वा सपर्यासम्भारं सर्वदेवविवर्जितम् ।

देवैश्च रचितं दृष्ट्वा चिन्तयामास दानवः ।।३।।

देवताहरूले बनाएको, तर सबै देवताहरूले छाडेको पूजा-सामग्री देखेर दानवले विचार गर्‍यो –

अयं सपर्यासम्भारो मद्वधार्थं सुरैः कृतः ।

पूजिता च महादेवी साऽप्यत्रापि नदृश्यते ।।४।।

यो पूजा-सर्जाम मेरो वधका लागि देवताहरूद्वारा बनाइएको हो, पूजा गरिएकी ती महादेवी पनि देखिन्नन् ।

प्रायशश्चम्पकतरुं प्रविष्टा सिंहवाहिनी ।

विहाय पूजासम्भारं देवैरपि पलायितम् ।।५।।

शायद सिंहमा चढ्ने (देवी) चाँपको रूखमा पसिन् र पूजा सामग्री छोडेर देवताहरू पनि भागे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योत्स्ये चण्डिकया सार्द्धं यावन्नो वलसंयुता ।
जायते तावदेवाशु कर्त्तव्या हि प्रतिक्रियाः ॥६॥

जवसम्म वलले युक्त भएकी हुन्नन् त्यहाँसम्म चण्डिकाका साथ लड्छु, प्रतिक्रिया चाँडै नै गर्नुपर्छ ।

चिच्छेद चम्पकतरूं वहिर्याता महेश्वरी ॥७॥

यस्तो विचार गरेर दृढ पराक्रम भएको दैत्यले खड्गद्वारा चाँपको रूख काट्यो, र महेश्वरी वाहिर आइन् ।

सायुधाष्टभुजा देवी कोटिसूर्यसमप्रभा ।
सिंहारूढा महादेवी दैत्यं दृष्ट्वा जहास ह ॥८॥

आठओटै हातमा हतियार भएकी, करोड सूर्यको वरावर तेज भएकी, सिंहमा चढेकी महादेवी दैत्यलाई देखेर हाँसिन् ।

दैत्यो गिरिसुतां दृष्ट्वा प्राह दानवपुङ्गवान् ।
गृह्यतां दानववरा इयं परमसुन्दरी ॥९॥

दैत्यले गिरिसुता (पर्वतकी छोरी) लाई देखेर श्रेष्ठ दानवहरूलाई 'श्रेष्ठ दानवहो ! यी परमसुन्दरीलाई समात' भन्यो ।

सुकुमारशरीरेऽस्याः प्रहारो नैव दानवाः ।
कर्तव्यः सहसा भव्या तस्मादेषा प्रगृह्यताम् ॥१०॥

दानवहो ! यिनको कमलो शरीरमा झटपट हान्न हुँदैन, राम्री छन्, यसैले यिनलाई समात ।

इत्याज्ञां चण्डदैत्यस्य लब्ध्वा दैत्या महावलाः ।
अभ्यधावन् शिवां धर्तुं नारीवुद्धया दुराशयाः ॥११॥

चण्ड दैत्यको यस्तो आज्ञा पाएर आइमाईको वुद्धिले (अपरिपक्व वुद्धिले) र दुष्ट आशाले वलिया दैत्यहरू शिवालाई समात्नका लागि दौडे ।

आगतान् दानवान् दृष्ट्वा हुंकारेण तथाऽम्बिका ।
भस्मीचकार कोपेन निश्वासान् मुमुचेऽथ सा ॥१२॥

आएका दैत्यहरूलाई देखेर 'हुं' गरेर खरानी वनाइदिइन्, र तिनले रिसले निःश्वास छोडिन् ।

निश्वासेभ्यो गणा जाता महावलपराक्रमाः ।
युयुधुस्ते तदा दैत्यैर्नानाशस्त्रास्त्रपाणयः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निःश्वासबाट ठूलो बल र पराक्रम भएका गणहरू जन्मे, अनि ती शस्त्र अस्त्र-हातमा लिएका गण दैत्यहरूसँग लडे ।

ततः सुतुमुलं युद्धमभवल्लोमहर्षणम् ।
रजोभिः स्यन्दनोद्धूतैस्तुरगाणां खुराहतैः ।।१४।।
आच्छन्नाश्च दिशः सर्वा दृश्यते नैव किञ्चन ।
अभवच्चाकुलं सैन्यं पांसुभिश्च गजोद्धुतैः ।।१५।।

त्यसपछि रोमाञ्चकारी भयङ्कर युद्ध भयो । घोडाका खुरले हानिएका र रथले उडाइएका धूलाले सबै दिशा ढाकिए, केही पनि देखिएन । हात्तीले उडाइएका धूलाले सेना आकुल भयो (आत्तियो) ।

क्षतजेन क्षणात् जाता नदी परमदारुणा ।
शूराणां हर्षजननी भीरूणां भयवर्द्धिनी ।।१६।।

उत्तिखेरै सूराहरूको हर्ष पैदा गर्ने र कातरहरूको डर वढाउने रगतको भयङ्कर नदी उत्पन्न भयो ।

यमद्वारे महाघोरे दैत्यप्राणहराऽभवत् ।
रजःशान्तिस्तदा जाता सूर्योऽपि परिदृश्यते ।।१७।।

यमको डरलाग्दो ढोकामा दैत्यको प्राण हरण गर्ने भइन्, त्यस वेला धूलो शान्त भयो र सूर्य पनि देखिए ।

देवीगणैर्दैत्यबलं भग्नं परमदारुणम् ।
भग्नं दैत्यबलं दृष्ट्वा चण्डः परमदारुणः ।।१८।।

भयङ्कर दैत्यको सेनालाई देवीको गणले नष्ट गरिदियो । डरलाग्दो चण्ड दैत्यको सेना नाश भएको देखेर–

अभ्ययाद्रथवेगेन दारयन्निव मेदिनीम् ।
चण्डो ववर्ष समरे शायकैरतिदारुणैः ।।१९।।

पृथ्वीलाई नै दार्छ क्यारे भने झैं गरेर रथको वेगले दौडियो र चण्ड युद्धमा वर्सियो (आयो) । डरलाग्दा वाणहरूद्वारा–

चिच्छेद वाहून् केषांचिद्गणानामतिदारुणः ।
शिरश्चिच्छेद केषांचिल्लघुहस्तः प्रतापवान् ।।२०।।
उरूंश्चिच्छेद केषांचिच्छरैराशीविषोपमैः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डरलाग्दो चण्डले कसैको हात काट्यो र छिटो हात भएको प्रतापी चण्डले कसैको टाउको काट्यो र कसैको टाउको सर्प जस्ता वाणहरूले काट्यो ।

स्वबलं भग्नमालोक्य देवी परमकोपना ॥२१॥
अभ्ययादतिवेगेन चण्डं हन्तुं महाबलम् ।

आफ्नो वल (सेना) नाश भएको देखेर खूव रिसाएकी देवी, धेरै वलियो चण्डलाई मार्नका लागि खूव वेगले दगुरिन् ।

चण्डोऽपि रथवेगेन अभ्ययाद् गिरिजां तदा ॥२२॥
आगतं दैत्यमालोक्य देवी सस्मितमब्रवीत् ।

चण्ड पनि रथको वेगले गिरिजातिर दौड्यो । आएको दैत्यलाई देखेर देवीले मुस्कुराउँदै भनिन्–

युध्यस्वाद्य मया सार्द्धं स्थिरो भूत्वा महासुर ॥२३॥
इदानीं नाशयिष्यामि युद्धश्रद्धां महासुर ।
देवीवाक्यं समाकर्ण्य दानवो वाक्यमब्रवीत् ॥२४॥

हे महासुर ! अडेर आज मसँग लड, महासुर ! अहिल्यै लड्ने इच्छा खतम गरिदिनेछु, देवीको वोली सुनेर दानवले भन्यो–

दैत्य उवाच– दैत्यले भन्यो–

तिष्ठ तिष्ठ रणे देवि मा शिवे गर्वमावह ।
त्वया हताः सदा दैत्या देवानुग्रहकारणात् ॥२५॥
मयाऽद्य दर्शनं जातं युद्धश्रद्धां हरामि ते ।
शरैर्ववर्ष तां देवीमित्युक्त्वा दैत्यपुङ्गवः ॥२६॥

हे शिवा देवी ! युद्धमा डट, धेरै गर्व नगर, देवताको दयाले गर्दा सधैं तिमी द्वारा दैत्यहरू नासिए । आज मैले देखें, तिम्रो युद्धश्रद्धा (लड्ने वानी) हटाउँछु,' ती देवीलाई यति भनेर दैत्यराजले बाणहरू वर्सायो ।

शरास्त्रं तस्य चिच्छेद गिरिजा किल लीलया ।
देवीमुक्ताञ्छराँश्चापि चिच्छेद दनुजाधिपः ॥२७॥
महास्त्रानपि चिच्छेद देवीमुक्तान् दनोः सुतः ।
दैत्यमुक्तानि शस्त्राणि देवी चिच्छेद लीलया ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गिरिजाले त्यसका (दैत्यका) वाणहरूलाई सजिलैसँग काटिदिइन्, देवीले छोडेका शरहरू पनि दैत्यराजले काटे। दनुको छोराले (दैत्यले) देवीले छोडेका ठूलठूला अस्त्रहरूलाई पनि खतम पारिदियो, र दैत्यले छोडेका शस्त्रहरू पनि सजिलैसँग देवीले खतम पारिन्।

ततः परमसंक्रुद्धो दानवाधिपतिः शरैः।
अर्दयामास गिरिजां दर्शयन् हस्तलाघवम् ॥२९॥

त्यसपछि खूब रिसाएको दानवराजले हस्तलाघव देखाउँदै शरहरूद्वारा गिरिजालाई चोट पुऱ्यायो।

ततः परमसंक्रुद्धा दानवेन्द्रस्य चण्डिका
धनुश्चिच्छेद बाणेन शरेणैकेन सारथेः ॥३०॥
शिरश्चिच्छेद वेगेन ध्वजं बाणैरपातयत्।

त्यसपछि खूब रिसाएकी चण्डिकाले बाणद्वारा धानु काटिदिइन्, एउटा शरले सारथिको टाउको काटिदिइन् र वेगपूर्वक वाणहरूले ध्वजा गिराइदिइन्।

स च्छिन्नधन्वा दनुजो मुद्गरं घोरदर्शनन् ॥३१॥
भ्रामयित्वाऽभ्ययाद् वेगाद् देवीं हन्तुं महाबलः।

त्यो धनु काटिएको खूब बलियो दैत्य देख्दै डरलाग्दो मुग्रो घुमाएर देवीलाई हान्नका लागि वेगले गयो।

दृष्ट्वाऽति मुद्गरं घोरं देवी परमकोपना ॥३२॥
चिच्छेद तिलशस्तस्य हस्तस्थं मुद्गरं शरैः।

डरलाग्दो मुग्रो देखी खूब रिसाएकी देवीले उनको हातमा रहेको मुग्रो वाणहरूले तिल जस्ता टुक्रा पारेर काटिदिइन्।

च्छिन्ने च मुद्गरे दैत्यः खड्गं चर्म प्रगृह्य च ॥३३॥
अभ्ययादतिसंक्रुद्धश्चण्डिकाऽपि शितैः शरैः।
खड्गं चर्म प्रचिच्छेद सायकैरप्यपीडयत् ॥३४॥

मुग्रो खतम भएपछि खूब रिसाएको दैत्य खड्ग र ढाल लिएर अगाडि वढ्यो, चण्डिकाले पनि तीखा शरद्वारा खड्ग र ढाल काटिदिइन् र वाणहरूले पनि पीडा गरिन्।

मत्वात्मानं हीनबलं तां च मत्वाबलाधिकाम्।
महादेवं वरं स्मृत्वा स्त्रीबध्यत्वं स दानवः ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञात्वा प्रोवाच गिरिजां भक्तिमास्थाय चातुलाम् ।

आफूलाई थोरै वल भएको र उनीलाई धेरै वल भएकी ठानेर, स्त्रीले मारिनुपर्छ भन्ने महादेवको वर सम्झेर र जानेर त्यस दानवले खूब भक्ति राखेर गिरिजालाई भन्यो–

दानव उवाच– दानवले भन्यो–

न प्राकृताऽसि गिरिजे त्वां जानामि महेश्वरीम् ।।३६।।
आद्या शक्तिस्त्वमेवासि त्वया सृष्टं जगत्त्रयम् ।
त्वया च निहता दैत्या देवानुग्रहकारणात् ।।३७।।
हन्तव्योऽहं त्वया देवी जानाम्येतन्न संशयः ।

हे गिरिजा ! तिमी साधारण हैनौ, तिमी महेश्वरीलाई म चिन्दछु, आद्या शक्ति तिमी नै ह्वौ, तिमीले नै तीनै जगत् सिर्जना गऱ्यौ, तिमीले नै देवताहरूको दयाले गर्दा दैत्यहरूलाई माऱ्यौ, हे देवी ! म तिमीद्वारा नै मारिनुपर्छ, यो कुरो म जान्दछु, शङ्कै छैन ।

यावत् स्नात्वा महादेवी लिङ्गं संस्थापयाम्यहम् ।।३८।।
तावत् त्वमत्र समरे मद्वाक्यात् तिष्ठ चण्डिके ।

हे महादेवी ! जवसम्ममा म नुहाएर लिङ्ग, स्थापना गर्छु, तिमी त्यस वेलासम्म मेरो कुरा मानेर लडाइँ थाम ।

मां हत्वा तिष्ठ देवि त्वं रक्तचन्दनकानने ।।३९।।
नाम्ना चण्डेश्वरी भूत्वा भवानुग्रहकारिणी ।

हे देवी ! मलाई मारेर तिमी यस रक्तचन्दन-वनमा संसारलाई अनुग्रह गर्ने भएर चण्डेश्वरी नामले बस ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

दानवेन्द्रवचः श्रुत्वा प्राह पर्वतनन्दिनी ।।४०।।
दानवेन्द्र त्वया लब्धं ज्ञानं परमदुर्लभम् ।
न स्थास्यन्त्यसुरश्रेष्ठ प्राणिनः केऽपि सर्वदा ।।४१।।
दृश्यं श्राव्यं च यत् किञ्चिन्नश्वरं विद्धि दानव ।

दानवराजको वोली सुनेर पर्वतकी छोरीले भनिन्– हे दानवेन्द्र ! तिमीले पाइनसक्नु परम ज्ञान पाएछौ, हे दैत्यश्रेष्ठ ! कुनै प्राणी पनि सधैं रहनेछैनन् । हे दानव ! देखिने र सुनिने जुनसुकै पनि नाशवान् हो भन्ने जान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवलिङ्गस्थापनेऽपि न ते चिन्तास्तु दानव ॥४२॥
मया हतेऽसुरश्रेष्ठ शरीराल्लिङ्गमुत्तमम् ।
भविष्यत्यत्र सुखदं दिव्यं चण्डेश्वराभिधम् ॥४३॥
चण्डेश्वरीति ते नाम्ना स्थास्याम्यत्रासुरोत्तम ।
त्वां हत्वा समरे तीक्ष्णं भक्तानुग्रहकाम्यया ॥४४॥

दानव ! शिवलिङ्ग स्थापनामा पनि तिमी चिन्ता नगर । असुरश्रेष्ठ ! मैले मारेपछि (तिम्रै) शरीरवाट सुख दिने, दिव्य चण्डेश्वर नाम गरेको उत्तम लिङ्ग हुनेछ । हे असुरोत्तम ! लडाइँमा तीक्ष्ण तिमीलाई मारेर भक्तको अनुग्रह गर्ने इच्छाले तिम्रै नामले चण्डेश्वरी बनेर रहनेछु ।

श्रुत्वा गिरिसुतावाक्यं ततो दानवपुङ्गवः ।
हर्षं च परमं लेभे रणे विक्रममादधौ ॥४५॥

पर्वतकी छोरीको वचन सुनेर त्यसपछि श्रेष्ठ दानवले खूब खुशी भएर युद्धमा पराक्रम देखायो ।

उत्पाट्य पादपं दैत्यो भ्रामयित्वा महाबलः ।
चिक्षेप गिरिजां हन्तुं ननाद सुमहत् स्वनम् ॥४६॥

बेस्करी वलियो दैत्यले रूख उखेली घुमाएर पर्वतकी छोरीलाई हान्न फाल्यो र ठूलो शब्द गर्‍यो ।

आपतन्तं तरुं दृष्ट्वा ततस्तु गिरिनन्दिनी ।
चिच्छेद तिलशो बाणैः पश्यतस्तस्य तत्क्षणात् ॥४७॥

आइपरेको रूखलाई देखेर पर्वतकी छोरीले हेरिरहेका त्यस दैत्यको रूखलाई उत्तिखेरै वाणद्वारा तिल जत्रा पारेर काटिदिइन् ।

चूर्णीकृतं तरुं दृष्ट्वा ततो दानवपुङ्गवः ।
उत्पाट्य महतीं गुर्वीं शिलां परमयत्नतः ॥४८॥
चिक्षेप भ्रामयित्वोच्चैर्जगर्ज च महाबलः ।

रूख धूलो धूलो पारिएको देखेर दानवले खूब मेहनतसाथ ठूलो ढुङ्गो उठाई घुमाएर फाल्यो र त्यो महावली गर्ज्यो पनि ।

आपतन्तीं शिलां दृष्ट्वा ततो भगवती रुषा ॥४९॥
चिच्छेद शायकैर्वेगात् खण्डं खण्डं तपोधन ।

हे तपोधन जैमिनि! आइपरेको ढुङ्गोलाई देखेर रिसपूर्वक भगवतीले वाणद्वारा खूबसँग टुक्रा टुक्रा पारिदिइन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिलां च विफलां दृष्ट्वा दैत्यः परमकोपनः ।।५०।।
आययौ मुष्टिमुद्यम्य देवीं हन्तुं कृतश्रमः ।

ढुङ्गो पनि विफल भएको देखेर परिश्रम गरेको र खूब रिसाएको दैत्य मुठ्ठी उठाई देवीलाई हान्न आयो ।

समायान्तं ततो दृष्ट्वा दानवं सुरदुर्जयम् ।।५१।।
शूलेन हृदयं भित्वा पातयामास भूतले ।।

देवताहरूले जित्न नसकिने दानव आएको देखेर शूलले छाती छेडेर पृथ्वीमा पछारिन् ।

चालयन् सकलां पृथ्वीं ससरिद्वनपर्वताम् ।।५२।।
पपात धरणीपृष्ठे वज्राहत इवाचलः ।

नदी वन र पर्वतले युक्त भएकी सारा पृथ्वीलाई नै हल्लाउँदै वज्रले चोइटिएको पर्वत झैं पृथ्वीमा लड्यो ।

ववौ वायुः सुखस्पर्शः पुण्यगन्धवहस्तदा ।।५३।।
आसन् मार्गवहा नद्यः सुप्रभश्च दिवाकरः ।
अग्नयो जज्वलुस्तत्र हते तस्मिन् दुरात्मनि ।।५४।।

त्यो दुरातमा मरेपछि पवित्र वास्ना उडाउने आनन्ददायी किसिमले स्पर्श गर्ने हावा चल्यो, नदीहरू ठीक बाटोमा वहने भए, सूर्य पनि असल प्रकाश दिने भए र आगो राम्रोसँग बल्यो ।

अस्य दैत्यस्य देहात् तु तेजोरूपमनुत्तमम् ।
जातं लिङ्गं महापुण्यं नाम्ना चण्डेश्वराभिधम् ।।५५।।

यस दैत्यको शरीरबाट त तेजरूप भएको उत्तम चण्डेश्वर नामको ज्यादै पवित्र (ज्यादै पुण्य दिने) लिङ्ग उत्पन्न भयो ।

ये द्रक्ष्यन्ति नरा लिङ्गं रक्तचन्दनकानने ।
तेषां हस्तगता सिद्धिर्भविष्यति न संशयः ।।५६।।

जो मानिसहरू रक्तचन्दन वनमा यस लिङ्गलाई हेर्दछन्, निश्चय नै सिद्धि तिनीहरूको हस्तगत हुनेछ ।

एवं चण्डासुरवधं कृत्वा सा शैलनन्दिनी ।
भक्तलोकहितार्थाय स्थिता तत्रैव कानने ।।५७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

107

यसरी ती पर्वतकी छोरी चण्ड दैत्यको वध गरेर भक्तजनको हितका लागि त्यसै वनमा वसिन् ।

अद्यापि वर्तते तत्र रक्तचन्दनपादपः ।
कृते प्रहारे निनदः श्रूयते नरशब्दवत् ॥५८॥

आजभोलि पनि त्यहाँ रक्तचन्दनको रूख छ, ठ्वाङ्ग हानेमा मानिसको शब्द जस्तो आवाज सुनिन्छ ।

वैशाखपौर्णमास्यां तु देव्या चण्डासुरो हतः ।
अतो महोत्सवस्तस्या रक्तचन्दनकानने ॥५९॥
तस्यां यात्रा नरैः कार्या देवीसन्तोषहेतवे ।
वैशाखपौर्णमास्यां तु चण्डेशप्रीतये तदा ॥६०॥

वैशाख-पूर्णिमामा देवीले चण्ड दैत्यलाई मारिन् । यसैले रक्तचन्दन वनमा तिनको (देवीको) ठूलो उत्सव हुन्छ । त्यो वैशाख-पूर्णिमामा देवीको सन्तोषका लागि र चण्डेशको प्रीतिका लागि मानिसहरूले जात्रा गर्नुपर्छ ।

दानं कुर्वन्ति ये भक्त्या तेषां स्वर्गो न संशयः ।
चण्डेश्वर्या महायात्रां ये द्रक्ष्यन्ति नरा भुवि ॥६१॥

पृथ्वीमा जो मानिसहरू चण्डेश्वरीको जात्रा हेर्छन् र भक्तिले दान गर्छन्, तिनीहरू निश्चय नै स्वर्ग पाउँछन् ।

श्रुत्वाऽध्यायमिमं पुण्यं महापापौघनाशनम् ।
वेदान्तवेत्ता विप्रः स्यात् क्षत्रियो विजयी भवेत् ॥६२॥
धनधान्ययुतो वैश्यः शूद्रः सद्गतिमाप्नुयात् ॥

पुण्य (पवित्र) र ठूलो पापलाई पनि नाश गर्ने यो अध्याय सुनेर ब्राह्मण वेदान्तवेत्ता होला, क्षत्री विजयी र वैश्य धन र धान्यले युक्त भएको होला, शूद्रले असल गति पाउनेछ ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे ईश्वरीप्रादुर्भावो नाम चतुर्थोऽध्यायः ॥४॥

स्कन्द पुराणअन्तर्गन्त हिमवत्खण्डमा ईश्वरी उत्पन्न भएको चौथो अध्याय सिद्धियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचौं अध्याय

जैमिनिरुवाच– जैमिनीले भन्नुभयो–

हते चण्डासुरे देव्या किमकारि सुरैस्ततः ।
एतत् सर्वं समाचक्ष्व मार्कण्डेय तपोधन ॥१॥

हे तपोधन मार्कण्डेय ! देवीले चण्डासुरलाई मारेपछि देवताहरूले के गरे, यो सबै भन्नुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

चण्डासुरं हतं दृष्ट्वा देव्या परमदुर्जयम् ।
पक्षिरूपं परित्यज्यागच्छँश्चण्डेश्वरीं तदा ॥२॥

कत्ति जित्न नसकिने चण्डासुरलाई देवीले मारेको देखेर पक्षीको रूप छोडेर चण्डेश्वरी भएको ठाउँमा आए ।

भक्तियुक्ताः सुराः सर्वे पूजयामासुरम्बिकाम् ।

भक्तिले युक्त भएका सबै देवताहरूले अम्बिकालाई पूजा गरे ।

पूजिता च महादेवी देवैर्धूपादिविस्तरैः ॥३॥
निवासमकरोत् तत्र रक्तचन्दनकानने ।

धूप दीप आदिद्वारा देवताहरूले पूजा गरिएकी महादेवी पनि त्यस रक्तचन्दनवनमा वसिन् ।

देवाश्चापि ततो दृष्ट्वा क्षेत्रं परमदुर्लभम् ॥४॥
स्वस्वनामांकितं लिङ्गं स्थापयामासुरेव हि ।

पाइनसक्नु त्यस ठाउँलाई देखेर देवताहरूले पनि आ-आफ्नो नाउँले अङ्कित (चिनिने) भएको लिङ्गको स्थापना गरे ।

धनेशः स्थापयामास धनेश्वरमिति ध्रुवम् ॥५॥
धनेश्वरमहालिङ्गं ये द्रक्ष्यन्ति कलौ युगे ।
त धनाढ्या भविष्यन्ति तपोधन न संशयः ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनेश (कुवेर) ले धनेश्वर नामको लिङ्ग स्थापना गरे । कलियुगमा जसले धनेश्वर महालिङ्गलाई हेर्नेछन्, हे तपोधन ! ती निश्चय नै धनाढ्य (धनी) हुनेछन् ।

कामधेनुस्ततो लिङ्गं सर्वकामफलप्रदम् ।
नाम्ना संस्थापयामास खुरेश्वरमनुत्तरम् ॥७॥
खुरेश्वरस्य ये भक्ता भविष्यन्ति नरोत्तमाः ।
गोवृद्धिरतुला तेषां भविष्यति न संशयः ॥८॥

कामधेनुले सबै इच्छाको फल दिने खुरेश्वर नामले उत्तम लिङ्गको स्थापना गरिन् । जो उत्तम मानिसहरू खुरेश्वरको भक्त हुन्छन्, तिनीहरूको गाईको निश्चय नै प्रशस्त वृद्धि हुनेछ ।

श्लेष्मान्तकवनात् पूर्वं गणना मुनिसत्तम ।
रक्तचन्दननाम्नोऽस्य वनस्य क्रियते नृभिः ॥९॥

हे मुनिसत्तम ! मानिसहरू यस रक्तचन्दन-वनको गणना श्लेष्मान्तक वनदेखि पूर्वतिर गर्छन् ।

ततः पर्वतमुल्लङ्घ्य कौशिक्या संगमे शुभे ।
रोषमत्या संगमे च विश्वामित्रो मुनीश्वरः ॥१०॥
स्वनाम्ना स्थापयामास भुक्तिमुक्तिफलप्रदम् ।

त्यसपछि पर्वत नाघेर कौशिकी र रोषमती (कोशी र रोसी)को शुभ संगम (दोभान) मा विश्वामित्र मुनीश्वरले आफ्नो नाउँबाट भुक्ति मुक्ति फल दिने लिङ्गको स्थापना गरे ।

कौशिकी सरितां श्रेष्ठा महापातकनाशिनी ॥११॥
विश्वामित्रस्य भगिनी नृणां दुर्मतिनाशिनी ।
तस्यास्तीरे महालिङ्गं विश्वामित्रेश्वरं शुभम् ॥१२॥

कौशिकी त नदीहरूमा श्रेष्ठ, महापाप नाश गर्ने, विश्वामित्रकी बहिनी र मानिसहरूको दुर्मति नाश गर्ने हुन् । तिनैको तीरमा विश्वामित्रेश्वर नामको शुभ महालिङ्ग छ ।

शिवरात्रिचतुर्दश्यां ये द्रक्ष्यन्ति मुनीश्वर ।
चतुर्वर्गोदयस्तेषां शीघ्रमेव न संशयः ॥१३॥

हे मुनीश्वर ! शिवरात्री र चतुर्दशीमा जो (विश्वामित्रेश्वरलाई) दर्शन गर्नेछन्, तिनीहरूको चाँडै नै चतुर्वर्गोदय (धर्म, अर्थ काम मोक्षको उदय) हुनेछ, शंका छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्लेष्मान्तकवने क्षेत्रगणनाऽस्य न जायते ।
ततः परमसन्तुष्टो देवैः सह पुरन्दरः ॥१४॥
नीरमत्या रोषमत्याः सङ्गमे सुमनोहरे ।
इन्द्रेश्वरमहालिङ्गं स्थापयामास सिद्धिदम् ॥१५॥

त्यसपछि खूब सन्तोष पाएका इन्द्रले देवताहरूका साथ (गएर) नीरमती र रोषमतीको सुन्दर दोभानमा सिद्धि दिने इन्द्रेश्वर महालिङ्गको स्थापना गरे ।

इन्द्रेश्वरस्य ये भक्ता भविष्यन्ति तपोधन ।
तेषां समृद्धिरतुला भविष्यति न संशयः ॥१६॥

हे तपोधन ! (जैमिनि !) इन्द्रेश्वरका जो भक्त हुनेछन्, तिनीहरूको प्रशस्त समृद्धि (वढिवढाउ) निश्चय नै हुनेछ ।

ज्येष्ठमासे पौर्णमास्यां स्नानं कृत्वा तु सङ्गमे ।
इन्द्रेश्वरं च द्रक्ष्यन्ति तेषां स्वर्गो न संशयः ॥१७॥

ज्येष्ठपूर्णिमामा त्यस दोभानमा नुहाएर इन्द्रेश्वरलाई जसले हेर्नेछन् (दर्शन गर्नेछन्), तिनीहरू निश्चय नै स्वर्ग जान्छन् ।

इन्द्रेश्वरस्य ये भक्ता भविष्यन्ति नरोत्तमाः ।
तेषामिन्द्रः स्वयं तुष्टः प्रदास्यति मनोरथान् ॥१८॥

जो श्रेष्ठ मानिसहरू इन्द्रेश्वरको भक्त हुनेछन्, आफैं खुशी भएका इन्द्रले तिनीहरूको मनोरथ (इच्छा लागेको वस्तु) दिनेछन् ।

चण्डासुरवधोत्पन्नहर्षनिर्भरमानसाः ।
त्रिदशाः शैलमुत्तीर्य सरितोः सङ्गमे शुभे ॥१९॥
आशापूरेश्वरं लिङ्गं स्थापयामासुरुत्तमम् ।

चण्डासुरको वधवाट हर्ष उत्पन्न भएका र निर्भीक मन भएका देवताहरूले डाँडो झरेर नदीको शुभ दोभानमा उत्तम आशापूरेश्वर लिङ्गको स्थापना गरे ।

ततो देवा वचः प्राहुः सन्तुष्टा द्विजसत्तम ॥२०॥
आशापूरेश्वरं लिङ्गं द्रक्ष्यन्ति मनुजा भुवि ।
तेषां नराणां सततमाशा पूर्णा भविष्यति ॥२१॥

हे द्विजसत्तम ! त्यसपछि सन्तुष्ट भएका देवताहरूले भने– पृथ्वीमा जो मानिसहरू आशापूरेश्वर लिङ्गको दर्शन गर्नेछन्, ती मानिसहरूको आशा सधैं पूर्ण हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्त्वा देवताः सर्वाः स्वधामानि ययुस्तदा ।
इति ते सर्वमाख्यातं किमन्यच्छ्रोतुमिच्छसि ॥२२॥

यति भनेर सवै देवताहरू आ-आफ्ना धाममा गए । यति सबै मैले तपाईंलाई भनें, अरू के सुन्न इच्छा गर्नुहुन्छ ?

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो–

त्वत्तः श्रुता कथा ब्रह्मन् सर्वपापविनाशिनी ।
अन्यानि मुख्यस्थानानि कथयाशु मम प्रभो ॥२३॥

हे ब्रह्मन् ! तपाईंबाट सबै पाप नाश गर्ने कथा सुनें । अरू मुख्य ठाउँहरू पनि चाँडो भन्नुहोस्, प्रभु !

निर्गतं त्वन्मुखाम्भोजात् कथामृतरसं प्रभो ।
पिबतो नास्ति मे तृप्तिः श्रोतुं श्रद्धा हि जायते ॥२४॥

प्रभु ! तपाईंको मुखरूपी कमलबाट निस्केको कथारूपी अमृतरस पिउने मेरो तृप्ति नै हुँदैन, सुन्नलाई श्रद्धा नै उत्पन्न हुन्छ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

सन्ति तीर्थान्यनेकानि श्लेष्मान्तकवने मुने ।
मुख्यानि तानि स्थानानि तथाऽपि कथयामि ते ॥२५॥

हे मुनि ! श्लेष्मान्तक वनमा अनेकौं तीर्थहरू छन्, तैपनि मुख्य मुख्य ती ठाउँहरू तपाईंलाई भन्छु ।

अस्ति वाराणसी नाम पुरी शङ्करपालिता ।
यस्यां पुर्यां तनुत्यागान्मुक्तिमाप्नोति मानवः ॥२६॥

शङ्करले रक्षा गरिएको वाराणसी नामको शहर छ, जुन शहरमा मानिसले प्राणत्याग गर्नाले मुक्ति पाउँछ ।

तस्यामासीद् द्विजश्रेष्ठः प्रियातिथिरिति स्मृतः ।
तस्य भार्या गुणवती शीलौदार्यसमन्विता ॥२७॥
पतिव्रता महाभागा सर्वलक्षणलक्षिता ।
चत्वारस्तनयास्तस्य मुनेर्जातस्तपोधन ॥२८॥
मेधातिथिर्गुणनिधिर्भरतो मलयस्तथा ।

त्यहाँ (वाराणसीमा) प्रियातिथि नामका श्रेष्ठ ब्राह्मण थिए । तिनकी पत्नी गुणवती शील र उदारताले युक्त भएकी सौभाग्यवती र सबै लक्षण भएकी थिइन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे तपोधन (जैमिनि) ! ती मुनिका मेधातिथि, गुणनिधि, भरत र मलय नामका चार छोरा भए ।

त्रयः स्वाध्यायनिरताः पितृभक्ता गुणैर्युताः ॥२९॥
कनिष्ठो मलयो दुष्टो बभूव गुणवर्जितः ।
सदा द्यूतप्रियश्चौरः पिशुनः परवञ्चकः ॥३०॥

पढाइमा लागेका पितृभक्त र गुणहरूले युक्त भएका तीनौटा भए, कान्छो मलय त दुष्ट, गुण नभएको, सधैं जुवा खेल्न मन पराउने, चोर छुल्याहा र अरूलाई ठग्ने भयो ।

वारितो बहुधा यत्नैर्मात्रा पित्रा च बन्धुभिः ।
न सद्वृत्तो यदा जातः पित्रा त्यक्तस्तदा सुतः ॥३१॥

बाबु, आमा र बन्धुहरूले मेहनतसाथ धेरै पटक (कुकर्मबाट) रोके, तैपनि जब असल आचरणको भएन, अनि बाबुले छोरालाई त्यागिदिए ।

ततस्तु मलयो दुष्टो वेश्यागामी बभूव ह ।
चौर्येण वा वञ्चनेन साधयित्वा ततो धनम् ॥३२॥
वेश्यायै सर्वदाऽयच्छत् कर्मचाण्डालतां गतः ।
एकदा मलयो रात्रौ क्रीडन् वै वेश्यया सुखम् ॥३३॥
श्रान्तो जलभ्रमवशाद्वारुणीं सहसा पपौ ।
अन्यादृशं स्वादु लब्ध्वा वेश्यां पप्रच्छ तत्क्षणात् ॥३४॥
सुभगे सलिलभ्रान्त्या किं पीतमिदमद्भुतम् ।

त्यसपछि दुष्ट मलय वेश्यागामी भयो । चोरेर अथवा ठगेर धन कमाएर वेश्यालाई सधैं दिन्थ्यो । कर्मचाण्डाल भएको मलय एकदिन राती सुखपूर्वक वेश्यासँग खेलबाड गर्दै थाकेर पानी जस्तो ठानी झटपट रक्सी पियो । अर्कै थोकको जस्तो स्वाद पाएर उत्तिखेरै वेश्यालाई 'हे सुभगे ! पानी जस्तो ठानेर मैले के यो अनौठो चीज पिएँ' भनेर सोध्यो ।

पात्रं दृष्ट्वा ततो वेश्या प्राह तं द्विजसत्तम ॥३५॥
त्वया पीता सुरा दुष्ट मम पात्रस्थिताऽशुभा ।

हे द्विजसत्तम ! त्यसपछि वेश्याले भाँडो हेरेर त्यसलाई भनी– हे बदमाश ! तिमीले त मेरो भाँडामा रहेको अपवित्र रक्सी पो पियौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेश्यावचनमाकर्ण्य दुःखितो मलयोऽभवत् ॥३६॥
चिन्तयामास हृदये परं निर्वेदमास्थितः ।

वेश्याको वोली सुनेर मलय दुःखित भयो । ज्यादै दिक्दार भएको त्यसले मनमनै विचार गऱ्यो–

प्राप्तं द्विजकुले जन्म काश्यां विश्वेशसन्निधौ ॥३७॥
नाधीता हि मया वेदा न च तप्तं महत् तपः ।
नाराधितोऽपि विश्वेशो मणिकर्ण्यां निमज्जनम् ॥३८॥
न कृतं न च दानानि दत्तान्यपि कदाचन ।
द्यूतेऽनुरागो मे जातः प्रीतिर्वेश्याजने तथा ॥३९॥
वारुणी च मया पीता कथं मे निष्कृतिर्भवेत् ।
अतो ह्यात्मविशुद्ध्यर्थं महापातकनाशिनीम् ॥४०॥
स्नातुं सचैलो यास्यामि सर्वथा मणिकर्णिकाम् ।

विश्वेश्वरको नजीक काशीमा ब्राह्मणकुलमा जन्म पाएर न मैले वेद पढें, न मैले ठूलो तपस्या गरें, विश्वेश्वरको पनि आराधना गरिनँ, मणिकर्णि(का)मा पनि वुडिनँ (नुहाइनँ), न कहिल्यै दान गरें, जूवा खेल्न मन पराउने म भएँ, वेश्यासँग प्रेम भयो, रक्सी पनि मैले पिएँ, कसरी मेरो प्रायश्चित्त होला ? यसै कारण अव आत्मशुद्धिका निम्ति ठूलो पाप नाश गर्ने मणिकर्णिकामा जसरी भए पनि सचैल (लगाएका कपडासहित) स्नान गर्न जान्छु ।

इति चिन्तापरो भूत्वा लज्जामुत्सृज्य तत्क्षणात् ॥४१॥
मलयः प्रययौ शीघ्रं स्नातुं श्रीमणिकर्णिकाम् ।

यस्तो विचार गरेर मलय उत्तिखेरै लाजसाज छोडेर मणिकर्णिकामा स्नान गर्न हिंड्यो ।

ब्राह्मणैः क्षत्रियैर्वैश्यैः शूद्रैश्चापि समावृताम् ॥४२॥
ततो ददर्श मलयः सुपुण्यां मणिकर्णिकाम् ।

ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रहरूले पनि ढाकिएको पवित्र मणिकर्णिकालाई मलयले देख्यो ।

ब्राह्मणा यत्र कुर्वन्ति स्नानं परमपावनाः ॥४३॥
तत्रैव प्रययौ विप्रः स्नानार्थं मलयो मुने ।

हे मुनि ! जहाँ परमपावन ब्राह्मणहरू स्नान गर्छन्, त्यहीं नै मलय ब्राह्मण गयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समीपमागतं दृष्ट्वा मलय दोषसागरम् ॥४४॥
चुकोप ब्राह्मणः कश्चिदुवाचेदं वचः पुनः ।
पापिष्ठ दुष्ट मलय वेश्यागामिन् नराधम ॥४५॥
स्पर्शं मा कुरु विप्राणां दूरेऽपसर लम्पट ।

दोषैं दोषको समुद्र भएको मलय नजीक आएको देखी कुनै ब्राह्मण रिसाए र फेरि (उनले) यो वचन भने– पापी, दुष्ट, नराधम, वेश्यागामी, लम्पट मलय ! टाढा जा, बाहुनहरूको स्पर्श नै नगर ।

इति विप्रवचः श्रुत्वा मलयः प्राह तं द्विजम् ॥४६॥
गच्छापसर विप्र त्वं किं कोपं कुरुषे मयि ।

ब्राह्मणको यस्तो बोली सुनेर मलयले ती ब्राह्मणलाई हे ब्राह्मण ! तपाईं 'जा, हट्' भनेर ममा किन रिस गर्नुहुन्छ भन्यो।

मलयस्य वचः श्रुत्वा ब्राह्मणः प्राह तं पुनः ॥४७॥

मलयको बोली सुनेर ब्राह्मणले फेरि त्यसलाई भने–

लब्धं विप्रकुले जन्म द्यूतक्रीडारतः सदा ।
कृत्वा च वेश्यागमनं पीत्वा हालां नराधम ॥४८॥
मणिकर्णीं समायातस्त्यक्तलज्जोऽसि लम्पट ।
पवित्रान् ब्राह्मणान् दृष्ट्वा कथं मूढ न लज्जसे ॥४९॥

ब्राह्मणको कुलमा जन्म पाएर पनि सधैं जूवा खेल्नमा मस्त भएर, वेश्यागमन गरेर, रक्सी पिएर, हे नराधम ! मणिकर्णिकामा आएको छस्, लम्पट ! लाजै मानिनस्, हे मूर्ख ! पवित्र ब्राह्मणलाई देखेर कसरी लाज मान्दैनस् !

इति विप्रवचः श्रुत्वा मलयो लज्जयान्वितः ।
स्नात्वा सचैलो झटिति ततो विश्वेश्वरं ययौ ॥५०॥

ब्राह्मणको यस्तो वचन सुनेर लाज मानेको मलय तुरुन्तै सचैल (लुगासहित) स्नान गरेर विश्वेश्वर भएको ठाउँमा गयो ।

दृष्ट्वा विश्वेश्वरं देवं मुक्तिमण्डपमागतः ।
पठतो वेदवेदाङ्गान् पुराणानि च तापसान् ॥५१॥
मुक्तिमण्डपमध्यस्थान् ददर्श द्विजपुङ्गवान् ।
तान् दृष्ट्वा दण्डवद्भूमौ प्रणम्य निजगाद ह ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वेश्वरदेवलाई हेरेर मुक्तिमण्डपमा आइपुगेको त्यसले वेद-वेदाङ्ग र पुराणहरू पढेका, मुक्तिमण्डपको बीचमा रहेका, तपस्वी श्रेष्ठ ब्राह्मणहरूलाई देख्यो । तिनीहरूलाई देखेर लौरो झैं भैंमा पल्टेर प्रणाम गरी भन्यो–

अहं प्रियातिथेः पुत्रः कनिष्ठो मलयः स्मृतः ।
न वेदाः पठिताश्चापि विश्वेशः पूजितो न च ।।५३।।
द्यूतक्रीडा कृता नित्यं प्रीतिर्वेश्याजनेषु च ।
अज्ञानाद् वारुणी पीता जलभ्रान्त्या तपोधनाः ।।५४।।
प्रायश्चित्तं ददध्वं तु येन शुद्धिर्भवेन्मम ।
भवन्तो निपुणाः सर्वे वेदवेदाङ्गपारगाः ।।५५।।
अतिदीने कृपां यूयं कुरुध्वं मयि सर्वथा ।

म प्रियातिथिको कान्छो छोरो मलय हुँ । मैले न वेदहरू पढें, न विश्वेश्वरलाई पूजा गरें, सधैं जूवा खेल्ने काम गरें र वेश्याहरूमा प्रेम गरें । हे तपोधनहरू ! पानी जस्तो ठानेर अज्ञानले मैले रक्सी पिएँ । जेले मेरो शुद्धि हुन्छ, त्यो प्रायश्चित्त दिनुहोस् (भन्नुहोस्) । तपाईंहरू त सबै सिपालु हुनुहुन्छ, वेद र वेदाङ्गहरूमा पारङ्गत हुनुहुन्छ, ज्यादै दु:खी भएको ममा तपाईंहरूले क्यै गरेर पनि दया गर्नुहोस् ।

इति तस्य वचः श्रुत्वाः न कश्चित् किञ्चिदब्रवीत् ।।५६।।
मद्यपानं ब्राह्मणस्य सदाऽत्यन्तं विगर्हितम् ।
तन्मध्ये ब्राह्मणः कश्चिदुवाच मलयं ततः ।।५७।।
शुष्कां यष्टिमिमां धृत्वा तीर्थानि भ्रम यत्नतः ।
भविष्यत्यङ्कुरोऽस्याश्च यदा ब्राह्मणबालक ।।५८।।
अंकुरं त्वं विलोक्यैवं ततः शुद्धो भविष्यसि ।
परिहासेन स प्राह नास्य शुद्धिर्भविष्यति ।।५९।।

यस्तो त्यसको वोली सुनेर कसैले पनि केही वोलेन । रक्सी खानु ब्राह्मणका निम्ति सधैं ज्यादै नै निन्दित छ, तिनै (ब्राह्मण) को बीचबाट उठेर कुनै ब्राह्मणले मलयलाई भने–यो सुकेको लठ्ठी लिएर खूबसँग तीर्थहरू घुम, हे ब्राह्मणका छोरा ! जब यसको आँकुरा पलाउनेछ, तब त्यो आँकुरा हेरेर मात्रै तिमी पवित्र हुनेछौ । हाँसेर यो शुद्ध नै हुँदैन पनि भने ।

मलयस्तथ्यमेवेदं चिन्तयामास तत्क्षणात् ।
ततो विश्वेश्वरं नत्वा विप्रांश्चैव पुनः पुनः ।।६०।।
गृहीत्वा मलयो यष्टिं तीर्थयात्रां जगाम ह ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलयले यसलाई साँच्चै नै ठान्यो र अनि उत्तिखेरै विश्वेश्वरलाई र ब्राह्मणहरूलाई दोहोऱ्याई दोहोऱ्याई नमस्कार गरेर लौरी लिई मलय तीर्थयात्रामा हिँड्यो ।

भ्रमँस्तीर्थान्यनेकानि मलयो वत्सरत्रयम् ।।६१।।
श्लेष्मान्तकवनं प्रापद् देवानामपि दुर्लभम् ।

अनेकौं तीर्थहरू तीन वर्षसम्म घुम्दै मलय देवताहरूका लागि पनि पाइनसक्नु श्लेष्मान्तक वनमा पुग्यो ।

स्नानं विधाय वाग्मत्यां दृष्ट्वा पशुपतिं प्रभुम् ।।६२।।
वज्रां विलोक्य तदनु दृष्ट्वा नारायणं प्रभुम् ।
आशापूरेश्वरं द्रष्टुं प्रविवेश महावनम् ।।६३।।

वाग्मतीमा नुहाएर पशुपति प्रभुलाई र वज्रालाई दर्शन गरेर त्यसपछि नारायण प्रभुलाई दर्शन गरी आशापूरेश्वरलाई दर्शन गर्नका निम्ति महावनमा पस्यो ।

शैलाधस्तान्निधायाशु शुष्कयष्टिं ततो भुवि ।
स्नानं करोति मलयस्तावज्जातोऽङ्कुरोदयः ।।६४।।

पर्वतको फेदको जमीनमा त्यो सुकेको लौरी राखेर जब मलयले स्नान गऱ्यो तब अङ्कुरोदय भयो (आँकुरा पलायो)

जातांकुरं ततो दृष्ट्वा मलयः परमाधमः ।
पूतं मेने तदात्मानं परां प्रीतिमवाप च ।।६५।।

अनि परमाधम मलयले (लट्ठीमा) आँकुरा देखेर आफूलाई पवित्र भएको ठान्यो र ज्यादै खुशी भयो ।

हृदये चिन्तयामास मलयो हर्षनिर्भरः ।
इदं पवित्रं परमं स्थानमत्यन्तदुर्लभम् ।।६६।।
अत्रैवाराधयिष्यामि व्रतस्थोऽहं महेश्वरम् ।
इति निश्चित्य मलयः स्थितस्तत्रैव कानने ।।६७।।

खुशी भएको मलयले मनमनै विचार गऱ्यो– यो पवित्र र ज्यादै दुर्लभ ठूलो ठाउँ हो, व्रतपूर्वक रहेको म यहीं महेश्वरलाई आराधना गर्छु, यस्तो निश्चय गरेर मलय त्यहीं वनमा वस्यो ।

उग्रं नियममास्थाय तपस्तेपे सुदारुणम् ।
ततोऽस्य तपसा तुष्टो भगवान् पार्वतीपतिः ।।६८।।
भूमिं भित्वा महालिङ्गमुदतिष्ठत् तपोधन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कठोर नियममा रहेर भयङ्कर तपस्या गऱ्यो । हे तपोधन ! त्यसपछि त्यसको तपस्याले खुशी भएका भगवान्, पार्वतीका पति, भूमि छेडेर महालिङ्गको रूपमा माथि आउनुभयो ।

मलय त्वं पवित्रोऽसि वरं वरय सुव्रत ॥६९॥
आकर्ण्य शम्भोस्तद्वाक्यं दण्डवत् प्रणिपत्य च ।
उवाच प्राञ्जलिर्वाक्यं मलयोऽतिशुभाशयः ॥७०॥

हे सुव्रत मलय ! तिमी पवित्र छौ, वर माग । शम्भुको यो वचन सुनेर दण्ड झैं पल्टेर प्रणाम गरी हात जोडेको राम्रो आशय भएको मलयले भन्यो–

अत्र डोलेश्वरो नाम्ना भूत्वा शङ्कर सर्वदा ।
भक्तानामभयार्थाय तिष्ठ त्वं परमेश्वर ॥७१॥

हे परमेश्वर शङ्कर ! यहाँ डोलेश्वर नामको भएर सधैं भक्तहरूलाई अभय दिनका निम्ति बस्नुहोस् ।

मलयस्य समाकर्ण्य वचनं पार्वतीपतिः ।
प्राह तं मलयं तुष्टः स्थास्याम्यत्रैव कानने ॥७२॥

खुशी भएका पार्वतीपतिले मलयको वचन सुनेर त्यस मलयलाई म यस वनमा रहनेछु भन्नुभयो ।

द्रक्ष्यन्ति कार्तिके ये मां मानवा भक्तिपूर्वकम् ।
तेषां कैलासवासो हि नात्र कार्या विचारणा ॥७३॥

जो मानिसहरू भक्तिपूर्वक मलाई दर्शन गर्नेछन्, तिनीहरूको कैलाशवास हुन्छ, यहाँ विचार गर्नुपर्दैन ।

धारातीर्थे नरः स्नात्वा दृष्ट्वा डोलेश्वरं विभुम् ।
मल्लोकमाप्नुयाद्धीरः सर्वथा नात्र संशयः ॥७४॥

मानिसले धारातीर्थमा नुहाएर डोलेश्वर प्रभुलाई हेरेपछि त्यस धीरले मेरो लोक (कैलाश) पाउनेछ, यहाँ केही संशय छैन ।

अष्टम्यां वा चतुर्दश्यां ये मां द्रक्ष्यन्ति भक्तितः ।
तेषां भोगापवर्गस्य दाताऽहं नात्र संशयः ॥७५॥

अष्टमी वा चतुर्दशीमा भक्तिपूर्वक जो मलाई हेर्नेछन्, तिनीहरूको भोग र मोक्षको दाता म हुँ, यसमा केही शंका छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलय त्वं समाराध्य मां सदा भक्तिपूर्वकम् ।
योगिनामुत्तमो भूत्वा यास्यसि त्वं परं पदम् ॥७६॥
इत्युक्त्वा मलयं देवो लिङ्गेऽन्तर्धानमाययौ ।

हे मलय ! तिमी मलाई भक्तिपूर्वक आराधना गरेर बस, योगीहरूमा उत्तम भएर परम पदमा जानेछौ । मलयलाई यति भनेर देव (शिव) लिङ्गमा अन्तर्धान हुनुभयो ।

मलयोऽपि समाराध्य डोलेश्वरमकल्मषम् ॥७७॥
योगिनामुत्तमो भूत्वा जगाम परमं पदम् ॥

मलय पनि पवित्र डोलेश्वरलाई आराधना गरेर (पछि) योगीहरूमा उत्तम भएर परम पदमा गयो ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे डोलेश्वरप्रदुर्भावो नाम पञ्चमोऽध्यायः ॥५॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा डोलेश्वर उत्पन्न भएको पाँचौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैटो अध्याय

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–
डोलेशात् पश्चिमे भागे प्रकाण्डवनमुत्तमम् ।
पनसैः सहकारैश्च नारङ्गैरुपशोभितम् ॥१॥

डोलेशदेखि पश्चिमपट्टि उत्तम प्रकाण्ड वन छ– (त्यो वन) कटहर आँप र सुन्तलाहरूले शोभित भएको–

वकैः कुरवकाशोकैश्चम्पकैश्च विराजितम् ।
अश्वत्थैः कोविदारैश्च न्यग्रोधैरुपशोभितम् ॥२॥

वक, कुरवक (कटसरैया), अशोक, चाँपहरू भएको, पिप्पल, कोइरालो र वरहरूले राम्रो भएको,

मल्लिकामालतीकुन्दकुसुमैरुपशोभितम् ।
मत्तभ्रमरसंह्लादविनादैरुपशोभितम् ॥३॥

मल्लिका (वनमा हुने वेली फूल), चमेली र कुन्दफूलहरूले सिंगारिएको, मत्त भमराहरूका आनन्दपूर्ण भुनभुनाइले युक्त भएको थियो ।

तस्मिन् वने द्विजः कश्चिन्नाम्ना गुणनिधिर्मुनिः ।
तपसा सूर्यसङ्काशः क्षमया पृथिवीसमः ॥४॥
तपः स्वाध्यायनिरतो वेदवेदाङ्गपारगः ।

त्यस वनमा गुणनिधि नामक कुनै ब्राह्मण मुनि तपस्याले गर्दा सूर्य जस्ता, क्षमाले गर्दा पृथ्वी जस्ता, तपस्या र स्वाध्यायमा व्यस्त भएका, वेद र वेदाङ्गमा पारङ्गत भएका थिए ।

भार्या लीलावती तस्य मुनेः परमसुन्दरी ॥५॥
स्वामिभक्ता महाभागा सदाऽतिथ्यर्चने रता ।

ती मुनिकी ज्यादै राम्री, स्वामिभक्ता, सौभाग्यवती र सधैं पाहुनापासाको सत्कारमा लागेकी लीलावती भार्या (स्वास्नी) थिइन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणनाथोऽभवत् पुत्रो मुनेः परमसुन्दरः ॥६॥
बहिश्चरः प्राण इव गुणवाँश्चारुलोचनः ।

मुनिको ज्यादै राम्रो प्राणनाथ नामको छोरो मानौं प्राण नै बाहिर निस्केर हिंडेको हो कि जस्तो, गुणी र राम्रा आँखा भएको भयो ।

दिने दिने वर्द्धते स शुक्लपक्षे यथा शशी ॥७॥
शिवपादाब्जनिरतो मुनिर्गुणनिधिः सदा ।
प्रकाण्डवनमाश्रित्य गत्वा पशुपतिं प्रभुम् ॥८॥
वाग्मत्या पयसि स्नात्वा दृष्ट्वा भवनमेति च ।
दृष्ट्वा पशुपतिं नित्यं पाठयामास बालकम् ॥६॥

त्यो (छोरो) शुक्लपक्षको चन्द्रमा झैं दिन दिनै वढ्छ, शिवको पाउरूपी कमलमा रत भएका गुणनिधि मुनि सधैं प्रकाण्ड वनमा रही, पशुपति प्रभु भएको ठाउँमा गएर वाग्मतीको पानीमा नुहाएर फेरि घरमा आउँछन्, (यसरी सधैं) पशुपतिलाई दर्शन गरेपछि बालक (छोरो) लाई पढाउँथे ।

भार्या लीलावती तस्य प्रियाराधनतत्परा ।
पालयामास तनयं स्नेहेन परमेण सा ॥१०॥

प्रियको आराधनामा लागेकी तिनकी लीलावती भार्याले ज्यादै स्नेहपूर्वक छोरालाई लालन पालन गरिन् ।

एकदा प्राणनाथः स बभ्राम विपिने मुदा ।
ततः पपात धरणीपृष्ठे स मुनिबालकः ॥११॥

एकदिन त्यो प्राणनाथ खुशीसाथ वनमा घुम्यो, त्यसपछि त्यो मुनिको बच्चा त पृथ्वीमा लडचो ।

पतितं बालकं दृष्ट्वा मुनयः स्नेहतत्पराः ।
विहाय जपयागादि बालकं द्रष्टुमाययुः ॥१२॥
आश्रमेभ्यः स्त्रियः सर्वाः स्नेहाकुलितमानसाः ।

लडेको बालकलाई देखेर मायाले जप यज्ञ आदि छोडेर मुनिहरू र स्नेहले आकुल मन भएका सबै स्त्रीहरू आश्रमबाट बालकलाई हेर्न आए ।

ऋष्याश्रमं हि तत् स्थानमद्यापि परिकीर्त्यते ॥१३॥
पतितो बालको यत्र जैमिने मुनिसत्तम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे मुनिसत्तम जैमिनि ! वालक जहाँ लड्यो त्यो ठाउँ आजभोलि पनि ऋष्याश्रम भनिन्छ ।

अङ्के संस्थापयामासुर्बालकं मुनिसत्तमाः ॥१४॥
व्यसुं दृष्ट्वा मुनिगणास्ततो गुणनिधिं ययुः ।
होमासक्तं गुणनिधिमूचुस्ते मुनिसत्तमाः ॥१५॥

मुनिहरूले वालकलाई काखमा लिए, मरेको देखेर मुनिहरू अनि गुणनिधि भएको ठाउँमा गए र होममा लागेका गुणनिधिलाई ती मुनिहरूले भने–

मुने गुणनिधे पुत्रस्तव यः प्रियदर्शनः ।
अकस्मात् पतितो भूमौ द्रष्टुमायाहि तं मुने ॥१६॥

हे गुणनिधि मुनि ! तपाईंको जुन प्यारो छोरो हो, त्यो अकस्मात् भुइँमा लड्यो, मुनि ! हेर्न आउनुहोस् ।

वज्रपातोपमं वाक्यं श्रुत्वा परमदारुणम् ।
पपात मोहितो भूमौ स मुनिः शोकमूर्छितः ॥१७॥

ज्यादै कठोर वज्रपात जस्तो वाक्य सुनेर बेहोश भएका र शोकले मूर्छा परेका ती मुनि भुइँमा लडे ।

भार्या लीलावती तस्य निर्गत्य भवनात् सती ।
पतिमुत्थापयामास शोकोपहतचेतना ॥१८॥
याम नाथो सुतो यत्र पतितो धरणीतले ।

पीरले पिरिएकी तिनकी सती भार्या लीलावतीले घरबाट निस्केर नाथ ! जहाँ छोरा भुइँमा लडेको छ त्यहाँ जाऔं भनी पतिलाई उठाइन् ।

भार्यावचनमाकर्ण्य मुनिरुत्थाय तत्क्षणात् ॥१९॥
जगाम भार्या सहितो बालको यत्र संस्थितः ।

स्वास्नीको कुरा सुनेर मुनि उत्निखेरै उठे र स्वास्नीसहित जहाँ वालक थियो त्यहाँ गए ।

मुनीनामंकगं दृष्ट्वा व्यसुं बालं ततो मुनिः ॥२०॥
हा हेति चोक्त्वा पतितो भार्यया सहितो मुनिः ।
तत उत्थापयामासुर्मुनयो मुनिसत्तमम् ॥२१॥

त्यसपछि मुनिहरूको काखमा रहेको मरेको वालकलाई देखेर मुनि हा हा भन्दै भार्यासहित लडे । त्यसपछि मुनिहरूले मुनि (गुणनिधि) लाई उठाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विललाप ततो दुःखी भार्यया सहितो मुनिः ।

अनि त भार्यासँगसँगै मुनि विलाप गर्न थाले–

प्राणनाथ कथं यासि मम प्राणान् विहाय च ।।२२।।
प्राणनाथ कथं यासि विहाय किल मातरम् ।
नय मां यत्र यासि त्वं जननीमपि दुःखिताम् ।।२३।।

प्राणनाथ ! मेरो प्राणलाई छोडेर कसरी जान्छौ, प्राणनाथ ! आमालाई छोडेर कसरी जान्छौ ! तिमी जहाँ जान्छौ मलाई र दुःखी आमालाई पनि लैजाऊ ।

नाकालमरणं चात्र न वा सर्पभयं भवेत् ।
न वा व्याघ्रभयं चात्र न च ग्रहभयं पुनः ।।२४।।

न यहाँ अकालमृत्यु हुन्छ, अथवा न सर्पको नै डर छ, न यहाँ वाघको डर छ, फेरि न यहाँ ग्रहको नै डर छ ।

अनाथनाथो जगतां नाथः पशुपतिः प्रभुः ।
भार्यया सहितो बालममुमादाय सर्वथा ।।२५।।
गत्वाऽहं सर्वथा तत्र दृष्ट्वा पशुपतीश्वरम् ।
प्रायोपवेशनं कार्यं सर्वथा भार्ययाऽनया ।।२६।।

संसारका अनाथका नाथ भएका पशुपति प्रभु नै नाथ हुनुहुन्छ, भार्याका साथ यस वालकलाई लिएर गई क्यै गरेर पनि पशुपति प्रभुलाई दर्शन गरेर यिनै भार्याका साथ उपवास गर्नुपर्छ ।

इति दृष्ट्वा मतिं कृत्वा ततो गुणनिधिर्द्विजः ।
गृहीत्वा बालकं स्कन्धे दुःखी पशुपतिं ययौ ।।२७।।

यस्तो विचार गरेपछि दुःखी गुणनिधि ब्राह्मण वालकलाई काँधमा राखेर पशुपतितिर गए ।

तमन्वयुर्मुनिगणाः शोकोपहतचेतसः ।
भार्या लीलावती तस्य रुदन्ती पृष्ठतो ययौ ।।२८।।

पीर मानेका ऋषिहरू ती (गुणनिधि) लाई पछ्याउँदा भए, तिनकी भार्या लीलावती रुँदै पछि पछि गइन् ।

लीलावतीमन्वगच्छन् मुनीनामुत्तमाः स्त्रियः ।
रुदन्त्यः करुणायुक्ताः शिवस्मरणतत्पराः ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुँदै करुणाले युक्त भएका र शिवलाई सम्झेका मुनिहरूका उत्तम स्त्रीहरू पनि लीलावतीको पछि गए ।

उत्तीर्य वाग्मतीं पुण्यां मुनयः संशितव्रताः ।
द्वारे पशुपतेर्बालं स्थापयामासुरेव हि ।।३०।।

नियमित व्रत भएका मुनिहरू पवित्र वाग्मतीमा उत्रेर पशुपतिको ढोकामा वालकलाई राख्दा भए ।

सस्त्रीका मुनयः सर्वे त्यक्तसन्ध्यादिकाक्रियाः ।
प्रायोपवेशनं चक्रुः कीर्तयन्तः सदाशिवम् ।।३१।।

सन्ध्यादि काम छोडेका स्त्रीसहित भएका सवै उनीहरूले हरघडी शिवको कीर्तन गर्दै उपवास गरे ।

तत्र प्रायोपविष्टानां मुनीनां संयतात्मनाम् ।
सप्ताहानि व्यतीतानि सस्त्रीकानां तपोधन ।।३२।।

हे तपोधन ! त्यहाँ उपवास गरेका, संयत आत्मा भएका, दुलही सहितका मुनिहरूको एक साता वित्यो ।

ततः पशुपतिर्देवः प्रभुर्वीक्ष्य तपोधन ।
दध्यौ कारुणिकः श्रीमान् हेतुना केन बालकः ।।३३।।

हे तपोधन (जैमिनि) ! त्यसपछि दयावान् पशुपति प्रभुले ध्यान गर्नुभयो– के कारणले मुनिको वालक–

अकाले मृत एवायं मम क्षेत्रोत्तमे मुने ।
न सर्पभयमत्रास्ति न वा व्याघ्रभयं भवेत् ।।३४।।
ग्रहाणां न भयं चाऽत्र क्षेत्रे परमदुर्लभे ।

यो मेरो उत्तम क्षेत्रमा अकालमा नै मऱ्यो त हे मुनि ! न यहाँ सर्पको डर छ, न वाघको डर छ, न ग्रहहरूको भय छ यो पाइनसक्नु क्षेत्रमा ।

ज्ञातं मया कारणं तु गणनाथः सुतो मम ।।३५।।
क्षेत्रस्नेहेन च मया विस्मृतो नात्रसंशयः ।
प्रकाण्डवनमागत्य गणनाथेन सत्वरम् ।।३६।।
जिज्ञासार्थं मुनेर्बालनाशो विघ्नः कृतो यतः ।
अतस्तु प्रकटः कार्यो गणनाथो न संशयः ।।३७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो मैले कारण त जानें– मेरो छोरो गणनाथ (गणेश) हो, ठाउँको मायाले त मैले निश्चय नै बिर्सिसकेछु । प्रकाण्ड वनमा आएर गणनाथले चाँडै नै जिज्ञासाका लागि मुनिको वालक नाश गरायो, विघ्न गऱ्यो । हो, यसै कारणले गणनाथलाई प्रकट गराउनुपर्छ ।

एवं विचार्य देवेशस्तदा पशुपतिः प्रभुः ।
मुनीनामग्रतस्तुष्टः प्रकटोऽभूदुमापतिः ॥३८॥

देवेश पशुपति प्रभुले यस्तो विचार गरे र मुनिहरूका अगाडि खुशी भएका उमापति (शिव) प्रकट हुनुभयो ।

दृष्ट्वा पशुपतिं साक्षान्मुनयः संशितव्रताः ।
पेतुश्च दण्डवद्भूमौ रोम्णा चाङ्कितविग्रहाः ॥३९॥

नियमित व्रत भएका र रोमाञ्चित भएका मुनिहरू साक्षात् पशुपतिलाई देखेर लौरी झैं भुइँमा परे (ढोगे) ।

पतितांस्तान् मुनीन् दृष्ट्वा प्रोवाच गिरिजापतिः ।
न भेतव्यं मुनिगणाः शृणुध्वं वचनं मम ॥४०॥

पाउ परेका ती मुनिहरूलाई देखेर गिरिजापतिले भन्नुभयो– हे मुनिहरू ! नडराओ, मेरो वचन सुन ।

श्लेष्मान्तकवनस्नेहान्मया पुत्रोऽपि विस्मृतः ।
दुःखाकुलितचित्तेन गणनाथेन कोपतः ॥४१॥
प्रकाण्डवनमागत्य गुप्तेन मुनिवालकः ।
मारितः प्रकटार्थं तु मम पुत्रेण तेजसा ॥४२॥

श्लेष्मान्तक वनको मायाले मैले छोरालाई पनि बिर्से, दुःखले आकुल चित्त भएको गुप्त रहेको मेरो छोरो गणनाथले रिसाएर प्रकट हुनका निम्ति प्रकाण्ड वनमा आई तेजले मुनि वालकलाई माऱ्यो ।

अतो वालकमादाय प्रकाण्डवनमोजसा ।
गच्छन्तु मुनयः सर्वे जीवयिष्यति वालकम् ॥४३॥
गणनाथो महातेजा नाऽत्र कार्या विचारणा ।

यसै कारणले वालकलाई लिएर सबै मुनिहरू चाँ-चाँडो प्रकाण्ड वनमा जाओ, ठूलो तेज भएको गणनाथले वालकलाई बचाउनेछन्, यसमा विचारै गर्नुपर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदिते तु दिवानाथे किरणः प्रथमो भुवि ॥४४॥
दृश्यते यत्र पुत्रो मे गुप्तरूपेण तत्र हि ।
इत्युक्त्वान्तर्हितो देवः स्वयं पशुपतिः प्रभुः ॥४५॥

सूर्य उदाएपछि, पहिलो किरण पृथ्वीमा परेपछि, जहाँ गुप्त रूपले मेरो छोरो देखिनेछ त्यहीं नै जाओ । यति भनेर देव पशुपति प्रभु आफ्न अन्तर्धान हुनुभयो ।

मुनयोऽपि तदा बालमादायात्यन्तहर्षिताः ।
जग्मुः प्रकाण्डविपिनं सस्त्रीकाश्चातिवेगतः ॥४६॥

औधी खुशी भएका स्त्रीसहितका मुनिहरू पनि बालकलाई लिएर खूब चाँडो प्रकाण्ड वनमा गए ।

प्रकाण्डवनमागत्य स्थले संस्थाप्य बालकम् ।
उपवासान्मुनिगणो निशामेकां निनाय हि ॥४७॥

प्रकाण्ड वनमा आएर एक ठाउँमा बालकलाई राखेर उपवास गरी मुनिहरूले एक रात बिताए ।

प्रातस्तु उदिते सूर्ये मयूखः प्रथमोऽपतत् ।
तस्मिँस्थले तदा जग्मुर्मुनयो धर्मतत्पराः ॥४८॥

बिहान सूर्य उदाएपछि पहिलो किरण पऱ्यो, त्यहीं नै धर्ममा लागेका मुनिहरू गए ।

अस्मिँस्थले गणाधीशो गुप्तरूपेण वर्तते ।
इति निश्चित्य मुनयोऽस्तुवन् देवं गजाननम् ॥४९॥

यस ठाउँमा गणेश गुप्त रूपले रहन्छन्, यस्तो निश्चय गरेर मुनिहरूले हात्तीमुखे देवता (गणेश) को स्तुति गरे ।

जय देवगणाधीश विघ्नराज नमोऽस्तु ते ।
जय त्र्यक्ष महादेवप्रियपुत्र नमोऽस्तु ते ॥५०॥

देवताहरूका गणका स्वामी भएका तिम्रो जय होस् विघ्नराज ! तिमीलाई नमस्कार छ, तीनआँखे महादेवका हे प्यारा छोरा ! जय होस्, तिमीलाई नमस्कार छ ।

नमस्ते भक्तिगम्याय देवदेवाय ते नमः ।
पार्वतीप्रियपुत्राय नमो गजमुखाय च ॥५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तिले गम्न सकिने तिमीलाई नमस्कार ! देवताका पनि देवता तिमीलाई नमस्कार ! पार्वतीका प्यारा छोरा तिमीलाई नमस्कार ! हात्तीको मुख भएका तिमीलाई नमस्कार !

चतुर्हस्ताय देवाय नमः परशुधारिणे ।
भक्तानां भयहन्त्रे च नमस्ते मोदकप्रिय ।।५२।।

चार हात भएका देवतालाई नमस्कार ! बञ्चरो लिनेलाई नमस्कार ! भक्तहरूको डर नाश गर्नेलाई नमस्कार ! लड्डू मन पराउने तिमीलाई नमस्कार !

पाशहस्त नमस्तेऽस्तु देवदेव नमोऽस्तु ते ।
अस्माकं भक्तिहीनानां बालकं जीवय प्रभो ।।५३।।

पासो हातमा लिएका तिमीलाई नमस्कार छ । देवका पनि देव तिमीलाई नमस्कार छ । हे प्रभु ! भक्तिहीन हाम्रा बालकलाई बचाउनुहोस् ।

प्रकटो भव देवेन्द्र पाहि नः शरणागतान् ।
इति तेषां स्तुतिं श्रुत्वा गणनाथो महाबलः ।।५४।।
भूमिं भित्वोदतिष्ठद्वै मुनीनामग्रतः प्रभुः ।

हे श्रेष्ठ देव ! प्रकट हुनुहोस्, शरणमा आएका हामीलाई रक्षा गर्नुहोस् । यस्ता तिनीहरूको स्तुति सुनेर बलिया प्रभु गणनाथ भुईं फोरेर मुनिहरूका अगाडि उब्जिए ।

ततस्तु प्रणतान् दृष्ट्वा तान् मुनीन् संशितव्रतान् ।।५५।।
गणनाथो जगादोच्चैः शृणुध्वं वचनं मम ।

त्यसपछि नियमित व्रत भएका ती मुनिहरूलाई निहुरिएको देखेर गणनाथले मेरो कुरा सुन भनेर ठूलो स्वरले भने–

रसमस्या लतायास्तु वदने बालकस्य तु ।।५६।।
स्थापयध्वं नेत्रयोश्च ममादेशान्मुनीश्वराः ।

हे मुनीश्वरहरू ! मेरो आदेशबाट यस लहरोको रस बालकको मुख र आँखामा पनि हालिदेओ ।

गणनाथवचः श्रुत्वा मुनिर्गुणनिधिः स्वयम् ।।५७।।
रसं लताया वदने बालकस्य तदार्प्यत् ।
उत्तस्थौ सहसा बालः सुप्तोत्थितनरोपमः ।।५८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणनाथको बोली सुनेर मुनि गुणनिधि आफैंले लहराको रस बालकको मुखमा हालिदिए । बालक त उत्तिखेरै सुतेर उठेको मानिस झैं उठ्यो ।

जयध्वनिर्मुनिमुखादुत्थितः सहसा तदा ।
पुष्पवृष्टिः पपातोर्व्यां नभसस्तु मनोहरा ॥५९॥

आ-आफ्नो जयध्वनि मुनिहरूको मुखबाट निस्कियो । आकाशबाट सुन्दर पुष्पवृष्टि पृथ्वीमा भयो ।

पुनः प्रोवाच गणपस्तान् मुनीन् हृष्टमानसान् ।
वरं ब्रूत महाभागा यद्वो मनसि संस्थितम् ॥६०॥

खुशी भएका ती मुनिहरूलाई फेरि गणेशले भन्नुभयो– हे महाभागहरू ! तिमीहरूको मनमा जे छ त्यो वर माग ।

दण्डवत् प्रणिपत्योचुर्मुनयो गणनायकम् ।
अस्मिन् प्रकाण्डविपिने सदा तिष्ठ गणेश्वर ॥६१॥

लौरी झैं नुहेर (पत्नेर) मुनिहरूले गणेशलाई भने– हे गणेश्वर यस प्रकाण्ड वनमा सधैं रहनुहोस् ।

मुनीनां वचनं श्रुत्वा गणेशः प्राह तान् मुनीन् ।
सूर्यावलोकनान्नाम मुने सूर्यविनायकः ॥६२॥
स्थास्याम्यत्रैव विपिने भक्तानां भयहा सदा ।

मुनिहरूको बोली सुनेर गणेशले ती मुनिहरूलाई भने– हे मुनि ! सूर्यको अवलोकनबाट (पैदा भएकोले) सूर्यविनायक नामले भक्तहरूको डर नाश गर्ने म सधैं यस वनमा रहनेछु ।

चतुर्थ्यां मङ्गलदिने ये मां द्रक्ष्यन्ति मानवाः ॥६३॥
तेषां विघ्नभयं नृणां कदाऽपि न भविष्यति ।

चौथी मङ्गलवारका दिनमा जुन मानिसहरूले मलाई दर्शन गर्नेछन्, ती मानिसहरूलाई कहिल्यै विघ्नको डर हुँदैन ।

गणनाथप्रभावं ते विज्ञाय मुनयस्तदा ॥६४॥
भूयो भूयो नमस्कृत्य प्रययुश्चोत्तरां दिशम् ।

गणनाथको प्रभाव जानेर ती मुनिहरू बारंबार नमस्कार गरेर उत्तर दिशापट्टि गए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाण्डविपिने नित्यं स्थितः सूर्यविनायकः ॥६५॥
तस्य दर्शनमात्रेण न विघ्नैः परिभूयते ।

प्रकाण्ड वनमा सधैं सूर्यविनायक रहेका छन्, तिनको दर्शन मात्रैले पनि विघ्नले सताउँदैन ।

उत्तरां दिशमागत्य नदीं प्राप्य मनोहराम् ॥६६॥
स्नानं चक्रुस्तदा बालसहिता मुनयो मुने ।

हे मुनि ! उत्तर दिशामा आएर मनोहरा नदीमा पुगी बालकसहित मुनिहरूले नुहाए ।

ततस्तैर्मुनिभिः सार्द्धं मुनिर्गुणनिधिर्मुदा ॥६७॥
मन्त्रयामास कुशलो ज्ञानं तत्त्वगुणाम्बुधिः ।

अनि ती मुनिहरूका साथ तत्त्वगुणका समुद्र नै भएका सिपालु गुणनिधि मुनिले खुशीसाथ ज्ञान मन्त्रणा गरे (फर्माए)

संसारे दुःखभूयिष्ठे यदीच्छेत् सुखमात्मनः ॥६८॥
मानवः स्थापयेल्लिङ्गं भुक्तिमुक्तिप्रदायकम् ।

दुःखै दुःख भएको संसारमा मानिसले यदि आफ्नो सुखको इच्छा गर्छ भने भुक्ति मुक्ति दिने शिवलिङ्गको स्थापना गरोस् ।

शिवलिङ्गं स्थापयन्ति ये नरा भक्तितत्पराः ॥६९॥
तेषां ददाति संतुष्टः कैलासं पार्वतीपतिः ।

जो भक्ति भएका मानिसहरूले शिवलिङ्ग स्थापना गर्छन्, तिनीहरूलाई खुशी भएका पार्वतीपति (शिव) ले कैलाश दिन्छन् ।

शिवस्यापि प्रियः पुत्रो गणेशो विघ्ननाशकः ॥७०॥
गणेशस्थापनाच्चापि न विघ्नैः परिभूयते ।

शिवका पनि प्यारा छोरा विघ्न नाश गर्ने गणेश हुन्, गणेशको स्थापना गर्नाले पनि विघ्नले सताउन सक्दैन ।

अत्राद्य नद्यास्तीरेऽहं गणनाथं महाप्रभुम् ॥७१॥
स्थापयिष्यामि मुनयः शिवलिङ्गं फलप्रदम् ।

हे मुनिहरू ! यहाँ आज यस नदीको तीरमा म महाप्रभु गणनाथ र फल दिने शिवलिङ्गको स्थापना गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वा गुणनिधेर्वाक्यं मुनयो दीर्घदर्शिनः ।।७२।।
साधु साधु तदा सर्वे संप्रोचुर्हृष्टमानसाः ।

गुणनिधिको बोली सुनेर खुशी भएका सबै दीर्घदर्शी मुनिहरूले ठीक ठीक भने ।

स्थापयामास गणपं ततो गुणनिधिर्मुनिः ।।७३।।
ऐशान्यां विघ्नराजस्य शिवलिङ्गमनुत्तमम् ।
स्थापयामास स मुनिर्मुनिभिः परिवारितः ।।७४।।

त्यसपछि गुणनिधि मुनिले गणेश-स्थापना गरे। त्यस्तै मुनिहरूले युक्त भएका तिनै मुनिले गणेशको ईशानपट्टि उत्तम शिवलिङ्गको पनि स्थापना गरे,

अतो गणेशनामेदं जातं मङ्गलविघ्नहा ।
जीवितो बालको यस्य गणनाथप्रसादतः ।
महामङ्गलमस्माकं जातं परमदुर्लभम् ।।७५।।

गणेशको प्रसादवाट बालक बाँच्यो, हाम्रो ज्यादै ठूलो मङ्गल भयो–
यसै कारणले मङ्गलविघ्नहा (मङ्गलको विघ्न नाश गर्ने) गणेशको नाम भएको छ ।

मङ्गलेश्वरनामापि शिवस्य परिकीर्तितम् ।।७६।।
जातं मङ्गलहेरम्बषण्मुखे सरिति ध्रुवम् ।
मङ्गलं नाम तत् तीर्थं महामङ्गलदायकम् ।।७७।।

गणेश र षण्मुख भएको नदीमा पक्का नै ठूलो मङ्गल दिने मङ्गल नामको त्यो तीर्थ भयो ।

तीर्थे मङ्गलके स्नात्वा दत्वा मङ्गलदायकम् ।
मङ्गलेश्वरमालोक्य सर्वपापैः प्रमुच्यते ।।७८।।

मङ्गल तीर्थमा नुहाएर, मङ्गलदायक वस्तुहरू चढाएर मङ्गलेश्वरको दर्शन गरेपछि सबै पापद्वारा छुटिन्छ ।

ऐशान्यां गणनाथस्य तिलमाधवपश्चिमे ।
मङ्गलेश्वरलिङ्गं तन्महापातकनाशनम् ।।७९।।

गणनाथको ईशानमा, तिलमाधवको पश्चिममा महापाप नाश गर्ने त्यो मङ्गलेश्वर लिङ्ग छ ।

ततो गुणनिधिः पुत्रभार्यामुनिगणैर्युतः ।
मुदा परमया युक्तः स्वाश्रमं त्वरितो ययौ ।।८०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि ठूलो हर्षले युक्त भएका गुणनिधि मुनि छोरो स्वास्नी र मुनिहरूका साथ आफ्नो आश्रममा गइहाले ।

प्रादुर्भावं गणेशस्य शृणुयाद्योऽपि मानवः ।
शिवभक्तिमवाप्नोति न विघ्नैः परिभूयते ॥८१॥

गणेशको उत्पत्ति सुनेर पनि मानिसले शिवमुक्ति पाउँछ र विघ्नहरूले पनि सताइँदैन ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल माहात्म्ये श्रीसूर्य-विनायकप्रादुर्भावो नाम षष्ठोऽध्याय ॥६॥

स्कन्दपुराण अन्तर्गत हिमवत्खण्डको नेपालमहात्म्यमा श्रीसूर्यविनायक उत्पन्न भएको छैटौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं अध्याय

जैमिनिरुवाच–जैमिनिले भन्नुभयो–

भवन्मुखवहिर्यातां कथां पीयूषसन्निभाम् ।
शृण्वतो नास्ति मे तृप्तिर्मार्कण्डेय तपोधन ॥१॥

हे तपोधन मार्कण्डेय ! तपाईंको मुखबाट वाहिर आएको अमृत जस्तो कथा सुन्ने भएको मेरो तृप्ति नै हुँदैन ।

प्रष्टुमिच्छाम्यहं किञ्चित् पुनस्त्वां भक्तितत्परः ।
तिलमाधवनामेति कीर्तितं भवता हि यत् ॥२॥
तदुत्पत्तिमहं श्रोतुमिच्छामि मुनिसत्तम ।

भक्तिमा तत्पर भएका तपाईंलाई फेरि सोध्न चाहन्छु– तिलमाधव नाम भनेर जुन तपाईंले भन्नुभयो, हे मुनिसत्तम ! त्यसको उत्पत्ति सुन्न इच्छा गर्दछु ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

साधु साधु मुनिश्रेष्ठ जैमिने धर्मतत्पर ॥३॥
तिलमाधवनाम्नस्तु सम्भवं कथयामि ते ।

धर्मतत्पर मुनिश्रेष्ठ हे जैमिनि ! ठीक छ, तपाईंलाई तिलमाधव नामको उत्पत्ति भन्छु ।

श्लेष्मान्तकवने रम्ये वाग्मतीतटिनीतटे ॥४॥
खेटकेऽस्मिँश्चाभवद् वै धर्मदत्तो वणिग्जनः ।
विष्णुभक्तः सुशीलोऽतिप्रियवाक् प्रियदर्शनः ॥५॥

वाग्मती नदीको तीरमा रहेको रमणीय यो श्लेष्मान्तक वननिरको सानो गाउँमा, विष्णुभक्त, सुशील, मीठो वोल्ने, देख्दैमा राम्रो धर्मदत्त वेपारी थियो ।

सर्वदा विपणिद्रव्यमादाय स वणिक् सुधीः ।
ग्रामाद् ग्रामान्तरं याति जीविकार्थी गुणान्वितः ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणले युक्त भएको, (वेपारद्वारा) जीविका चलाउने त्यो सुधो वेपारी ये वेच्ने चीज लिएर एक गाउँबाट अर्को गाउँ जान्थ्यो ।

उत्तरायणसंक्रान्तावेकस्मिन् दिवसे वणिक् ।
भ्रमँस्तिलानि चादाय मङ्गलेश्वरमागतः ॥७॥

एक उत्तरायण-संक्रान्ति (माघे सक्रान्ति) का दिन घुम्दै त्यो वेपारी तिलहरू लिएर मङ्गलेश्वरमा आयो ।

मङ्गलेश्वरमालोक्य प्राचीं चैव ययौ दिशम् ।
अविदूरे हि संस्थाप्य तिलानि स वणिग्जनः ॥८॥
विक्रेतुमासने धीर आसन् वैष्णवसत्तमाः ।

मङ्गलेश्वरलाई हेरेर (दर्शन गरेर) पूर्व दिशापट्टि गयो र त्यो धीर वेपारी नजीकै तिलहरू राखेर वेच्न वस्यो । त्यहाँ वैष्णवहरू थिए ।

यावल्लोकाः समायान्ति तिलग्रहणकामुकाः ॥९॥
तिलराशौ समुद्भूतस्तावद्देवो जनार्दनः ।

जव तिल लिन चाहने वैष्णव मानिसहरू आउँछन् त तिलको थुप्रोमा देव जनार्दन (विष्णु वा माधव) उत्पन्न भए ।

शङ्खचक्रगदापद्मधारिणं पीतवाससम् ॥१०॥
धर्मदत्तो वणिग् दृष्ट्वा प्रणनाम मुहुर्मुहुः ।

धर्मदत्त वेपारीले शङ्ख चक्र गदा पद्म लिएका पहेंला वस्त्र लाएका (माधव) लाई देखेर वारंवार प्रणाम गर्‍यो ।

उत्थाय धर्मदत्तः स भक्तिनम्रो गुणान्वितः ॥११॥
पश्यतां सर्वलोकानां विष्णुदेहे विवेश सः ।

भक्तिले नम्र भएको, गुणी त्यो धर्मदत्त उठेर हेरिरहेका सवै मान्छेहरूको सामुन्ने त्यो विष्णुको शरीरमा पस्यो ।

ततो जयध्वनिर्जाता लोकानां मुखपङ्कजात् ॥१२॥
नभसः पुष्पवृष्टिश्च पपात सुमनोहरा ।

अनि मानिसहरूको मुखरूपी कमलवाट जय शब्द निस्क्यो, आकाशबाट पनि राम्रो पुष्पवृष्टि भयो ।

तिलराशेः समुद्भूतो यतो देवो जनार्दनः ॥१३॥
तिलमाधवनामेति ततस्तस्य प्रतिष्ठितम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देव जनार्दन तिलको थुप्रोबाट उत्पन्न भएको हुनाले तिनको नाम तिलमाधव भनेर राखियो ।

तिलमाधवनामानं ये द्रक्ष्यन्ति नरा भुवि ।।१४।।
तेषां नारायणस्तुष्ट स्वस्थानं दास्यति स्वयम् ।

जुन मानिसहरूले पृथ्वीमा तिलमाधव नामका देवतालाई हेर्नेछन्, तिनीहरूलाई खुशी भएका नारायणले आफ्नो आफैले स्थान दिनेछन् ।

तिलमाधवनाम्ने यत् पुष्पं पत्रं फलं जलम् ।।१५।।
दीयते भक्तितो लोकैरक्षयं चोपजायते ।

मानिसहरूले तिलमाधवमा फूलपाती, फल,जल भक्तिपूर्वक दिइन्छ भने अक्षय हुन्छ ।

संक्रान्तिदिवसे भक्ता गोदुग्धैः स्नापयन्ति ये ।।१६।।
तिलमाधवदेवोऽसौ दास्यत्यत्र मनोरथान् ।

जुन भक्तहरूले संक्रान्तिको दिनमा गाईको दूधले (तिलमाधवलाई) नुहाइदिन्छन्, तिनीहरूलाई यी तिलमाधवले इच्छित वस्तुहरू दिनेछन् ।

द्वादश्यां पत्रपुष्पादि ये यच्छन्तीह मानवाः ।।१७।।
तेषां वैकुण्ठवासः स्यान्नात्र कार्या विचारणा ।

जो मानिसहरू द्वादशीमा फूलपाती चढाउँछन्, तिनीहरूको वैकुण्ठवास हुन्छ, यसमा विचारै (शङ्कै) गर्न पर्दैन ।

मया ते कथितं पुण्यं तिलमाधवसम्भवम् ।।१८।।
तत् सर्वं कथयिष्यामि यदन्यच्छ्रोतुमिच्छसि ।

मैले तपाईंलाई पवित्र तिलमाधवको उत्पत्ति-कथा भनें, अब अरू जुन सुन्न इच्छा गर्नुहुन्छ त्यो सबै भन्नेछु ।

जैमिनिरुवाच–जैमिनिले भन्नुभयो–

अन्यानि शिवलिङ्गानि श्लेष्मान्तकवने मुने ।।१९।।
तानि मुख्यानि कथय श्रोतुमुत्कण्ठितं मनः ।

हे मुनि (मार्कण्डेय) ! श्लेष्मान्तक वनमा रहेका अरू ती मुख्य शिवलिङ्गहरू भन्नुहोस्, मन सुन्न उत्कण्ठित भइरहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

अन्यानि कथयिष्यामि शृणु सावहितो मुने ॥२०॥
मुख्यस्थानानि सर्वाणि कथयिष्यामि ते पुनः ।

हे मुनि (जैमिनि) ! सावधानपूर्वक सुन्नुहोस्, अरू सबै मुख्य स्थानहरू भन्छु।

ऋष्याश्रमस्था मुनयो दृष्ट्वा गुणनिधेः सुतम् ॥२१॥
मृतं च जीवितं दृष्ट्वा शिवभक्तिपरा ययुः ।

ऋष्याश्रममा रहेका शिवभक्त मुनिहरू मरेको गुणनिधिको छोरो बाँचेको देखेर गए ।

ऋष्याश्रमस्था मुनयः समस्ता धर्मकोविदाः ॥२२॥
किञ्चिद् दूरं ततो दृष्ट्वा समारुह्यैकपर्वतम् ।

ऋष्याश्रममा रहेका धर्ममा पण्डित भएका सबै मुनिहरू केही टाढा एउटा पर्वत देखी त्यहाँ चढेर–

स्थापयामासुरतुलं शिवलिङ्गं मनोहरम् ॥२३॥
शिवभक्तिप्रभावज्ञा यथाविधिपुरस्सरम् ।

शिवभक्तिको प्रभाव जान्ने तिनीहरूले विधिपूर्वक अनौठो (वा अपरिमेय) सुन्दर शिवलिङ्गको स्थापना गरे ।

अनन्तैर्मुनिभिर्यस्मात् स्थापितं लिङ्गमुत्तमम् ॥२४॥
तस्मादनन्तलिङ्गेति नाम तस्य व्यवस्थितम् ।

अनन्त (ज्यादै धेरै) मुनिहरूले उत्तम लिङ्ग स्थापना गरेको हुनाले त्यसको नाम अनन्तलिङ्ग भनेर व्यवस्था गरियो (राखियो) ।

अनन्तलिङ्गमालोक्य सर्वपापैः प्रमुच्यते ॥२३॥

अनन्तलिङ्ग हेर्नाले सबै पापबाट छुटिन्छ ।

अनन्तलिङ्गं ये धीरा द्रक्ष्यन्ति सुमनोहरम् ।
प्राप्नुयुस्ते तदा लोके शिवभक्तिं सुदुर्लभाम् ॥२६॥

जो धीरहरूले सुन्दर अनन्तलिङ्ग हेर्नेछन्, तिनीहरूले संसारमा पाइनसक्नु शिवभक्ति पाउनेछन् ।

अनन्तलिङ्गभक्ता ये भविष्यन्ति कलौ युगे ।
तेषां प्रीतो महादेवो दास्यतीह मनोरथान् ॥२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलियुगमा जो अनन्तलिङ्गको भक्त हुनेछन्, तिनीहरूलाई खुशी भएका महादेवले यहाँ इच्छित वस्तुहरू दिनेछन् ।

चतुर्दश्यामथाष्टम्यां संक्रान्तिदिवसे तदा ।
अनन्तलिङ्गं द्रक्ष्यन्ति तान् यास्यति महेश्वरः ॥२८॥

ज-जसले चतुर्दशीमा अष्टमीमा र संक्रातिको दिनमा अनन्तलिङ्ग हेर्नेछन्, ती भएको ठाउँमा महेश्वर जान्छन् ।

स्वर्णशृङ्गेश्वरो देवः कृष्णेन स्थापितः पुरा ।
कीलेश्वरोऽपि कृष्णेन स्थापितः स्वयमेव हि ॥२९॥
महेन्द्रदमनो दैत्य प्रद्युम्नेन यदा हतः ।

कृष्णले पहिल्यै स्वर्णशृङ्गेश्वर देवको पनि स्थापना गरे र कृष्णले कीलेश्वरको पनि आफैंले नै स्थापना गरे,जुन वेला महेन्द्रदमन नामको दैत्यलाई प्रद्युम्नले मारे ।

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो–
महेन्द्रदमनो दैत्य प्रद्युम्नेन कथं हतः ॥३०॥
स्वर्णशृङ्गेश्वरो देवस्तथा कीलेश्वरः प्रभुः ।
कथं वाऽस्थापि तल्लिङ्गद्वयं कृष्णेन मे वद ॥३१॥

महेन्द्रदमन दैत्यलाई प्रद्युम्नले कसरी मारे, श्वर्णशृङ्गेश्वर देव तथा कीलेश्वर प्रभु– ती दुवैका लिङ्गहरूको स्थापना कसरी कृष्णले गरे, मलाई भन्नुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–
वक्ष्याम्यहमशेषेण कीलेश्वरसमुद्भवम् ।
स्वर्णशृङ्गेश्वरोत्पत्तिं दैत्योऽपि च यथा हतः ॥३२॥

कीलेश्वरको उत्पत्ति, स्वर्णशृङ्गेश्वरको उत्पत्ति तथा जसरी दैत्य पनि मारियो, सबै म भन्छु ।

चम्पकारण्यविषये नगरी श्वेतकाभिधा ।
अस्ति सर्वगुणैर्युक्ता शक्रस्येवामरावती ॥ ३३ ॥

चम्पकारण्यमा सबै गुणले युक्त भएको, इन्द्रको अमरावती जस्तो श्वेतक नाम गरेको शहर छ ।

तादृशी नगरी पृथ्व्यां दुर्लभा हि तपोधन ।
तस्यां पुर्यां महीपालः सूर्यकेतुर्नृपोत्तमः ॥ ३४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

विष्णुभक्तोऽतिधर्मात्मा प्रजापालनतत्परः ।
दाता प्रियंवदो धीरः सत्यवाक् प्रियदर्शनः ।। ३५ ।।

हे तपोधन (जैमिनि) ! त्यस्तो शहर त पृथ्वीमा पाउनै कठिन छ । त्यस शहरमा विष्णुका भक्त, ज्यादै धर्मात्मा, प्रजालाई पालना गर्न सधैं तत्पर भएका, दानी, मीठो बोल्ने, धीर, साँचो बोल्ने र देख्दैमा राम्रा राजाहरूमा उत्तम सूर्यकेतु नामका राजा भए ।

रिपुस्तस्याभवद्वीरो मिथिलाधिपतिर्महान् ।
हंसध्वज इति ख्यातो महाबलपराक्रमः ।। ३६ ।।

तिनका शत्रु वीर, ठूलो बल र पराक्रम भएका हंसध्वज नामका मिथिलाका ठूला राजा थिए ।

आगत्य मिथिलाधीशो नगरीमुपरुध्य वै ।
सङ्ग्राममकरोदुग्रं सूर्यकेतुनृपेण हि ।। २७ ।।

मिथिलाका राजा आएर शहरलाई रोकेर (नाकाबन्दी गरेको) सूर्यकेतु राजासँग भयङ्कर लडाइँ गरे ।

पुराद् वहिर्विनिर्गत्य सूर्यकेतुर्नराधिपः ।
युयोधानेन बलिना मिथिलापतिना तदा ।। ३८ ।।

त्यस वेला सूर्यकेतु राजा शहरबाट बाहिर निस्केर लड्न चाहने बलिया मिथिलापतिसँग (लडे) ।

हंसध्वजेन भूपेन सूर्यकेतुर्नरेश्वरः ।
पराजितोऽतिबलिना हत्वा वीराननेकशः ।। ३९ ।।

अनेकौं वीरहरू मारी ज्यादै बल भएका हंसध्वज राजाद्वारा सूर्यकेतु राजा हराइए ।

हतान् वीरांस्ततो दृष्ट्वा सूर्यकेतुर्नराधिपः ।
पलायनपरो भूत्वा विवेश नगरीं स्वकाम् ।। ४० ।।

मारिएका वीरहरूलाई देखेर सूर्यकेतु राजा भागी आफ्नो शहरमा पसे ।

प्रविश्य नगरीं राजा सूर्यकेतुर्हतप्रभः ।
चिन्तयामास हृदये कान्दिशीको मुहुर्मुहुः ।। ४१ ।।

तेज (शक्ति) खतम भएका, कता जाऊँ र के गरूँ भएका सूर्यकेतु राजाले शहरमा पसेर वारंवार मनमनै विचार गरे–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किं कर्त्तव्यं क्व गन्तव्यं क्व स्थातव्यमतः परम् ।
हंसध्वजो महावैरी पुररोधं चकार ह ॥ ४२ ॥

अब के गरूँ, कहाँ जाऊँ, कहाँ वसूँ, महावैरी हंसध्वजले शहर रोक्यो ।

पराजितोऽस्मि शूरेण क्व गन्तव्यमतः परम् ।
यावच्चिन्तां नरपतिः करोति बहुधा मुने ॥ ४३ ॥

शूराले (वलियाले) जितिएको छु, अव कहाँ जाऊँ ? हे मुनि ! धेरै प्रकारले जब राजा चिन्ता गर्छन्–

तावत् खलु समायातो नारदो मुनिसत्तमः ।
आगतं नारदं दृष्ट्वा सूर्यकेतुर्महीपतिः ॥ ४४ ॥
विधिवत् पूजयामास भक्तिमन्नम्रकन्धरः ।
विश्रान्तं नारदं वीक्ष्य राजा प्राहातिदुःखितः ॥४५॥

त्यस वेला मुनिसत्तम नारद आए । आएका नारदलाई देखेर भक्ति भएका र नुहेका सूर्यकेतु राजाले विधिपूर्वक पूजा गरे । थकाइ मरेका नारदलाई हेरेर ज्यादै दुःखी भएका राजाले भने–

हंसध्वजेन नगरी रुद्धा मे मुनिसत्तम ।
भग्नश्च नगरो जातः स्थातुमत्र न शक्यते ॥ ४६ ॥
कस्मिस्थले निवासो मे कर्तव्यस्तद्वदस्व मे ।
राज्ञो वचनमाकर्ण्य नारदः प्राह तं नृपम् ॥ ४७ ॥

हे मुनिसत्तम (मुनिहरूमा श्रेष्ठ) ! हंसध्वजले मेरो शहर रोकियो, शहर पनि भताभुङ्ग भयो, यहाँ वस्न सकिंदैन, कुन ठाउँमा वास गरूँ, त्यो मलाई भन्नुहोस् । राजाको बोली सुनेर ती राजालाई नारदले भने–

नारद उवाच– नारदले भने–
मृगेन्द्रशिखरं गत्वा निवासं कुरु पार्थिव ।
यत्रोत्पन्ना महारम्या वाग्मती सरितां वरा ॥ ४८ ॥
तस्मिन् स्थाने सुगुप्तं च निवासं कुरु भूपते ।

मृगेन्द्रशिखरमा गएर वस्नुहोस् भूमिका मालिक हे राजा ! जहाँ नदीहरूमा श्रेष्ठ वाग्मती नदी उत्पन्न भएकी छन्, त्यहीं नै गुप्तवास वस्नुहोस् ।

सूर्यकेतुरुवाच– सूर्यकेतुले भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

मृगेन्द्रशिखरे रम्ये वाग्मती सरितां वरा ।। ४९ ।।
मुनीन्द्र कथमुत्पन्ना तदाख्याहि विशेषतः ।

हे मुनीन्द्र (श्रेष्ठमुनि) ! राम्रो मृगेन्द्र शिखरमा नदीहरूमध्ये श्रेष्ठ वाग्मती कसरी उत्पन्न भइन्, त्यो मलाई विशेषरूपले भन्नुहोस् ।

नारद उवाच– नारदले भने–

मृगेन्द्ररूपमास्थाय भगवान् हरिरीश्वरः ।।५०।।
हिरण्यकशिपुं दैत्यं जघान नृपसत्तम ।

हे राजा ! सिंहको रूप लिएर भगवान् हरिले हिरण्यकशिपु दैत्यलाई मार्नुभयो ।

प्रह्लादं तु परित्रातुं भक्तिवश्यो जनार्दनः ।। ५१ ।।
दैत्यं हत्वा परिश्रान्तो हिमवच्छिखरं ययौ ।

प्रह्लादलाई रक्षा गर्नका लागि भक्तिले वश गरिने जनार्दन दैत्यलाई मारेर थाकेका छँदा हिमालयको शिखरमा गए ।

तमन्वेष्टुं महाभक्तो हिरण्यकशिपोः सुतः ।। ५२ ।।
जपन् नृसिंहनामानि हिमवच्छिखरं ययौ ।

तिनलाई खोज्नका लागि महाभक्त, हिरण्यकशिपुका छोरा (प्रह्लाद) नृसिंहको नाम जप्दै हिमालयको शिखरमा गए ।

मृगेन्द्ररूपमास्थाय हिमवच्छिखरे हरिः ।। ५३ ।।
स्थितो यस्मादतः शैलं मृगेन्द्रशिखरं विदुः ।

मृगेन्द्र (सिंह) को रूपमा रहेर हिमालयको टाकुरामा हरि रहे, यसै कारणले त्यस पर्वतलाई मृगेन्द्रशिखर भनेर चिन्दछन् ।

प्रह्लादोऽपि ततो गत्वा मृगेन्द्रशिखरं नृप ।। ५४ ।।
अदृष्ट्वा नरसिंहं तु तप उग्रं चकार ह ।

हे राजा (सूर्यकेतु) ! त्यसपछि प्रह्लादले पनि मृगेन्द्रशिखरमा गएर नरसिंहलाई नदेखी उग्र तपस्या गरे ।

समा सहस्रं दैत्येन्द्रस्तपस्तेपे सुदारुणम् ।। ५५ ।।
ततस्तुष्टो महादेवो हास्यमुच्चैश्चकार हि ।

दैत्येन्द्र (प्रह्लाद) ले हजार वर्ष कठोर तपस्या गरे, त्यसपछि खुशी भएका महादेवले ठूलो हाँसो हाँसे (अट्टहास गरे) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरहासाद्समुद्भुता निर्गता गिरिगह्वरात् ।। ५६ ।।
फेनोर्मिमाला धवला नदी पुण्यजलामला ।

शिवको हाँसोबाट निस्केकी, फींज र भेलले धवल (सेतो) वर्ण भएकी, पवित्र जल भएकी कञ्चन नदी पर्वतको गुफाबाट निस्किइन् ।

शङ्करो वचनं चेदं प्राह दानवपुङ्गवम् ।। ५७ ।।
वचनान्मम दैत्येन्द्र बहिर्याता यतो नदी ।
अतोऽस्या वाग्मती नाम भविष्यति न संशयः ।। ५८ ।।

शङ्करले श्रेष्ठ दानव (प्रह्लाद) लाई यो वचन भने– हे दैत्येन्द्र ! मेरो वचनबाट नदी बाहिर आएकी हुनाले निश्चय यिनको नाम वाग्मती हुनेछ ।

मृगेन्द्ररूपमास्थाय विष्णुरत्र यतः स्थितः ।
अतस्तु वैष्णवं क्षेत्रमिदं लोके भविष्यति ।। ५९ ।।

मृगेन्द्रको रूप लिएर यहाँ विष्णु रहेका हुनाले संसारमा यो ठाउँ वैष्णव क्षेत्र हुनेछ ।

अस्योर्ध्वभागे मत्स्थानं शिवलिङ्गमयं शुभम् ।
भविष्यति यतो लोकस्ततः शिवपुरीं जगुः ।। ६० ।।

यसको मास्तिर शिवलिङ्गमय मेरो ठाउँ हुनेछ, यसैले नै लोकहरू (मानिसहरू) शिवपुरी भन्दछन् ।

प्रह्लाद गच्छ दैत्येन्द्र विष्णुभक्तिर्दृढाऽस्तु ते ।
दैत्यराजाधिपो भूत्वा राज्यं कुरुष्व पैतृकम् ।। ६१ ।।

हे दैत्येन्द्र प्रह्लाद ! तिम्रो विष्णुभक्ति दृढ रहोस्, (अब) दैत्यहरूको राजा भएर पैतृक राज्य गर ।

एतत्तु वैष्णवं स्थानं मृगेन्द्रशिखराह्वयम् ।
हिरण्यकशिपुं हत्वा विश्रान्तो नृहरिर्यतः ।। ६२ ।।

हिरण्यकशिपुलाई मारेर नृसिंहले आराम लिएको हुनाले यो मृगेन्द्रशिखर नामको वैष्णव क्षेत्र भयो ।

त्वया दैत्यपते तेपे विष्णुभक्तेन दारुणम् ।
मम हास्याच्च संभूता वाग्मती परमा नदी ।। ६३ ।।
अस्योर्ध्वभागे जातानि लिङ्गानि मम शक्तितः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

(यहीं) तपाईं विष्णुभक्त दैत्यराजले कठोर तपस्या गर्नुभयो, मेरै हाँसोबाट परम वाग्मती नदी निस्किन्, मेरो शक्तिबाट यसैको माथि मेरा लिङ्गहरू उत्पन्न भए ।

वाग्मतीप्रभवे स्नात्वा दृष्ट्वा शिवपुरीं नरः ।। ६४ ।।
जन्मान्तरकृतात् पापान्मुच्यते नात्र संशयः ।

वाग्मती उत्पन्न भएको ठाउँमा नुहाएर शिवपुरीलाई हेरेपछि, जन्मान्तर (अघिल्लो जन्म) मा गरेको पापबाट मानिस निश्चय नै छुट्छ ।

इत्युक्त्वाऽन्तर्हितो देवः सगणो हि वृषध्वजः ।। ६५ ।।
तुष्टः प्रह्लाददैत्योऽपि जगाम भवनं स्वकम् ।

यति भनेर गणसहित शिवजी अन्तर्धान भए, खुशी भएका प्रह्लाद दैत्य पनि आफ्नो घर गए ।

मृगेन्द्रशिखरं याहि सूर्यकेतो नरेश्वर ।। ६६।।
श्रीकृष्णस्यानुभावेन पुनरेष्यसि श्वेतकाम् ।
सशरीरो दिवं गन्ता भवानन्ते न संशयः ।। ६७ ।।
इत्युक्त्वा नारदो यातो नृपेण परिपूजितः ।

हे सूर्यकेतु राजा ! मृगेन्द्रशिखरमा जानुहोस्, श्रीकृष्णको कृपाले फेरि श्वेतका (यो नामको उनको शहर) मा आउनुहुनेछ । तपाईं अन्तमा निश्चय नै सशरीर स्वर्ग जानुहुनेछ, यति भनेर राजाले पूजा गरिएका नारद गए ।

नारदस्योपदेशेन सूर्यकेतुर्नरेश्वरः ।। ६८ ।।
चन्द्रावत्या दुहित्रा च भार्यया च समन्वितः ।
शूरैरनेकैः संयुक्तो मृगेन्द्रशिखरं ययौ ।। ६९ ।।

नारदको उपदेशद्वारा सूर्यकेतु राजा चन्द्रावती छोरी, भार्या र अनेकौं शूर-हरूसँग मृगेन्द्रशिखरमा गए ।

दृष्ट्वा मृगेन्द्रशिखरं वाग्मतीं प्रविलोक्य च ।
तत्रैव वसतिं चक्रे मुदा परमया युतः ।। ७०।।

मृगेन्द्रशिखरलाई देखेर र वाग्मतीलाई पनि देखेर ठूलो हर्षले युक्त भएका छँदा त्यहाँ नै वास जमाए ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल–माहात्म्ये सप्तमोऽध्याय ।।७।।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमध्ये नेपाल–माहात्म्यको सातौं अध्याय ।

४३।६।२२.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आठौं अध्याय

मार्कण्डेय उवाच – मार्कण्डेय भन्नुहुन्छ–

एतस्मिन्नन्तरे दैत्यो महेन्द्रदमनाभिधः ।
हरमाराध्य तपसा त्रैलोक्ये दुर्जयोऽभवत् ।। १।।

यसै वीचमा महेन्द्रदमन नामको दैत्य तपस्याद्वारा शिवलाई आराधना गरेर तीनै लोकमा दुर्जय (जित्न नसकिने) भयो ।

जित्वा महेन्द्रसहितान् देवान् समरदुर्जयः ।
अधस्ताच्चन्दनाशैलोत्तरस्यां दिशि सुप्रभाम् ।। २ ।।
दैत्यश्चक्रे पुरीं रम्यां नानारत्नचयैर्युताम् ।

लडाइँमा जित्न नसकिने दैत्यले महेन्द्र (इन्द्र) सहित देवताहरूलाई जितेर तलतिर चन्दनशैल र उत्तरपट्टि सुप्रभासम्म, फैलिएको, विभिन्न रत्नहरूले युक्त रमणीय शहर बनायो ।

महेन्द्रदमनस्यासीद्भगिनी मृगलोचना ।। ३ ।।
नाम्ना प्रभावती देवी तत्तुल्या नैव भामिनी ।

महेन्द्रदमनकी वहिनी मृगको जस्तो आँखा भएकी प्रभावती नामकी थिइन्, ती जस्ती स्वास्नीमान्छे त हुँदै हुँदैनन् ।

आराधिता तथा देवी वत्सला सुरपूजिता ।। ४ ।।
संतुष्टा हिमवत्कन्या प्राह देवी प्रभावतीम् ।
वरं वरय सुश्रोणि यत् ते मनसि काङ्क्षितम् ।। ५ ।।

देवताहरूले पूजिएकी वत्सला देवीलाई तिनले आराधना गरिन्, खुशी भएकी हिमवत्कन्या (हिमालयकी छोरी) देवीले प्रभावतीलाई भनिन्– हे सुश्रोणी ! (असल कम्मर वा नितम्ब भएकी) तिम्रो मनमा लागेको वर माग ।

श्रुत्वा नगेन्द्रजावाक्यं प्राह देवीं प्रभावती ।
त्वमेव देवि जानासि प्राणिनां हृदयस्थितम् ।। ६ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्वतवाट जन्मिएकी (पार्वती) को बोली सुनेर देवीलाई प्रभावतीले हे देवी ! तपाईं नै प्राणीहरूको हृदयमा रहेको कुरा जान्नुहुन्छ भनिन् ।

श्रुत्वा प्रभावतीवाक्यं तां प्राह गिरिनन्दिनी ।
त्वच्चित्तस्थो मया ज्ञातः पुरुषो मृगलोचनी ॥ ७ ॥
प्रद्युम्नः कृष्णतनयः स ते भर्त्ता भविष्यति ।
इति दत्वा वरं देवी सद्योऽन्तर्धानमागता ॥ ८ ॥

प्रभावतीको बोली सुनेर तिनलाई पार्वती (वत्सला) ले भनिन्– तिम्रो चित्तमा रहेको कुरा मैले जानें– हे मृगनयनी ! कृष्णका छोरा प्रद्युम्न तिम्रो दुलाहा हुनेछन् । यति वर दिएर देवी तुरुन्तै अन्तर्धान भइन् ।

प्रभावती वरं लब्ध्वा सुप्रभां नगरीं ययौ ।

वर पाएर प्रभावती सुप्रभा नगरीमा गइन् ।

उद्यानं दानवश्चक्रे चन्दनागिरिमूर्धनि ॥ ९ ॥
प्रभावतीविनोदाय नन्दनाकारसुन्दरम् ।

चन्दनागिरिको टाकुरामा प्रभावतीलाई आनन्द दिलाउनका लागि नन्दन जस्तो राम्रो वगैंचा दानवले बनायो ।

मृगेन्द्रशिखराद्रम्याद्बहिर्यातां तु वाग्मतीम् ॥ १० ॥
रुरोध दानवो दर्पाद् गिरिणा गिरिसन्निभः ।

मृगेन्द्रशिखरवाट वाहिर आएकी वाग्मतीलाई पर्वत जस्तो दानवले सेखी गरेर पर्वतद्वारा रोक्यो ।

वाग्मत्यां चावरुद्धायां श्लेमान्तकवनं महत् ॥ ११ ॥
ह्रदीभूतं सुप्रभस्थो मुमुदे दानवो भृशम् ।

वाग्मती रोकिएपछि ठूलो श्लेष्मान्तक वन तलाउ भयो । सुप्रभामा वसेको दानव औधी खुशी भयो ।

महेन्द्रदमनो दैत्यः सुप्रभायां स्वयं स्थितः ॥ १२ ॥
मृगेन्द्रशिखरे चैवं सूर्यकेतुर्नृपः स्थितः ।
एतन्मध्ये जलमयं कुमुदोत्पलमण्डितम् ॥ १३ ॥
तडागवच्च तज्जातं श्लेष्मान्तकवनं महत् ।

सुप्रभामा स्वयं महेन्द्रदमन दैत्य रहेको थियो, मृगेन्द्रशिखरमा सूर्यकेतु राजा थिए । यसको वीचमा पानी-पानी भएको कमलहरूले सिंगारिएको, तलाउ जस्तो त्यो ठूलो श्लेष्मान्तक वन भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्रदमनं दैत्यं दृष्ट्वा परमदुर्जयम् ॥ १४ ॥
रत्नानि दिव्यान्यादाय स्वयं भेजे नृपस्तदा ।
सूर्यकेतुस्तदा ज्ञात्वा निर्भयो वसति स्म ह ॥ १५ ॥

महेन्द्रदमन दैत्य जित्न नसकिने भन्ने देखेर र जानेर दिव्य रत्नहरू लिएर सूर्यकेतु राजा आफैंले सेवा गरे, अनि निडर भएर बसे ।

कश्चिद् दैत्यो दानवस्य मृगेन्द्रशिखरं ययौ ।
तेन दृष्टा सुता तस्य सूर्यकेतोर्महीभुजः ॥१६ ॥

त्यस दानवको (महेन्द्रदमनको) कुनै दैत्य महेन्द्रशिखरमा गयो, त्यसले ती सूर्यकेतु राजाकी छोरीलाई देख्यो ।

क्रीडन्ती विपिने बाला रम्भातोऽप्यतिसुन्दरी ।
दृष्ट्वा कन्यां नरपतेर्दानवस्त्वरितस्तदा ॥ १७ ॥
महेन्द्रदमनस्याग्रे कथयामास विस्तरात् ।

भर्खरकी, रम्भाभन्दा पनि राम्री, वनमा खेलेकी राजकन्यालाई देखेर चाँडै नै महेन्द्रदमनको अगाडि गएर विस्तारपूर्वक भन्यो ।

दानव उवाच– दानवले भन्यो–
शृणु दैत्येन्द्र मद्वाक्यं मृगेन्द्रशिखरे मया ॥ १८ ॥
भ्रमता सूर्यकेतोस्तु कन्या दृष्टा मनोहरा ।

हे दैत्यराज ! मेरो कुरो सुन्नुहोस्, मृगेन्द्रशिखरमा, मैले घुमिरहेकी ज्यादै राम्री, सूर्यकेतुकी छोरी देखें ।

नैतादृशी मानुषीषु सुन्दरी वर्तते क्वचित् ॥ १९ ॥
स्त्रीरत्नमतुलं कन्या सूर्यकेतोर्महीभुजः ।

मानिसमा यस्ती राम्री त कहीं छैनन्, सूर्यकेतु राजाकी छोरी परम स्त्रीरत्न छन् ।

रत्नभोक्ता भवाँल्लोके सा च स्त्रीरत्नमुत्तमम् ॥ २० ॥
तस्या योग्यो भवान् भर्ता नान्यः कश्चिन्महीतले ।

संसारमा रत्नको भोग गर्ने तपाईं नै हुनुहुन्छ, ती उत्तम स्त्री-रत्न छन्, तिनको योग्य दुलाहा तपाईं नै हुनुहुन्छ, पृथ्वीतलमा अर्को कोही छैन ।

इति तस्य वचः श्रुत्वा महेन्द्रदमनो मुदा ॥ २१ ॥
युक्तः परमया प्राह तं दैत्यं दृढविक्रमम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

त्यसको यस्तो वचन सुनेर ज्यादै खुशी भएको महेन्द्रदमनले दृढ पराक्रम भएको त्यस दैत्यलाई भन्यो–

महेन्द्रदमन उवाच– महेन्द्रदमनले भन्यो–

साधु साधु त्वया प्रोक्तं मत्पुरो दनुजोत्तम ।। २२ ।।
सूर्यकेतुः सुतां मह्यं ददाति च यथा किल ।
तथा प्रकारो भवता क्रियतां दानवोत्तम ।। २३ ।।

हे दनुजोत्तम (दानवहरूमा श्रेष्ठ) ! मेरा अगाडि तिमीले ठीक कुरो भन्यौ। हे श्रेष्ठ दानव ! सूर्यकेतुले मलाई छोरी जसरी दिन्छन्, त्यस्तो काम तिमी गर।

मृगेन्द्रशिखरं गत्वा त्वया दानवसत्तम ।
मदर्थे याच्यतां कन्या सूर्यकेतुं नराधिपम् ।। २४ ।।

दानवसत्तम (श्रेष्ठ दानव) ! मृगेन्द्रशिखरमा गएर तिमी मेरा लागि सूर्यकेतु राजासँग कन्या माग ।

तस्याज्ञां प्राप्य दैत्योऽसौ मृगेन्द्रशिखरं ययौ ।
ददर्श भूपं दैत्योसौ सभायां मन्त्रिभिर्युतम् ।। २५ ।।

त्यसको (दानवराजको) आज्ञा पाएर त्यो दैत्य मृगेन्द्रशिखरमा गयो । त्यस दैत्यले सभामा मन्त्रीहरूले युक्त भएका राजालाई देख्यो ।

मन्त्रिभिर्दानवं दृष्ट्वा निषीदेति वचोऽब्रवीत् ।
किमर्थमागतं दैत्य त्वया तदिह कथ्यताम् ।। २६ ।।
नृपतेर्वचनं श्रुत्वा दानवो वाक्यमब्रवीत् ।

मन्त्रीहरूले दानवलाई देखेर वस्नुहोस् भने । तपाईं यहाँ किन आउनुभयो दैत्य ! भन्ने राजाको बोली सुनेर दानवले भन्यो–

महेन्द्रदमनो राजा दैत्यानां बाणनन्दनः ।। २७ ।
ते कन्यां प्रार्थयत्येनां तस्मै दातुं त्वमर्हसि ।

बाणको (बाणासुरको) छोरा र दैत्यहरूको राजा महेन्द्रदमन तपाईंको छोरी माग्नुहुन्छ, यी कन्या तपाईंले उहाँलाई दिनु मनासिब छ ।

महेन्द्रदमनो रत्नभोक्ता शम्भोः प्रसादतः ।। २८ ।।
चन्द्रावती च स्त्रीरत्नं तस्माद् दातुं त्वमर्हसि ।

शम्भुको प्रसादबाट महेन्द्रदमन रत्नभोग गर्ने हुनुहुन्छ, चन्द्रावती स्त्रीरत्न छन्, त्यसै कारण तपाईंले छोरी दिनु मनासिब छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति दूतवचः श्रुत्वा सूर्यकेतुर्भयान्वितः ॥२९॥
विचार्य मनसा वाक्यं दूतमेवमुवाच ह ।

दूतको यस्तो बोली सुनेर डराएका सूर्यकेतु राजाले मन-मनमा कुरा विचार गरेर दूतलाई यस्तो भने–

सूर्यकेतुरुवाच– सूर्यकेतुले भने–

भवान् यदाह तत्सर्वं सत्यमेव न संशयः ॥ ३० ॥
महेन्द्रददमनो राजा त्रैलोक्याधिपतिः प्रभुः ।
स चेत् प्रार्थयते कन्यां कोऽस्ति धन्यतरो मम ॥ ३१ ॥

तपाईंले जो भन्नुभयो त्यो सब साँचो हो, कुनै शङ्का छैन, महेन्द्रदमन राजा तीनै लोकका अधिपति र समर्थवान् पनि हुनुहुन्छ, यदि उहाँ (मेरी) कन्या माग्नुहुन्छ भने मभन्दा बढी धन्य को होला र ?

चन्द्रावती च मे कन्या परमत्यन्तबालिका ।
यदा विवाहसमयो मत्कन्याया भविष्यति ॥ ३२ ॥
महेन्द्रदमनस्याज्ञा कर्त्तव्यैव न संशयः ।

मेरी छोरी चन्द्रावती ज्यादै केटाकेटी छन्, जुन वेला मेरी छोरीको बिहा गर्ने समय होला महेन्द्रदमनको आज्ञा म स्वीकार गर्नेछु, शङ्का मान्नुपर्दैन ।

इति भूपवचः श्रुत्वा दूतः संहृष्टमानसः ॥ ३३ ॥
महेन्द्रदमनं गत्वा ततः सर्वं न्यवेदयत् ।

राजाको यस्तो वचन सुनेर खुशी मन भएको दूतले महेन्द्रदमनकहाँ गएर सबै निवेदन गऱ्यो ।

सूर्यकेतुर्महीपालश्चिन्तयामास दुःखितः ॥ ३४ ॥
कष्टात् कष्टतरं लब्धं किं कर्त्तव्यमतः परम् ।

अनि दुःखी भएका सूर्यकेतु राजाले चिन्ता गरे (विचार गरे)– कष्टभन्दा पनि कष्ट पाएँ, यसपछि के गर्नुपर्ला ?

श्वेतकायाः परित्यागो दैत्यः प्रार्थयते सुताम् ॥ ३५ ॥
स्थातुं नैव मया शक्यं मृगेन्द्रशिखरे पुनः ।

श्वेतकाको परित्याग भयो, छोरी दैत्यले माग्छ, फेरि अब मृगेन्द्रशिखरमा पनि म बस्न सक्दिनँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

इति चिन्ताकुलो यावत् सूर्यकेतुर्नराधिपः ।। ३६ ।।
तावत् तत्र समायातो नारदो मुनिसत्तमः ।

यसरी सूर्यकेतु राजा जब चिन्ताले आकुल हुन्छन्, त्यसै बेला त्यहाँ मुनिसत्तम नारद आइपुगे ।

तमागतमभिप्रेक्ष्य सूर्यकेतुर्नराधिपः ।।३७ ।।
भक्तितः पूजयामास यथाशास्त्रपुरस्सरम् ।

आएका तिनलाई (नारदलाई) देखेर सूर्यकेतु राजाले शास्त्रमुताबिक भक्तिले पूजा गरे ।

उवाच नारदं भूपः कृतासनपरिग्रहम् ।।३८ ।।
महेन्द्रदमनो दैत्यः कन्यां प्रार्थयते मम ।
मृगेन्द्रशिखरे स्थित्वा कथं दैत्येन विग्रहः ।।३९ ।।
नारदात्र प्रतीकारः कर्त्तव्यस्तु कथं मया ।

आसन जमाएका नारदलाई राजाले भने– महेन्द्रदमन दैत्य मेरी छोरी माग्छ, मृगेन्द्रशिखरमा रहेर कसरी दैत्यसँग विरोध गर्ने ? हे नारद ! मैले कसरी वैरी साध्ने होला ?

इति भूपवचः श्रुत्वा नारदो वाक्यमब्रवीत् ।।४०।।

राजाको यस्तो वचन सुनेर नारदले भने–

नारद उवाच– नारदले भने–

सूर्यकेतो नृपश्रेष्ठ न भेतव्यं त्वया पुनः ।
चन्द्रावती तव सुता प्रद्युम्नाय प्रदीयताम् ।। ४१ ।।

राजाहरूमा श्रेष्ठ भएका हे सूर्यकेतु ! तपाईं डराउनुपर्दैन, तपाईंकी छोरी चन्द्रावती प्रद्युम्नलाई दिनुहोस् ।

द्वारकायां मया गत्वा दृष्ट्वा च मधुसूदनम् ।
रौक्मिणेय इहानेयो भयमुत्सृज्यतामिति ।।४२।।

म द्वारकामा गएर मधुसूदनलाई दर्शन गरी रुक्मिणीका छोरा (प्रद्युम्न) लाई यहाँ ल्याउँछु, डर नमान्नुहोस् ।

नारदस्य वचः श्रुत्वा सूर्यकेतुर्नरेश्वरः ।
प्राह तं नादरमुनिं त्रातोऽस्मि भवता सदा ।। ४३ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारदको बोली सुनेर सूर्यकेतु राजाले ती नारद मुनिलाई सधैं तपाईंले रक्षा गरिएको छु भने ।

भूपमामन्त्र्य स मुनिर्जगामाकाशवर्त्मना ।
गच्छता तेन मुनिना चन्दनागिरिमूर्धनि ।। ४४ ।।
उद्यानविषये दृष्टा दैत्यकन्या प्रभावती ।
प्रभावत्याश्च सविधे आजगाम स नारदः ।।४५।।

राजालाई सल्लाह दिएर ती मुनि आकाशमार्गले गए । जाँदा ती मुनिले चन्दनागिरिको टाकुरामा वगैंचामा प्रभावती कन्यालाई देखे र प्रभावतीको नजीकमा ती नारद आए (गए) ।

प्रभावती नमस्कृत्य नारदं प्राह सुन्दरी ।
किमागमनकृत्यं ते तपोधन वदस्व मे ।। ४६ ।।

सुन्दरी प्रभावतीले नारदलाई नमस्कार गरेर तपोधन ! तपाईं आउनाको कारण के हो भन्नुहोस् भनिन् ।

नारद उवाच– नारदले भने–

तुभ्यं दत्तो वरो देव्या प्रद्युम्नस्ते पतिः पुरा ।
भविष्यति न चाद्यापि नैति त्वां कृष्णनन्दनः ।। ४७ ।।

(एकातिर)– पहिल्यै देवीले तिमीलाई प्रद्युम्न तिम्रा पति हुनेछन् भनेर वर दिइन्, आजसम्म पनि कृष्णका छोरा (प्रद्युम्न) ले तिमीलाई लाँदैनन्,

चन्द्रावती सूर्यकेतोः कन्या परमसुन्दरी ।
कल्पिता कृष्णपुत्राय भ्राता तां याचते तव ।। ४८ ।।

(अर्कोतिर)– ज्यादै राम्री सूर्यकेतुकी छोरी चन्द्रावती कृष्णको छोरा (प्रद्युम्न) लाई तयार पारिइन्, (तर) तिम्रो दाजु तिनलाई माग्दछन् ।

प्रद्युम्नानयनार्थाय गम्यते द्वारकापुरी ।
प्रद्युम्नोऽपि समागत्य त्वया योगमुपैष्यति ।। ४९ ।।

(यसैले) प्रद्युम्नलाई लिनका लागि द्वारकापुरी जान्छु, प्रद्युम्न आएपछि तिमीसँग पनि भेट हुनेछ ।

नारदस्य वचः श्रुत्वा मुनिं प्राह प्रभावती ।

नारदको वचन सुनेर प्रभावतीले मुनिलाई भनिन् ।

प्रभावत्युवाच– प्रभावतीले भनिन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

सर्वं त्वं हि विजानासि त्रिकालज्ञ मुनीश्वर ।। ५० ।।
विलद्वारि महाभीमः शङ्खनामा महासुरः ।
वाग्मती द्वारबन्धस्य रक्षकः कच्छपासुरः ।। ५० ।।
भ्राताऽपि मम दुर्द्धर्षः प्रद्युम्नः कथमेष्यति ।

तीनै काल (भूत, भविष्य, वर्तमान) जान्ने हे मुनीश्वर ! सबै तपाईं नै जान्नुहुन्छ, डरलाग्दो शङ्ख नामको महासुर खोंचमा छ, वाग्मतीको निकासको रक्षा गर्ने कच्छपासुर छ, मेरो दाजु पनि जित्नै नसकिने हुनुहुन्छ, प्रद्युम्न कसरी आउनुहोला र खै ?

प्रभावतीवचः श्रुत्वा नारद : प्राह तां पुनः ।। ५२ ।।

प्रभावतीको कुरा सुनेर नारदले तिनलाई फेरि भने–

नारद उवाच– नारदले भने–

यत् प्रोक्तं मृगशावाक्षि सत्यमेव न संशयः ।
सुप्रभा नैव गन्तव्या स्थीयतामत्र भामिनि ।।५३ ।।
तव भ्रातुः प्रतापेन भयमत्र न विद्यते ।

हे मृगशावाक्षी (मृगको वच्चाको जस्तो आँखा भएकी) ! तिमीले जे भन्यौ त्यो निश्चय साँचो हो, भामिनी ! सुप्रभामा नजानू, यहीं बस्नू, तिम्रो दाजुको प्रतापले गर्दा यहाँ केही डर छैन ।

इत्युक्त्वा प्रययौ धीमान् नारदो द्वारकां पुरीम् ।।५४ ।।
प्रभावती स्थिता तत्र चन्दनागिरिमूर्धनि ।

यति भनेर वुद्धिमान् नारद द्वारकापुरी गए, प्रभावती त्यहीं चन्दनागिरिको टाकुरोमा वसिन् ।

स गत्वा द्वारकां शीघ्रं सभायां कृष्णमास्थितम् ।। ५५ ।।
ददर्श नारदो धीमान् यदुभिः परिवारितम् ।

ती वुद्धिमान् नारद चाँडो द्वारकामा गएर यदुहरूले घेरिएका, सभामा रहेका कृष्णलाई देखे ।

आगतं नारदं वीक्ष्य यथाविधिपुरस्सरम् ।। ५६ ।।
पूजयित्वा च गोविन्दः स्मितं कृत्वाऽब्रवीद्वचः ।

आएका नारदलाई देखेर विधिपूर्वक पूजा गरी मुस्कुराएर गोविन्दले भने ।

गोविन्द उवाच– गोविन्दले भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुत आगम्यते ब्रह्मन् किमपूर्वं विलोकितम् ।। ५७ ।।
पवित्रीकृतमस्माकं भवनं मुनिसत्तम ।
पावितं नः कुलं सर्वं किमागमनकारणम् ।। ५८ ।।

हे ब्राह्मन् ! कताबाट आउनुभयो ? के अनौठो देखियो ! हे मुनिसत्तम ! हाम्रो घर पवित्र गराइदिनुभयो हाम्रो सबै कुल पवित्र भयो, आउनाको कारण के हो ?

गोविन्दस्य वचः श्रुत्वा नारदो हृष्टमानसः ।
कृत्ताञ्जलिपुटो भूत्वा वचनं चेदमब्रवीत् ।। ५९ ।।

गोविन्दको वचन सुनेर हर्षित मन भएका नारदले हात जोरेर यो कुरा भने ।

नारद उवाच– नारदले भने–

शृणु गोविन्द वक्ष्यामि यदर्थमहमागतः ।
हंसध्वजभयाद्भीतः सूर्यकेतुर्नराधिपः ।। ६० ।।
विहाय श्वेतकां शीघ्रं मृगेन्द्रशिखरं ययौ ।
चन्द्रावती तस्य कन्या प्रद्युम्नाय प्रकल्पिता ।। ६१ ।।
तां याचते महाभीमो महेन्द्रदमनोऽसुरः ।

सुन्नुहोस् गोविन्द, जेका निम्ति म आएँ त्यो भन्छु– हंसध्वजको डरले डराएका सूर्यकेतु राजा श्वेतकालाई छोडेर तुरुन्तै मृगेन्द्रशिखरमा गए । तिनकी छोरी चन्द्रावती प्रद्युम्नलाई दिन अठोट गरिइन्, किन्तु तिनलाई त्यो डरलाग्दो दैत्य महेन्द्रदमनले माग्छ ।

दैत्यस्य भगिनी दिव्या नाम्ना देवी प्रभावती ।। ६२ ।।
तस्यै पतिः पुरा क्लृप्तः प्रद्युम्नो गिरिकन्यया ।

दैत्यकी बहिनी दिव्य (ज्यादै राम्री) प्रभावती देवी नामकी छन्, प्रद्युम्न तिनका पति हुन्छन् भनेर पार्वतीले पहिल्यै भनेकी थिइन् ।

प्रद्युम्नः प्रेष्यतां तत्र महेन्द्रदमनोऽसुरः ।। ६३ ।।
हन्तव्यस्तव पुत्रेण नात्र कार्या विचारणा ।

प्रद्युम्नलाई त्यहाँ पठाउनुहोस् । महेन्द्रदमन दैत्यलाई तपाईंको छोराले मार्नुपर्छ, यसमा विचार गर्नुपर्ने कुरा छैन ।

प्रद्युम्नः प्रेष्यतामत्र मया साकं सुरेश्वर ।। ६४ ।।
प्रभावत्या विवाहश्च चन्द्रावत्यास्तथैव च ।
महेन्द्रदमनश्चैव हन्तव्यस्तव सूनुना ।। ६५ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे सुरेश्वर ! मसँग प्रद्युम्नलाई पठाउनुहोस्, प्रभावती र चन्द्रावतीको विवाह गर्नुपर्छ र महेन्द्रदमनलाई मार्नुपर्छ ।

श्रीकृष्ण उवाच– श्रीकृष्णले भने–

अहत्वा दुर्जयं दैत्यं चन्द्रावत्यास्तपोधन ।
कथं विवाहो भविता प्रद्युम्नेन सुतेन मे ।। ६६ ।।
मया गत्वा स हन्तव्यस्त्वया साकं मुनीश्वर ।

हे तपोधन ! दुर्जय (जित्न गाह्रो पर्ने) दैत्यलाई नमारीकन मेरो छोरा प्रद्युम्न-सँग कसरी चन्द्रावतीको विहा होला ! हे मुनीश्वर! तपाईंसँग म गएर त्यस दैत्यलाई मार्नुपर्छ ।

नारद उवाच– नारदले भने–

महेन्द्रदमनो दैत्यस्तव वध्यो न माधव ।। ६७ ।।
प्रद्युम्नस्यैव वध्योऽसौ ब्रह्मणो वदनाच्छ्रुतम् ।

माधव ! महेन्द्रदमन दैत्य तपाईंबाट वध्य छैन (तपाई मार्न सक्नुहुन्न) प्रद्युम्नद्वारा नै वध्य छ, यो ब्रह्माको मुखबाट सुनेको हुँ ।

गोविन्द उवाच– गोविन्दले भने–

कथं ब्रह्ममुखाद्विप्र श्रुतं तत् कथ्यतां मम ।। ६८ ।।
महेन्द्रदमनो दैत्यः कस्य पुत्रश्च कीदृशः ।
कथं महेन्द्रो विजितस्तदाचक्ष्व पुरो मम ।। ६९ ।।

हे ब्राह्मण ! त्यो कसरी ब्रह्माको मुखबाट सुन्नुभयो भन्नुहोस्, महेन्द्रदमन दैत्य कसको छोरो हो र कस्तो छ, कसरी महेन्द्रलाई जित्यो मलाई भन्नुहोस् ।

नारद उवाच– नारदले भने–

बाणासुरो दैत्यराजः शोणिताख्ये पुरेऽभवत् ।
भार्या च रोहिणी तस्य पतिभक्तिपरायणा ।। ७० ।।

शोणितपुरमा बाणासुर नामको दैत्यराज थियो, तिनकी पत्नी रोहिणी पतिव्रता थिइन् ।

तस्यां पुत्रः समुत्पन्नः सर्वदेवभयावहः ।
तस्मिन् संजातमात्रे तु प्रचचाल मही भृशम् ।। ७१ ।।

तिनमा सबै देवतालाई डर गराउने छोरो भयो, त्यो जन्मँदा मात्र पनि ठूलो भुईंचालो गयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वामं चक्षुः प्रास्फुरच्च सहस्राक्षस्य तत्क्षणात् ।
इन्द्रस्य दमनं यस्मात् करिष्यति महाबलः ॥७२॥
अतो महेन्द्रदमनो नाम चक्रे तु भार्गवः ।

उत्तिखेरै इन्द्रको देब्रे आँखो फर्फरायो । यस महावलीले इन्द्रको दमन गर्नेछ भनेर शुक्रले महेन्द्रदमन नाम राखे ।

संप्राप्तयौवनो दैत्यः शुक्रं पप्रच्छ भक्तितः ॥७३॥
शक्रो जेतुं कथं शक्यस्तदाचक्ष्व गुरो मम ।

तन्नेरी भएको दैत्यले शुक्रलाई, हे मेरा गुरु ! इन्द्रलाई जित्न कसरी सकिन्छ भन्नुहोस् भनेर सोध्यो ।

श्रुत्वा तस्य वचः शुक्रः प्राह दानवपुङ्गवम् ॥७४॥

शुक्रले त्यसको वचन सुनेर दानवलाई भने ।

शुक्र उवाच– शुक्रले भने–

तपसा लभ्यते सिद्धिस्तपस्यां कुरु दानव ।
शक्रं जेष्यसि सङ्ग्रामे तपस्यायां सुदुर्जयम् ॥७५॥

तपस्याले सिद्धि पाइन्छ, तपस्या गर दानव! लडाइँमा जित्न ज्यादै मुश्किल पर्ने इन्द्रलाई तपस्यामा जित्नेछौ ।

गुरूपदेशमासाद्य महेन्द्रदमनोऽसुरः ।
रुद्रधारोदये तीर्थे चकार विमलं तपः ॥७६॥
सहस्रं शरदां तत्र वायुभक्षो जितेन्द्रियः ।

महेन्द्रदमन दैत्यले गुरुको उपदेश पाएर रुद्रधारोदय तीर्थमा हजार वर्ष हावा खाएर इन्द्रिय जितेर पवित्र तपस्या गऱ्यो ।

तपस्यया घोरया तु समाहृष्टो जगद्गुरुः ॥७७॥
विमानेनार्कवर्णेन प्रादुरासीच्चतुर्मुखः ।

घोर तपस्याद्वारा खुशी भएका जगद्गुरु, चार मुख भएका (ब्रह्मा) सूर्यको जस्तो वर्ण भएको विमानबाट प्रकट भए ।

पितामहं समालोक्य दण्डवत् प्रणिपत्य च ॥७८॥
महेन्द्रदमनो दैत्य इदं वचनमब्रवत् ।

ब्रह्मालाई देखी दण्डवत् प्रणाम गरेर महेन्द्रदमन दैत्यले यो कुरा भन्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि तुष्टोऽसि देवेन्द्र वरं देहि ममेप्सितम् ।।७९।।
अजेय सर्वदेवैश्च भविष्यामि सदा रणे ।

हे देवेन्द्र (ब्रह्मा !) यदि खुशी हुनुभएको छ भने मैले इच्छा गरेको वर दिनुहोस्, म सधैं लडाइँमा सबै देवताहरूले जित्न नसकिने होऊँ ।

दैत्यस्य वचनं श्रुत्वा प्राह वाक्यं पितामहः ।।८०।।

यदोप्सितं मन्यसि ते तत् तथास्त्विति दानव ।

दैत्यको वचन सुनेर ब्रह्माले भने, तिम्रो मनमा जस्तो चाहना छ त्यस्तै होस् दानव !

इति तस्मै वरं दत्वा यथाभिलषितं प्रभुः ।।८१।।
विमानेनार्कवर्णेन ब्रह्मलोकं जगाम ह ।

त्यसलाई यस्तो चाहेजस्तो वर दिएर प्रभु (ब्रह्मा) सूर्यको जस्तो वर्ण भएको विमानद्वारा ब्रह्मलोक गए ।

ततो लब्धवरो दैत्यो वीरैर्दैत्यैः समन्वितः ।।८२।।
भार्गवेणाभिषिक्तस्तु दैत्यराज्ये रराज ह ।

त्यसपछि वर पाएको दैत्य शुक्रले अभिषेक गरिएको छँदो वीर दैत्यहरूका साथ दैत्यको राज्यमा राज्य गर्न थाल्यो ।

संमन्त्र्य सचिवैः सार्धं महेन्द्रदमनाऽसुरः ।।८३।।
कूष्माण्डं प्रेषयामास दूतं देवेन्द्रसन्निधौ ।

महेन्द्रदमन दैत्यले मन्त्रीहरूसँग छलफल गरेर इन्द्रको नजीकमा कूष्माण्ड नामको दूत पठायो ।

ततो गत्वा शक्रसभां कूष्माण्डो घोरविक्रमः ।।८४।।
पुरंदरं जगादेदं देवानां तत्र पश्यताम् ।

त्यसपछि भयङ्कर पराक्रम भएको कूष्माण्डले इन्द्रको सभामा गएर देवताहरूको समक्ष इन्द्रलाई यस्तो भन्यो–

स्वयम्भुवा स्वामिनो मे राज्यं दत्तं पुरंदर ।।८५।।
राज्यानि वीरभोग्यानि त्यक्तुं तस्मात् त्वमर्हसि ।

हे इन्द्र ! ब्रह्माले मेरा स्वामीलाई राज्य दिनुभयो, राज्य त वीरले भोग गर्ने हुन्छ, त्यस कारण तपाईंले राज्य छोड्नु वेश होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूष्माण्डवचनं श्रुत्वा रोषाकुलितमानसः ।।८६।।
अब्रवीदुत्तरं वाक्यं सभायां बलसूदनः ।

कूष्माण्डको कुरा सुनेर रिसले भकभकाएका इन्द्रले सभामा यस्तो जवाफ भने–

राज्यानि वीरभोग्यानि सत्यमेव न संशयः ।।८७।।
राज्यं वीरा न त्यजन्ति विना युद्धेन दानव ।
बाणासुरसुतं ब्रूहि कूष्माण्ड वचनं मम ।।८८।।
यत् ते वीर्यं बलं तेजस्तद्दर्शय ममाग्रतः ।

राज्यहरू वीरले नै भोग गर्छन्, यो साँचो नै हो, कुनै सन्देह छैन । दानव ! वीरहरू युद्धविना राज्य छोड्दैनन् पनि । कूष्माण्ड ! तिम्रो जे पराक्रम, वल, तेज छ त्यो मेरा साम् देखाऊ भनेर मेरो कुरा वाणासुरको छोरालाई भनिदेऊ ।

इति शक्रवचः श्रुत्वा दूतः परमकोपनः ।।८९।।
आगत्य कथयामास दैत्याग्रे शक्रभाषितम् ।

इन्द्रको यस्तो बोली सुनेर सारै रिसाएको दूत आएर दैत्यका अगाडि इन्द्रको भनाइ बिन्ती गऱ्यो ।

दूतवाक्यं तदा श्रुत्वा महेन्द्रदमनोऽसुरः ।।९०।।
शङ्खासुरं पुरस्कृत्य भ्रातरं कच्छपानुजम् ।
दैत्यसैन्यं पुरस्कृत्य ययौ शक्रपुरीं शुभाम् ।।९१।।

दूतको कुरा सुनेर महेन्द्रदमन दैत्य शंखासुर, भाइ कच्छपासुर र दैत्यसैन्यलाई अघि लगाएर अमरावतीतिर गयो ।

उपरुध्येन्द्रनगरीं महेन्द्रदमनोऽसुरः ।
नन्दनाधिष्ठितो भूत्वा तस्थौ सङ्ग्रामकामुकः ।।९२।।

लड्न चाहने महेन्द्रदमन दैत्य इन्द्रको शहर रोकी नन्दनमा अखडा जमाई अड्यो ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल–महात्म्ये महेन्द्रदमनोपाख्यानं नामाष्टमोऽध्यायः ।।८।।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डको नेपाल–माहात्म्यमा महेन्द्रदमनको कथा भएको आठौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवौं अध्याय

नारद उवाच– नारदले भने–

नन्दनाधिष्ठितं दृष्ट्वा महेन्द्रदमनासुरम् ।
देवसैन्यं पुरस्कृत्य निर्ययौ बलसूदनः ॥१॥

नन्दनमा अकडिएर रहेको महेन्द्रदमन दैत्यलाई देखेर देवसेनालाई अगाडि लगाई इन्द्र निस्के ।

रथदुन्दुभिनिर्घोषैर्हयानां ह्लेषितैस्तथा ।
गजानां बृंहितैश्चापि न चाश्रूयत किंचन ॥२॥

रथ र कर्नालका शब्दहरूले, घोडाका हिनहिनाइले, हात्तीका कराइले केही पनि सुनिएन ।

ननादातिशयं शङ्खः स्वरेण महता तदा ।
पपात शरवृष्टिश्च सेनयोरुभयोरपि ॥३॥

शङ्ख ठूलो स्वरले वज्यो र दुवै सेनाउपर वाणवृष्टि भयो ।

तदा दैत्यबलैर्भग्नं देवसैन्यं दुरात्मभिः ।
पलायिते देवसैन्ये आजगाम पुरन्दरः ॥४॥
महता शरवर्षेण च्छादायमास दानवान् ।

त्यस वेला दुरात्मा दैत्यका सेनाले देवताहरूको सैन्य छिन्न भिन्न पारे । देवताका सेना भागेपछि इन्द्र आए र धेरै वाणको वर्षाले दानवहरूलाई ढाकिदिए ।

दानवानां च केषांचिच्चिच्छेद चरणद्वयम् ॥५॥
केषांचित् पातयामास शिरांसि निशितैः शरैः ।

कति दानवहरूका दुवै खुट्टा काटिदिए, कसैका टाउकाहरू तीखा वाणहरूले भुइँमा खसालिदिए ।

प्रभग्नां वाहिनीं दृष्ट्वा स्वरेण महता नदन् ॥६॥
अभ्ययादतिसंक्रुद्धः शङ्खो दानवपुङ्गवः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छिन्न भिन्न भएको सेना देखेर ठूलो स्वरले गर्जंदै ज्यादै रिसाएको अजङ्को दानव शङ्ख दौडेर आयो ।

पुरन्दरस्य शङ्खेन युद्धमासीत् सुदारुणम् ॥७॥
कृते प्रतिकृतिं कुर्वन् शङ्खः परमदारुणः ।
विव्याध सप्तभिर्बाणैः शक्रस्य हृदयं दृढैः ॥८॥

शङ्खका साथ इन्द्रको भयङ्कर युद्ध भयो । क्रियाको प्रतिक्रिया गर्दै भयङ्कर शङ्खले वलिया सातोटा बाणद्वारा इन्द्रको छाती छेड्यो ।

विद्धोऽपि बलभित् क्रुद्धो दर्शयन् हस्तलाघवम् ।
चतुर्भिश्चतुरो वाहान् शरेणैकेन सारथिम् ॥९॥
विव्याध हृदयं तस्य दशभिर्मर्मभेदिभिः ।

रिसाएका इन्द्रले चोट लागे पनि हस्तकौशल देखाउँदै चारोटा शरले चारोटा घोडालाई र एउटा शरले सारथिलाई, मर्म छेड्ने दशोटा बाणले त्यसको (शङ्खको) छाती छेडे ।

शङ्खं च विकलं दृष्ट्वा महेन्द्रदमनो रुषा ॥१०॥
चूर्णयामास समरे रथं शक्रस्य सुन्दरम् ।

शङ्खलाई विकल (आत्थो आत्थो परेको) देखेर महेन्द्रदमनले रिसपूर्वक युद्धमा इन्द्रको सुन्दर रथ धूलो धूलो पारिदियो ।

रथान्निपतितं शक्रं यावत् गृह्णाति दानवः ॥११॥
तावत् तस्य भयत्रस्तो मुक्तकेशोऽमराधिपः ।
उत्पपात नभस्तूर्णं परित्यज्य रणस्थलीम् ॥१२॥
महेन्द्रदमनो दैत्यः प्रविवेशामरावतीम् ।

रथवाट खसेका इन्द्रलाई दावनले जव समात्यो, अनि त्यसको डरले आत्तिएका कपाल फुकेका इन्द्र तुरुन्तै रणमैदान छोडेर आकाशमा उफ्रिए (भागे) । महेन्द्रदमन दैत्य अमरावतीमा पस्यो ।

क्षणेन तत्र संप्राप्तो विमानेन चतुर्मुखः ॥१३॥
रणे विजयिनं दृष्ट्वा दैत्येन्द्रमिदमब्रवीत् ॥

उत्तिखेरै विमानद्वारा ब्रह्मा त्यहाँ आइपुगे, युद्धमा विजयी भएको दैत्येन्द्रलाई यो भने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच– ब्रह्माले भने–

पुरन्दरपुरे धीर न स्थातव्यं ममाज्ञया ॥१४॥

कीर्तिश्च परमा लब्धा नाम सत्यं त्वया कृतम् ।

सुप्रभायां त्वया स्थेयं दानवैः समरोद्धतैः ॥१५॥

हे धीर (महेन्द्रदमन) ! मेरो आज्ञाले तिमी यस इन्द्रको शहरमा नवस, ठूलो कीर्ति पायौ, तिमीले नाम सत्य बनायौ, लडाइँमा उद्धत (समर्थ) भएका दानवहरूसँग तिमी सुप्रभामा वस ।

त्रैलोक्ये यानि रत्नानि वीरभोग्यानि दानव ।

सुप्रभायां गमिष्यन्ति सर्वाणि मम शासनात् ॥१६॥

हे दानव ! तीनै लोकमा वीरहरूले भोग गर्ने जो रत्नहरू छन्, मेरो आज्ञाले सबै सुप्रभामा जानेछन् ।

इति ब्रह्मवचः श्रुत्वा महेन्द्रदमनस्तदा ।

सुप्रभां नगरीं रम्यां प्रययौ दानवैर्वृतः ॥१७॥

यस्तो ब्रह्माको वचन सुनेर अनि दानवहरूले घेरिएको महेन्द्रदमन राम्रो सुप्रभा नगरीमा गयो ।

रणत्रस्तं सुरेन्द्रं च ब्रह्मा वचनमब्रवीत् ।

लडाइँले डराएका इन्द्रलाई ब्रह्माले भने–

प्रादुर्भूते शचीनाथ मथुरायां मधुद्विषि ॥१८॥

प्रद्युम्नस्तनयस्तस्य भविष्यति मनोरथः ।

महेन्द्रदमनं हन्ता कामो दग्धो हरेण यः ॥१९॥

हे शचीका स्वामी (इन्द्र) ! मथुरामा मधुका शत्रु (विष्णु) जन्मेपछि तिनको मनमाफिकको छोरो प्रद्युम्न हुनेछ र महेन्द्रदमनलाई मार्नेछ, जो शिवले डढाइएका कामदेव हुन् ।

गौतमस्य वधूर्भुक्ता त्वया कपटरूपिणा ।

अतः पुरा कृतं कर्म त्वया भुक्तं पुरन्दर ॥२०॥

छलेर तिमीले गौतमकी दुलही भोग गर्‍यौ, यसै कारण इन्द्र ! तिमीले पहिल्यै गरेको काम (को फल) भोग्यौ ।

पराजयः शत्रुहस्तान्मरणादतिरिच्यते ।

अतः संत्यज्यतां शक्र वैराग्यं मदनुज्ञया ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुको हातवाट पराजय मर्नुभन्दा पनि बढी हो। हे इन्द्र! मेरो कुरा खाएर विरक्ति छोड।

आश्वस्तो ब्रह्मणा शक्रः प्रविवेशामरावतीम् ।

ब्रह्माले ढाडस दिइएका इन्द्र अमरावतीमा पसे।

नारद उवाच– नारदले भने–

अत एव हि गोविन्द महेन्द्रदमनोऽसुरः ।।२२।।
प्रद्युम्नेनैव हन्तव्यो दारुणोऽपि न संशयः ।

यसै कारणले नै गोविन्द! डरलाग्दो भए पनि निश्चय महेन्द्रदमन दैत्यलाई प्रद्युम्नले नै मार्नुपर्छ।

प्रद्युम्नोऽपि मया साकमतो गच्छतु सुप्रभाम् ।।२३।।
प्रातस्त्वयाऽपि गोविन्द समागन्तव्यमेव हि ।

यसैले प्रद्युम्न पनि मसँग सुप्रभामा जाऊन्, गोविन्द! विहान तपाईं पनि आउनुपर्छ नै।

इति नारदवाक्यान्ते प्रद्युम्नं मधुसूदनः ।।२४।।
सुप्रभां प्रेषयामास नारदेन समं तदा ।

यति नारदले भनेपछि नारदका साथ मधुसूदनले प्रद्युम्नलाई सुप्रभामा पठाए।

आरुह्य गरुडं शीघ्रं प्रद्युम्नः प्राप तत्क्षणात् ।।२५।।
चन्दनाशैलशिखरं यत्रास्ते हि प्रभावती ।

चाँडै नै गरुड चढेर जहाँ चन्दना पर्वतको (चन्दागिरिको) शिखरमा प्रभावती थिइन्, त्यहाँ तुरुन्तै प्रद्युम्न पुगे।

सर्वर्तुकुसुमाकीर्णे नानावृक्षमनोहरे ।।२६।।
विचित्रमण्डपे खट्वासुप्ता देवी प्रभावती ।
आविलोक्य शरज्ज्योत्स्नां हृदयेन विदूयता ।।२७।।
संचिन्तयन्ती प्रद्युम्नं गिरिजावरदानतः ।
शशाङ्कं निन्दयामास कामबाणप्रपीडिता ।।२८।।

सबै ऋतुमा हुने फूलले ढाकिएको, विभिन्न रूखहरूले मनोहर भएको अनौठो मण्डपमा रहेको पलङमा सुतेकी, खिन्न हृदयले शरत्कालीन चन्द्रमाको उज्यालो-लाई हेरेर पार्वतीको वरदानवाट प्रद्युम्नलाई सम्झँदी, कामबाणले पीडा गरिएकी देवी प्रभावतीले चन्द्रमालाई निन्दा गरिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभावती उवाच– प्रभावतीले भनिन्–

जन्म क्षीरपयोनिधौ निवसतिः शम्भोः सदा मस्तके
पीयूषाम्बुधितां गतः क्रतुभुजां शैत्यं स्वभावस्तव ।
भूत्वा चण्डकरो निहंसि कुपितो बालामनाथां भृशं
नो जानामि कलानिधान भवता किं कारणं कथ्यताम् ॥२९॥

क्षीरसमुद्रको जन्म हो, सधैं शम्भुको शिरमा वास छ, देवताहरूको अमृतको समुद्र बनेका तिम्रो (चन्द्रमाको) स्वभाव ठण्डा हो। (तैपनि) रिसाएका तिमी ताता किरण भएको भई अनाथ बाला (तरुनी) लाई ज्यादै दुख दिन्छौ, कला-निधान ! तिमीले के कारणले हो यस्तो गरेको मलाई थाहा छैन, भन।

चकोरनेत्रसुखद चन्द्र चन्दनशीतल ।
जगदाह्लादको भूत्वा मां हंसि कृपणां कथम् ॥३०॥

हे च्याखुराका आँखालाई आनन्द दिने, हे चन्दन जस्ता शीतल चन्द्र ! संसार-लाई आनन्द गर्ने भएर पनि किन असहाय मलाई दुःख दिन्छौ ?

मम कान्तमुखेन त्वं जितोऽसि शशलाञ्छन ।
अतस्तस्य प्रियां हंसि करैरतिसुदुस्सहैः ॥३१॥

हे शशाङ्क (चन्द्र) ! मेरा प्याराको मुखले तिमी जितिएका छौ, यसै कारणले सहन नसकिने किरणले तिनकी प्यारीलाई मार्छौ ?

शशाङ्क क्षीणतामेषि वियोगिजनपीडनात् ।
तथाऽपि जायते चित्ते न घृणा ते वधूवधे ॥३२॥

हे शशाङ्क (चन्द्र) ! वियोगी जनलाई पिर्नाले खिइँदै जान्छौ, तैपनि वधू (आइमाई) लाई दुःख दिने तिम्रो चित्तमा घृणा उम्रँदैन।

कृतान्ततुल्यः शशलाञ्छन त्वं
करोमि किं वा सविधे न कान्तः ।
प्राणापहर्त्ता मदनो दुरन्तः
सत्यं भविष्यत्यचिरान्मदन्तः ॥३३॥

हे चन्द्रमा ! तिमी यमराज तुल्य छौ। म के गरूँ ? मेरो सामु तिमी सुन्दर पनि छैनौ। प्राण हर्ने कामदेवको पनि अन्त नहुने भयो। साँच्चै छिटै नै मेरो अन्त हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. कुसुमानि दहन्ति मानसं
विपरीतः पवनोऽपि दक्षिणः ।
भ्रमतामलिनां हि सुस्वरै-
र्बधिरे मे श्रवणे कृते भृशम् ।।३४।।

फूलहरू मनलाई भसक्क पार्छन्, दक्षिणानिल पनि पोल्ने हुन्छ, घुम्ने भमराका हुनहुनले पनि मेरा कान औंधी वहिरा भइसके ।

६. कोकिलाकलरवेन मानसं
जायते हि भृशमाकुलं मम ।
पार्श्वमेषि न हि माधवात्मज
किं करोमि मदनः सुदारुणः ।।३५।।

कोइलीको कलरव (कराइ) ले मेरो मन ज्यादै आकुल हुन्छ । माधवात्मज (प्रद्युम्न) नजीक आउँदैनौ, कामदेव कठोर छ, म के गरूँ !

शिरीषसुकुमाराङ्गी बालाऽहं नवयौवना ।
चाण्डालादधिकश्चण्डो धनुःपाणिर्मनोभवः ।।३६।।

शिरीष जस्तो कोमल अङ्ग भएकी भर्खरकी (तरुनी) म छु, हातमा धनु भएको मनोभव (मनबाट पैदा हुने अर्थात् कामदेव) चण्डालभन्दा पनि वढी कठोर छ ।

वरो दत्तो गिरिजया प्रद्युम्नो दयितस्तव ।
नाद्यापि स समायाति किं कर्त्तव्यमतः परम् ।।३७।।

प्रद्युम्न तिम्रा प्रिय हुन् भनेर पार्वतीले वर दिइन्, अहिलेसम्म पनि उनी आउँदैनन्, अव के गर्ने होला नि !

इत्थं बहुविधैर्वाक्यैर्यावच्चन्द्रं विनिन्दति ।
तावदाकाशमार्गेण प्रद्युम्नो मुनिना सह ।।३८।।
ददृशे च तयाऽत्यन्तभीतया मुनिसत्तम ।
किमयं भास्करो देवः किमुताग्निः समागतः ।।३९।।
एवं प्रभावती यावन्निरूपयति सत्वरम् ।
तावत् प्रद्युम्नसहितो नारदः पुरतः स्थितः ।।४०।।

हे मुनिसत्तम (जैमिनि) ! यस्तै अनेक किसिमका कुराले जव चन्द्रमालाई निन्दा गर्छिन्, त्यसै बेला आकाशमार्गद्वारा आएका मुनिसहितका प्रद्युम्नलाई खूव डराएकी तिनले देखिन् ! 'यी सूर्यदेव हुन् कि ? अथवा अग्नि पो आए कि ! भनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जव प्रभावतीले निहालेकी मात्रै हुन्छिन्, अनि त्यसै बखतमा प्रद्युम्नका साथै नारद अगाडि आइहाले ।

वीणापाणिं मुनिं दृष्ट्वा प्रद्युम्नसहितं स्वयम् ।
उत्थाय प्रणतिं चक्रे तदा देवी प्रभावती ॥४१॥
तावत् प्रभावतीं प्राह नारदो मुनिसत्तमः ।

प्रद्युम्नसहित, वीणा हातमा लिएका मुनिलाई देखेर देवी प्रभावतीले आफैं उठेर अभिवादन गरिन्, त्यसपछि श्रेष्ठ मुनि नारदले प्रभावतीलाई भने—

नारद उवाच— नारदले भने—

अयं ते पतिरायातः प्रभावति हरेः सुतः ॥४२॥
यो निर्दिष्टो गिरिजया सौन्दर्यालयतां गतः ।

प्रभावती ! हरिका छोरा यिनी तिम्रा पति आए, सौन्दर्यका घर भएका जुन यिनलाई पार्वतीले औंल्याएकी थिइन् ।

गान्धर्वेण विवाहेन भजस्वामुं हरेः सुतम् ॥४३॥
पूर्णो मनोरथश्चास्तु तवाद्य हरिणेक्षणे ।

गान्धर्व विवाहद्वारा यी हरिका छोरालाई पति वनाऊ । हे मृगको जस्तो आँखा भएकी (प्रभावती) ! आज तिम्रो मनोरथ पूर्ण होओस् ।

मार्कण्डेय उवाच— मार्कण्डेयले भन्नुभयो—

जैमिने नारदवचः श्रुत्वा देवी प्रभावती ॥४४॥
कृताञ्जलिपुटा भूत्वा भूयः प्रोवाच नारदम् ।

हे जैमिनि ! नारदको वचन सुनेर देवी प्रभावतीले हात जोरेर फेरि नारदलाई भनिन् ।

प्रभावत्युवाच— प्रभावतीले भनिन्—

मुनेप्रज्ञप्तुमिच्छामि श्रूयतां मुनिसत्तम ॥४५॥
महेन्द्रदमनो भ्राता ममास्ति बलवान् प्रभुः ।
वासवो येन समरे विजितः स्वेन तेजसा ॥४६॥

हे मुनि ! विन्ती गर्न चाहन्छु, सुन्नुहोस् । हे असल मुनि ! जसले लडाइँमा आफ्ना तेजले इन्द्रलाई पनि जित्नुभयो, त्यस्ता वलवान् संरक्षक मेरा दाजु महेन्द्रदमन हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयं च सुकुमाराङ्गः सम्यगप्राप्तयौवनः ।
यदि जानाति दैत्येन्द्रः कथं स्वस्ति भविष्यति ॥४७॥

यहाँ (प्रद्युम्न) राम्ररी यौवनमा पुग्नु नै नभएका, कलिलो अङ्ग भएका हुनुहुन्छ, यदि दैत्येन्द्रले थाहा पाए कसरी कल्याण होला र !

श्रुत्वा प्रभावतीवाक्यं पुनः प्रोवाच तां मुनिः ।
श्रूयतां मृगशावाक्षि हितं यत् ते वदाम्यहम् ॥४८॥

प्रभावतीको कुरा सुनेर फेरि मुनिले तिनलाई भने– हे मृगशावाक्षी (मृगको वच्चाको जस्तो आँखा भएकी) ! हित कुरो तिमीलाई म भन्छु, सुन ।

नारद उवाच– नारदले भने –

महेन्द्रदमनाद् भ्रातुर्मा भयं कुरु भामिनि ।
अनेन निहतः संख्ये दुर्जयः कालसम्बरः ॥४९॥

दाजु महेन्द्रदमनदेखि डर नगर । भामिनी, यिनैले दुर्जय कालशम्वरलाई युद्धमा मारे ।

महेन्द्रदमनं दैत्यमयमेव हनिष्यति ।
देवी प्रभाते विमले महद्युद्धं भविष्यति ॥५०॥

महेन्द्रदमन दैत्यलाई यिनैले नै मार्नेछन्, हे देवी ! निर्मल प्रभातमा ठूलो युद्ध हुनेछ ।

आगमिष्यति ते देवि श्वशुरो गरुडासनः ।
प्रद्युम्नस्य सहायार्थं श्वः प्रभाते न संशयः ॥५१॥

देवी ! तिम्रा ससुरा गरुड वाहन भएका (कृष्ण) प्रद्युम्नको सहायताका लागि भोलि विहान निश्चय आउनुहुनेछ ।

हत्वा महेन्द्रदमनं दुर्जयं देवकण्टकम् ।
चन्द्रावत्या विवाहोऽपि कर्त्तव्योऽनेन भामिनि ॥५२॥

जित्न मुश्किल पर्ने देवताहरूको शत्रु महेन्द्रदमनलाई मारेर चन्द्रावतीको विहा पनि यिनैसँग गर्नुपर्छ, भामिनी !

द्वारवत्यां त्वया गत्वा पत्याऽनेन मृगेक्षणे ।
भोक्तव्या विविधा भोगा देवैरपि सुदुर्लभाः ॥५३

हे मृगेक्षणा (मृगको जस्तो आँखा भएकी) ! यी पतिसँग द्वारवती (द्वारका) मा तिमी गएर देवताहरूले पनि पाउन कठिन पर्ने अनेक किसिमका भोग (आनन्दका साधन) हरूको उपभोग गर्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति नारदवाक्यान्ते पुनः प्राह प्रभावती ।

नारदले यस्तोभनेपछि प्रभावतीले फेरि भनिन् ।

प्रभावत्युवाच– प्रभावतीले भनिन्–

पत्याऽनेन मम भ्राता हन्तव्यो यदि नारद ॥५४॥

जीवनेन सुखेनापि न कार्यं विद्यते मम ।

नारद ! यदि यहाँ पतिले मेरो दाजु मार्नुपर्छ भने मेरो सुखी जीवनको पनि केही काम छैन ।

अकीर्तिः सर्वलोकेषु भविष्यति न संशयः ॥५५॥

प्रभावत्या हि पत्यर्थे स्वभ्राता विनिपतितः ।

प्रभावतीले लोग्नेका लागि आफ्नो दाजुलाई पनि मारी भन्ने जताततै अकीर्ति (वा बुईंबुई) निश्चय हुन्छ ।

अतो नारद नेच्छामि प्रद्युम्नं पतिमुत्तमम् ॥५६॥

अकीर्ततः परंः भीत्या यात्वथं स्वगृहं मुने ।

अकीर्तिको ठूलो डरले गर्दा हे मुनि नारद ! उत्तम प्रद्युम्न जस्तालाई पति वनाउन सक्तिनँ, वहाँ आफ्नै घर पाल्नुभए हुन्छ ।

इति वाक्यं तदा श्रुत्वा पुनः प्रोवाच नारदः ॥५७॥

यस्तो कुरो सुनेर नारदले फेरि भने ।

नारद उवाच– नारदले भने–

अस्मिन्नर्थे मा विषादस्तवास्तु वरवर्णिनि ।

पितुः कुलाधिकं कान्तमिच्छन्ति च वरस्त्रियः ॥५८॥

हे सुन्दरी ! यसका लागि तिमीले खेद नगर, उत्तम स्त्रीहरूले वावुको कुलभन्दा पतिलाई चाहन्छन् ।

भवितव्यं भवत्येव प्रयासस्तु निरर्थकः ।

अत एवं न शोचन्ति पण्डिता मृगलोचने ॥५९॥

हुने कुरो भइहाल्छ, मेहनत वेकार हो । यसैले हे मृगलोचना (मृगको जस्तो आँखा भएकी) ! पण्डितहरू यस्तो कुरोलाई सोच्दैं सोच्दैनन् ।

इदं विधात्रा रचितं श्रूयतां वरवर्णिनि ।

प्रद्युम्नस्ते पतिर्भावी सत्यं पङ्कजलोचने ॥६०॥

हे सुन्दरी ! सुन, यो त विधिले रचना गरेको हो, हे पङ्कजलोचना (कमलको जस्तो आँखा भएकी) ! निश्चय नै तिम्रा पति प्रद्युम्न हुने नै छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेन्द्रदमनो दैत्यो हन्तव्योऽनेन सर्वथा ।
इति ज्ञात्वा वरारोहे विषादं मुञ्च भामिनी ॥६१॥
मृगेन्द्रशिखरं यामि प्रातरेष्यामि तेऽन्तिके ।

हे भामिनी ! महेन्द्रदमन दैत्यलाई यिनले जसरी पनि मार्नेपर्छ, यस्तो सम्झेर वर रोज्नमा खेद नगर, (अहिले) मृगेन्द्रशिखर जान्छु, तिमी भएको ठाउँमा बिहान आउनेछु ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–
इत्युक्त्वा नारदमुनिर्मृगेन्द्रशिखरं ययौ ॥६२॥
गत्वा तत् कथयामास सूर्यकेतोः प्रभोः पुरः ।

यति भनेर नारदमुनि मृगेन्द्रशिखरमा गए । गएर त्यो (सबै) सूर्यकेतु राजाको अगाडि भने ।

गते मुनिवरे देवी प्रद्युम्नाय स्वमासनम् ॥६३॥
ददौ च लज्जिता भूत्वा न हि प्रोवाच किंचन ।
त्रपानतमुखीं देवीं प्रद्युम्नः प्राह सादरम् ॥६४॥

मुनिवर गएपछि देवी (प्रभावती) ले प्रद्युम्नलाई आफ्नो आसन दिइन्, लज्जालु भएर केही पनि बोलिनन् । लाजले घोसेमुन्टो गरेकी देवीलाई आदरपूर्वक प्रद्युम्नले भने–

त्वद्‌रूपसम्पदं श्रुत्वा नारदस्य मुखान्मया ।
लब्धा निद्रा मया नैव सदा त्वद्‌गतचेतसा ॥६५॥

नारदको मुखबाट तिम्रो रूपसम्पद् (औधी राम्रो रूप) सुनेर सधैं तिमीमा चित्त लागेकोले मैले निद्रा नै पाइनँ ।

इत्यादि विविधं वाक्यमुक्त्वा माधवबालकः ।
उपयेमे विवाहेन गान्धर्वेण प्रभावती ॥६६॥

इत्यादि अनेक कुरा भनेर माधवका छोराले गान्धर्व विवाहद्वारा प्रभावतीलाई विहा गरे ।

ततोऽङ्कमध्यमारोप्य राजपुत्रीं प्रभावतीम् ।
प्रद्युम्नो रूपिणां श्रेष्ठ इदं वचनमब्रवीत् ॥६७॥

त्यसपछि राजपुत्री प्रभावतीलाई काखमा राखेर राम्राहरूमा पनि राम्रा प्रद्युम्नले यो कुरा भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

कान्तिमान् नयनानन्दजननो जनमोहनः ।
प्रयाति पश्य पूर्णेन्दुस्त्वद्वक्त्रस्योपमा प्रिये ॥६८॥

प्यारी! उज्याला, आँखालाई आनन्द दिने, मानिसलाई लट्ठ पार्ने पूर्ण चन्द्रमा हेर त तिम्रो मुखको उपमा हुन पुगेको छ ।

संकुचत्पङ्कजनिकरं विहाय कमलोत्पलम् ।
प्रयाति मधुलिट् कोऽपि विकसत्कुमुदोदरम् ॥६९॥

कमलहरू वैलाए, कमललाई छोडेर कुनै भमरा फुलेको कुमुदतिर जान्छ ।

भृङ्गराजभराक्रान्तकेशरं कुमुदं प्रिये ।
पीताधरमिवाभाति रत्यन्ते कामिनीमुखम् ॥७०॥

प्यारी ! भमराहरूले केशर अँठ्याइएको कुमुद (राती फुल्ने सेतो कमल) रतिको अन्त्यमा ओठ चुसिएकी कामिनी (काम भएकी स्त्री) को मुख जस्तो लाग्दछ ।

मन्दमारुतविक्षिप्तैः प्रचलद्भिः सुकोमलैः ।
पल्लवाञ्जलिभिः पुष्पं क्षिपन्ति तरवः प्रिये ॥७१॥

मन्द हावाले छरिएका, चञ्चल र कोमल पालुवाका अञ्जलिले रूखहरू फूल छर्दछन् प्रिये !

स्मितपुष्पोद्गममयं रुचिराधरपल्लवम् ।
भूलतानृत्यबहुलमुद्यानमिव त्वन्मुखम् ॥७२॥

अलि अलि हाँसेको (अलि अलि फक्रेको), फूल निस्के जस्तो, राम्रा पालुवा जस्ता ओठ भएको, पृथ्वीका लहराका नाचहरू भएको वगैंचा जस्तो तिम्रो मुख छ ।

इत्युक्त्वा प्रियवाक्येन प्रियां प्रेमप्रवर्तकः ।
रेमे स रुक्मिणीसूनू रम्ये गिरिवरे तदा ॥७३॥

यस्तां प्यारां कुरा प्रियालाई भनेर प्रेम-प्रवर्त्तक ती रुक्मिणीका छोराले त्यस वेला त्यो राम्रो पर्वतमा रमण गरे ।

60 ततः स्फुरत्पद्मपरागपिञ्जरा
तरङ्गमालारुचिरा फलावृता ।
प्रभावती हंसकलप्रतापिनी
सरोरुहिण्या उपमानतां ययौ ॥७४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि फुलेका कमलका परागले पहेंलो भएको, अनेक तरङ्गहरू भएको हाँसको शब्दले ढाकिएको तलाउ जस्तै (सहवासले पहेंली भएकी, अनेक तरङ्ग लिएकी र मीठा शब्द बोल्ने) प्रभावती भइन् ।

इति श्रीस्कन्दपुराणो हिमवत्खण्डे नेपाल–माहात्म्ये नवमोऽध्याय ।।९।।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपाल–माहात्म्यको नवौं अध्याय ।।९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

दशौं अध्याय

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

वारुणीदिशमापन्ने शशाङ्के फेनसन्निभे ।
संप्राप्तं नारदं दृष्ट्वा प्रद्युम्नो वाक्यमब्रवीत् ॥१॥

फींज जस्ता चन्द्रमा पश्चिम दिशापट्टि पुगेपछि आइपुगेका नारदलाई देखेर प्रद्युम्नले भने–

कथं जेयः स देवर्षे दानवेन्द्रः सुदुर्जयः ।
सुव्यक्तं बालभावेन स्वल्पवीर्येण वै मया ॥२॥

हे देवर्षि ! बालक, थोरै बल भएको मैले त्यो जित्न गाह्रारो पर्ने दानवराज कसरी जितिन्छ ?

तस्य तद्वचनं श्रुत्वा प्रद्युम्नस्य महात्मनः ।
अब्रवीदीदृशं वाक्यं भगवान् नारदो मुनिः ॥३॥

ती महान् प्रद्युम्नको त्यो बोली सुनेर भगवान् नारद मुनिले यस्तो कुरा भने–

जेष्यसि त्वं महाबाहो दानवेन्द्रं सुदुर्जयम् ।
ब्रह्मणो वचनादेव दैत्येन्द्रेण दुरात्मना ।
जितं लोकत्रयं तेन लोकपालाभिरक्षितम् ॥५॥

दुरात्मा दैत्येन्द्रले लोकपालहरूले रक्षा गरिएको तीनै लोक जित्यो, त्यस्तो जित्न ज्यादै मुश्किल पर्ने दानवराजलाई ब्रह्माको वरदानबाट नै हे महाबाहु (ठूला हात भएका) ! तिमीले जित्नेछौ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततः प्रहृष्टहृदयो हर्षाद्रोमाञ्चितः प्रियाम् ।
अब्रवीदीदृशं वाक्यं श्रीमान् मकरकेतनः ॥६॥

त्यसपछि खुशी मन भएका, हर्षले गर्दा रोमाञ्चित भएका श्रीमान् मकरकेतु (प्रद्युम्न) ले प्रियालाई यस्तो कुरा भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महर्षेर्वचनं चैतच्छ्रुतं ते कमलानने ।
क्रियतां मङ्गलं देवि जयार्थं मम सर्वथा ॥७॥

हे कमलानना (कमल जस्तो मुख भएकी) ! तिमीले महर्षिको यो कुरा सुन्यौ, हे देवी ! सव तरहले मेरो जीतका लागि मङ्गल गर ।

ततः प्रभावती देवी वाष्पपूर्णविलोचना ।
मङ्गलं रचयामास पत्युर्जयविधायिनी ॥८॥

गहभरि आँसु गर्दै प्रभावतीले पतिको विजय चाहेर मङ्गल रचिन् ।

मङ्गलं रचितं देव्या दृष्ट्वा मकरकेतनम् ।
अब्रवीद्धृष्टहृदयो नारदो मुनिसत्तमः ॥९॥

देवीले मङ्गल गरिएका मकरकेतन (प्रद्युम्न) लाई देखेर खुशी मन भएका मुनिमा श्रेष्ठ नारदले भने–

त्वत्पिता भगवान् विष्णुः शङ्खचक्रगदाधरः ।
अद्य त्वद्विजयं द्रष्टुं गरुडेनागमिष्यति ॥१०॥

तिम्रा वुवा शङ्ख चक्र गदा लिएका भगवान् विष्णु आज तिम्रो विजय हेर्न गरुडमा चढेर आउनुहुनेछ ।

तवैव विजयं द्रष्टुं प्रहृष्टस्त्रिदशैः सह ।
आगमिष्यति भो वत्स भगवान् पाकशासनः ॥११॥

हे वावु ! तिम्रै विजय हेर्न देवताहरूका साथ खुशी भएका भगवान् इन्द्र पनि आउनुहुनेछ ।

शङ्खो नाम दुराधर्षः शङ्खदुन्दुभिनिःस्वनः ।
सेतुं संरक्ष्य यत्नेन वर्तते देवकण्टकः ॥१२॥

जित्न मुश्किल पर्ने, शङ्ख र कर्नालको जस्तो स्वर भएको शब्द गर्ने शङ्ख नाम भएको देवकण्टक आलीको रक्षा गरेर बस्दछ ।

वलात् पादेन संपीड्य जयार्थेनात्मनस्त्वया ।
पूरणीयो दुराचारो यथा जायेत वै स्वनः ॥१३॥

आफ्नो जीत चाहने तिमीले वलैसँग लात हानेर जसरी आवाज हुन्छ, त्यसरी नै त्यस दुराचारलाई फुक्नुपर्छ ।

तस्य नादेन घोरेन वज्रनिर्ह्लादवर्चसा ।
भविष्यति महात्रासो दानवानां दुरात्मनाम् ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

वज्रको आवाज जस्तो शक्ति भएको डरलाग्दो स्वरले दुरात्मा दावनहरूमा ठूलो त्रास हुनेछ ।

हत्वा दैत्यं दुरात्मानं सानुजं बलदर्पितम् ।
पूरणीयस्त्वया पुत्र देवेन्द्रस्य मनोरथः ॥१५॥

दाजु भाइ भएको, बलले मात्तिएको दुरात्मा दैत्यलाई मारेर हे बाबु ! तिमीले इन्द्रको इच्छा पूरा गर्नुपर्छ ।

इत्युक्त्वा मुनिना शीघ्रं जयाशीर्भिः प्रपूजितः ।
प्रययौ रुक्मिणीसूनू रम्यं शङ्खालयं गिरिम् ॥१६॥

यति भनेर मुनिले जय र आशीर्वादले सम्मान गरिएका रुक्मिणीका छोरा (प्रद्युम्न) चाँडै नै शङ्ख बस्ने रमणीय पर्वतमा गए ।

स्थित्वा शङ्खविलद्वारे कृतनादो महाबलः ।
सेतोर्विदारणारम्भं चकार मकरध्वजः ॥१७॥

शङ्खको खोंचको ढोकामा वसी शव्द गर्ने महाबली प्रद्युम्नले आली भत्काउने काम शुरू गरे ।

ततः शङ्खो विनिष्क्रम्य स्वविलाद् बलदर्पितः ।
अब्रवीद्भीषणं वाक्यं दंष्ट्रादीप्तविलोचनः ॥१८॥

अनि वलले मात्तिएको, दाह्राले बलेको आँखा भएको शङ्खले आफ्नो प्वालबाट निस्की डरलाग्दो कुरा भन्यो–

कस्याज्ञया त्वया क्रूर मम वीर्याभिरक्षितम् ।
अगम्यं त्रिदशैश्चापि क्रियते सेतुदारणम् ॥१९॥

हे क्रूर ! कसले भनेर मेरो वलले रक्षा गरिएको, देवताहरूले पनि केही गर्न नसक्ने आली भत्काउँछस् ए ?

इत्युक्त्वा सहसा दैत्यो रक्तास्यो रक्तलोचनः ।
तलेनाहत्य प्रद्युम्नं चकारातीव विह्वलम् ॥२०॥

यति भनेर रातो मुख र रातै आँखा भएको दैत्यले तुरुन्तै प्रद्युम्नलाई थप्पड हानेर ज्यादै नै विह्वल पाऱ्यो ।

ततः क्षणात् समुत्थाय बाहुयुद्धेन दानवम् ।
भूमौ निपातयामास प्रद्युम्नो बलिनां वरः ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि वलियाहरूमा श्रेष्ठ प्रद्युम्नले तुरुन्तै उठेर वाहुयुद्धद्वारा दानवलाई भुईंमा पछारिदिए ।

भूमौ निपतितं शङ्खं विष्णुशङ्खसमस्वनम् ।
पादेनाक्रम्य जठरे पुपूरेऽतिशयं तदा ॥२२॥

विष्णुको शङ्खको जस्तो स्वर भएको, भुईंमा पछारिएको शङ्खलाई खूवसँग भुँडीमा लात्ताले हानेर वेस्करी वजाए ।

शङ्खनादेन घोरेण प्रवुद्धः कच्छपासुरः ।
जलान्निष्क्रम्य वलवान् ननादातिशयं भयात् ॥२३॥

डरलाग्दो शङ्खनादले विउँझेको वलवान् कच्छपासुर पानीवाट निस्केर डरले खूव चिच्यायो ।

ततो विराधं घनघोरनिःस्वनं
महामुखं मण्डललोचनद्वयम् ।
ददर्श वीरो मधुसूदनात्मजो
जलोषितं शैलसमानविग्रहम् ॥२४॥

त्यसपछि घनघोर शब्द गर्ने, ठूलो मुख भएको, वाटुला दुई आँखा भएको, पानीले भिजेको, पर्वत जस्तो शरीर भएको विराध (कच्छपासुर) लाई मधुसूदनका वीर छोराले (प्रद्युम्नले) देखे ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततः शङ्खनिनादेन विराधस्य स्वनेन च ।
विलं प्रकम्पितं दृष्ट्वा किमेतज्जातविभ्रमः ॥२५॥
परिशङ्क्य रिपोः किंचिद् भयं भयविधायिभिः ।
निमित्तैः सहसा राजा खड्गवाणधनुर्धरः ॥२६॥
सन्नद्धकवचो घोरैर्योधैः कतिपयैर्वृतः ।
शैलशृङ्गप्रतीकाशो भिन्नवैदूर्यसुप्रभः ॥२७॥

अनि शङ्ख दैत्यको स्वरले र विराधको स्वरले पनि यो विल (प्वाल) थर्किएको देखेर हडवडाएको छँदो, डर गराउने कारण मात्रका (नाम मात्रका) शत्रुहरूको केही भयको शङ्का गरेर झटपट खड्ग वाण र धनु लिएको, कवच लाएको, कतिपय भयङ्कर लडाकाहरूले घेरिएको, मानो शैलशृङ्ग वरोवरको, वैदूर्यमणिको जस्तो कान्ति भएको राजा (महेन्द्रदमन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ममाज्ञातप्रभावः को विराधाख्यं ममानुजम् ।
विरोधयति दुर्बुद्धिरित्युक्त्वा क्रोधमूर्छितः ॥२८॥
निष्क्रम्य स्वबिलात् तस्थौ श्रीमानसुरसत्तमः ।

मेरो प्रभाव नजानेको को बुद्धि नभएको मेरो भाइ विराधको विरोध गर्छ ए ! यस्तो भनेर रिसले भाउन्न भएको श्रीमान् दैत्यराज आफ्नो विल (वासस्थान) वाट निस्केर खडा भयो ।

समक्षमागतं दृष्ट्वा महेन्द्रदमनं रुषा ॥२९॥
ततो विरोधिनं त्यक्त्वा विराधं कूर्मरूपिणम् ।
दैत्येन्द्राभिमुखस्तस्थौ रथमारुह्य केशविः ॥३०॥

रिसले अगाडि आएको महेन्द्रदमनलाई देखेर, विरोध गर्ने कच्छप (कछुवा) रूप भएको विराधलाई छोडेर रथमा चढेका केशव (विष्णु) का छोरा (प्रद्युम्न) दैत्येन्द्रको अगाडि उभिए ।

समक्षमागतं दृष्ट्वा प्रद्युम्नं युद्धकाङ्क्षिणम् ।
वाक्यं क्रूरतरं प्राह श्रीमानसुरसत्तमः ॥३१॥

अगाडि आएका लड्न खोज्ने प्रद्युम्नलाई देखेर श्रीमान् दैत्यले ज्यादै क्रूरतर वाक्य भने–

कस्याज्ञया त्वया क्रूर वाध्यते मम कच्छपः ।
कस्य पुत्र इति त्वं च ज्ञातुमिच्छामि तद्वद ॥३२॥

क्रूर ! कसले भनेर तँ मेरो (कच्छपासुर) लाई पीडा दिन्छस् हँ ? कसको छोरो होस् तँ, भन्, म जान्न चाहन्छु ।

तस्य तद्वचनं श्रुत्वा दैत्येन्द्रस्य महात्मनः ।
अब्रवीन्मधुरं वाक्यं प्रद्युम्नो वलिनां वरः ॥३३॥

त्यो ठूलो दैत्यन्द्रको वोली सुनेर वलियाहरूमा पनि वलिया भएका प्रद्युम्नले मीठो वोली वोले–

निपातितो मया शङ्खः शङ्खदुन्दुभिनिःस्वनः ।
विराधं पातयिष्यामि दुरात्मानं जलोषितम् ॥३४॥

शङ्ख र कर्नालको शव्द गर्ने शङ्खलाई मैले पछारिदिएँ, अव पानीले भिजेको दुरात्मा विराधलाई पछार्नेछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रद्युम्न इति विख्यातो विष्णोर्भगवतः सुतः ।
प्राप्तो युष्मद्विनाशाय देवेन्द्रस्य शुभेच्छया ॥३५॥

प्रद्युम्न भनेर प्रख्यात भएको विष्णु भगवान्‌को छोरो देवेन्द्रको शुभेच्छाद्वारा तिमीलाई मार्नका लागि आइपुगको छु ।

तस्य तद्वचनं श्रुत्वा रोषाद्रक्तविलोचनः ।
उवाच निष्ठुरं वाक्यं विहस्यासुरसत्तमः ॥३६॥

तिनको त्यो कुरो सुनेर रिसले राता आँखा भएको असुरश्रेष्ठले हाँसेर निठुरी कुरो भन्यो–

यदि केशवपुत्रस्त्वं संप्राप्तो भद्रकं कृतम् ।
चिरकालं मया ध्यातं लब्धं संदर्शनं तव ॥३७॥

यदि तिमी केशवका छोरा आइपुगेका ह्वौ भने ठीकै गर्‍यो, धेरै कालदेखि ध्याउन्ना गरेको तिमीसँग भेटघाट भयो ।

त्वां विलोक्य रणे सुप्तं रुधिरश्राववि‌प्लुतम् ।
शम्बरस्य वधाज्जातो मन्युर्मे शान्तिमेष्यति ॥३८॥

लडाइँमा तिमीलाई रगतको धारोले मुछिएको देखेर शम्बरको मृत्युवाट उत्पन्न भएको मेरो रिस शान्त हुनेछ ।

इत्युक्त्वा दशनैस्तीव्रैरभिपीड्याधरं स्वकम् ।
ववर्ष शरवर्षौघं श्रीमानसुरसत्तमः ॥३९॥

यति भनेर आफ्नो तल्लो ओठलाई दाँतले टोकेर ती असुरले वाणको वर्षा गरे ।

ततस्तस्मिन् क्षणे शीघ्रं प्रद्युम्नोऽपि महाबलः ।
जगाद कुपितो वाक्यं मुदितादित्यसन्निभः ॥४०॥

तुरुन्तै त्यसै वेला भर्खर निस्केका सूर्य जस्ता, रिसाएका महावली प्रद्युम्नले पनि वोली वोले –

त्वां निपात्य दुरात्मानं त्रिदशाधिपकण्टकम् ।
चन्द्रावत्या विवाहं च निर्विघ्नं वर्तयाम्यहम् ॥४१॥

देवराज इन्द्रको काँढो भएको तँ दुरात्मालाई पछारेर म निर्विघ्न भई चन्द्रावतीसँग विहे गर्छु ।

इत्युक्त्वा रुक्मिणीसूनुः कृतगाण्डीवमण्डलः ।
मुमोच सहसा बाणं रुक्मपुङ्खविभूषणम् ॥४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति भनेर रुक्मिणीका छोराले गाण्डीवलाई वाटुलो गरेर सुनको प्वाँखले सिंगारिएको वाण झटपट छोडे ।

ततस्तस्मिन् क्षणे घोरे वर्तमाने रणोत्सवे ।
गरुडेनागतः शीघ्रं शङ्खचक्रगदाधरः ॥४३॥

त्यसपछि त्यो चलिरहेको भयङ्कर लडाइँमा शङ्ख, चक्र, गदा लिएका (विष्णु) गरुडद्वारा चाँडै नै आए ।

प्रहृष्टैस्त्रिदशैः सार्धमप्सरोगणवेष्टितः ।
पूजार्थं रुक्मिणीसूनोः संप्राप्तस्त्रिदशेश्वरः ॥४४॥

खुशी भएका अप्सराहरूले घेरिएका इन्द्र देवताहरूका साथ रुक्मिणीका छोराको पूजाका लागि आइपुगे ।

ततो मुमोच दैत्येन्द्रो ज्वलत्कोपानलाकुलः ।
उल्कामुखं विडालास्यं ज्वालामालातिभीषणम् ॥४५॥

वल्दो रिसरूपी आगोले भाउन्निएको दैत्येन्द्रले ज्वालै ज्वालाले औधी डरलाग्दो भएको, उल्कामुख विडालास्य (विरालाको मुख भएको शस्त्र) छोड्यो ।

तच्छस्त्रं वारयामास प्रद्युम्नोऽपि महाबलः ।

ठूलो वल भएका प्रद्युम्नले पनि त्यो शस्त्र छेके ।

गृद्धकङ्कमुखं चैव काकोलूकमुखं शरम् ॥४६॥
मुमोच स महाबाहुर्महेन्द्रदमनस्तथा ।

ठूला हात भएको महेन्द्रमनले गिद्ध र ढुङ्गीफोरको मुख भएको, त्यस्तै काग र लाटोकोसेरोको मुख भएको शर छोड्यो ।

व्याघ्रसिंहशृगालास्यैः सारमेयमुखैस्तथा ॥४७॥
तच्छरं वारयामास प्रद्युम्नो वलिनां वरः ।

वाघ, सिंह, स्याल र कुकुरको मुख भएका शरले वलियाहरूमा पनि वलिया प्रद्युम्नले त्यो शर रोके ।

एकैकेनास्त्रमुख्येन वीरमेकैकमुत्तमम् ॥४८॥
प्रद्युम्नः पातयामास तत्क्षणात् समरान्तरे ।

एक एक मुख्य अस्त्रले एक एक उत्तम वीरलाई उत्तिखेरै त्यस लडाइँको वीचमा प्रद्युम्नले ढलाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तोकावशिष्टं स्वबलं प्रसमीक्ष्य महासुरः ॥४९॥
प्रद्युम्नस्य विनाशाय नागास्त्रं सन्दधे तदा ।

त्यस बेला आफ्नो सेना थोरै रहेको देखेर महासुरले प्रद्युम्नको नाशका लागि नागास्त्र लियो ।

ततो मुमोच दैत्येन्द्रो महेन्द्रदमनो रुषा ॥५०॥
विषाग्निज्वलिताकाशं नागास्त्रं घोररूपिणम् ।

त्यसपछि महेन्द्रदमन दैत्येन्द्रले रिसपूर्वक विषाग्निले आगो बाल्ने भयङ्कर आकारको नागास्त्र छोड्यो ।

नागास्त्रं पतितं दृष्ट्वा विषवह्निकलापिनम् ॥५१॥
हाहाशब्दो महाञ्जातो देवानां समरे तदा ।

विषको ज्वालाको समूहले युक्त नागास्त्र फ्याँकेको देखेर युद्धमा देवताहरूको ठूलो हाहाकार भयो ।

नागास्त्रदग्धः प्रद्युम्नः पतितश्चातिविह्वलः ॥५१॥
पक्षवातेन तार्क्ष्यस्य लब्धचेतो बभूव ह ।

नागास्त्रले पोलिएका प्रद्युम्न ज्यादै विह्वल भएर लडे, गरुडको प्वाँखको हावाले होशमा आए ।

नागास्त्रोऽपि दुराधर्षस्तार्क्ष्यपक्षनिपीडितः ॥५३॥
पपात सहसा भूमौ छिन्नमूल इव द्रुमः ।

नास्न नसकिने नागास्त्र पनि गरुडको पखेटाले पिरिएको छँदो फेद काटिएको रूख झैं भैंमा खस्यो ।

एवंविधे महद्युद्धे नारदो मुनिसत्तमः ॥५४॥
प्रद्युम्नं प्राह चागत्य वधोपायं शृणुष्व मे ।

यस्तो किसिमको महायुद्धमा प्रद्युम्नलाई ठूला मुनि नारदले आएर 'वध गर्ने मेरो उपाय सुन' भने ।

ब्रह्मणा भाषितं पूर्वं स्मर वाक्यं मनोभव ॥५५॥
मा गा विह्वलतां वीर पुत्रोऽसि मधुविद्विषः ।
शस्त्रेणायं त्वया जेतुं न शक्यो दानवोत्तमः ॥५६॥
मुष्टिमुद्यम्य वेगेन हन्यतामस्य मूर्धनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे मनबाट पैदा हुने कामदेव (प्रद्युम्न) ! पहिल्यै ब्रह्माले भनेको कुरो सम्झ, हे वीर ! विह्वल नहोऊ। मधुका शत्रु (विष्णु) को छोरो हौ । शस्त्रद्वारा तिमी यो उत्तम दानवलाई जित्न सक्दैनौ, वेगले मुड्की उठाएर यसको टाउकोमा ठोक।

इति नारदवाक्येन वेगान् निसृत्य कैशविः ॥५७॥
मुष्टिमुद्यम्य वेगेन शिरस्येनमताडयत् ।

यस्तो नारदको वाक्यले गर्दा प्रद्युम्न वेगसँग निस्केर वेगले मुड्की उठाएर यसलाई (महेन्द्रदमनलाई) टाउकोमा ठटाए ।

ततः पपात दैत्येन्द्र : कम्पयन्निव मेदिनीम् ॥५८॥
उद्वमन् रुधिरोद्गारं मुखेन नयनेन च ।

मुख र आँखावाट रगतको खोलो छाड्दै पृथ्वीलाई नै थर्काउला झैं गरेर दैत्येन्द्र भुईंमा पछारियो ।

सुप्रभावासिनः सर्वे संहते शक्रतापने ॥५९॥
पातालं विविशू रम्यं प्रद्युम्नभयपीडिताः ।

इन्द्रलाई पिर्ने (महेन्द्रदमन)मरेपछि सबै सुप्रभामा वस्नेहरू प्रद्युम्नको डरले आत्तिएका छँदा राम्रो पातालमा पसे ।

विचित्रपुष्पाणि निपेतुरम्बरा-
द्धतेऽसुरेन्द्रे हरिबालकेन ।
नेदुस्तदा दुन्दुभयो मनोज्ञा
जयेति देवा अपि चुक्रुशुर्मुदा ॥६०॥

प्रद्युम्नले दैत्येन्द्रलाई मारेपछि आकाशवाट रङ्गविरङ्गका फूलहरू खसे। देवताहरूले मनमाफिकका कर्नाल वजाए र हर्षसाथ जय शब्द गरे ।

हते तस्मिन् महादैत्ये वाग्मती सरितां वरा ।
नारीरूपधरा भूत्वा जगाम मधुसूदनम् ॥६१॥

त्यो ठूलो दैत्य मारेपछि नदीहरूमा श्रेष्ठ वाग्मती आइमाईको रूप लिएर मधुसूदन (विष्णु) भएको ठाउँमा गइन् ।

विष्णो जिष्णो हृषीकेश चक्रपाणे चतुर्भुज ।
उपेन्द्र देवकीपुत्र भद्रकीर्ते नमोऽस्तुते ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे विष्णु, जिष्णु (विजयी), हृषीकेश, चक्रपाणि (हातमा चक्र भएका), चतुर्भुज (चार हात भएका), उपेन्द्र, देवकीका छोरा, कल्याणदायक कीर्ति भएका! तपाईंलाई नमस्कार छ ।

केशवो रुक्मिणीनाथो माधवो मधुसूदनः ।
सत्यभामाप्रतिश्चासि द्वारकावासि सुप्रियः ॥६३॥

केशव, रुक्मिणीका स्वामी, माधव, मधुसूदन, द्वारकावासी, सुप्रिय सत्यभामाका पति हजूर नै हुनुहुन्छ ।

कंसासुररिपुश्चासि रुक्मिणीपतिरेव च ।
नमोऽस्तु लक्ष्मीपतये धरणीपतये नमः ॥६४॥

कंसासुरका शत्रु हुनुहुन्छ, रुक्मिणीका पति हुनुहुन्छ । लक्ष्मीपति र पृथ्वीपति तपाईंलाई नमस्कार ।

स्थूलं कूर्मवपुः कृत्वा मन्दरं विधृतं त्वया ।
वराहरूपमास्थाय त्वयैव धरणी धृता ॥६५॥

ठूलो कछुवाको शरीर लिएर तपाईंले मन्दर पर्वत धारणा गर्नुभयो । तपाईंले नै वराह रूप लिएर पृथ्वीलाई धारणा गर्नुभयो ।

कार्त्तवीर्यनिहन्ताऽसि त्वं हि भार्गवनन्दनः ।
निहन्ता रावणस्याऽपि त्वमेव रघुवंशजः ॥६६॥

कार्त्तवीर्यलाई मार्ने तपाईं हुनुहुन्छ । तपाईं नै भार्गवको छोरो हुनुहुन्छ । रावणको वध गर्न रघुवंशमा जन्मने (राम) पनि तपाईं नै हुनुहुन्छ ।

त्राता त्राणार्थिनां चासि दाता सर्वसुखस्य च ।
स्थितिकर्ता च लोकानां त्वमेव परिवर्तसे ॥६७॥

रक्षा चाहनेको रक्षा गर्ने हुनुहुन्छ, सबै सुखको दाता हुनुहुन्छ, लोकहरूको स्थिति गर्ने र परिवर्तन गर्ने पनि तपाईं नै हुनुहुन्छ ।

समर्थोऽसि हृषीकेश सेतुबन्धाविदारणे ।
गङ्गां द्रष्टुं गमिष्यामि त्वत्प्रसादाज्जनार्दन ॥६८॥

हे हृषीकेश ! बाँध फोर्न समर्थ हुनुहुन्छ, हे जनार्दन ! तपाईंको अनुग्रहबाट गङ्गालाई हेर्न जान्छु ।

वाग्मत्या वचनं श्रुत्वा हर्षोत्फुल्लविलोचनः ।
सेतुं विदारयामास चक्रेण भगवान् हरिः ॥६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाग्मतीको वचन सुनेर हर्षले प्रफुल्लित नेत्र भएका भगवान् हरिले चक्रद्वारा बाँध फोरे ।

सेतुबन्धे प्रभिन्ने तु विष्णुना प्रभविष्णुना ।
उत्पपात महाघोरो विराधः कच्छपासुरः ।।७०।।

समर्थ विष्णुले सेतुबन्ध (बाँध) फोरेपछि विराध नामको डरलाग्दो कच्छपासुर उफ्रियो ।

प्रभिन्नसेतुमालोक्य स क्रूरः कच्छपासुरः ।
वामहस्तेन दोलाद्रिं स्वर्णशृङ्गं परेण तु ।।७१।।
धृत्वा पातितुमारेभे सेतुबन्धस्य कारणात् ।

बाँध फुटेको देखेर त्यो रिसाहा कच्छपासुरले देब्रे हातले दोलाद्रिलाई र अर्को हातले स्वर्णशृङ्गलाई लिएर बाँध फोरेको कारणले गर्दा हान्न लाग्यो ।

शैलद्वयं दानवेन धृतं वीक्ष्य चतुर्भुजः ।।७२।।
मनसाऽप्यतिवेगेन गत्वा दोलाचलं प्रभुः ।
कीलेश्वरं स्थापयित्वा स्वर्णशृङ्गं जगाम ह ।।७३।।
तत्र स्वर्णेश्वरं लिङ्गं स्थापयित्वा जनार्दनः ।
भूयो जगाम तत्रैव यत्रास्ते कच्छपासुरः ।।७४।।

दुइटा डाँडा दानवले लिएको देखेर विष्णु खूबसँगको मनोवेगले दोलाचलमा गई कीलेश्वरको स्थापना गरेर स्वर्णशृङ्गमा जानुभयो, र त्यहाँ स्वर्णेश्वर लिङ्गको स्थापना गरी जनार्दन फेरि जहाँ कच्छपासुर थियो त्यहीं जानुभयो ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–
एवं लिङ्गद्वयं विप्र कृष्णेन स्थापितं स्वयम् ।
लिङ्गद्वयस्य ये भक्ता भविष्यन्ति नरा भुवि ।।७५।।
तेषां मनोरथप्राप्तिर्भविष्यति न संशयः ।

हे विप्र (जैमिनि) ! यसरी दुवै लिङ्ग कृष्ण आफैंले स्थापना गर्नुभयो । जो मानिसहरू पृथ्वीमा दुवै लिङ्गका भक्त हुन्छन्, तिनीहरूको इच्छित वस्तुको प्राप्ति निश्चय हुन्छ ।

चैत्रकृष्णचतुर्दश्यां कीलेश्वरमनुत्तमम् ।।७६।।
पूजयिष्यन्ति ये लोकास्ते वै कैलाशवासिनः ।

चैत्र कृष्ण चतुर्दशीमा जो मानिसहरू उत्तम कीलेश्वरलाई पूजा गर्नेछन् निश्चय तिनीहरू कैलाशवासी हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवरात्रीचतुर्दश्यां स्वर्णशृङ्गेश्वरान्तिके ।।७७।।
दीपमालां करिष्यन्ति भयं तेषां न भास्करेः ।

शिवरात्रीको चतुर्दशीमा स्वर्णशृङ्गेश्वरमा जो दीपमाला गर्नेछन् (वत्ती वाल्नेछन्) तिनीहरूलाई यमवाट डर हुनेछैन ।

स्वर्णशृङ्गेश्वरं देवं तथा कीलेश्वराभिधम् ।।७८।।
द्रक्ष्यन्ति ये नरा भक्त्या ते कृतार्था न संशयः ।

स्वर्णशृङ्गेश्वर देवलाई र कीलेश्वरलाई जुन मानिसहरूले भक्तिपूर्वक हेर्नेछन्, तिनीहरू निश्चय नै कृतार्थ हुन्छन् ।

स्वर्णशृङ्गेश्वरोत्पत्तिं तथा कीलेशसम्भवम् ।।७९।।
श्रोष्यन्ति ये नरा भक्त्या तेषां पापं विनश्यति ।

स्वर्णशृङ्गेश्वरको र कीलेश्वरको उत्पत्ति जुन मानिसहरूले भक्तिपूर्वक सुन्छन्, तिनीहरूको पाप नासिन्छ ।

विद्यालाभो ब्राह्मणस्य क्षत्रियो विजयी भवेत् ।।८०।।
वैश्यो धनसमृद्धः स्याच्छूद्रः कामानवाप्नुयात् ।
विद्यार्थी लभते विद्यां धनार्थी लभते धनम् ।।८१।।
गुर्विणी जनयेत् पुत्रं मोक्षार्थी मोक्षमाप्नुयात् ।

ब्राह्मणलाई विद्यालाभ हुन्छ, क्षत्री विजयी हुन्छ, वैश्य प्रशस्त धन भएको हुन्छ, शूद्रले इच्छा गरेको वस्तुहरू पाउनेछ, विद्यार्थीले विद्या पाउला, धन चाहनेले धन पाउला, पेट वोकेकीले छोरो पाउली, मोक्ष चाहनेले मोक्ष पाउला ।

वहुनोक्तेन किं कार्यं यं यं प्रार्थयते नरः ।।८२।।
तं तं काममवाप्नोति नात्र कार्या विचारणा ।

धेरै भन्नाले के काम हुन्छ र ! मानिसले जे जे प्रार्थना गर्छ त्यही त्यही चाहेको कुरा पाउनेछ, यसमा सोच्नै पर्दैन ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल माहात्म्ये दशमोऽध्याय ।।१०।।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमध्ये नेपाल माहात्म्यको दशौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एघारौं अध्याय

जैमिनिरुवाच- जैमिनिले भन्नुभयो –

मार्कण्डेय मुनिश्रेष्ठ लिङ्गं कीलेश्वराभिधम् ।
स्वर्णशृङ्गेश्वरं लिङ्गं स्थापयित्वा जनार्दनः ॥१॥
किं चकार तदाख्याहि कच्छपोऽपि चकार यत् ।

हे मुनिश्रेष्ठ मार्कण्डेय ! कीलेश्वर नामको लिङ्ग र स्वर्णशृङ्गेश्वर लिङ्गको स्थापना गरेर जनार्दनले के गर्नुभयो, त्यो र कच्छपासुरले जे गऱ्यो त्यो पनि भन्नुहोस ।

महेन्द्रदमनस्यापि कथात्यन्तमनोहरा ॥२॥
श्रुत्वा त्वत्तो महाभाग न तृप्तिमधियाम्यहम् ।

महेन्द्रमनको कथा पनि ज्यादै राम्रो रहेछ, हे महाभाग ! तपाईंबाट सुनेर म तृप्त नै हुन्नँ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

साधु साधु महाभाग जैमिने मुनिसत्तम ॥३॥
श्रूयतामभिधास्यामि यच्चकार जनार्दनः ।

महाभाग मुनिसत्तम हे जैमिनि ! ठीक ठीक सुन्नुहोस्, जनार्दनले जे गर्नुभयो त्यो भन्छु ।

लिङ्गद्वये स्थापिते तु विष्णुना प्रभविष्णुना ॥४॥
पर्वतद्वयमूलं तु गतं पातालमेव च ।

समर्थ विष्णुले दुइटा लिङ्गको स्थापना गरेपछि दुवै पर्वतको फेदी पातालै गयो (पुग्यो) ।

उत्पातुं न च शक्तोऽभूत् तौ शैलौ कच्छपासुरः ॥५॥
बाहुयुद्धेन युयुधे प्रद्युम्नेन बलीयसा ।
नारदोऽपि तदा शीघ्रं प्रद्युम्नमिदमब्रवीत् ॥६॥

कच्छपासुरले ती डाँडालाई फाल्न सकेन । अनि बलियाः प्रद्युम्नसँग बाहुयुद्धद्वारा लडयो । नारदले पनि चाँडै नै प्रद्युम्नलाई यो भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्वोत्तानं दुरात्मानं विराधं दानवाधमम् ।
अस्य कुक्षिगतं रत्नं शीघ्रमादातुमर्हसि ॥७॥

दानवाधम दुरात्मा विराधलाई उत्तानो पारेर यसको कोखामा रहेको रत्न चाँडै नै लेऊ ।

महर्षेर्वचनं श्रुत्वा कृत्वोत्तानं बलेन तम् ।
आददे सर्वरत्नानि खड्गेन लघुविक्रमः ॥८॥
परिवृत्य पुनः शीघ्रं संक्रुद्धः कच्छपासुरः ।
प्रद्युम्नं त्रासयामास नर्दमानं पुनः पुनः ॥९॥

महर्षिको वोली सुनेर त्यसलाई बलैले उत्तानो पारी छिटो छरितो भएका पराक्रमी तिनले सवै रत्नहरू खड्गद्वारा लिए । फेरि चाँडै नै फ़रक्क फर्केर रिसाएको कच्छपासुरले वारंवार गर्जदै प्रद्युम्नलाई तर्सायो ।

अत्यक्तजीवितं दृष्ट्वा संक्रुद्धं कच्छपासुरम् ।
हरिपुत्रं पुनः प्राह नारदो मुनिपुङ्गवः ॥१०॥

रिसाहा कच्छपासुरलाई नमरेको देखेर श्रेष्ठ मुनि नारदले फेरि हरिका छोरा (प्रद्युम्न) लाई भने ।

अत्र दानववीराणां प्रसादाच्छूलधारिणः ।
वाग्मतीजलसंश्लेषात् वधस्तेषां न विद्यते ॥११॥

यहाँ शूलधारी (शिव) को प्रसादबाट र वाग्मतीको पानीको संसर्गवाट ती दानववीरहरूको वध हुँदैन ।

तस्माद्विक्षेप यत्नेन पक्षेन गरुडस्य च ।
पश्चाच्छिरोऽस्य च्छेतव्यं चक्रेण मकरध्वज ॥१२॥

हे प्रद्युम्न ! त्यसै कारणले मेहनतसाथ गरुडको पखेटाद्वारा (पाखामा) हुत्याऊ, पछि चक्रले यसको शिर काट्नुपर्छ ।

महर्षेर्वचनं श्रुत्वा गरुडेन महौजसा ।
कच्छपः प्रापितः सद्यः स्थलं पक्षधरेण तु ॥१३॥

महर्षिको बोली सुनेर ठूलो तेज भएका पखेटादार गरुडले उत्तिखेरै कछुवालाई पाखामा पुऱ्याए ।

स्थलस्थं कच्छपं दृष्ट्वा तरुणादित्यवर्चसम् ।
शिरश्चिच्छेद कूर्मस्य पेतुश्चक्रेण केशविः ॥१४॥

मध्याह्न कालका सूर्यको जस्तो तेज भएको कछुवालाई पाखामा देखेर केशवका छोराले चक्रद्वारा कछुवाको टाउको काटे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विराधं निहतं दृष्ट्वा विस्मयोत्फुल्लमानसाः ।
ववर्षुः कुसुमं देवाः प्रद्युम्नोपरि हर्षिताः ॥१५॥

विराधलाई मारेको देखेर आश्चर्यले मन प्रफुल्लित भएका हर्षित देवताहरूले प्रद्युम्नउपर फूल वर्साए ।

बभूव सन्ध्यासमये कुङ्कुमारुणसुन्दरः ।
तमसा पूरिते व्योम्नि ज्योत्स्नानिकरसंवृतः ॥१६॥

अन्धकारै अन्धकार भएको आकाशमा जूनको समूहले ढाकिएका तिनी सन्ध्यासमयमा कुंकुमको रातोपनले सुन्दर भए ।

तदुत्सवादिवोद्भूतो रराज रजनीकरः ।
तस्यां रात्रौ चक्रपाणिर्वासं तत्र चकार हि ॥१७॥

त्यसै उत्सववाट निस्के जस्ता चन्द्रमा शोभित भए (उदाए) । त्यस रात विष्णु त्यहीं वास वसे ।

नारदोऽपि महाहृष्टो मृगेन्द्रशिखरं ययौ ।
सूर्यकेतोर्नृपस्याग्रे सर्वमाचष्ट तां कथाम् ॥१८॥

औधी खुशी भएका नारद पनि मृगेन्द्रशिखरमा गए र सूर्यकेतु राजाको अगाडि त्यो कथा वेली-विस्तारपूर्वक भने ।

हर्षनिर्भरसंयुक्तः सूर्यकेतुर्नराधिपः ।
तस्यां रजन्यां सगणो विष्णुमभ्युद्भवस्थलीम् ॥१९॥
अधित्यकां ययौ शीघ्रं नारदेन समन्वितः ।
सन्तुष्टं भूपतिः प्राह नारदो मुनिसत्तमः ॥२०॥

आफ्ना दल-बलले सहित नारदलाई साथ लिएर सारै खुशी भई सूर्यकेतु अधित्यका (पर्वतको उँभोतिरको भाग) मा तुरुन्तै गए । खुशी भएका राजालाई मुनिसत्तम नारदले भने–

अद्य नायास्यति विभुर्नृपते मधुसूदनः ।
त्वया मयाऽत्र स्थातव्यं विष्णुदर्शनवाञ्छया ॥२१॥

राजा ! व्यापक भएका मधुसूदन आज आउनुहुनेछैन, विष्णुलाई दर्शन गर्ने इच्छाले तपाईं र म यहीं वस्नुपर्छ ।

नारदस्य वचः श्रुत्वा प्राह भूपतिसत्तमः ।
श्रीकृष्णदर्शनोत्कण्ठा जायते महती मम ॥२२॥
नारायणस्य प्रतिमा कर्तव्याऽत्र मया मुने ।
नान्यथा चित्तशान्तिर्मे भविष्यति तपोधन ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारदको कुरा सुनेर राजाले भने– श्रीकृष्णलाई दर्शन गर्ने मेरो ठूलो उत्कण्ठा छ । म नारायणको प्रतिमा यहाँ बनाउँछु, तपोधन ! अन्यथा मेरो चित्त शान्त हुँदैन तपोधन !

नृपतेर्वचनं श्रुत्वा नारदः प्राह भूपतिम् ।
धन्योऽसि विष्णुभक्तोऽसि स्थापय प्रतिमां प्रभोः ॥२४॥
प्रातर्द्रष्टासि गोविन्दं प्रद्युम्नसहितं नृप ॥

राजाको कुरा सुनेर उनलाई नारदले भने– धन्य हुनुहुन्छ, विष्णुभक्त हुनुहुन्छ । प्रभुको प्रतिमा स्थापित गर्नुहोस्, हे राजा ! प्रद्युम्नसहितका गोविन्दलाई विहान देख्नुहुनेछ ।

इति नारदवाक्यान्ते प्रतिमां मधुविद्विषः ॥२५॥
जलस्थां स्थापयामासानन्तस्थां नरपालकः ।

यति नारदको कुरा सकिनासाथ राजाले जलको बीचमा अनन्त (शेषनाग) माथि मधुदैत्यका शत्रु (नारायण) को प्रतिमा स्थापित गरे ।

अनन्तभोगशयनं विष्णुं द्रक्ष्यन्ति ये नराः ॥२६॥
तेषां नारायणस्तुष्टः स्वस्थानं दास्यति ध्रुवम् ।

अनन्तभोगशयन (अनन्त नागमा सुतेका) विष्णुलाई जो मानिसहरूले दर्शन गर्नेछन्, खुशी भएका नारायणले तिनीहरूलाई आफ्नो स्थान निश्चय दिनेछन् ।

विष्णुं संस्थाप्य नृपतिर्महाविभवविस्तरैः ॥२७॥
महोत्सवेन रजनी निनाय नरपालकः ।

राजाले विष्णुको स्थापना गरेर मन फुकाएर खर्च गरी ठूलो उत्सवसाथ रात विताए ।

ततः प्रभाते विमले सूर्यकेतुर्नराधिपः ॥२८॥
जगाम मुनिसंयुक्तो यत्रास्ते मधुसूदनः ।

त्यसपछि स्वच्छ प्रभातमा मुनिले युक्त भएका सूर्यकेतु राजा मधुसूदन जहाँ थिए त्यहाँ गए ।

स विलोक्य जगन्नाथं सूर्यकेतुर्नराधिपः ॥२९॥
प्रणम्य दण्डवद् भूमौ रोमाञ्चाङ्कितविग्रहः ।

ती सूर्यकेतु राजाले जगन्नाथ (विष्णु) लाई देखेर शरीरमा रोमाञ्च भएका छँदा भुइँमा दण्ड झैं तेर्सिएर प्रणाम गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्यकेतुरुवाच– सूर्यकेतुले भने–

नमस्ते देवकीपुत्र नमस्ते मधुसूदन ॥३०॥
नमोऽस्तु ते हृषीकेश कैटभारे नमोऽस्तु ते ।

देवकीपुत्र ! तपाईंलाई नमस्कार, मधुसूदन ! तपाईंलाई नमस्कार, हृषीकेश! तपाईंलाई नमस्कार, कैटभारि (कैटभका शत्रु) ! तपाईंलाई नमस्कार छ ।

नमस्ते भगवन् विष्णो जिष्णो कंसनिषूदन ॥३१॥
त्राहि मां शेषशयन जगदीश नमोऽस्तु ते ।

हे भगवान् ! विष्णु, जिष्णु र कंसलाई मार्ने तपाईंलाई नमस्कार, हे शेषमा सुत्ने ! मलाई रक्षा गर्नुहोस्, तपाईं जगदीशलाई नमस्कार छ ।

मुरारेऽस्तु नमस्तुभ्यं वामनाय नमोऽस्तु ते ॥३२॥
रामचन्द्र नमस्तेऽस्तु श्रीकृष्णाय नमोऽस्तु ते ।

हे मुरारि तपाईंलाई नमस्कार ! छ, वामन ! तपाईंलाई नमस्कार छ, रामचन्द्र ! तपाईंलाई नमस्कार छ, तपाईं श्रीकृष्णलाई नमस्कार छ ।

नमस्ते कमलाकान्त नमस्ते धरणीधर ॥३३॥
नमः पङ्कजनेत्राय पद्मनाभाय ते नम ।

कमलाकान्त (लक्ष्मीका पति) ! तपाईंलाई नमस्कार, धरणीधर ! तपाईंलाई नमस्कार, कमल जस्तो आँखा भएका तपाईंलाई नमस्कार, पद्मनाभ ! तपाईंलाई नमस्कार ।

नमो वराहरूपाय कूर्मरूपाय ते नमः ॥३४॥
नमस्ते जगदाधार नृसिंहाय नमोऽस्तु ते ।

वराहरूप तपाईंलाई नमस्कार, कूर्म (कछुवा) रूप तपाईंलाई नमस्कार, जगत्का आधार तपाईंलाई नमस्कार, नृसिंह तपाईंलाई नमस्कार ।

इति स्तुत्वा सूर्यकेतुः श्रीकृष्णचरणद्वयम् ॥३५॥
शिरस्याधारयत् तस्थौ प्राञ्जलिर्भक्तिसंयुतः ।

यस्तो स्तुति गरेर सूर्यकेतुले श्रीकृष्णको दुवै पाउमा शिर राखे र भक्तिले युक्त भएर हात जोडी बसे ।

ज्ञात्वा भक्तं सूर्यकेतुं प्रोवाच मधुसूदनः ॥३६॥
सूर्यकेतुलाई भक्त भन्ने जानेर मधुसूदनले भने ।

श्रीकृष्ण उवाच– श्रीकृष्णले भने–

सूर्यकेतो नृपोत्तिष्ठ भक्तोऽसि मम सर्वथा ।
वरं ब्रूहि महाभाग यत् ते मनसि वर्तते ॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा सूर्यकेतु ! उठ्नुहोस्, निश्चय मेरो भक्त हुनुहुन्छ, महाभाग ! तपाईंको मनमा जे छ त्यो वर माग्नुहोस् ।

इति कृष्णवचः श्रुत्वा सूर्यकेतुर्जगाद ह ।

कृष्णको यस्तो वोलो सुनेर सूर्यकेतुले भने ।

सूर्यकेतुरुवाच– सूर्यकेतुले भने–

यदि तुष्टोऽसि गोविन्द मृगेन्द्रशिखरे त्वया ॥३८॥
मया साकं प्रगन्तव्यं मत्कार्यं समुपस्थितम् ।
प्रद्युम्नाय मया देया कन्या चन्द्रावती शुभा ॥३९॥
सम्पादयित्वा तत् कार्यं द्वारका गम्यतां प्रभो ।

गोविन्द ! यदि खुशी हुनुहुन्छ भने मसँग तपाईं मृगेन्द्रशिखर जानुपर्छ । अगाडि रहेको मेरो काम असल चन्द्रावती छोरी प्रद्युम्नलाई दिनुहोस्, त्यो काम सकेर द्वारका जानुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

तथेत्युक्त्वा मुनिवरः प्रतस्थे गरुडध्वजः ॥४०॥

गरुडध्वज (विष्णु) ! त्यसै होस् भनेर मुनिवरले प्रस्थान गरे ।

गत्वा पशुपतिस्थानं स्नात्वा वै वाग्मतीजले ।
सन्ध्यामुपास्य विधिवत् संतर्प्य च पितामहान् ॥४१॥
विलोक्य वत्सलां देवीं ययौ पशुपतिं प्रभुः ।

पशुपतिथानमा गएर वाग्मतीको पानीमा नुहाई, विधिपूर्वक सन्ध्योपासना गरेर, पितामहहरूलाई तर्पण दिई, वत्सला देवीलाई हेरेर पशुपतिनाथकहाँ गए ।

दृष्ट्वा पशुपतिं देवं पूजयित्वा यथाविधि ॥४२॥
प्रदक्षिणं विधायापि दक्षिणद्वारमाययौ ।
तत्रोपविष्टो भगवान् जपं चक्रे समाहितः ॥४३॥

पशुपति देवलाई हेरी, विधिपूर्वक पूजा गरी, प्रदक्षिणा पनि गरेर दक्षिण ढोकामा आए । त्यहाँ एकाग्र चित्तले बसेका भगवान्ले जप गरे ।

आगतं माधवं श्रुत्वा स्थाने पशुपतेः शुभे ।
आगता ब्राह्मणाः सर्वे दोलागिरिनिवासिनः ॥४४॥

पशुपतिको शुभ स्थानमा माधव आएको सुनेर दोलागिरिमा वस्ने सबै ब्राह्मणहरू आए ।

तपःस्वाध्यायनिरता वेदवेदाङ्गपारगाः ।
ऋष्याश्रमस्था मुनयः सर्व एव समागताः ॥४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तप र स्वाध्यायमा लागेका, वेद र वेदाङ्गमा पारङ्गत भएका ऋष्याश्रममा वस्ने सवै नै मुनिहरू आए ।

आगता मुनयः सर्वे वागीश्वरनिवासिनः ।
ये च श्लेष्मान्तकवने संस्थिता मुनयः सदा ॥४६॥
ते सर्वेऽथ समायाताः कृष्णदर्शनकाङ्क्षया ।

वागीश्वरमा रहने सवै मुनिहरू आए । जो मुनिहरू सधैं श्लेष्मान्तकमा रहन्थे, ती सवै कृष्णको दर्शन गर्ने इच्छाले आए ।

तानागतान् मुनीन् दृष्ट्वा वेदवेदाङ्गपारगान् ॥४७॥
ब्रह्मण्यदेवो भगवान् ननाम च मुहुर्मुहुः ॥
तेभ्यो दानान्यनेकानि ददौ च परमेश्वरः ॥४८॥

वेदवेदाङ्गमा पारङ्गत, आएका ती मुनिहरूलाई देखेर ब्रह्मण्यदेव भगवान्ले वारंवार ढोगे परमेश्वरले तिनीहरूलाई अनेक दानहरू दिए ।

मुनिमध्ये महातेजा नेमिरुग्रतपोनिधिः ।
दक्षिणं बाहुमुत्थाप्य शास्त्रसारं वचो जगौ ॥४९॥

मुनिहरूमा ठूलो तेज भएका उग्र तपस्याका खानी नेमिले दाहिने हात उठाएर शास्त्रको सार कुरो भने–

अहो भाग्यमहो भाग्यं तपस्या सफला हि नः ॥
एकत्र हि यतो दृष्टौ देवौ हरिहरौ प्रभू ॥५०॥

अहो ! भाग्य, अहो ! ! भाग्य हो, हामीहरूको तपस्या सफल भयो, किनकि एकै ठाउँमा देव हरि र हर दुवै प्रभु देखिनुभयो ।

वयं कृतार्था धन्याश्च यद् दृष्टौ मांसचक्षुषा ।
देवौ हरिहरौ साक्षात् पुराणपुरुषावुभौ ॥५१॥

हामी कृतार्थ छौं र वन्य पनि छौं, चर्म चक्षु (आँखा) ले पुराणपुरुष हरि र हर दुवै देव देखिए ।

यो हरिं हररूपेण हरं च हरिरूपिणम् ।
यः पश्यति स एव स्याद्वैष्णवः शैव एव च ॥५२॥

जसले हरिलाई हर (शिव) रूपले र हरलाई हरिरूपले हेर्दछ, त्यो नै वैष्णव र शैव पनि हो ।

हरौ हरे च ये भेदं कुर्वन्ति मनुजाधमाः ।
पाखण्डिनो वेदवाह्यास्ते वै निरयगामिनः ॥५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो मानिसमा अधमहरू हरि र हरमा भेद गर्छन्, ती पाखण्डी वेदबाहिरका र नरकगामी हुन् ।

गङ्गागौर्योरभेदं तु तथा शङ्करकृष्णयोः ।
ये पश्यन्ति नरा धन्यास्ते कृतार्था न संशयः ॥५४॥

गङ्गा र गौरीमा तथा शङ्कर र कृष्णमा जो अभेद देख्दछन्, ती मानिसहरू निश्चय नै धन्य हुन् र कृतार्थ हुन् ।

इति नेमिवचः श्रुत्वा देवः पशुपतिर्हरिः ।
बभूवातीव मुदितो मुनीनामग्रतः स्थितः ॥५५॥

नेमिको यस्तो वचन सुनेर मुनिका अगाडि रहेका देव पशुपति र हरि औधी खुशी भए ।

जैमिने मुनिशार्दूल श्रूयतां वचनं मम ।
ततः प्रोवाच सन्तुष्टो देवः पशुपतिर्मुनिम् ॥५६॥

मुनिशार्दूल जैमिनि ! मेरो (मार्कण्डेयको) कुरा सुन्नुहोस्– अनि खुशी भएका पशुपतिदेवले मुनिलाई भने–

श्री पशुपतिरुवाच– श्री पशुपतिले भने–

नेमे मुनिगणश्रेष्ठ तुष्टोऽहं ते वदाम्यहम् ।
अस्मिन् श्लेष्मान्तकवने मृगरूपेण वै मया ॥५७॥
यत्र भ्रान्तं जलं पीतं यत्र सुप्तं स्थितं मया ।
तत्र तत्रैव तीर्थं मे जातं ब्राह्मणसत्तम ॥५८॥

मुनिहरूमा श्रेष्ठ नेमि ! तपाईंदेखि खुशी छु र भन्छु– यो श्लेष्मान्तक वनमा मृगरूपले जहाँ घुमें, पानी पिएँ, सुते र रहें त्यहीं त्यहीं हे असल ब्राह्मण ! मेरा तीर्थ भए ।

अस्मिन् श्लेमान्तकवने तपो वासुकिना पुरा ।
तप्तं वासुकिनाम्ना वै क्षेत्रमेतद् भविष्यति ॥५९॥

यो श्लेष्मान्तक वनमा पहिल्यै वासुकिले तपस्या गरे, वासुकिको नामले यो क्षेत्र प्रसिद्ध हुनेछ ।

नेमे त्वमस्य क्षेत्रस्य मुनीनामग्रणीर्भव ॥
पालनीयं त्वया क्षेत्रं वचनान्मे तपोधन ॥६०॥

नेमि ! तपाईं यस ठाउँका मुनिहरूको अगुवा हुनुहोस्, तपोधन ! मेरो वचनबाट तपाईंले यस क्षेत्रको पालना गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततः प्रभृति तज्जातं क्षेत्रं नेपालसंज्ञकम् ।

त्यहाँदेखि त्यो क्षेत्र नेपाल नामको भयो ।

नेमिना मुनिना यस्मात् पालितं पुण्यकर्मणा ।।६१।।

क्षेत्रं हिमवतः कुक्षावतो नेपालसंज्ञकम् ।

हिमालयको काखमा रहेको त्यो क्षेत्र पुण्यात्मा नेमि मुनिले पालना गरिएको हुनाले नेपाल नामको भयो ।

ततो नारदप्रद्युम्नसहितो मधुसूदनः ।।६२।।

युक्तः समस्तैर्मुनिभिः सूर्यकेतुनृपेण च ।

आज्ञां पशुपतेर्लब्ध्वा द्रष्टुं गुह्येश्वरीं ययौ ।।६३।।

त्यसपछि नारद र प्रद्युम्न साथ लागेका मधुसूदन सबै मुनिहरू र सूर्यकेतु राजासँगै पशुपतिको आज्ञा पाएर गुह्येश्वरीलाई दर्शन गर्न गए ।

दृष्ट्वा गुह्येश्वरीं देवीं गोकर्णेशं विलोक्य च ।

महोत्साहेन सहितो मृगेन्द्रशिखरं ययौ ।।६४।।

गुह्येश्वरीदेवीको दर्शन गरेर गोकर्णेश्वरलाई पनि दर्शन गरी ठूलो उत्साहका साथ महेन्द्रशिखरमा गए ।

वाग्मतीप्रभवे स्नात्वा] दत्वा दानान्यनेकशः ।

महेन्द्रस्यालयमिव सूर्यकेतोर्गृहं ययौ ।।६५।।

वाग्मतीको मूलमा नुहाएर अनेकौं दान दिई, महेन्द्र (इन्द्र) को घर जस्तो सूर्यकेतुको घरमा गए ।

सूर्यकेतुर्ददौ कन्यां विधिना नारदान्वितः ।

प्रद्युम्नाय महाभागस्तदा चन्द्रावतीं शुभाम् ।।६६।।

नारदले युक्त भएका महाभाग सूर्यकेतुले विधिपूर्वक राम्री चन्द्रावती छोरी प्रद्युम्नलाई दिए ।

देवदुन्दुभयो नेदुः पुष्पवृष्टिः पपात ह ।

माल्याम्बरैर्विचित्रैश्च चित्रैराभरणैस्तथा ।।६७।।

पूजयामास देवेन्द्रं सपुत्रं मधुसूदनम् ।

देव-दुन्दुभिहरू बजे फूलको वर्षा भयो, विचित्र माला र कपडा, विचित्रका गहनाहरूले छोरोसहितका श्रेष्ठ देवता मधुसूदनलाई पूजा गरे ।

ननर्तास्सरसां वृन्दो नूपुरध्वनिभिस्तदा ।।६८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गन्धर्वाः प्रजगुर्गीतं किन्नराश्च जगुर्मुदा ।
प्रववावनिलश्चापि पुण्यगन्धवहः शुचिः ।।६९।।

पाउजेवका आवाजसँगसँगै अप्सराहरू नाचे, गन्धर्वहरूले गीत गाए, किन्नरहरूले पनि हर्षसाथ गाए, पवित्र वासना उडाउने स्वच्छ हावा पनि बह्यो ।

वधूं चन्द्रावतीं दृष्ट्वा चन्द्रलेखामिवापराम् ।
तुतोष भगवान् विष्णुर्विस्मयोत्फुल्लमानसः ।।७०।।

दोस्रो चन्द्रलेखा जस्ती बुहारी चन्द्रावतीलाई देखेर आश्चर्यले उत्फुल्ल मन भएका विष्णु भगवान् खुशी भए ।

देवी चन्द्रावती चापि विशेषकृतभूषणा ।
रराज राजलक्ष्मीव प्रद्युम्नं समुपस्थिता ।।७१।।

अलङ्कारले खूब झकिझकाउ भएकी, प्रद्युम्नको साथमा रहेकी चन्द्रावतीदेवी पनि राजलक्ष्मी झैं शोभित भइन् ।

जामातरं समासाद्य प्रद्युम्नं बलिनां वरम् ।
तुतोषातिशयं श्रीमान् सूर्यकेतुर्नराधिपः ।।७२।।

बलियाहरूमा पनि बलिया प्रद्युम्न जुवाइँ पाएर श्रीमान् सूर्यकेतु राजा पनि ज्यादै नै खुशी भए ।

हरिचन्दनलिप्ताङ्ग इन्द्रनीलसमप्रभः ।
शङ्खचक्रगदापाणिर्देवगन्धर्वपूजितः ।।७३।।
मुनिभिर्देवशब्देन (वेदघोषेण) सन्तुष्टो लोमहर्षणः ।
आरुरोह गरुत्मन्तं भगवान् मधुसूदनः ।।७४।।

शरीरमा श्रीखण्डको चन्दन लेपिएका, इन्द्रनीलको जस्तो कान्ति भएका, शङ्ख चक्र गदा हातमा भएका, देवता र गन्धर्वले पूजिएका, ऋषिहरूका देव शब्दले खुशी भएका (वेदघोषले सन्तुष्ट भएका), रोमाञ्चित भएका भगवान् मधुसूदन गरुडमा चढे ।

देवीं चन्द्रावतीं चापि राजपुत्रीं प्रभावतीम् ।
रथमारोपयामास प्रद्युम्नः केशवाज्ञया ।।७५।।

रानी चन्द्रावतीलाई र राजपुत्री प्रभावतीलाई पनि केशवको आज्ञाद्वारा प्रद्युम्नले रथमा चढाए ।

स्त्रीरत्नैः सर्वरत्नौघैः पूरितं रथमुत्तमम् ।
आरुरोह स प्रद्युम्नः कामगं हेमनिर्मितम् ।।७६।।

सबै रत्नको समूह र स्त्रीरत्नहरूले भरिभराउ भएको, इच्छामाफिक हिँड्ने, सुनबाट बनेको उत्तम रथमा ती प्रद्युम्न चढे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकुटुम्बः सूर्यकेतुः कामगं केशवाज्ञया ।
आरुरोह रथं दिव्यं पुष्पकं धनदो यथा ॥७७॥

केशवको आज्ञाद्वारा कुटुम्बले सहित भएका सूर्यकेतु इच्छामाफिक हिंड्ने दिव्य रथमा कुवेर पुष्पक (विमान) मा चढे झैं चढे ।

उत्पपात तदाकाशमिन्द्रनीलसमप्रभम् ।
मुनिना सहितो मारसंयुतो हर्षसंयुत: ॥७८॥

हर्षयुक्त, प्रद्युम्न र मुनिले सहित भएका इन्द्रनीलको जस्तो कान्ति भएको रथ आकाशमा उड्यो ।

विलोक्य क्षेत्रमतुलं वाग्मती सरितां शुभाम् ।
प्रहृष्टो भगवान् विष्णुरिदं वचनमब्रवीत् ॥७९॥

वेजोडको ठाउँ र राम्रो वाग्मती नदीलाई देखेर खुशी भएका भगवान् विष्णुले यो कुरो भने–

पश्य दक्षिणभागेन मृगश्रृङ्गस्य भूभृतः ।
चन्द्रदीप्तितटः पुण्यः स मे स्थानं भविष्यति ॥८०॥

हेर, मृगेन्द्रशिखरको पर्वतको दक्षिण भागमा चन्द्रदीप्तिको त्यस किनारामा मेरो पुण्यस्थान हुनेछ ।

सिंहवक्त्रवपुर्भूत्वा स्थितोऽहं यत्र सर्वदा ।
पूजयिष्यन्ति लोकाश्च मम भक्तिपरायणाः ॥८१॥

सिंहको मुख भएको वनी म जहाँ सधैं वसें, त्यहाँ मेरा भक्तजनहरूले पूजा गर्नेछन् ।

इन्द्रेश्वरं प्रतिष्ठाप्य शक्रनद्याः शुभे तटे ।
चकार भगवानिन्द्रो यत्र यज्ञं मनोहरम् ॥८२॥

शक्रनदी (इन्द्रावती?) को शुभ तीरमा इन्द्रश्वरको स्थापना गरेर भगवान् इन्द्रले मनोहर यज्ञ गर्नुभयो ।

वासो मे सर्वदा रम्यो दोलाशिखरमूर्धनि ।
शिखरं श्रेष्ठमित्येव कीर्तयिष्यन्ति भूतले ॥८३॥
पूजयिष्यन्ति लोकाश्च सुव्यक्तं मकरध्वज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम्रो दोलागिरिको टाकुरामा सधैं मेरो वास हुन्छ, (त्यसलाई) श्रेष्ठ शिखर भनेर पथ्वीतलमा भन्नेछन्, हे प्रद्युम्न मकरध्वज ! प्रकट भएको मलाई मानिसहरूले पूजा गर्नेछन् ।

ब्राह्मणा वह्वोऽप्यत्र सन्ति स्वाध्यायशालिनः ॥८४॥
सान्निध्यं सर्वदा तत्र सन्ध्याकाले विशेषतः ।

स्वाध्यायशाली (पढ्ने) धेरै ब्राह्मणहरू यहाँ छन् । त्यहाँ सधैं सन्ध्याकालमा विशेष गरेर जमघट हुनेछन् ।

पश्य कर्कोटकह्लदं सर्वौषधितले शुभे ॥८५॥
रमन्ते यत्र नागेन्द्रा कर्कोटकपुरस्सराः ।

राम्रो सर्वौषधि गिरिको फेदीमा कर्कोटकह्लद हेर, जहाँ कर्कोटक आदि नागेन्द्र (सर्पराज) हरू रमाउँछन् ।

वाग्मत्या मणिमत्याश्च संभेदे लोकपूजिते ॥८६॥
गच्छामीत्युक्तमात्रेण भूयात् पापप्रणाशनम् ।

दुनियाँले पूजिएको वाग्मती र मणिमतीको मूल फुटेको ठाउँमा जान्छु मात्रै भन्नाले पनि पाप नाश हुन्छ ।

संभेदे मणिमत्याश्च गर्भे यावत् कृतं पदम् ॥८७॥
तावत् वर्षशतं स्वर्गे मोदते शिवभक्तिमान् ।

मणिमतीको मूल फुटेको ठाउँमा (जानलाई) जति पाइला चालिए त्यति सय वर्ष शिवभक्त स्वर्गमा खुशी भएर रहन्छन् ।

वाग्मत्या मणिमत्याश्च संभेदे लोकपूजिते ॥८८॥
स्नायते सततं यस्तु पुण्यवान् कीर्त्यते स तु ।

मानिसले पूजिएको वाग्मती र मणिमतीको मूलमा जो सधैं नुहाउँछ, त्यसलाई पुण्यवान् भनिन्छ ।

तत्समीपे समुद्भूता रूद्रधारेति योच्यते ॥८९॥
कल्पिता देवदेवेन लोकानुग्रहकारणात् ।

त्यसैको नजीकमा उत्पन्न भएको जुन रुद्रधारा छ, त्यो लोकको देवदेवले कल्पना गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भुक्तिमुक्तिप्रदं पुण्यं शिवमायोपलक्षितम् ॥९०॥
रुद्रं धारोदयं दृष्ट्वा सर्वपापैः प्रमुच्यते ।

शिवको मायाले वनाइएको भुक्ति मुक्ति दिने रुद्रधारालाई दर्शन गरेर सवै पापवाट छुटिन्छ ।

गयाया नैमिषाद्वाऽपि कुरुक्षेत्राच्च पुष्करात् ॥९१॥
स्नानं दशगुणं ज्ञेयं मणिमत्याश्च सङ्गमे ।

गया, नैमिष अथवा कुरुक्षेत्र र पुष्करभन्दा पनि मणिमतीको संगममा नुहाउनु दश गुना वढी हुन्छ भन्ने जान्नू ।

वीरभद्रासङ्गमं च पश्य नारद सुन्दरम् ॥९२॥
लिङ्गं संस्थापितं यत्र स्वयं हनुमता पुरा ।

नारद ! राम्रो वीरभद्रको दोभान हेर्नुहोस्, जहाँ पहिल्यै आफैं हनुमान्ले लिङ्गस्थापना गरे ।

वीरावतरणे तीर्थे भद्रनद्याश्च सङ्गमे ॥९३॥
स्नायते विधिना यस्तु वीरलोकं स गच्छति ।

वीरावतरण तीर्थमा भद्र नदीको सङ्गममा जो विधिपूर्वक नुहाउँछ, त्यो वीरलोक जान्छ ।

रामायणकथाऽप्यत्र कृता वाल्मीकिना पुरा ॥९४॥
पहिल्यै वाल्मीकिले यहाँ रामायणको कथा पनि वनाए ।

चम्पानदीसङ्गमजं तीर्थं पापप्रणाशनम् ।
तिलमाधवतीर्थं तु मुनिभिः कथितं यतः ॥९५॥

चम्पा नदीको दोभानमा भएको पाप-नाश गर्ने तीर्थलाई मुनिहरूले तीर्थ भनेर वताए ।

इमां मनोहरां पश्य मनोहरजलां नदीम् ।
हंसकारण्डवाकीर्णां चक्रवाकोपशोभिताम् ॥९६॥

हाँस, कारण्डव (कोणेर) हरू जताततै भएको, चखेवाले शोभित भएको र मनोहर पानी भएको यो मनोहरा नदीलाई हेर्नुहोस् ।

मनोहराया वाग्मत्या मध्ये या वर्तते मही ।
धर्मभूमिरियं ख्याता सदा धर्मविवर्धनी ॥९७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोहरा र वाग्मतीको बीचमा रहेको जुन भाग छ, त्यो सधैं धर्म बढाउने धर्मभूमि भनेर बताइयो ।

इमां पुण्यजलां पश्य महापातकनाशिनीम् ।
वाग्मतीं सरितां श्रेष्ठां महादेवमुखोद्भवाम् ॥९८॥

पवित्र जल भएको, महापाप नाश गर्ने, महादेवको मुखबाट उत्पन्न भएको, नदीहरूमा श्रेष्ठ यो वाग्मतीलाई हेर्नुहोस् ।

वाग्मती सरितां श्रेष्ठा यत्रकुत्रावगाह्यते ।
तत्र तत्र फलं विद्याद्वाजपेयाश्वमेधयोः ॥९९॥

नदीहरूमा श्रेष्ठ वाग्मती हुन्, त्यसमा जहाँ कहीं नुहाइयो भने वाजपेय र अश्वमेघ (यज्ञ) को फल जान ।

मनोहरायाः वाग्मत्याः सङ्गमं पश्य सुन्दरम् ।
यत्र स्नानेन मनुजो ब्रह्मलोकं स गच्छति ॥१००॥

मनोहरा र वाग्मतीको राम्रो दोभानलाई हेर्नुहोस्, जहाँ नुहाउनाले मानिस ब्रह्मलोकमा जान्छ ।

नदीं विष्णुपदीं पश्य फेनोर्मिधवलां शुभाम् ।
यत्र स्नानेन मनुजो विष्णुलोकं प्रपश्यति ॥१०१॥

फींज र छालले सेतो भएको राम्रो विष्णुपदी (विष्णुमती) नदीलाई हेर्नुहोस्, जहाँ नुहाउनाले मानिसले विष्णुलोक देख्छ ।

वाग्मत्या विष्णुमत्याश्च मध्ये या वर्तते मही ।
सिद्धिभूमिस्तु सा प्रोक्ता तत्र पापं न विद्यते ॥१०२॥

वाग्मती र विष्णुमतीको बीचमा जुन ठाउँ छ त्यसलाई सिद्धभूमि भनियो, त्यहाँ पाप छैन ।

पुलहाश्रममूले तु रुद्रमत्याश्च सङ्गमे ।
अर्यमा तुष्यते तत्र सूर्यलोकं स गच्छति ॥१०३॥

पुलहाश्रमको तल रुद्रमतीको दोभानमा (नुहाउनाले) सूर्य खुशी हुन्छन्, त्यो सूर्यलोक जान्छ ।

विष्णुपद्यस्तटे तीर्थे पश्य टङ्केश्वरं विभुम् ।
वाग्मत्या विष्णुमत्याश्च संभेदमतिपुण्यदम् ॥१०४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्र लिङ्गानि पञ्चापि वर्तन्ते मकरध्वज ।
पञ्चलिङ्गाह्वयं तीर्थं नाम तस्य प्रतिष्ठितम् ॥१०५॥

विष्णुपदी तटको तीर्थमा टङ्केश्वरलाई हेर, वाग्मती र विष्णुमतीको दोभान ज्यादै पुण्य दिने ठाउँ हो । प्रद्युम्न ! जहाँ पाँच लिङ्गहरू छन्, यसैले त्यसको नाम पञ्चलिङ्ग तीर्थ भनेर राखियो ।

पञ्चलिङ्गाह्वये तीर्थे सङ्गमे स्नानमाचरेत् ।
न तस्य वर्तते देहे पापं पुत्र कदाचन ॥१०६॥

पञ्चलिङ्ग नामको तीर्थको दोभानमा नुहाओस्, त्यसको शरीरमा कहिल्यै पाप रहँदैन बाबु !

वाग्मत्या विष्णुमत्याश्च सङ्गमे सुमनोहरे ।
पुरात्र हरिणा छिन्नो जानुः सत्या हरार्थतः ॥१०७॥

वाग्मती र विष्णुमतीको मनोहर दोभानमा, पहिल्यै शिवको लागि (शिवको मायाले) सतीको घुँडो हरिले काटियो ।

अस्मिन् पीठे ये जपन्ति कृतार्थास्ते न संशयः ।
यस पीठमा जो जप गर्छन्, निश्चय ती कृतार्थ हुन्छन् ।
सर्वौषधिगिरेश्चैव दक्षिणे गिरिगह्वरे ॥१०८॥
तत्रापि च ममावासो भविता मकरध्वज ।
सर्वौषधि पर्वतको दक्षिण गुफामा त्यहाँ पनि हे प्रद्युम्न ! मेरो आवास हुनेछ ।

क्षेत्रपालप्रभावेण गोपितं लोकदुर्गमम् ॥१०९॥
सुगमं चापि तत्रैकं भविष्यति झषध्वज ।

झषध्वज (प्रद्युम्न) ! क्षेत्रपालको प्रभावले रक्षा गरिएको त्यही एउटा ठाउँ लोकहरूका लागि दुर्गम र सुगम पनि हुनेछ ।

पश्य त्वद्धस्तनिहतं विराधं कच्छपासुरम् ॥११०॥
कूर्मपर्वतमित्येवं कीर्तयिष्यन्ति मानवाः ।

तिम्रै हातवाट मारिएको कच्छपासुर विराधलाई हेर, मानिसहरू यसलाई कूर्मपर्वत भन्नेछन् ।

परितं तस्य शैलस्य प्रभावादासुरात् तथा ॥१११॥
शस्यवृद्धिर्विशेषेण भविष्यति न संशयः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैत्यको प्रभाववाट त्यस पर्वतको वरिपरी निश्चय अन्नपात वढ्नेछ ।

अस्मिन् कूर्मगिरौ पुण्ये पुण्यकृद्‌भिर्निषेविते ।।११२।।
यत्र यत्र स्थितं तोयं तीर्थं तत्र भविष्यति ।

पुण्य गर्नेहरू वसेको यो पवित्र कूर्मगिरिमा जहाँ जहाँ पानी रहेको छ, त्यहाँ त्यहाँ तीर्थ हुनेछ ।

कच्छपाचलमूले हि वाग्मत्या जलसङ्गमे ।।११३।।
पश्चिमं तटमासाद्य स्नात्वा कामफलं लभेत् ।

कच्छप पर्वतको फेदीमा रहेको वाग्मतीको सङ्गमको, पश्चिम तीरमा गई नुहाउनाले इच्छा गरेको फल पाउँछ ।

अस्य कूर्मगिरेर्मूले वाग्मत्याः पश्चिमेन तु ।।१४४।।
भविष्यति जलादन्तर्गणेशो लोकपूजितः ।

यस कूर्मगिरिको फेदीमा, वाग्मतीको पश्चिमपट्टि पानीको भित्र लोकले पूजिए-का गणेश हुनेछन् ।

तत्रापि च मम स्थानं दुर्विज्ञेयं भविष्यति ।।११५।।
स्नानादपि च वाग्मत्यां जायते पुण्यवान् नरः ।

त्यहाँ पनि मुश्किलले जानिने मेरो स्थान हुनेछ । त्यहाँ ! वाग्मतीमा नुहाउनाले पनि मानिस पुण्यवान् हुन्छ ।

भिन्नसेतुतटे रम्ये पर्वते चन्दनागिरौ ।।११६।।
विष्णुतीर्थमिति ख्यातं स्थानं मम भविष्यति ।

सेतु (वाँध) फोरिएको रमणीय तीर चन्दनागिरि पर्वतमा विष्णुतीर्थ भनेर प्रसिद्ध छ, त्यो मेरो स्थान हुनेछ ।

मीनचक्रह्रदे पुण्ये पुरतो मम सम्भवः ।।११७।।
द्वादश्यां स्नानमात्रेण मम लोके महीयते ।

पवित्र मीनचक्रह्लदको अगाडि मेरो उत्पत्ति स्थल हो, (त्यहाँ) द्वादशीमा नुहाउनाले मात्रै मेरो लोकमा रहन पाउँछ ।

पतिव्रतासु नारीषु ब्राह्मणे वेदपारगे ।।११८।।
मम क्षेत्रे च यद्दत्तं तदक्षयमिति स्मृतम् ।

पतिव्रता नारीमा, वेदमा पारङ्गत ब्राह्मणमा र मेरो क्षेत्रमा पनि जुन दिइन्छ, त्यो अक्षय हो भनी ठान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्दनागिरिमूले तु पश्य तीर्थं प्रकामदम् ॥११९॥
अत्र पुत्र महादेव्या स्वयं घृष्टं च चन्दनम् ।

चन्दनागिरिको फेदीमा इच्छित वस्तु दिने तीर्थ हेर, बाबु ! यहाँ स्वयं महादेवीले चन्दन घोटेकी थिइन् ।

सुप्रभाभवनं भग्नं नानारत्नप्रभायुतम् ॥१२०॥
हतावशेषास्त्वसुरा गतवन्तो रसातलम् ।

विभिन्न रत्नको कान्तिले युक्त सुप्रभा भवन पनि भत्काइयो, मारेर बाँकी रहेका दैत्यहरू पनि रसातल (पाताल) गए ।

इत्युक्त्वा भगवान् विष्णुः सगणो देवपूजितः ॥१२१॥
गरुडादवतीर्णोऽभूत् क्षेत्रे परमदुर्लभे ।

यति भनेर देवताले पूजा गरिएका गण सहितका भगवान् विष्णु परमदुर्लभ क्षेत्रमा गरुडबाट ओर्लिए ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये एकादशोऽध्यायः ॥ ११ ॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपालमाहात्म्यको एघारौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाऱ्हौं अध्याय

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततोऽतितुष्टो गोविन्दः सपुत्रो मुनिसंयुतः ।
लिङ्गं संस्थापयामास गोपालेश्वरमुत्तमम् ॥१॥

अनि पुत्र र मुनि (नारद) सहितका, खूब खुशी भएका गोविन्दले उत्तम गोपालेश्वर लिङ्गको स्थापना गरे ।

प्रद्युम्नश्चापि सन्तुष्टः पितृभक्तिसमन्वितः ।
शिवनारायणनाम्ना स्थापयामास यत्नतः ॥२॥

खुशी भएका पितृभक्त प्रद्युम्नले पनि मेहनतसाथ शिवनारायण नामले (लिङ्गको) स्थापना गरे ।

कृष्णेन स्थापितं लिङ्गं गोपालेश्वरमुत्तमम् ।
ये द्रक्ष्यन्ति नरा भाग्यास्ते कृतार्था न संशयः ॥३॥

कृष्णले स्थापना गरिएको उत्तम गोपालेश्वर लिङ्ग जो भाग्यमानी मानिसहरूले दर्शन गर्छन्, ती निश्चय कृतार्थ हुन्छन् ।

प्रद्युम्नस्थापितां विष्णुमूर्ति द्रक्ष्यन्ति ये नराः ।
इहलोके सुखं स्थित्वा यान्ति ते परमां गतिम् ॥४॥

प्रद्युम्नले स्थापना गरिएको विष्णुमूर्ति जो मानिसहरूले दर्शन गर्नेछन्, तिनीहरू यस लोकमा सुखसँग बसेर परम गतिमा जान्छन् ।

नेपाले दुर्लभे क्षेत्रे कृष्णेन स्थापितं स्वयम् ।
गोपालेश्वरनामानं ये द्रक्ष्यन्ति कलौ युगे ॥५॥
तेषां तुष्टो मुररिपुर्विष्णुलोकं प्रयच्छति ।

दुर्लभ नेपाल क्षेत्रमा कृष्ण आफैंले स्थापना गरेको गोपालेश्वरलाई कलियुगमा जसले हेर्नेछन्, तिनीहरूसँग खुशी भएका मुरदैत्यका शत्रु (मुरारि वा विष्णु) ले विष्णुलोक दिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्थाप्य लिङ्गं गोविन्दो नारदं वाक्यमब्रवीत् ॥६॥

लिङ्ग-स्थापना गरेर गोविन्दले नारदलाई भने–

गच्छ द्वारवतीं विप्र वेगेन महता पुनः ।
प्रद्युम्नविजयः शीघ्रमुग्रसेनाय कथ्यताम् ॥७॥
श्वेतकायामहं गत्वा सपुत्रो धातृनन्दन ।
करिष्यामि च राजानं सूर्यकेतुं मदाश्रयम् ॥८॥

विप्र ! खूब चाँडो फेरि द्वारवतीमा (द्वारकामा) गएर प्रद्युम्नको विजय उग्रसेनलाई भन्नुहोस् । हे ब्रह्माका छोरा (नारद) ! श्वेतकामा म छोरो सहित गएर सूर्यकेतुलाई मेरो आश्रय पाएको राजा गराउँदछु ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

इति माधववाक्यान्ते नारदो द्वारकां ययौ ।
गत्वा च कथयामास राज्ञे सर्वं विशेषतः ॥९॥

यति माधवले भनिसकेपछि नारद द्वारका गए । गएर राजालाई विशेषरूपले सबै भने ।

आदिदेश ततो राजा पुरशोभा विधीयताम् ।

त्यसपछि राजाले शहरको सिंगारपटार गर्ने आज्ञा दिए ।

रुक्मिण्यपि तदा श्रुत्वा सुतस्य जयमुत्तमम् ॥१०॥
आहूय च सखीः सर्वा हर्षाद्वचनमब्रवीत् ।

छोराको उक्त विजय सुनेर रुक्मिणीले पनि सबै सखीहरू बोलाएर हर्षले भनिन्–

महेन्द्रदमनं हत्वा दुर्जयं देवकण्टकम् ॥११॥
प्रभावतीमुपादाय दैत्यस्य भगिनीं शुभाम् ।
सूर्यकेतोः सुतां रम्यां नाम्ना चन्द्रावतीं शुभाम् ॥१२॥
गृहीत्वा हि समायाति प्रद्युम्नस्तनयो मम ।

जित्न खूब मुश्किल पर्ने देवकण्टकलाई मारेर, त्यसकी राम्री बहिनी प्रभावतीलाई लिएर, सूर्यकेतुकी राम्री छोरी चन्द्रावतीलाई लिएर मेरो छोरो प्रद्युम्न आउँछ ।

प्रद्युम्नं यदि द्रक्ष्यामि मृत्योरास्यादुपागतम् ॥१३॥
क्रियतां मङ्गलं तस्मात् सर्वाभिर्वचनान्मम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृत्युको मुखबाट आएको प्रद्युम्नलाई देख्नेछु, (अब) यसैले सबैले मेरो हुकुमले मङ्गल गर ।

अथ ता मङ्गलं चक्रू रुक्मिणीवचनात् तदा ॥१४॥
गृहीतपूर्णकलशास्तस्थुः पङ्कजलोचनाः ।
दीपद्रुमकराः काश्चित् काश्चिद् धूपकरास्तथा ॥१५॥
चित्रमाल्याम्बरधरा विलोलायतलोचनाः ।
रक्तभाजनहस्ताश्च स्थिताः काश्चिद्वराङ्गना ॥१६॥

अनि तिनीहरूले रुक्मिणीको हुकुमले मङ्गल गरे। कमलका जस्ता आँखा भएकाहरू पूर्ण घडा लिएर रहे। कोही दीपद्रुम (हाँगाविगा गरी बनाइएको आरती) हातमा लिएका, कोही धूप हातमा लिएका, रङ्गविरङ्गका माला र लुगा लाएका, लोलाएका आँखा भएका र कोही केटीहरू रातो भाँडो हातमा लिएका रहेका थिए।

द्वारकावासिनः सर्वे विशेषकृतभूषणाः ।
सपुत्रं केशवं द्रष्टुं निर्ययुर्माल्यधारिणः ॥१७॥

माला लगाएका, विशेष किसिमले सिंगारिएका सबै द्वारकावासीहरू छोरा सहितका केशवलाई हेर्न निस्के ।

नानावादित्रनिर्घोषैः कम्पयन्तो वसुन्धराम् ।
निर्ययुर्यादवाः सर्वे बलभद्रपुरोगमाः ॥१८॥

विभिन्न वाजाका शब्दले पृथ्वी कमाउँदै (घन्काउँदै) वलभद्र आदि गरिएका सबै यादवहरू निस्के ।

तस्थुः सर्वे पुरद्वारि कृष्णागमनकामुकाः ।
माधवोऽपि ततः शीघ्रं सूर्यकेतुसमन्वितः ॥१९॥
सपुत्रः प्रययौ शीघ्रं श्वेतकां नगरीं शुभाम् ।
अवतीर्णः पुरद्वारि सगणो मधुसूदनः ॥२०॥

कृष्णको आगमन चाहने सबै, शहरको ढोकामा वसे। (यता) सूर्यकेतु साथ लागेका माधव पनि छोरोसहित चाँडै नै राम्रो श्वेतका नगरीमा गए, गणसहितका मधुसूदन शहरको ढोकामा ओर्ले ।

आगतं माधवं श्रुत्वा हंसध्वजमहीपतिः ।
प्रत्युद्गम्य चादरेण सपर्यापात्रसंयुतः ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजयित्वा यथान्यायं गोविन्दं भूपतिस्तदा ।
कृताञ्जलिपुटो भूत्वा वचनं निजगाद ह ।।२२।।

माधव आएको सुनी पूजा–भाँडा लिएका हंसध्वज राजाले आदरसाथ तत्पर भएर, क्रमपूर्वक गोविन्दलाई पूजा गरेर हातजोरी भने ।

हंसध्वज उवाच– हंसध्वजले भने–

सफलं जन्म गोविन्द तव दर्शनतो मम ।
प्रविश्य तां पुरीं शीघ्रं पवित्रीकुरु मे गृहम् ।।२३।।

हे गोविन्द ! तपाईंको दर्शनले मेरो जन्म सफल भयो, त्यो शहरभित्र पसेर मेरो घर पवित्र गर्नुहोस् ।

दासोऽहं तव गोविन्द कृपां कुरु दयानिधे ।
अद्य विश्राम्य गन्ताऽसि प्रभाते द्वारकां पुरीम् ।।२४।।

गोविन्द ! म तपाईंको दास हुँ, दयानिधि ! दया गर्नुहोस्, आज विश्राम गरेर विहान द्वारकापुरी जानुहोला ।

अजेयः सुरनाथेन महेन्द्रदमनोऽसुरः ।

हे गोविन्द ! इन्द्रले जित्न नसकिने महेन्द्रदमन दैत्यलाई तपाईंको प्रसादबाट प्रद्युम्नले मारे ।

सूर्यकेतुरयं धन्यः सम्बन्धी यस्य माधवः ।
इयं प्रभावती देवी देवी चन्द्रावती तथा ।।२६।।

यी सूर्यकेतु धन्य हुन्, जसको सम्धी नै माधव हुनुहुन्छ । त्यस्तै यी प्रभावती देवी र चन्द्रावती देवी पनि धन्य छन् ।

अन्तःपुरं प्रविश्याशु सत्कारं लभतामिति ।
आज्ञापय ऋषीकेश किं करोमि तव प्रभो ।।२७।।

चाँडो अन्तःपुरमा पसेर सत्कार ग्रहण गर्नुहोस् । हे हृषीकेश ! के गरूँ, आज्ञा होस् ।

इति तस्य वचः श्रुत्वा गोविन्दः प्राह तं नृपम् ।
यस्तो तिनको वचन सुनेर गोविन्दले ती राजालाई भने ।

श्रीगोविन्द उवाच– श्री गोविन्दले भने–

साधु साधु नृपश्रेष्ठ हंसध्वज महीपते ।।२८।।
श्रूयतां नृपशार्दूल यदर्थमहमागतः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजामा श्रेष्ठ हे हंसध्वज महीपति ! ठीक छ, ठीक छ, हे नृपशार्दूल (श्रेष्ठ राजा) ! जेका निम्ति म आएको हुँ, सुन्नुहोस् ।

सूर्यकेतुश्च सम्बन्धी मद्भक्तो नरसत्तमः ॥२९॥
त्वयाऽस्य सकलं राज्यं हृतं बाहुबलेन च ।
तदस्मै दीयतां राज्यं हंसध्वजमहीपते ॥३०॥
मम वाक्यान्महीपाल नात्र कार्या विचारणा ।

सूयकेतु सम्धी मेरो भक्त र असल मानिस हुनुहुन्छ, तपाईंले यहाँको सबै राज्य वाहुवलले (लडेर) लिनुभयो । त्यसै कारण हे राजा हंसध्वज ! मेरो भनाइअनुसार यहाँलाई राज्य दिनुहोस्, यसमा विचारै नगर्नुहोस् राजा !

दत्वाऽस्मै श्वेतकाराज्यं मिथिलां व्रज भूपते ॥३१॥

श्वेतका राज्य यहाँलाई दिएर मिथिला जानुहोस् राजा !

गोविन्दवचनं श्रुत्वा प्राह हंसध्वजो नृपः ।

गोविन्दको कुरा सुनेर हंसध्वज राजाले भने ।

हंसध्वज उवाच– हंसध्वजले भने–

धन्योऽहं कृतकृत्योऽहं सफलं जीवनं मम ॥३२॥
शरीरमर्थं प्राणाश्च भवते विनिवेदये ।

शरीर, धन र प्राणहरू तपाईंमा चढाउँछु, मेरो जीवन सफल भयो, म धन्य हुँ र कृतकृत्य हुँ ।

सूर्यकेतुनृपायास्मै श्वेतका दीयते मया ॥३३॥
पवित्रीकुरु मद्गेहं सर्वथा गरुडध्वज ।

यी सूर्यकेतु राजालाई म श्वेतका दिन्छु, हे गरुडध्वज ! क्यै गरेर पनि मेरो घर पवित्र गर्नुहोस् ।

मार्कण्डय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततोऽतितुष्टो गोविन्दो हंसध्वजनृपालयम् ॥३४॥
प्रविवेश महाबाहुः सूर्यकेतुसमन्वितः ।

त्यसपछि ज्यादै खुशी भएका, सूर्यकेतु राजा सहितका महावाहु गोविन्दले हंसध्वज राजाको भवनमा प्रवेश गरे ।

स्वर्णसिंहासने रम्ये निविष्टं मधुसूदनम् ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृपतिः पूजयामास नानारत्नैरुदारधीः ।
सूर्यकेतुनृपायापि श्वेतकां प्रददौ नृपः ।।३६।।

राम्रो स्वर्ण-सिंहासनमा रहेका मधुसूदनलाई उदार चित्त भएका राजाले अनेक रत्नहरूले पूजा गरे । सूर्यकेतु राजालाई पनि राजा (हंसध्वज) ले श्वेतका दिए ।

अनुज्ञां प्राप्य गोविन्दा॒ ततो हंसध्वजो नृपः ।
मिथिलां प्रययौ धीमान् सगणः सपरिच्छदः ।।३७।।

गोविन्दबाट आज्ञा पाएर गणले सहित भएका र सबै परिवारले युक्त भएका बुद्धिमान् राजा हंसध्वज मिथिला हिँडे ।

सूर्यकेतुस्ततो लब्ध्वा राज्यं गोविन्दतेजसा ।
मेने कृतार्थमात्मानं परमानन्दसंयुतः ।।३८।।
पूजयामास गोविन्दं महाविभवविस्तरैः ।
प्रणम्य दण्डवद्भूमौ कृताञ्जलिपुटोऽब्रवीत् ।।३९।।

त्यसपछि परमानन्दले युक्त सूर्यकेतु राजाले गोविन्दको प्रभावबाट राज्य पाएर आफूलाई कृतार्थ ठाने, र प्रशस्त सम्पत्तिहरूले गोविन्दलाई पूजा गरे । अनि दण्ड झैं भैंमा पल्टिएर प्रणाम गरी हात जोडेर भने ।

सूर्यकेतुरुवाच– सूर्यकेतुले भने–

त्वया नाथेन गोविन्द राज्यं परमदुर्लभम् ।
मया लब्धं प्रयत्नेन कीर्तिः परमदुर्लभा ।।४०।।

हे गोविन्द ! हजूर मालिक हुनाले पाइ नसक्नु राज्य मैले प्रयत्नपूर्वक पाएँ, परम दुर्लभ कीर्ति पनि पाएँ ।

नाथवन्तो वयं जाता त्वया नाथेन माधव ।
इदानीं न यमस्यापि भयमस्ति मम प्रभो ।।४१।।

माधव ! तपाईं नाथद्वारा हामी नाथ (संरक्षक) भएका भयौं, प्रभु ! मलाई अहिले यमराजको पनि डर छैन ।

अथ विश्राम्यतां नाथ गेहे मे मधुसूदन ।
प्रातर्गन्तासि नगरीं द्वारकां सह बान्धवैः ।। ४२।।

नाथ (स्वामी) मधुसूदन ! आज मेरो घरमा विश्राम गर्नुहोस्, बन्धुहरूका साथ (भोलि) विहान द्वारकानगरी पाल्नुहोला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पवित्रं कुरु मे वीर शिरश्चरणरेणुना ।
दासे कृपां कुरु सदा भक्तवत्सल माधव ।।४३।।

हे वीर ! मेरो शिर पाउको धूलोले पवित्र गर्नुहोस्, हे भक्तका प्यारा माधव ! दासमा सधैं कृपा गर्नुहोस् ।

इत्याकर्ण्य वचस्तस्य भूपतेर्मधुसूदनः ।
जगाद वचनं भूयो मेघगम्भीरया गिरा ।।४४।।

राजाको यस्तो वचन सुनेर मधुसूदनले मेघको जस्तो गम्भीर बोलीले फेरि भने–

श्रीकृष्ण उवाच– श्री कृष्णले भने–

साधु साधु महाभाग सूर्यकेतुमहीपते ।
मद्भक्तोऽसि कृतज्ञोऽसि धन्योऽसि बलवानसि ।।४५।।

महाभाग (ठूलो भाग्य भएका) सूर्यकेतु राजा ! ठीक छ, ठीक छ, मेरो भक्त हुनुहुन्छ, कृतज्ञ हुनुहुन्छ, धन्य हुनुहुन्छ र बलवान् हुनुहुन्छ ।

इहलोके सुखं भुक्त्वा महाविभवविस्तरैः ।
सशरीरो दिवं गन्ता भवानन्ते न संशयः ।।४६।।

यस लोकमा धेरै ऐश्वर्यहरूका साथ सुख भोगेर, अन्तमा तपाईं निश्चय नै सशरीर स्वर्ग जानुहुनेछ ।

सूर्यकेतुस्ततस्तुष्टो नानारत्नैर्मनोहरैः ।
पूजयामास गोविन्दं प्रद्युम्नं च विशेषतः ।।४७।।

त्यसपछि खुशी भएका सूर्यकेतुले मनोहर अनेक रत्नले खूबसँग गोविन्दलाई र प्रद्युम्नलाई पनि पूजा गरे ।

प्रभावत्यै ददौ राजा दिव्यानि वसनानि च ।
रत्नानि च विचित्राणि दासीश्च समलंकृताः ।।४८।।

राजाले दिव्य कपडाहरू, विचित्र रत्नहरू, सिंगारिएका दासीहरू पनि प्रभावतीलाई दिए ।

चन्द्रावत्यै महार्हाणि वसनाभरणानि च ।
निष्ककोटीः शतं दासीः प्रददौ भूपसत्तमः ।।४९।।

धेरै मोल पर्ने वस्त्र र गहनाहरू, करोड असर्फी, सय दासी राजाले चन्द्रावतीलाई दिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्यकेतुमहीपालपूजितं गरुडध्वजम् ।
पूजयामासुरत्युच्चैर्यादवा जातविस्मया ॥५०॥

सूर्यकेतु राजाले पूजिएका गरुडध्वजलाई आश्चर्य मानेका यादवहरूले खूबसँग पूजा गरे (स्वागत गरे) ।

ततः सपुत्रः पुरकामिनीकरै-
र्विमुक्तमन्दाररजोरुणच्छविः ।
जनार्दनो दानवदर्पसूदनो
मनोरमां द्वारवतीं विवेश हि ॥५१॥

त्यसपछि छोरो सँगै भएका, शहरका केटीका हातबाट छुटेका मन्दार (दिव्य-वृक्ष) का धूलाले रातै भएका, दानवको सेखी झार्ने जनार्दन आनन्द दिने द्वारवती (द्वारका) मा पसे ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो –

यः पठेत् प्रयतो नित्यं प्रद्युम्नविजयं शुभम् ।
नश्यन्ति रिपवस्तस्य संग्रामे जयमाप्नुयात् ॥५२॥

इन्द्रिय वशमा राखेर जसले सधैं शुभ प्रद्युम्न-विजय पढ्छ, त्यसका शत्रुहरू मासिन्छन् र लडाइँमा पनि जय पाउला ।

विद्यार्थी लभते विद्यां धनार्थी धनमाप्नुयात् ।
कन्यार्थी लभते कन्यामपुत्रः पुत्रमाप्नुयात् ॥५३॥

विद्यार्थीले विद्या पाउँछ, धन चाहनेले धन पाउँछ, कन्यार्थीले कन्या पाउँछ, छोरो नभएकोले छोरो पाउँछ ।

प्रद्युम्नविजयं रम्यं क्षत्रियो यः श्रृणोति च ।
रिपून् सर्वान् विनिर्जित्य महाराजो भवेदिह ॥५४॥

राम्रो प्रद्युम्न-विजय जुन क्षत्रीले सुन्छ, सबै शत्रुलाई जिती त्यो यहाँ महाराज हुन्छ ।

प्रद्युम्नविजयं रम्यं यो वैश्यः शृणुयाच्छुभम् ।
धनधान्यसमृद्धः स्यादन्ते याति परां गतिम् ॥५५॥

राम्रो र शुभ प्रद्युम्न-विजय जुन वैश्यले सुन्ला, त्यो धन र धान प्रशस्त हुने भएर अन्तमा श्रेष्ठ गतिमा जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शूद्रः शृणोति चेद् भक्त्या प्रद्युम्नविजयं शुभम् ।
इहलोके सुखं भुक्त्वाऽप्यन्ते याति परां गतिम् ॥५६॥

शुभ प्रद्युम्न-विजय भक्तिपूर्वक शूद्रले सुन्छ भने यस लोकमा सुख भोगेर अन्तमा श्रेष्ठ गतिमा जान्छ ।

प्रद्युम्नविजयं श्रुत्वा गुर्विणी जनयेत् सुतम् ।
यं यं प्रार्थयते कामं तं तं काममवाप्नुयात् ॥५७॥

प्रद्युम्न-विजय सुनेर पेट बोकेकीले छोरो पाउँछे । जे जे चिताउँछ, त्यही त्यही पाउँछ ।

हृतराज्येन भूपेन श्रोतव्यं च विशेषतः ।
अलभ्यं लभते राज्यं नाऽत्र कार्या विचारणा ॥५८॥

विशेष गरेर राज्य लुटिएका राजाले सुन्नुपर्छ, नपाइने राज्य पनि पाउँछ, यसमा विचारै गर्नुपर्दैन ।

श्राद्धकाले पठेद्यस्तु प्रद्युम्नविजयं शुभम् ।
पितरस्तस्य तृप्यन्ति शरदामयुतं पुनः ॥५९॥

शुभ प्रद्युम्न-विजय जसले श्राद्धको वेला पढ्छ, त्यसका पितृहरू दश हजार वर्ष तृप्त हुन्छन् ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये प्रद्युम्नविजयो नाम द्वादशोऽध्यायः ॥१२॥

स्कन्दपुराणअन्तर्गत हिमवतखण्डको नेपालमाहात्म्यमा प्रद्युम्नविजय नामक बाह्रौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेह्रौं अध्याय

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो–

तपोधन मुनिश्रेष्ठ त्वद्वक्त्राम्बुजनिर्गतम् ।
प्रद्युम्नविजयं श्रुत्वा न तृप्तिमधियाम्यहम् ॥१॥

हे मुनिश्रेष्ठ तपोधन ! तपाईंको कमल जस्तो मुखबाट निस्केको प्रद्युम्न-विजय सुनेर म तृप्त हुन्न ।

नेपाले दुर्लभे क्षेत्रे यान्यन्यानि तपोधन ।
तानि लिङ्गानि कथय श्रोतुमिच्छा प्रजायते ॥२॥

हे तपोधन ! दुर्लभ नेपाल क्षेत्रमा अरू जुन लिङ्गहरू छन्, ती भन्नुहोस्; सुन्ने इच्छा उत्पन्न भएको छ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

सन्ति लिङ्गान्यनेकानि नेपाले क्षेत्रसत्तमे ।
सोमलिङ्गसमं लिङ्गं न भूतं न भविष्यति ॥३॥

असल क्षेत्र नेपालमा अनेकौं लिङ्गहरु छन्, (तर) सोमलिङ्ग जस्तो लिङ्ग न भयो, न हुनेछ ।

सोमेश्वरं कृतयुगे त्रेतायां सोमनाथकम् ।
सोमशम्भुं द्वापरे हि सोमलिङ्गं कलौ युगे ॥४॥
युगे युगे नाम तस्य वदन्ति मुनयो द्विज ।
गुप्तं मुने सोमलिङ्गं न सर्वो वेत्ति मानवः ॥५॥

सत्य युगमा सोमेश्वर, त्रेतामा सोमनाथ, द्वापरमा सोमशम्भु र कलि युगमा सोमलिङ्ग, त्यसको नाम युग-युगमा यसरी भन्छन् । द्विज (जैमनि) ! हे मुनि ! सोमलिङ्ग गुप्त छ, सबै मानिसहरूले थाहा पाउँदैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जैमिनिरुवाच– जैमिनिले भन्नुभयो–

सोमेश्वरसमुत्पत्तिं ब्रह्मन् कथय मे पुरः ।
श्रद्धा मे महती तस्मिन् सोमलिङ्गे द्विजोत्तम ॥६॥

हे ब्रह्मन् ! सोमेश्वरको उत्पत्ति मेरा अगाडि (मलाई) भन्नुहोस्, हे ब्राह्मण-हरूमा श्रेष्ठ (मार्कण्डेय) ! त्यस सोमलिङ्गमा मेरो ठूलो श्रद्धा छ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

शृणु सावहितो वत्स सोमेश्वरसमुद्भवम् ।
यस्य श्रवणमात्रेण नरो मुच्येत पातकात् ॥७॥

हे बाबु ! एकाग्र भएर सोमेश्वरको उत्पत्ति सुन्नुहोस्, जुन सुन्नाले मात्रै मानिस पापबाट छुट्छ ।

ओषधीनामधिपतिः पुरा कृतयुगे मुने ।
सोमो बभूव राजेन्द्रः सर्वविद्याविशारदः ॥८॥

हे मुनि ! पहिल्यै सत्य युगमा सबै विद्यामा विशारद औषधिहरूका स्वामी चन्द्रमा राजाहरूमा श्रेष्ठ भए ।

वशं चकार त्रैलोक्यं निजबाहुबलेन च ।
एकदा गुरुमाहूय चन्द्रमा बलदर्पितः ॥९॥
प्रश्रयावनतो भूत्वा वचनं चेदमब्रवीत् ।

आफ्ना बाहुबलले तीनै लोकलाई वश गरे, अनि एक दिन खूब बल भएका चन्द्रमाले गुरु (बृहस्पति) लाई बोलाएर दरबारी चालले नम्र भई यो कुरा भने–

चन्द्रमा उवाच– चन्द्रमाले भने–

बृहस्पते द्विजश्रेष्ठ श्रूयतां वचनं मम ॥१०॥
राजसूयेन यज्ञेन यष्टुमिच्छामि सर्वथा ।
मां याजय गुरो भक्तं शरणं त्वामुपागतम् ॥११॥

ब्राह्मणहरूमा श्रेष्ठ बृहस्पति ! मेरो कुरा सुन्नुहोस्–जसरी भए पनि राजसूय यज्ञ गर्न चाहन्छु; गुरुको भक्त, तपाईंको शरणमा आएको मलाई यज्ञ गराउनुहोस् ।

श्रुत्वा चन्द्रमसो वाक्यं वाचस्पतिरुवाच ह ।
चन्द्रमाको कुरा सुनेर वाचस्पतिले भने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं महाविधे यज्ञे प्रवृत्ते सर्वदेवताः ॥२६॥
आजग्मुश्च सपत्नीका महादेवपुरोगमाः ।

यस्तो ठूलो विधि भएको यज्ञ शुरु भएपछि दम्पतीसहित महादेव आदि सबै देवताहरू आए ।

हाहाहूहूप्रभृतयो गन्धर्वाः समुपागताः ॥२७॥
विद्याधराः समायाता अप्सराभिः समन्विताः ।

हाहा हूहू आदि गरिएका गन्धर्वहरू आए, अप्सराहरूले युक्त विद्याधरहरू आए ।

आयातारच नृपाः सर्वे सप्तद्वीपनिवासिनः ॥२८॥
आगता मुनयः सर्वे नानादेशनिवासिनः ।

सातै द्वीपमा वस्ने सबै राजाहरू पनि आए, विभिन्न देशमा वस्ने सबै मुनिहरू आए ।

वैदिकास्तार्किका ये च काव्यकोषविदस्तथा ॥२९॥
वैद्या ज्योतिर्विदश्चापि सर्व एव समागताः ।

वैदिकहरू, तार्किकहरू, काव्य र कोप जान्नेहरू, त्यस्तै वैद्यहरू र ज्योतिषीहरू सबै नै आए ।

गायका नर्तकाश्चापि वादकाश्च समागताः ।३०॥
वाराङ्गनाः समायाता भिक्षुकाश्च तथैव च ।

गायकहरू, नर्तक (नाच्ने) हरू र वादक (वजाउने) हरू पनि आए र वेश्या र भिक्षुहरू पनि आए ।

दीयतां कुज्यतां चेति श्रूयते निनदो महान् ॥३१॥
दिइयोस् (देऊ) र खाइयोस् (खाऊ), यस्तै ठूलो शब्द सुनिन्छ (थ्यो)

शास्त्रचर्चा काव्यचर्चा वेदचर्चा तथैव च ।
पुराणानां तथा चर्चा नान्यचर्चा हि विद्यते ॥३२॥

शास्त्रचर्चा, काव्यचर्चा, वेदचर्चा र पुराणहरूको चर्चा थियो, अरू चर्चा नै छैन (थिएन) ।

आगतेभ्यो ददौ सोमो वाञ्छितादधिकं धनम् ।
ततो निवर्तयामास राजसूयं कलानिधिः ॥३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएकाहरूलाई चन्द्रमाले चाहेभन्दा वढी भत्त दिए, त्यसपछि कलानिधि (चन्द्रमा) ले राजसूय पूरा गरे ।

ततोऽवभृथमारेभे नक्षत्रानामधीश्वरः ।
सौवर्णपूर्णकुम्भैश्च नानामन्त्राभिमन्त्रितैः ॥३४॥
चतुर्वेदोक्तमन्त्रैश्च जयघोषैर्मनोहरैः ।
नानावादित्रनिर्घोषैः स्नानं चक्रे कलानिधिः ॥३५॥

त्यसपछि नक्षत्रहरूका स्वामी (चन्द्रमा) ले अवभृथ (यज्ञसमाप्तिमा गर्ने स्नान) शुरू गरे । अनेक मन्त्रहरूले मन्त्रणा गरिएका, चार वेदका मन्त्रहरूले पनि मन्त्रिएका, त्यस्तै मनोहर जय शब्दले र विभिन्न वाजाका शब्दहरूले मन्त्रिएका सुनका पूर्ण घडाहरूद्वारा चन्द्रमाले स्नान गरे ।

स्नानान्ते चन्द्रमास्तारां गुरोः पत्नीं मनोहराम् ।
वीक्ष्य कामाभिभूतोऽभूद् भाविनोऽर्थस्य गौरवात् ॥३६॥

स्नानको अन्तमा गुरुकी राम्री पत्नी तारालाई देखेर पछि हुने अर्थ-गौरवले गर्दा कामदेवले पिरिएका भए ।

तारा चन्द्रमसं वीक्ष्य नेत्रानन्दकरं शुभम् ।
चकमे गुरुकामा च चाञ्चल्यं स्त्रीषु सर्वदा ॥३७॥

आँखालाई आनन्द गर्ने राम्रो चन्द्रमालाई देखेर धेरै कामवासना भएकी तारा पनि मोहित भइन्; हो, स्त्रीहरूमा सधैं चञ्चलता हुन्छ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततो जग्राह तां तारां गुरोरग्रे कलानिधिः ।
स्वाग्रे गृहीतां रमणीं वीक्ष्य प्राह गुरुस्तदा ॥३८॥

त्यसपछि गुरुकै अगाडि चन्द्रमाले ती तारालाई समाते । आफ्नै अगाडि समातिएकी रमणी (स्वास्नी) लाई देखेर गुरु (वृहस्पति) ले भने –

वृहस्पतिरुवाच– वृहस्पतिले भने–

राजसूयक्रतुं कृत्वा गुरुपत्न्या विशेषतः ।
हरणे रजनीनाथ न ते धर्मभयं कथम् ॥३९॥
लज्जामपि परित्यज्य देवब्राह्मणसन्निधौ ।

रजनीनाथ (चन्द्रमा) ! राजसूय यज्ञ गरेर, लाज पनि छोडेर (पचाएर) देवता र ब्राह्मणका नजीकमा अझ गुरुपत्नी हरण गर्नमा कसरी तिमीलाई धर्मको डर भएन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन धर्मविधैर्वाक्यैर्वारितोऽपि कलानिधिः ।। ४०।।
अन्तःपुरं विवेशाथ तारया वरहारया ।

तिनले (वृहस्पतिले) धर्मवाक्यहरूद्वारा रोकिएका भए पनि चन्द्रमा वर हरिएकी ताराका साथ अन्तःपुर (दरवार) मा पसे ।

हाहाकारो महानासीत् त्रिविष्टपनिवासिनाम् ।।४१।।
रेमे तया कलानाथः कामशास्त्रविशारदः ।
जीवोऽपि दुःखसन्तप्तः सुरनाथं जगाद हि ।।४२।।

स्वर्गमा बस्नेहरू (देवताहरू) को वीचमा ठूलो हाहाकार भयो । तिनका (ताराका) साथ कामशास्त्रमा विशारद (सिपालु) कलानाथ (चन्द्रमा) ले रमण गरे । दुःखले पिरिएका वृहस्पतिले पनि इन्द्रलाई भने–

देवेन्द्र सर्वदेवस्य नियन्ताऽसि भवान् यतः ।
पुरोहितस्य विप्रस्य भवदग्रे विशेषतः ।।४३।।
चन्द्रेण ह्रियते पत्नी किं वदामि तवाग्रतः ।

हे देवेन्द्र ! तपाईं सबै देवतालाई नियममा लगाउने हुनुहुन्छ । अझ तपाईंकै अगाडि पुरोहित ब्राह्मणकी पत्नी चन्द्रले लुट्यो, यहाँका सामु मैले (अरू) के भनूँ र ?

त्रिविष्टपस्य रक्षार्थमिन्द्रत्वे स्थापितो भवान् ।।४४।।
ब्रह्मणा लोकगुरुणा सर्वप्राणिनमस्कृतः ।

लोकका गुरु ब्रह्माले र सबै प्राणीले नमस्कार गरिएका तपाईं स्वर्गको रक्षा गर्न इन्द्र बनाएर राखिएको हुनुहुन्छ ।

वलिभिः पीडयमानस्य राजा षष्ठांशमाहरन् ।।४५।।
यदि रक्षां न कुरुते रौरवं नरकं व्रजेत् ।

षष्ठांश कर उठाउने राजाले तिरो अमूल गरिएका प्रजाको यदि रक्षा गर्दैन भने रौरव नरक जान्छ ।

पुत्रे भ्रातरि चामात्ये निर्धने पुक्कसेऽथवा ।।४६।।
समं च कुरुते न्यायं स राजा स्वर्गमाप्नुयात् ।

छोरामा, भाइमा, मन्त्रीमा, दुःखीमा अथवा पोडेमा पनि वरावर न्याय गर्छ भने त्यस राजाले स्वर्ग पाउनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजानां रक्षणाद्राजा प्रजानां रक्षणे यदि ।।४७।।
नोद्योगं कुरुते मोहान्मात्सर्ये यः प्रवर्तते ।
तस्य राज्ञो राज्यभ्रंशो भवत्येव न संशयः ।।४८।।

प्रजाहरूलाई रक्षा गर्नाले राजा भनिएको हो, जो प्रजाहरूको मोहले रक्षामा लाग्दैन र मात्सर्यमा लाग्दछ, त्यस राजाको राज्य निश्चय नै खतम हुन्छ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

इति नानाविधैर्वाक्यैर्बोधितो गुरुणा तदा ।
तूष्णीमासीद्वज्रपाणिश्चन्द्रविक्रमभीतितः ।।४९।।

यस्ता अनेक किसिमका वाक्यद्वारा गुरूले बुझाइएका इन्द्र चन्द्रमाको पराक्रमको डरले गर्दा चूप रहे ।

न सूर्यो वरुणो नैव न वायुर्बलिनां वरः ।
न कुबेरो न वा वह्निरुत्तस्थौ चन्द्रभीतितः ।।५०।।

चन्द्रको डरले गर्दा न सूर्य, न वरुण,न बलियाहरूमा पनि बलिया वायु, न कुवेर, न अग्नि नै उठे ।

न देवा न च गन्धर्वा न यक्षा नासुरास्तथा ।
न राजानः समुत्तस्थुश्चन्द्रतेजोऽतिविस्मिताः ।।५१।।

चन्द्रमाको तेजले चकित भएका न देवताहरू, न गन्धर्वहरू, न यक्षहरू, न दैत्यहरू, न राजाहरू नै उठे ।

चन्द्रविक्रमभीतांस्तु सदेवासुरमानुषान् ।
वीक्ष्य तस्थौ महादेवो वचनं च जगाद ह ।।५२।।

चन्द्रमाको पराक्रमले डराएका देवता दैत्य र मानिसहरूलाई देखेर महादेव खडा भए र बोले –

श्रीमहादेव उवाच– महादेवले भने–

इमां देवसभां धिग् धिग् देवानां विक्रमं च धिक् ।
अनादृत्य सुरान् सर्वान् तथा दानवभूमिपान् ।।५३।।
मां च विष्णुमनादृत्य विधुना दुष्टबुद्धिना ।
धर्मपत्नी ब्राह्मणस्य गुरोश्चैव विशेषतः ।।५४।।
राजसूयक्रतुं कृत्वा ह्रियते ज्ञानलाघवात् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताको यस सभालाई धिक्कार छ, देवताहरूको पराक्रमलाई पनि धिक्कार छ, सबै देवताहरूलाई, दानवराजहरूलाई पनि हेला गरेर विष्णुलाई र मलाई पनि अनादर गरेर, दुष्ट बुद्धि भएको चन्द्रले राजसूय यज्ञ गरी ब्राह्मणकी पत्नी, अझ त्यसमाथि पनि गुरुकी धर्मपत्नी ज्यादै थोरै ज्ञान हुनाले हरिन्छ ।

अहं पिनाकमादाय कृत्वा चन्द्रमसं रणे ।।५५।।
करिष्यामि क्षणेनैव गुरोरश्रुप्रमार्जनम् ।

म पिनाक (शिवको धनु) लिएर, चन्द्रमासँग लडाइँ गरी एकै छिनमा नै गुरुको आँसु पुछ्नेछु ।

इत्युक्त्वा गिरिजानाथो धृत्वा दिव्यं महद्धनुः ।।५६।।
उत्तस्थौ सगणः कोपात् त्रिलोकीं निर्दहन्निव ।

शिवले यति भनेर दिव्य ठूलो धनु लिएर तीनै लोकलाई डढाउँला झैं गरी गणसहित रिसले उठे ।

पिनाकपाणिमायान्तं युद्धाय रजनीकरः ।।५७।।
श्रुत्वा रथं समारुह्य निर्ययौ भवनात् ततः ।

युद्धका लागि पिनाक हातमा लिएका (शिव) आएको सुनेर चन्द्रमा रथ चढी भवनवाट निस्के ।

ततश्चकम्पे वसुधा चेलुः सर्वे महीधराः ।।५८।।
ववौ च परुषो वायुः पेतुरुल्काः सहस्रशः ।
दिशः सतिमिरा मेघा ववर्षू रुधिरं वहु ।।५९।।

त्यसपछि पृथ्वी काँप्यो, सबै पहाडहरु हल्लिए, रूखो हावा चल्यो, हजारौं उल्का-हरू खसे, दिशाहरू तिरमिराए र मेघले धेरै रगत वर्साए ।

हाहाकारो महानासीत् त्रिविष्टपनिवासिनाम् ।
ततः समभवद्युद्धं चन्द्रशङ्करयोस्तदा ।।६०।।

स्वर्गवासीहरूमा ठूलो हाहाकार भयो । अनि चन्द्र र शङ्करको वीचमा लडाइँ भयो ।

वाणान्धकारसञ्छन्नं जगदासीत् समाकुलम् ।
पश्यतां सर्वदेवानां निजवीर्यं प्रदर्शयन् ।।६१।।
युयुधे चन्द्रमा विप्र शङ्करेण समं तदा ।
छादयामास विशिखैः शङ्करं वलदर्पितः ।।६२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाणको अन्धकारले ढाकिएको संसारै आकुल थियो । हे ब्राह्मण (जैमिनि)! हेर्ने देवताहरूको अगाडि आफ्नो पराक्रम देखाउँदै शंकरका साथ चन्द्रमा लडे । बलले मात्तिएका (चन्द्रमा) ले शङ्करलाई तीखा तीखा वाणहरूले ढाकिदिए ।

ततोऽतिक्रुद्धो भगवान् पार्वतीप्राणवल्लभः ।
शरैर्विध्वंसयामास चन्द्रमुक्ताञ्छराँस्तथा ॥६३॥

त्यसपछि खूब रिसाएका पार्वतीका प्राणपियारा भगवान्ले चन्द्रले छोडिएका शरलाई शरहरूले विध्वस्त पारे ।

आग्नेयास्त्रं प्रयुयुजे चन्द्रं हन्तुं महेश्वरः ।
आग्नेयास्त्रं समालोक्य पर्जन्यं ससृजे विधुः ॥६४॥

चन्द्रलाई मार्नका लागि महेश्वरले आग्नेयास्त्रको प्रयोग गरे । आग्नेयास्त्र देखेर चन्द्रमाले पर्जन्यास्त्र हाने ।

आग्नेयास्त्रं समालोक्य शान्तं देवो महेश्वरः ।
रजनीशविनाशाय पर्वतास्त्रं समाददे ॥६५॥

देव महेश्वरले आग्नेयास्त्रलाई शान्त देखेर चन्द्रमालाई मार्नका निम्ति पर्वतास्त्र लिए ।

पर्वतास्त्रं समायान्तं वीक्ष्य चन्द्रो महाबलः ।
पर्वतास्त्रविनाशाय वायव्यास्त्रं हि सन्दधे ॥६६॥

महाबली चन्द्रले पर्वतास्त्र आएको देखेर पर्वतास्त्रलाई नाश गर्नका निम्ति वायव्यास्त्र लिए ।

ततस्तु गिरिजानाथो विनाशाय कलानिधेः ।
नागास्त्रं सन्दधे घोरं ज्वालामालातिभीषणम् ॥६७॥

त्यसपछि शिवले चन्द्रमालाई मार्नका लागि ज्वालाहरूले ज्यादै डरलाग्दो भएको भयङ्कर नागास्त्र लिए ।

नागास्त्रमागतं वीक्ष्य लेलिहानमिवान्तकम् ।
क्षपाकरः क्षणादेव गरुडास्त्रं स सृष्टवान् ॥६८॥

लपलपाउँदै आएको काल झैं नागास्त्र आएको देखेर ती चन्द्रमाले तुरुन्तै गरुडास्त्रको सिर्जना गरे ।

ततो गौरीपतिः शीघ्रं रौद्रास्त्रेण कलानिधिम् ।
बबन्ध पश्यतां तत्र सासुरोरगरक्षसाम् ॥६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि तुरुन्तै शिवले हेरिरहेका असुर नाग र राक्षसहरूको अगाडि चन्द्रमालाई रौद्रास्त्रले बाँधे ।

विकलं विधुमालोक्य खड्गेन गिरिजापतिः ।
शिरश्छेत्तुं समारेभे हाहाकारो महानभूत् ।।७०।।

विकल (केही गर्न नसक्ने) चन्द्रमालाई देखेर शिव खड्गद्वारा टाउको काट्न लागे, ठूलो हाहाकार भयो ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततो निवारयामास सर्वलोकपितामहः ।

त्यसपछि सबै लोकका पितामह (ब्रह्मा) ले रोके–

ब्रह्मोवाच– ब्रह्माले भने–

न हन्तव्यो न हन्तव्यो द्विजराजो महेश्वर ।।७१।।
त्यज्यतां गिरिजानाथ कोपं संहर शङ्कर ।

हे महेश्वर ! चन्द्रमालाई मार्न हुन्न, मार्न हुन्न, गिरिजानाथ ! छोड्नुहोस्, हे शङ्कर ! रिस खिच्नुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

पितामहवचः श्रुत्वा निजगाद महेश्वरः ।।७२।।

पितामहको बोली सुनेर महेश्वरले भने–

श्रीमहादेव उवाच– श्री महादेवले भने–

ददातु गुरवे तारां त्यज्यते रजनीकरः ।
नो चेन्निहन्मि रजनीनाथं दुष्टं तवाग्रतः ।।७३।।
इति शम्भुवचः श्रुत्वा ब्रह्मा प्रोवाच शङ्करम् ।

गुरुलाई तारा देओस्, अनि चन्द्रमा छोडिन्छ, हैन भने तपाइँका अगाडि दुष्ट चन्द्रमालाई मार्छु । यस्तो शम्भुको कुरा सुनेर ब्रह्माले शम्भुलाई भने–

ब्रह्मोवाच– ब्रह्माले भने–

तारां दास्यति जीवाय मुच्यतामेव चन्द्रमाः ।।७४।।

तारा बृहस्पतिलाई दिनेछ, यो चन्द्रमा छोडियोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततो मुमोच भगवान् शङ्करो रजनीकरम् ।
चन्द्रमा लज्जितो भूत्वा तस्थौ शङ्करपाददृक् ।।७५।।

त्यसपछि भगवान् शङ्करले चन्द्रमालाई छोडे । चन्द्रमा लज्जित भएर शङ्करको पाउमा आँखा पुऱ्याएर (मुण्टो निहुऱ्याएर) बसे ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये त्रयोदशोऽध्यायः ।।१३।।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपाल-माहात्म्यको तेह्रौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौधौं अध्याय

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततः सुरसभा जाता सासुरोरगभूमिपा ।
महाविह्वलतां प्राप्ता यथा चित्रार्पिता सभा ।।१।।

त्यसपछि दैत्य र सर्पराजहरू समेत भएको ज्यादै विह्वलतामा प्राप्त भएको देवसभा चित्रमा लेखिएको सभा झैं भयो ।

तारां समानयामास चन्द्रमा हरभीतितः ।
युयुधे चन्द्रमा यावत् शङ्करेण महात्मना ।।२।।
तावत् प्रासूत तनयमौरसं हिमदीधितेः ।
ततः समागता तारा सपुत्रा चन्द्रगेहतः ।।३।।

शिवको डरले गर्दा चन्द्रमाले तारालाई ल्याए । जुन वेलासम्म महात्मा शङ्करसँग चन्द्रमा लडे, त्यस वेलासम्ममा चन्द्रमाको औरस छोरो जन्मियो । त्यसपछि छोरोसहित तारा चन्द्रमाको घरवाट आइन् ।

तां वीक्ष्य विस्मितास्तस्थुर्देवताः सकलास्तदा ।
ततः प्रोवाच तां तारां सर्वलोकपितामहः ।।४।।

तिनलाई देखेर सवै देवताहरू आश्चर्य भएर रहे, ती तारालाई ब्रह्माले भने-

अयं कस्य सुतस्तारे गुरोश्चन्द्रस्य वा पुनः ।
श्रुत्वा ब्रह्मवचस्तारा नोवाच किल लज्जया ।।५।।
एककालं तदा चक्रुरट्टहासं सुरा मुहुः ।

तारा ! यो कसको छोरो हो ? गुरुको अथवा चन्द्रमाको ? ब्रह्माको वोली सुनेर लाजले तारा वोलिनन् । अनि एकै पटक देवताहरु खित्का छोडेर हाँसे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

देवानामट्टहासेन तारापुत्रो हि लज्जितः ॥६॥
भूत्वा जगाद जननीं देवानां पश्यतां तदा ।

देवताहरूको गललल्ल हाँसोले ताराको छोरोले लाज मानेर, हेरिरहेका देवताहरूको अगाडि आमालाई भन्यो–

मातस्तातं कथय मे नो चेत् प्राणाँस्त्यजाम्यहम् ॥७॥
हसन्ति देवता सर्वा मां वीक्ष्य पुरतस्तव ।

आमा ! वा को हो भन्नुहोस्, नत्रभने म मर्छु; तपाईंको अगाडि मलाई देखेर सबै देवताहरू हाँस्छन् ।

ततः प्रोवाच सा तारा पुत्रमुच्चस्वरेण हि ॥८॥
क्षेत्रे गुरोश्चन्द्रमसो जातोऽसि तनय ध्रुवम् ।

त्यसपछि ती ताराले छोरालाई ठूलो स्वरले भनिन्– गुरुको क्षेत्रमा निश्चय चन्द्रमाको छोरो जन्मेका हौ ।

प्राह वाक्यं विधिर्जीवं श्रुत्वा तारावचस्तदा ॥९॥
गृह्यतां सुभगा तारा पुत्रश्चन्द्राय दीयताम् ।

ताराको कुरो सुनेर ब्रह्माले वृहस्पतिलाई भने– सुभगा तारालाई लिनुहोस्, छोरो चन्द्रमालाई दिनुहोस् ।

श्रुत्वा भगवती वाक्यं जीवः प्राह पितामहम् ॥१०॥
भगवान् (ब्रह्मा) को कुरो सुनेर उनलाई वृहस्पतिले भने ।

जीव उवाच– वृहस्पतिले भने–

ब्रह्मन् पुत्रो मदीयोऽयं न चन्द्रस्य कदाचन ।
दीयतां पुत्रसहिता तारा मह्यं पितामह ॥११॥

ब्रह्मा ! यो छोरो मेरो हो, कहिल्यै चन्द्रको हुन्न । पितामह ! छोरोसहितकी तारा मलाई दिनुहोस् ।

ततो विधुर्जीववचः श्रुत्वा प्राह पितामहम् ।
त्यसपछि चन्द्रमाले वृहस्पतिको कुरो सुनेर ब्रह्मालाई भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रमा उवाच– चन्द्रमाले भने–

पितामह मदीयोऽयं पुत्रो जीवस्य नैव हि ॥१२॥

पितामह ! यो छोरो मेरो हो, वृहस्पतिको हुँदै हैन ।

विधोर्वचनमाकर्ण्य पुनः प्राह पितामहः ।

चन्द्रमाको कुरो सुनेर पितामहले फेरि भने–

ब्रह्मोवाच– ब्रह्माले भने–

विवादो नैव कर्त्तव्यश्चन्द्रेण गुरुणाऽपि च ॥१३॥
पुत्रपृष्टा हि यत् तारा प्राह सत्यं तदेव हि ।

चन्द्र र गुरुले पनि विवाद गर्न हुन्न, छोराले सोधिएकी ताराले जे भनिन् त्यही नै साँचो हो ।

आहर्ता राजसूयस्य दुःखं प्राप्नोति निश्चितम् ॥१४॥
अतोऽत्र विधिना लब्धमायासाद् दुःखमेव च ।

राजसूय गर्नेले पनि निश्चय दुःख पाउँछ, त्यसै हुनाले यहाँ विधिले (भाग्यले) क्लेशवाट- दुःख पाए ।

बुधवद्भाषितं यस्माद्बालकेन सुराग्रतः ॥१५॥
अतोऽयं बुधनामास्तु ममाज्ञातो महेश्वर ।

देवताहरूको अगाडि बालकले बुध (पण्डित) ले झैं भनेकोले मेरो आज्ञावाट महेश्वर यो बुध नामको होस् ।

ततो जग्राह स गुरुस्तारां कमललोचनाम् ॥१६॥
पुत्रं जग्राह हिमगुरौरसं तनयं तदा ।

त्यसपछि ती वृहस्पतिले कमलनयनी तारा लिए, औरस छोरो चन्द्रमाले लिए ।

ततः प्राह सभामध्ये गिरिजाप्राणवल्लभः ॥१७॥

त्यसपछि सभाको बीचमा पार्वतीका प्राणपियाराले भने–

गुरुपत्नी हृता तेन विधुना दुष्टबुद्धिना ।
महापातकसंयुक्तः क्रतुभागविवर्जितः ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यक्ष्मणा क्षीणतामेतु सर्वदेववहिष्कृतः ।
इत्युक्त्वा प्रययौ शीघ्रं कैलाशं गिरिजापतिः ।।१९।।

त्यो दुष्ट वुद्धि भएको चन्द्रले गुरुकी पत्नी हर्‍यो । यसैले महापापले युक्त भएको, यज्ञको भोगवाट छुटेको र राजयक्ष्माले क्षीण होस्, त्यस्तै सवै देवताले वहिष्कार गरिएको होस् । यति भनेर चाँडै नै शिव कैलाश गए ।

स्वानि स्थानानि ते जग्मुः देवाः शक्रपुरोगमाः ।
भूपाश्च मुनयः सर्वे स्वस्वस्थानं प्रपेदिरे ।।२०।।

ती इन्द्रादि देवताहरू आफ्नो ठाउँमा गए, र राजाहरू र मुनिहरू पनि आ-आफ्नो ठाउँमा गए ।

ततः परं शीतकरो महापातकसंयुतः ।
अभिभूतो यक्ष्मणा च लेभे शर्म न कुत्रचित् ।।२१।।

त्यहाँदेखि महापातकी क्षयरोगले पीडित भएका चन्द्रले कहीं पनि सुख पाएनन् ।

ततः शरीरशुद्धचर्थं तीर्थं बभ्राम चन्द्रमाः ।
प्राच्युदीचिपश्चिमासु यानि तीर्थानि जैमिने ।।२२।।
तानि भ्रमन् शीतकरः पातकं न जहौ पुनः ।

त्यसपछि शरीर-शुद्धिका लागि चन्द्रमाले तीर्थ घुमे । हे जैमिनि ! पूर्व उत्तर र पश्चिममा जति तीर्थहरू छन्, ती घुमेका चन्द्रमाको पाप छुटेन ।

ततो जगाम हिमगुर्दक्षिणाशां मनोहराम् ।।२३।।
तत्र भ्रान्त्वा त्वनेकानि तीर्थानि विविधानि च ।
अगस्त्यस्याश्रमं रम्यं जगाम शशलाञ्छनः ।।२४।।

त्यसपछि चन्द्रमा सुन्दर दक्षिण दिशातिर गए । त्यस्ता विभिन्न अनेकौं तीर्थहरू घुमेर चन्द्रमा अगस्त्यको राम्रो आश्रममा गए ।

लोपामुद्रापतिर्वीक्ष्य चन्द्रमाश्रममागतम् ।
महापातकिन दृष्ट्वा निषीदेति वचोऽब्रवीत् ।।२५।।

आश्रममा आएका महापातकी चन्द्रमालाई लोपामुद्राका पति (अगस्त्य) ले देखेर वस भने ।

उपविष्टस्ततस्तस्य वाक्यान्ते शशलाञ्छनः ।
प्रोवाच दण्डवद् भूत्वा लोपामुद्रापतिं तदा ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनको वस भन्ने वाक्य सिद्धिएपछि चन्द्रमाले भुईंमा लौरी झैं पल्टेर अगस्त्यलाई भने ।

चन्द्रमा उवाच– चन्द्रमाले भने–

हृता भार्या गुरोर्मोहान्मया वै मन्दबुद्धिना ।
तेन पातकिनो विप्र न सुखं विद्यते मम ।।२७।।

मोह (अज्ञान) ले गर्दा मन्द बुद्धि भएको मैले गुरुकी पत्नी हरें, त्यसै कारणले पातकी मलाई सुख छैन ब्राह्मण !

भ्रान्तानि सर्वतीर्थानि क्षेत्राण्युपवनानि च ।
पुर्यः सप्त मया दृष्टा उषित्वाऽस्मि व्रतं चरन् ।।२८।।

सबै तीर्थहरू, क्षेत्रहरू, उपवनहरू घुमिए, सातोटै पुरी मैले देखें, व्रत गरेर बसेको छु ।

तथापिन मुने जाता मम पापस्य निष्कृतिः ।
कथयाशु महाभाग येन मे निष्कृतिर्भवेत् ।।२९।।

तैपनि हे मुनि ! मेरो पापक प्रायश्चित्त भएन । हे महाभाग ! जेले मेरो प्रायश्चित्त हुन्छ त्यो चाँडै भन्नुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

इति चन्द्रवचः श्रुत्वाऽगस्त्यः प्राह ततस्तु तम् ।

यस्तो चन्द्रमाको वचन सुनेर तिनलाई (चन्द्रमालाई) अगस्त्यले भने–

अगस्त्य उवाच – अगस्त्यले भने–

द्विजराज त्वया यस्मात् पशुवन्मूढचेतसा ।।३०।।
भार्यां हृत्वा गुरोश्चैव पशुकार्यं कृतं ध्रुवम् ।
तस्मात् पशुपतिं देवं गत्वा श्लेष्मान्तकं वनम् ।।३१।।
आराधय महाभाग ततः शुद्धो भविष्यसि ।

चन्द्रमा ! पशुको जस्तो मूर्ख बुद्धि भएको तिमीले गुरुकी पत्नी पनि हरेर निश्चय पशुले गर्ने जस्तो काम गऱ्यौ । त्यसैले श्लेष्मान्तक वनमा गई पशुपति देवलाई आराधना गर, महाभाग ! अनि शुद्ध हुनेछौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयाऽपि काशी संत्यक्ता विन्ध्यपर्वतकारणात् ॥३२॥
ततः प्रभृति भो चन्द्र लभ्यते न मया सुखम् ।
अतो मयापि गन्तव्यं श्लेकान्तक वनं सह ॥३३॥

विन्ध्य पर्वतको कारणले गर्दा मैले पनि काशी छोडें, त्यहाँदेखि चन्द्र ! मैले सुख पाएको छैन । यसैले म पनि सँगै श्लेष्मान्तक वन जान्छु ।

इति तस्य वचः श्रुत्वा चन्द्रमा प्राह तं मुनिम् ।
मम भाग्योदयो जातो भवता यदि गम्यते ॥३४॥
उत्तिष्ठ मुनिशार्दूल गमनं रचय प्रभो ।

यस्तो तिनको वोली सुनेर चन्द्रमाले ती मुनिलाई भने– यदि तपाईं जानुहुन्छ भने मेरो भाग्योदय भयो, हे श्रेष्ठ मुनि ! उठ्नुहोस्, जाने तरखर गर्नुहोस् हजूर !

ततः श्लेष्मान्तकवनं सोऽगस्त्यश्चन्द्रसंयुतः ॥३५॥
ययावाकाशमार्गेण द्वितीय इव भास्करः ।

त्यसपछि चन्द्रमा साथ लागेका ती अगस्त्य दोस्रो सूर्य झैं आकाश मार्गले श्लेष्मान्तक वनमा गए ।

श्लेष्मान्तकवनं क्षेत्रं दृष्ट्वा परमदुर्लभम् ॥३६॥
मुदमाप तदाऽगस्त्यश्चन्द्रमःसहितो मुनिः ।

पाइ नसक्नु श्लेष्मान्तक वनको क्षेत्र देखेर चन्द्रमा सहितका ती अगस्त्य मुनि खुशी भए ।

वाग्मत्या पयसि स्नात्वा दृष्ट्वा देवीं तु वत्सलाम् ॥३७॥
दक्षिणद्वारि संतस्थौ दृष्ट्वा पशुपतीश्वरम् ।

वाग्मतीको जलमा नुहाई, वत्सलादेवी र पशुपतिको दर्शन गरी दक्षिण ढोकामा अडिए ।

ततश्चन्द्रः समालेभे तपस्यामतिदारुणम् ॥३८॥
शङ्खमूले महारम्ये आश्रमे कुम्भसम्भवे ।
विधाय तस्थिवांस्तत्र यावच्चन्द्रो विशुद्धचुति ॥३९॥

त्यहाँपछि चन्द्रले अतिशय कठोर तपस्या गरे । साह्रै राम्रो अगस्त्यको आश्रम रहेको शङ्खमूलमा आफू शुद्ध नहुन्जेलसम्म चन्द्रमा त्यहीं रहे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततोऽति भक्तितश्चित्तं विषयेभ्यो नियम्य च ।
निराहारो विधुर्दध्यौ वाग्मतीपश्चिमे तटे ।।४०।।
नैश्चल्यं स्थाणुवत् प्राप्तं शीतवातादिपीडितम् ।
वीक्ष्य प्रसन्नो भगवाँस्तदा पशुपतीश्वरः ।।४१।।
तुष्टः पशुपतिः प्राह स्वयं चन्द्रमसं प्रभुः ।

त्यसपछि खूब भक्तिसाथ चित्तलाई विषयहरूबाट रोकेर वाग्मतीको पश्चिम तीरमा निराहार चन्द्रमाले ध्यान गरे । चीसो हावा आदिले पिरिएका निश्चल ठुटो जस्तो भएका (चन्द्र)लाई देखेर भगवान् पशुपति खुशी भए । खुशी भएका स्वयं पशुपतिले चन्द्रमालाई भने–

श्रीपशुपति उवाच – श्री पशुपतिले भने–

सन्तुष्टोऽहं हिमकर संप्रार्थय मनोगतम् ।।४१।।
अदेयमपि दास्यामि वरं तुभ्यं न संशयः ।

चन्द्रमा ! म खुशी भएको छु, मनमा लागेको भन, दिन नहुने वर पनि म तिमीलाई निश्चय दिन्छु ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

उन्मील्य चक्षुषी चन्द्रो दृष्ट्वा पशुपतिं प्रभुम् ।।४२।।
प्रणम्य दण्डवद् भूमाविदं वचनमब्रवीत् ।

आँखा उघारेर पशुपतिलाई देखी दण्डवत् प्रणाम गरी यो कुरो भने ।

चन्द्रमा उवाच– चन्द्रमाले भने–

यदि तुष्टोऽसि मे नाथ प्रार्थयेऽहं वरद्वयम् ।।४३।।
एकपापात् प्रमुच्येऽहं श्रीशम्भो गुरुतल्पगात् ।
अपरं क्षेत्रमाहात्म्यं स्वपूजासहितं वद ।।४४।।

नाथ ! यदि मसँग खुशी हुनुहुन्छ भने दुइटा वर म माग्दछु, हे शम्भु ! एउटा हो-गुरुकी स्वास्नी राखेको पापबाट म छुटूँ, अर्को हो–आफ्नो पूजासहित क्षेत्रको माहात्म्य भन्नुहोस् ।

इति चन्द्रमसो वाक्यं श्रुत्वा शम्भुर्वचोऽब्रवीत् ।
मद्दर्शनेन हिमगो शुद्धो जातोऽसि सर्वथा ।।४५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथाऽपि चन्द्र मत्क्षेत्र मल्लिङ्गं स्थापय स्वयम् ।

यस्तो चन्द्रमाको कुरो सुनेर शम्भुले भने– चन्द्रमा ! मलाई देख्नाले शुद्ध भएकै छौ, तैपनि चन्द्र ! मेरो क्षेत्रमा आफैंले लिङ्गको स्थापना गर ।

महापातकसंयुक्तो मानवो दैवयोगतः ॥४६॥
वाग्मत्याः पयसि स्नात्वा वत्सलां मां विलोक्य च ।
मुच्यते सर्वपापेभ्यो नात्र कार्या विचारणा ॥४७॥

दैवसंजोगले महापापले युक्त मानिस, वाग्मतीको जलमा नुहाई वत्सलालाई र मलाई दर्शन गरेपछि सबै पापबाट छुट्छ, यसमा विचार गर्ने कुरै छैन ।

मम दक्षिणभागे तु यस्तु प्राणान् परित्यजेत् ।
प्रभावादस्य क्षेत्रस्य नरकं नाभिगच्छति ॥४८॥

मेरो दक्षिण भागमा जसले प्राण छोड्छ, त्यो यस क्षेत्रको प्रभावले नरक जाँदैन ।

मम पूर्वेण भागेन वाग्मत्याः सलिले शुभे ।
स्नायते सततं यस्तु तस्य पुण्यं महद् भवेत् ॥४९॥

मेरो पूर्वपट्टि वाग्मतीको राम्रो पानीमा जो सधैं नुहाउंछ, त्यसलाई पुण्य धेरै होस् ।

मम शूलसमुद्भूतं प्रावृट्समयनिःसृतम् ।
तीर्थं मृगोदकं नाम पुण्यकृद्भिः प्रदृश्यते ॥५०॥

मेरो शूल (त्रिशूल) बाट वर्षाकालमा निस्केको मृगोदक तीर्थ पुण्य गर्नेहरूले देखिन्छ ।

मृगोदकोद्भवे तीर्थे वाग्मत्याः पश्चिमे तटे ।
जन्मान्तरकृतैः पापैर्मुच्यते नात्र संशयः ॥५१॥

वाग्मतीको पश्चिम तीरमा रहेको मृगोदक तीर्थमा (नुहाएपछि) अर्को जन्ममा गरेको पापहरूबाट छुट्छ, यसमा शङ्कै छैन ।

अत्र वदरिका नाम वाग्मत्याः पूर्वके तटे ।
तत्रापि स्नानमात्रेण पार्वती परितुष्यति ॥५२॥

वाग्मतीको पूर्वी तीरमा यहाँ वदरिका नाम भएको (स्थान) छ, त्यहाँ नुहाउनाले मात्रै पनि पार्वती खुशी हुन्छिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्र कोषोदकं नाम तीर्थं कामफलप्रदम् ।
कोषं कोषं समाहृत्य सुरैः सर्वैः प्रकल्पितम् ॥५३॥

यहाँ इच्छामाफिकको फल दिने कोषोदक नामको तीर्थ छ, (त्यो) सबै देवताहरूले कोष कोष (धन) एक गट्ठा गरेर बनाइएको हो ।

तीर्थं कोषोदके चापि तदग्रे च नदीजले ।
तत्राभिषेकं यः कुर्यात् सोऽश्वमेधफलं लभेत् ॥५४॥

कोषोदक तीर्थमा, त्यो अगाडिको नदीको पानीमा पनि जसले अभिषेक गर्छ, त्यसले अश्वमेधको फल पाउँछ ।

त्रिसन्ध्यं च समासाद्य सन्ध्यां यः समुपासते ।
किल्विषात् स्वक्तताव्यक्तात् स द्विजः परिमुच्यते ॥५५॥

(त्यहाँ) गएर तीनै सन्ध्यामा जसले सन्ध्याको उपासना गर्दछ, त्यो द्विज आफूले गरेको अव्यक्त पापबाट छुट्छ ।

भृगुप्रपतनं नाम कन्दरस्वापि विद्यते ।
तस्मात् प्रपतनाद्वाऽपि स्वर्गलोके महीयते ॥५६॥

भृगुपतन नामको गुफा पनि छ, त्यसबाट हाम फाल्नाले पनि स्वर्गलोकमा आनन्दसँग रहन्छ ।

भृगुकन्दरमूले तु ब्रह्मभेदे मनोरमे ।
स्नायते विधिना यस्तु ब्रह्मलोकं स गच्छति ॥५७॥

भृगुकन्दरको फेदीमा रहेको सुन्दर ब्रह्मभेदमा जसले विधिपूर्वक नुहाउँछ, त्यो ब्रह्मलोकमा जान्छ ।

अत्र गोखुरकं नाम तीर्थं कामफलप्रदम् ।
तत्राभिषेकं यः कुर्यात् गोसहस्रफलं लभेत् ॥५८॥

यहाँ इच्छा लागेको फल दिने गोखुरक नामको तीर्थ छ, त्यहाँ जसले अभिषेक गर्ला, हजार गाईको (दान गरेको) फल पाउँछ ।

गौरीशिखरमूले तु वाग्मत्यां यस्तु स्नायते ।
स्त्रीसौभाग्यमवाप्नोति देवीलोकं स गच्छति ॥५९॥

गौरीशिखरको फेदी वाग्मतीमा जो नुहाउँछ, त्यसले स्त्रीको सौभाग्य पाउँछ र देवीलोकमा जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्कन्दकुण्डं समासाद्य स्नायते यस्तु मानवः ।
स्कन्दलोकमवाप्नोति भूत्वा वैश्वानरद्युतिः ॥६०॥

स्कन्दकुण्डमा पुगेर जो मानिसले नुहाउँछ, त्यो वैश्वानरद्युति भएर स्कन्दलोकमा पुग्छ ।

अत्र पञ्चनदं नाम तीर्थं ब्रह्मनिषेवितम् ।
पञ्चयज्ञफलं तत्र स्नानमात्रेण लभ्यते ॥६१॥

यहाँ ब्रह्माले वास गरिएको पञ्चनद नामको तीर्थ छ, त्यहाँ नुहाउनाले मात्रै पनि पञ्चयज्ञको फल पाइन्छ ।

शूलोद्भवे शुभे तीर्थे स्नायते यस्तु मानवः ।
जातिस्मरत्वमाप्नोति ब्राह्मणस्तु विशेषतः ॥६२॥

शूलोद्भव शुभ तीर्थमा जो मानिसले नुहाउँछ, पूर्वजन्मको कुरा सम्झन्छ, विशेषतः ब्राह्मणले ।

प्राप्य स्नातकपानीयं गुह्यं गुह्यकरक्षितम् ।
स्नायते विधिना यस्तु यज्ञलोकं स गच्छति ॥६३॥

गुह्य (देवयोनिविशेष) ले रक्षा गरिएको गुप्त नुहाउने पानीमा गएर जसले विधिपूर्वक नुहाउँछ, त्यो यज्ञलोकमा पुग्छ ।

अत्र यक्षोदकं प्राप्य तीर्थं कन्दरनिःसृतम् ।
स्नायते विधिना यस्तु मृत्युस्तं च न पश्यति ॥६४॥

गुफावाट निस्केको यक्षोदक तीर्थमा पुगेर जो विधिपूर्वक नुहाउँछ, त्यसलाई मृत्युले देख्दैन ।

योगकुण्डे दववाप्यां कुमारकन्दरेऽपि च ।
ब्रह्मादिभ्यो विशेषेण स्नायते स्वर्गकाङ्क्षिभिः ॥६५॥

योगकुण्ड, दववापी र कुमारकन्दरमा पनि स्वर्ग चाहनेहरूले, विशेष गरेर ब्रह्मादिहरूले नुहाइन्छ ।

वासुकेः प्रथमं कार्यं मत्पूजाराधनं सदा ।
घृतेन मधुना वाऽपि दध्ना चेक्षुरसेन च ॥६६॥
गन्धोदकेन क्षीरेण शीततोयेन वा पुनः ।
मत्स्नानं कारयेद्यस्तु तस्य पुण्यफलं महत् ॥६७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिल्यै वासुकिमा मेरो पूजा आराधना गर्नू । घिउले, महले,दहीले, उखुको रसले, गन्धोदकले, दूधले, चीसो पानीले जसले मेरो स्नान गराउँछ,त्यसको ठूलो पुण्यफल छ।

अनेनैव भवेत् स्वर्गे लब्धभाग्यो नरोत्तमः ।
घृतस्नानेन मल्लोके मधुना मम मन्दिरम् ॥६८॥
दध्ना वै वैष्णवं लोकं प्रयाति मम शासनात् ।
वैद्याधरं पदं याति स्नानादिक्षुरसेन तु ॥६९॥
गधोन्दकेन गान्धर्वं क्षीरेण शशिनः पदम् ।
शीतोदकस्य स्नानेन सर्वपापैः प्रमुच्यते ॥७०॥

यसैले नै स्वर्गमा भाग्य भएको उत्तम मानिस होला । घिउले नुहाउनाले मेरो लोकमा, महले नुहाउनाले मेरो मन्दिरमा, दहीले नुहाउनाले विष्णुलोकमा मेरो आज्ञावाट जान्छ । उखुको रसले नुहाउनाले विद्याधरको पदमा पुग्छ, गन्धोदकले नुहाउनाले गन्धर्वपद र दूधले नुहाउनाले शशीको पदमा पुग्छ, चीसो पानीले नुहाउनाले सवै पापवाट छुट्छ ।

अङ्गपूजां तु यः कुर्यात् पुष्पैर्नानाविधैर्मम ।
सर्वकामफलं भुक्त्वा मोदते मम मन्दिरे ॥७१॥

अनेक किसिमका फूलहरूले मेरो जसले अङ्गपूजा गर्ला,त्यो सवै इच्छित वस्तुको फल भोगेर मेरो मन्दिरमा रमाउँछ ।

अङ्गप्रदीपं यः कुर्यात् मम भक्त्या सुसंयुतः ।
स्वयंप्रभेषु देशेषु तस्योत्पत्तिः प्रजायते ॥७२॥

भक्तिले युक्त भएको जसले मेरो अङ्गपूजा गर्ला, त्यसको स्वयंप्रभ देशमा उत्पत्ति हुन्छ ।

अङ्गप्रदक्षिणं यस्तु करोति मम भक्तिमान् ।
रूपवान् धनवांश्चैव वज्रसंहननो युवा ॥७३॥
विद्यावान् जायते लोके पुत्रपौत्रसमन्वितः ।

जो भक्ति भएकोले मेरो अङ्ग- प्रदक्षिणा गर्छ, त्यो राम्रो धनी वज्र लाग्दा पनि केही नमान्ने तन्नेरी विद्यावान् र संसारमा छोरा नातिहरू भएको हुन्छ ।

अङ्गपूजां तु यो दद्यात् मम भक्त्याऽतियत्नतः ॥७४॥
आयुष्मान् वलवान् वीरो जायते च महीपतिः ।

जतनसाथ भक्तिले जसले मेरो अङ्गपूजा गर्छ , त्यो राजा आयु भएको,वल भएको र वीर हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीपमालां तु यः कुर्याद्भवने मम भक्तितः ॥७५॥
चक्षुष्मान् जायतेऽत्यन्तं तेजस्वी लोकपूजितः ।

जसले भक्तिपूर्वक मेरो भवनमा दीपमाला गर्छ, त्यो खूब आँखा देख्ने र लोकले पूजिएको तेजस्वी हुन्छ ।

गुग्गुलं वहते यस्तु ममाग्रे भक्तिसंयुतः ॥७६॥
इहलोके सुखं भुक्त्वाऽन्ते याति परां गतिम् ।

भक्ति भएको जसले मेरो अगाडि गुग्गुल (गोकुलधूप) हाल्छ, त्यो यस लोकमा सुख भोगेर अन्तमा उत्तम गतिमा पुग्छ ।

तिलपात्रप्रदानेन त्रायते महतो भयात् ॥७७॥
तथैव च सुवर्णेन तथैव तिलधेनुना ।

तिलपात्र दिनाले ठूलो डरबाट रक्षा गरिन्छ, त्यस्तै नै सुन र तिलधेनु दिनाले पनि हुन्छ ।

हेमशृङ्गीं रौप्यखुरां कांस्यघण्टावलम्बिनीम् ॥७८॥
सवत्सां कपिलां दद्यात् तस्य यज्ञफलं भवेत् ।

सुनको सिङ भएकी, चाँदीको खुर भएकी , काँसको घण्टा लाएकी र बाच्छो भएकी कपिला देओस्, त्यसको त यज्ञको फल हुन्छ ।

रत्नकञ्चुकदानेन जायते रत्नवान् नृपः ॥७९॥
वस्त्रवान् वस्त्रदानेन भूमिदानेन भूमिवान् ।

रत्नको कञ्चुक दिनाले राजा रत्नवान् हुन्छ, वस्त्र दिनाले वस्त्रवान् र भूमि दिनाले भूमिवान् हुन्छ ।

गीतनृत्यप्रदानेन तूर्यनादानुमोदिना ॥८०॥
मम पार्श्वचरो भूत्वा जायते दुःखवर्जितः ।

तूर्य (एक किसिमको बाजा) को शब्दले राम्रो भएको नाच गान गर्नाले मेरो पार्श्वचर (अगल-बगलमा हिंड्ने) भएर दुःख नभएको हुन्छ ।

नीलोत्पलार्कपद्मानां प्रदानेन श्रियं लभेत् ॥८१॥
बकेन विल्वपत्रेण वरदोऽस्मि विशेषतः ।

नीलकमल, आँक र कमल दिनाले श्री (सुख वा ऐश्वर्य) पाउँछ, गुमपाती र वेलपत्र दिनाले विशेष गरेर वर दिन्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोक्षो धत्तूरकेणापि करवीराद् धनप्रदः ।।८२।।
जात्यादिना सुगन्धेन पुष्पेण शुभगो भवेत् ।

धतूरो (चढाउनाले) मोक्ष हुन्छ, करवीरले धनी र जाई आदि सुगन्धित फूलले शुभग (शुभ मार्गमा लाग्ने) हुन्छ ।

पुष्पैः पत्रैः फलैस्तोयैर्मामर्चयति सन्ततम् ।।८३।।
सोऽपि स्वर्गफलं प्राप्य मोदते नात्र संशयः ।

फूलपाती फल र जलले सधैं मलाई पूजा गर्छ भने त्यो पनि स्वर्गको फल पाएर आनन्दसँग रहन्छ, शङ्का छैन ।

यस्तु पूजयते भक्त्या पशुयोनिं मम प्रियाम् ।।८४।।
मुच्यते पशुपाशेभ्यः कामसिद्धिश्च लभ्यते ।

जसले मेरो प्यारो पशुयोनिलाई भक्तिपूर्वक पूजा गर्छ, त्यो सबै पापबाट छुट्छ र इच्छा गरेको वस्तुको सिद्धि पनि प्राप्त गर्छ ।

यो दद्यान्मम क्षेत्रेऽस्मिन् ब्राह्मणेभ्यश्च भोजनम् ।।८५।।
सोऽपि यज्ञफलं लब्ध्वा स्वर्गलोकमवाप्नुयात् ।

जसले यो मेरो क्षेत्रमा ब्राह्मणहरूलाई भोजन दिन्छ, त्यो पनि यज्ञको फल पाएर स्वर्गलोकमा पुग्ला ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये चतुर्दशोऽध्यायः।।१४।।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपाल-माहात्म्यको चौधौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पन्ध्रौं अध्याय

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततः पशुपतिर्देवः पुनः प्रोवाच शीतगुम् ।

त्यसपछि पशुपतिदेवले फेरि चन्द्रमालाई भने ।

महादेव उवाच– महादेवले भने–

क्रियतां चन्द्र मे पूजां यथाभक्तिपुरःसरम् ।।१।।
स्थापयित्वा हि मल्लिङ्गं मत्क्षेत्रेऽत्यन्तदुर्लभे ।
सर्वपापविशुद्धः सन् कृतार्थस्त्वं भविष्यसि ।।२।।

भक्तिपूर्वक मेरो पूजा गर चन्द्रमा ! पाइ नसक्नु मेरो क्षेत्रमा लिङ्ग स्थापना गरेर नै सबै पापबाट चोखो भई कृतार्थ हुनेछौ ।

पूर्वस्यां कौशिकी पुण्या सर्वपापविनाशिनी ।
गङ्गा त्रिशूलगङ्गाख्या प्रतीच्यां दिशि संस्थिता ।।३।।
उत्तरस्यां दिशि तथा सीमा शिवपुरी मता ।
दक्षिणस्यां दिशि नदी पवित्रा शीतलोदका ।।४।।
एतन्मध्ये महापुण्यं नेपालं क्षेत्रमीरितम् ।।५।।

पूर्वमा सबै पाप नाश गर्ने पुण्य कौशिकी (कोशी?) गङ्गा, पश्चिम दिशामा रहेको त्रिशूली गङ्गा, उत्तरपट्टिको सीमा शिवपुरी भनेर मानियो, दक्षिण दिशामा पवित्र शीतलोदका नदी (चीसापानी खोला?), यस बीचमा मनोहरा र वाग्मतीको रमाइलो सङ्गममा रहेको यो ज्यादै पवित्र नेपालक्षेत्र भनेर बताइयो ।

तपस्यन्तं महाभागं गच्छ त्वं कुम्भसम्भवम् ।
तदुक्तेनैव विधिना स्वात्माभिलषिते स्थले ।।६।।
लिङ्गं स्थापय चन्द्र त्वं द्विजराजो भविष्यसि ।
इत्युक्त्वान्तर्दधे शम्भुश्चन्द्रमा हर्षसंयुतः ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नत्वा देवं पशुपतिं शङ्खमूलं जगाम हि ।
ततो ददर्श रुचिरमाश्रमं कुम्भजन्मनः ॥८॥

तपस्या गर्ने महाभाग तिमी कुम्भ-सम्भव (अगस्त्य) भएको ठाउँमा जाऊ, उनले भने अनुसारको विधिले आफूलाई मन परेको थलोमा लिङ्गको स्थापना गर। चन्द्रमा! तिमी द्विजराज हौ। यति भनेर शम्भु अन्तर्ध्यान भए। हर्षले युक्त चन्द्रमा देव पशुपतिलाई नमस्कार गरी शङ्खमूल गए, अनि अगस्त्यको राम्रो आश्रम देखे।

दाडिमैः कर्णिकारैश्च चम्पकैरुपशोभितम् ।
पनसैः सहकारैश्च नागरङ्गैर्विराजितम् ॥९॥
जम्बीरैर्बीजपूरैश्च मजूरैः प्रविराजितम् ।
जातीलवङ्गलतिकामालतीमल्लिकायुतम् ॥१०॥
भ्रमद्भ्रमरसङ्घातनिनादैश्च मनोहरम् ।
वाग्मतीजलसंसर्गशीतलानिलबीजितम् ॥११॥
नानापक्षिनिनादेन कोकिलानां रवेण च ।
भ्रमतां तत्र लोकानां मनसस्तापहारिनाम् ॥१२॥
प्रविवेश तदा चन्द्रस्तपोवनमनुत्तमम् ।

दाडिम, काठे चाँप, र चाँपहरूले शोभित भएको; कटहर मीठा आँप, सुन्तलाहरू भएको; ज्यामीर, विविरो, खजूरहरू भएको; जाई, ल्वाङका लहरा, चमेली, वेली-हरू भएको; घुमेका भमराहरूको आवाजले मनै हर्ने; वाग्मतीको पानीको संसर्गले गर्दा चीसो भएको हावाले हल्लाइएको; कोइलीहरूको र विभिन्न पक्षीहरूको मधुर ध्वनिले त्यहाँ घुम्ने मान्छेहरूको मनको ताप हर्ने उत्तम तपोवनमा चन्द्रमा पसे।

विशुद्धं चन्द्रमालोक्य भगवान् कुम्भसम्भवः ॥१३॥
स्वागतेन प्रजग्राह महाहर्षसमन्वितः ।

शुद्ध चन्द्रमालाई देखेर ठूलो हर्ष मानेका भगवान् अगस्त्यले स्वागत गरे।

द्विजराजं मुनिश्रेष्ठ कृतासनपरिग्रहम् ॥१४॥
तेजपुञ्जमयं दृष्ट्वा पप्रच्छ प्रीतिपूर्वकम् ।

श्रेष्ठ मुनिले आसन लिएका तेजपुञ्जमय (तेजै तेज भएका) द्विजराज (चन्द्रमा) लाई देखेर प्रेमपूर्वक सोधे।

यदादिदेशं भगवान् स्वयं पशुपतिः प्रभुः ॥१५॥
शशलाञ्छन तत् सवं वद यत् पुरतो मम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् पशुपतिले आफैंले जुन आज्ञा गर्नुभएको छ त्यो सबै मेरा अगाडि भन्नुहोस् चन्द्रमा !

अगस्त्यस्य वचः श्रुत्वा द्विजराजोऽब्रवीत् पुनः ॥१६॥

अगस्त्यको कुरो सुनेर द्विजराज (चन्द्रमा) ले फेरि भने ।

चन्द्र उवाच– चन्द्रमाले भने –

तव प्रसादाद्विप्रेन्द्र पूतोऽस्मि गुरुतल्पगः ।
दृष्टः पशुपतिर्देवो भोगसर्गापवर्गदः ॥१७॥

हे श्रेष्ठ ब्राह्मण ! तपाईंको दयाबाट गुरुको स्वास्नी राखेको पाप बोकेको म पवित्र भएको छु; भोग, स्वर्ग र मोक्ष दिने पशुपतिदेवलाई पनि देखें ।

आज्ञप्तं देवदेवेन लिङ्गसंस्थापनं स्वयम् ।
नेपाले परमे क्षेत्रे देवानामपि दुर्लभे ॥१८॥
भवन्मुखवहिर्यातमन्त्रादिविधिना प्रभो ।

प्रभु ! देवताहरूका लागि पनि दुर्लभ उत्तम नेपाल क्षेत्रमा तपाईंको मुखबाट बाहिर आएको मन्त्रादि विधिले आफैं लिङ्ग-स्थापना गर्नू भनी देवताका पनि देवताले आज्ञा गरिएको छु ।

आज्ञप्तानि च तीर्थानि मुख्यानि द्विजपुङ्गव ॥१९॥
पूजाविधिश्च कथितो ममानुग्रहकारणात् ।

हे श्रेष्ठ ब्राह्मण ! मेरो दयाले गर्दा मुख्य तीर्थहरू पनि आज्ञा गरिए (भनिए) र पूजाविधि पनि भनियो ।

अतो भवन्तमायातो देवाज्ञातो मुनीश्वर ॥२०॥
उत्तिष्ठ मुनिशार्दूल यामः पशुपतिं वयम् ।

यसै कारणले मुनीश्वर ! देवताको आज्ञाबाट तपाईं भएको ठाउँमा आएको हुँ, श्रेष्ठ मुनि ! उठ्नुहोस्, हामीहरू पशुपतिमा जाऔं ।

पूजयित्वा पशुपतिं यथाविधिपुरःसरम् ॥२१॥
तीर्थयात्रा प्रकर्तव्याभवता सह यत्नतः ।

विधिपूर्वक पशुपतिलाई पूजा गरी जतनसाथ (राम्रोसँग) तपाईंसँग मैले तीर्थयात्रा गर्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माभिलषिते स्थाने लिङ्गसंस्थापनं मया ।।२२।।
कर्त्तव्यं मुनिशार्दूल भवदुक्तविधानतः ।

हे श्रेष्ठ मुनि ! तपाईंले भनेअनुसारको विधिले इच्छा लागेको ठाउँमा मैले लिङ्ग-स्थापना गर्नुपर्छ ।

मार्कण्डेय उवाच – माकण्डेयले भन्नुभयो–

इति चन्द्रवचः श्रुत्वाऽगस्त्यः प्रोवाच तं पुनः ।।२३।।

यस्तो चन्द्रमाको वोली सुनेर अगस्त्यले फेरि तिनलाई (चन्द्रमालाई) भने ।

अगस्त्य उवाच – अगस्त्यले भन–

अवश्यमेव कर्त्तव्या पूजा पशुपतेर्मया ।
तीर्थयात्रा प्रकर्त्तव्या मया सह कलानिधे ।।२४।।

मैले अवश्य नै पशुपतिको पूजा गर्नुपर्छ । मसँग तीर्थयात्रा गर्नुपर्छ चन्द्रमा !

आत्माभिलषिते स्थाने लिङ्गं संस्थापय द्रुतम् ।
मयाऽप्यत्रैव कर्त्तव्यं लिङ्गसंस्थापनं विभो ।।२५।।

आफूलाई इच्छा लागेको ठाउँमा चाँडै लिङ्ग-स्थापना गर चन्द्रमा ! मैले पनि यहीं लिङ्ग-स्थापना गर्नु छ ।

इत्युक्त्वा द्विजराजं तं स मुनिः कुम्भसम्भवः ।
लिङ्गसंस्थापनमतिं कृत्वा चन्द्रमभाषत ।।२६।।

ती चन्द्रमालाई उनै अगस्त्य मुनिले यति भनी लिङ्ग-स्थापना गर्ने विचार गरी चन्द्रमालाई भने–

क्रियतां होमसामग्री नेपालस्था मुनीश्वराः ।
आहूयन्तां हिमकर लिङ्गसंस्थापनोत्सवे ।।२७।।

हे चन्द्रमा ! होम–सामग्री वनाऊ र नेपालमा रहेका श्रेष्ठ मुनिहरू लिङ्ग-स्थापना गर्ने उत्सवमा वोलाइयून् ।

चन्द्राज्ञातः समायाता नेपालस्था मुनीश्वराः ।
मुनिभिः सहितः श्रीमानगस्त्यो मुनिसत्तमः ।।२८।।
सङ्गमस्याविदूरे तु सुस्थले सुमनोहरे ।
शुभे दिने सुलग्ने तु यज्ञशालां चकार स ।।२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रमाको आज्ञाले नेपालमा रहेका मुनीश्वरहरू आए । मुनिहरूले युक्त श्रीमान् अगस्त्य मुनिले सङ्गमको नजीकै राम्रो स्थलमा शुभ दिनमा , सुलग्नमा यज्ञशाला वनाए ।

हरमाराध्य विधिवद्भक्तियुक्तो मुनीश्वरः ।
कोटिहोमसमाप्त्यर्थं दत्वा दानान्यनेकशः ॥३०॥
चखान कुण्डमतुलं वारुणेन धरोद्भवः ।
पातालान्निसृतं तोयं कुण्डे स्थास्यति सर्वदा ॥३१॥

भक्तिले युक्त भएका मुनीश्वर (अगस्त्य) ले शिवलाई आराधना गरी, कोटिहोम-समाप्तिका लागि अनेकौं दान दिई वारुणद्वारा अगस्त्यले ठूलो खण्ड खने, पत्तालवाट निस्केको पानी सधैं त्यस कुण्डमा रहनेछ ।

ततः संस्थापयामास लिङ्गं कुम्भेश्वराभिधम् ।

त्यसपछि कुम्भेश्वर नामको लिङ्गको स्थापना गरे ।

कुम्भेश्वरस्य ये भक्ता भविष्यन्ति नराः कलौ ॥३२॥
इह लोके सुखं भुक्त्वा यास्यन्ति परमां गतिम् ।

जो मानिसहरू कलियुगमा कुम्भेश्वरको भक्त हुनेछन्, ती यस लोकमा सुख भोगेर परम गतिमा जानेछन् ।

कुम्भोद्भवेन मुनिना तपस्तप्त्वा सुदारुणम् ॥३३॥
समाराध्य हरं यस्माल्लिङ्गसंस्थापनं कृतम् ।
अतः कुम्भेश्वरं नाम प्रवदन्ति मनीषिणः ॥३४॥

कुम्भ (घैंटो) वाट जन्मेका (अगस्त्य) मुनिले कठोर तपस्या गरी शिवको आराधना गरेर लिङ्ग-स्थापना गरेको हुनाले वुद्धिमान्हरू कुम्भेश्वर भन्छन् ।

चतुर्दश्यामथाष्टम्यां संक्रान्तिदिवसे तथा ।
कुम्भेश्वरं ये द्रक्ष्यन्ति ते कृतार्था न संशयः ॥३५॥

चतुर्दशीमा, अष्टमीमा र संक्रान्तिको दिनमा कुम्भेश्वरलाई जसले हेर्छन्, निश्चय ती कृतार्थ हुन् ।

प्रातः स्नात्वा नरः कुण्डे दृष्ट्वा कुम्भेश्वरं शिवम् ।
कुरुते शक्तितो दानं स कृतार्थो न संशयः ॥३६॥

मानिसले विहानै कुण्डमा नुहाएर कुम्भेश्वरलाई हेरी शक्तिअनुसारको दान गर्छ भने, निश्चय त्यो कृतार्थ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्चयति विल्वस्य पत्रैः कुम्भेश्वराभिधम् ।
तस्य कुम्भेश्वरस्तुष्टः प्रददाति मनोरथान् ॥३७॥

वेलपत्रले कुम्भेश्वरलाई पूजा गर्छ भने खुशी भएका कुम्भेश्वरले त्यसलाई इच्छा लागेको वस्तु दिन्छन् ।

तत्पुष्करिण्याः सलिले यः करोत्यवगाहनम् ।
श्रावणे पौर्णमास्यां वै सोऽपि स्वर्गमवाप्नुयात् ॥३८॥

त्यस पोखरीको पानीमा श्रावण पूर्णिमामा जसले नुहाउँछ (डुवुल्की मार्छ), त्यसले पनि स्वर्ग पाउँछ ।

वैशाखे पूर्णिमायां तु यो नरो भक्तिसंयुतः ।
कुम्भेश्वरं स्नायपति शीतलेन सुगन्धिना ॥३९॥
वारिणा रुद्रसूक्तैस्तु तस्य पुण्यफलं शृणु ।
कपिलानां सहस्रस्य दानाद्यज्जायते फलम् ॥४०॥
तत् फलं समवाप्नोति नात्र कार्या विचारणा ।

वैशाख पूर्णिमामा भक्तिले युक्त भएको जो मानिसले रुद्रसूक्तसहित सुगन्धित शीतल पानीले कुम्भेश्वरलाई नुहाउँछ, त्यसको पुण्यफल सुन्नुहोस्– हजार कपिला (कैली गाई) दान गर्नाले जुन फल हुन्छ त्यही फल पाउँछ, यसमा सोच्नैपर्दैन ।

तौर्यात्रिकं कारयति यः कुम्भेश्वरसन्निधौ ॥४१॥
अत्र भुक्त्वा महाभोगानन्ते याति परां गतिम् ।

जसले कुम्भेश्वरको नजीकमा नाच गान वजान गराउँदछ, त्यो यस लोकमा ठूला भोगहरू भोगेर, अन्तमा श्रेष्ठ गतिमा पुग्छ ।

नरो भूतचतुर्दश्यां कार्त्तिके भक्तिसंयुतः ॥४२॥
दीपमालां कारयति यः कुम्भेश्वरसन्निधौ ॥
महादेवप्रसादेन यमलोकं न पश्यति ॥४३॥

भक्तिले युक्त भएको जुन मानिसले कार्तिक भूतचतुर्दशीमा कुम्भेश्वरको नजीकमा दीपमाला गर्छ, त्यसले महादेवको प्रसादले गर्दा यमलोक नै देख्दैन ।

यत्तीर्थोद्भववारिणा सुनियतं स्नात्वा नरो नित्यशः ।
पीत्वा वारि सुनिर्मलं किमथ वा कृत्वा मुखक्षालनम् ।
पुण्यं योऽप्यभिनन्दति प्रतिदिनं श्रीदेवकुम्भेश्वरम् ।
भुक्त्वा सर्वसुखानि याति नगरीं सोऽन्ते पुरीं शाम्भवीम् ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन तीर्थबाट निस्केको पानीद्वारा सधैं वेलामा नुहाएर अथवा मुख धोएर निर्मल पानी पिई जो मानिस दिनदिनै पवित्र कुम्भेश्वरलाई प्रार्थना गर्छ, त्यो सवै सुख भोगेर अन्तमा शिवको पुरीमा जान्छ ।

श्रुत्वाऽध्यायमिमं पुण्यं महापातकनाशनम् ।
मुच्यते सर्वपापेभ्यः कुम्भेश्वरसमुद्भवम् ॥४५॥

यो महापाप नाश गर्ने कुम्भेश्वर उत्पन्न भएको पवित्र कथा सुनेर सवै पापवाट छूट्छ ।

वेदान्तवेत्ता विप्रः स्यात् क्षत्रियो विजयी भवेत् ।
वैश्यो धनसमृद्धः स्याच्छूद्रः सद्गतिमाप्नुयात् ॥४६॥

ब्राह्मण वेदान्तवेत्ता हुन्छ, क्षत्री विजयी हुन्छ, वैश्य धनै धन भएको हुन्छ र शूद्रले असल गति पाउँछ ।

कन्यार्थी लभते कन्यां धनार्थी लभते धनम् ।
विद्यार्थी लभते विद्यामपुत्रः पुत्रमाप्नुयात् ॥४७॥

कन्या चाहनेले कन्या पाउँछ, धन खोज्नेले धन पाउँछ, विद्यार्थीले विद्या पाउँछ र छोरो नहुनेले छोरो पाउँछ ।

गुर्विणी जनयेत् पुत्रं श्रुत्वाऽध्यायमिमं शुभम् ।
पतिकामनया कन्या श्रुत्वा विन्दति सत्पतिम् ॥४८॥

यो शुभ अध्याय सुनेर पेट वोकेकीले छोरो जन्माउँछे, यो सुनेर पति चाहने केटीले असल पति वरण गर्छे ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये कुम्भेश्वरोत्पत्तिर्नाम पञ्चदशोऽध्यायः ॥१५॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डको नेपाल-माहात्म्यमा कुम्भेश्वरको उत्पत्ति नामक पन्ध्रौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोह्रौं अध्याय

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो-

ततोऽगस्त्यप्रभृतिभिर्मुनिभिः सह चन्द्रमा ।
जगाम हर्षसंयुक्तो देवं पशुपतीश्वरम् ॥१॥

त्यसपछि अगस्त्य आदि मुनिहरूसँग हर्षले युक्त भएका चन्द्रमा पशुपतिनाथकहाँ गए ।

ततोऽनुज्ञां प्रार्थयित्वा विधुः पशुपतीश्वरम् ।
राजराजेश्वरीं द्रष्टुं जगामागस्त्यसंयुतः ॥२॥

अनि पशुपतिनाथबाट आज्ञा मागेर अगस्त्ययुक्त चन्द्रमा राजराजेश्वरी दर्शन गर्न गए ।

पूजयित्वा यथान्यायं राजराजेश्वरीं शिवम् ॥
दृष्ट्वा महाद्भुतं कूपं सूचकं भाविजन्मनः ॥३॥
दृष्ट्वाऽथ भैरवं देवं वत्सलां प्रविलोक्य च ।
स्तनकुण्डं पशुकुण्डं वीक्ष्य गुह्येश्वरीं गतः ॥४॥

रीतपूर्वक शिवा (पार्वती) राजराजेश्वरीलाई पूजा गरेर पछिल्लो जन्मको सूचना गर्ने ठूलो अद्भुत कुवा हेरेर, भैरव देव हेरी वत्सला, स्नानकुण्ड र पशुकुण्ड पनि हेरी गुह्येश्वरीमा गए ।

गुह्येश्वरीं पूजयित्वा महाविभवविस्तरैः ।
दृष्ट्वा तीर्थान्यनेकानि कुम्भसम्भवसंयुतः ॥५॥
गोकर्णेशं महालिङ्गं ययौ मुनिगणैर्वृतः ।

धेरै सम्पत्तिले गुह्येश्वरीलाई पूजा गरेर अनेकौं तीर्थहरू हेरी अगस्त्यले युक्त भएका र मुनिहरूले घेरिएका चन्द्रमा गोकर्णेश महालिङ्गमा गए ।

यज्ञभूमिं समालोक्य मुनीन् प्राह घटोद्भवः ।
यज्ञभूमिलाई देखी अगस्त्यले मुनिहरूलाई भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्रैव रावणस्तेपे तपः परमदारुणम् ।।७।।
अत्राजुहाव पौलस्त्यो यज्ञं परमदुष्करम् ।
तपस्यया स पौलस्त्यो लङ्कास्थानमनुत्तमम् ।।८।।
लेभे चक्रे वशे देवान् राक्षसानामधीश्वरः ।
गोकर्णेशप्रसादेन त्रैलोक्ये दुर्जयोऽभवत् ।।९।।

यहीं नै रावणले कठोर तपस्या गरे । यहाँ पुलस्त्यको छोरा (रावण) ले ज्यादै मुश्किलले गरिने यज्ञ गरे, ती पौलस्त्यले तपस्याले गर्दा उत्तम लङ्का पाए, राक्षसका मालिक तिनले सबै देवताहरूलाई वश गरे, गोकर्णको प्रसादले तीनै लोकमा जित्न नसकिने भए ।

अगस्त्यस्य वचः श्रुत्वा मुनीनामग्रतस्तदा ।
भृगुवंशसमुत्पन्नः श्यामो नाम तपोधनः ।।१०।।
मुदा परमया युक्तः पप्रच्छ घटसम्भवम् ।

अगस्त्यको कुरा सुनेर भृगुवंशमा उत्पन्न भएका श्याम नाम गरेका तपस्वीले खूब हर्षसाथ मुनिहरूका अगाडि अगस्त्यलाई सोधे ।

श्याम उवाच- श्यामले भने-

रावणस्य कुलं जन्म तपस्यां विक्रमं तथा ।।११।।
श्रोतुमिच्छाम्यशेषेण वद सर्वं तपोनिधे ।

हे तपस्वी ! रावणको कुल, जन्म, तपस्या र पराक्रम सारा सुन्न चाहन्छु; सबै भन्नुहोस् ।

मार्कण्डेय उवाच- मार्कण्डेयले भन्नुभयो-

एतत् तु वचनं श्रुत्वा भार्गवस्य महात्मनः ।।१२।।
कुम्भयोनिर्महातेजा वाक्यमेतदुवाच ह ।

महात्मा श्यामको यो बोली सुनेर ठूलो तेज भएका अगस्त्यले यो कुरो भने ।

अगस्त्य उवाच- अगस्त्यले भने-

शृणु श्याम यथा वृत्तं तस्य तेजो बलं महत् ।।१३।।
जघान च रिपून् यस्तु यथाऽवध्यश्च शत्रुभिः ।
आह ते रावणस्येदं कुलं जन्म च भार्गवः ।।१४।।
वरप्रदानं च यथा तथा सर्वं ब्रवीमि ते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्नुहोस् श्याम, जसरी तिनको तेजोबल ठूलो भयो, जसले शत्रुहरूलाई मारे र जो शत्रुहरूले मार्न नसकिने भए, तिनको चरित्र तपाईंलाई भन्छु । त्यस्तै श्याम ! रावणको कुल, जन्म र वर जसरी दिइयो त्यो सबै तपाईंलाई भन्दछु।

पुरा कृतयुगे श्याम प्रजापतिसुतः शुभः ।।१५।।
पुलस्त्यो नाम विप्रर्षिः साक्षादिव हुताशनः ।

श्याम ! पहिल्यै सत्य युगमा प्रजापतिका छोरा पुलस्त्य नामका असल ब्रह्मर्षि साक्षात् हुताशन अग्नि जस्ता थिए ।

नामकीर्त्या गुणात् तस्य धर्मतः शीलतस्तथा ।।१६।।
प्रजापते सुत इति शक्यं ज्ञातुमतः परम् ।

तिनको नामले, गुणले, धर्मले र शीलले गर्दा प्रजापतिका छोरा भन्न सकिन्थ्यो । अनि –

स तु धर्मप्रसादेन मेरोः पार्श्वे महागिरेः ।।१७।।
तृणविन्द्वाश्रमं गत्वाऽन्यवसन्मुनिपुङ्गवः ।

तो मुनि धर्मले गर्दा सुमेरु पर्वतको वगलमा रहेको तृणविन्दुको आश्रममा गएर वसे ।

कुर्वतस्तस्य हि तपः स्वाध्यायनिरतात्मनः ।।१८।।
गत्वाऽश्रमपदं रम्यं विघ्नं कन्या प्रकुर्वते ।

स्वाध्यायमा आफूलाई मग्न वनाएर तपस्या गर्ने तिनको राम्रो आश्रममा केटीहरू गएर विघ्न गर्दथे ।

तत्र पन्नगकन्याश्च राजर्षितनयाश्च याः ।।१९।।
क्रीडयन्तेऽप्सरसश्चैव तं देशमुपपेदिरे ।

नागकन्याहरू र राजर्षिका छोरीहरू त्यस ठाउँमा, खेलवाड गर्थे। अप्सराहरू पनि त्यस ठाउँमा पुग्थे ।

नित्यशस्तं प्रदेशं तु गत्वा क्रीडन्ति कन्यकाः ।।२०।।
देशस्य रमणीयत्वात् पुलस्त्यो यत्र स द्विजः ।

ठाउँको रमणीयताले गर्दा पुलस्त्य ब्राह्मण जहाँ छन्, त्यसै ठाउँमा सधैंजसो गएर केटीहरू खेलवाड गर्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ क्रुद्धो महातेजा व्याजहार महामुनिः ॥२१॥
यो मे दर्शनमागच्छेत् सा गर्भं धारयेदिति ।

यसपछि रिसाएका तेजस्वी मुनिले जो मेरा आँखा अगाडि आउँछ, त्यसले पेट बोकोस् भने ।

तास्तु सर्वाः प्रतिगताः श्रुत्वा वाक्यं महात्मनः ॥२२॥
ब्रह्मशापभयाद्भीता न तं देशं सिषेविरे ।

महात्माको बोली सुनेर ती सबै गए, ब्राह्मणको सरापले डराएर त्यस ठाउँमा आएनन् ।

तृणविन्दोस्तु राजर्षेर्दुहिता न तथाऽशृणोत् ॥२३॥
गत्वाऽश्रमपदं तस्य सा चचार सुनिर्भया ।

तृणविन्दु राजर्षिकी छोरीले त त्यस्तो सुनिनन्, अनि डरै नमानेकी ती आश्रममा गएर घुमिन् ।

तस्मिन्नेव तु काले तु प्राजापत्यो महामुनिः ॥२४॥
स्वाध्यायमकरोत् तत्र तपसा द्योतितप्रभः ।

त्यसै वेलामा तपस्याले गर्दा चम्किलो कान्ति भएका प्रजापतिका छोरा महामुनिले स्वाध्याय गरे ।

तस्य वेदध्वनिं श्रुत्वा दृष्ट्वा तं च तपोधनम् ॥२५॥
अभवत् पाण्डुदेहा सा सुव्यञ्जितशरीरजा ।

तिनको वेदको ध्वनि सुनेर ती तपोधनलाई हेरेपछि तिनी गर्भधारण गरेको लक्षणकी र फुस्रो वर्णका शरीर भएकी भइन् ।

वभूव सहसोद्विग्ना दृष्ट्वा तद्रूपमात्मनः ॥२६॥
इदं किं तदिति ज्ञात्वा पितुर्गत्वाऽऽश्रमं स्थिता ।

आफ्नो त्यो रूप देखी यो के भयो नि भनेर दिक्क भई बाबुकहाँ गएर आश्रममा रहिन् ।

तां दृष्ट्वा तु तथाभूतां तृणविन्दुरथाब्रवीत् ॥२७॥
किमेतदीदृशं रूपं धारयस्यात्मनो वपुः ॥

त्यस्ती भएकी तिनलाई देखेर तृणविन्दुले भन– किन यस्तो रूप भएको आफ्नो शरीर लिएकी छयौ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साऽथ कृत्वाञ्जलिं दीना कन्योवाच तपोधनम् ॥२८॥
न जाने कारणं तात येन मे रूपमीदृशम् ।

अनि हात जोडेर दुःखी भएकी ती कन्याले तपोधन (तृणविन्दु) लाई भनिन्- बुवा ! केले गर्दा मेरो रूप यस्तो भयो. म जान्दिनँ ।

किं तु पूर्वं गताऽस्म्येका महर्षेर्भावितात्मनः ॥२९॥
पुलस्त्यस्याश्रमपदमन्वेष्टुं स्वसखीजनम् ।

तर आफ्ना सहेलीहरूलाई खोज्नानिम्ति आत्मज्ञानी महर्षि पुलस्त्यको आश्रम- अगाडि गएकी थिएँ ।

न चापश्यमहं तत्र कांचिदप्यागतां सखीम् ॥३०॥
रूपस्य तु विपर्यासं लब्ध्वैवाहमिहागता ।

मैले त्यहाँ कुनै पनि संगिनीहरूलाई देखिनँ, रूप फरक परेको पाउनासाथै यहाँ आएँ ।

तृणविन्दुस्तु राजर्षिस्तपसा भावितः स्वयम् ॥३१॥
ध्यानं विवेश तच्चापि ददर्श मुनिशापजम् ।

तपस्वी तृणविन्दु राजर्षि आफैंले ध्यानवाट (छोरीलाई) मुनिको सरापवाट यस्तो भएको भन्ने वुझे ।

स तु विज्ञाय तं शापं महर्षेर्भावितात्मनः ॥३२॥
तनयासहितो गत्वा पुलस्त्यमिदमब्रवीत् ।

आत्मज्ञानी महर्षिको सरापवाट यस्तो भएको तिनले थाहा पाएर छोरीसहित गएर पुलस्त्यलाई यस्तो भने –

भगवँस्तनयां त्वं मे गुणैः स्वैरेव भूषिताम् ॥३३॥
भिक्षां प्रतिगृहाणेमाम् मया ते प्रतिपादिताम् ।

हे भगवान् ! आफ्ना गुणहरूले सिंगारिएकी, मैले तपाईंलाई दिइएकी, यी मेरी छोरीलाई भिक्षा लिनुहोस् ।

तपश्चरणखिन्नस्य श्राम्यमाणक्रियस्य ते ॥३४॥
शुश्रूषातत्परा नित्यं भविष्यति न संशयः ।

तपस्या गरेर खिन्न हुनुभएको र कामले थाकेको तपाईंको सधैं सेवामा तत्पर भएकी निश्चय नै हुनेछिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एव ब्रुवाणं तं चैव राजार्ष धार्मिकं तदा ॥३५॥
प्रतिगृह्याब्रवीत् कन्यां बाढमित्येव स द्विजः ।

यस्तो भन्ने धार्मिक ती राजर्षिलाई ब्राह्मणले कन्या लिएर हुन्छ भने ।

दत्वाऽथ स गतः कन्यां स्वामाश्रमपदं नृपः ॥३६॥
साऽपि तत्रावसत् साध्वी तोषयन्तीं पतिं गुणैः ।
तस्याश्च शीलवृत्ताभ्यां तुतोष मुनिपुङ्गवः ॥३७॥

छोरी दिएर ती राजा आफ्नो आश्रममा गए । ती पतिव्रता पनि गुणहरूले पतिलाई खुशी गराएर बसिन् । तिनको शील स्वभाव र आचरणले मुनि खुशी भए ।

प्रातः स तु महातेजा वाक्यमेतदुवाच ह ।
परितुष्टोऽस्मि ते भद्रे गुणानां सम्पदा भृशम् ॥३८॥

खुशी भएका तेजस्वी तिनले यस्तो कुरो भने– हे भद्रे ! प्रशस्त गुणहरूले गर्दा औधीखुशी भएको छु ।

तुष्टश्च वितराम्यद्य पुत्रमात्मसमं तव ।
उभयोर्वंशकर्तारं पौलस्त्येयमिति श्रुतम् ॥३९॥

खुशी भएको म हामी दुवैको कुल वनाउने पौलस्त्येय भनिने आफै जस्तो छोरो दिन्छु ।

यस्मात् तु विश्रुता वेदास्त्वयैवाभ्यस्यतो मम ।
तस्मात् स विश्रवा नाम भविष्यति न संशयः ॥४०॥

अभ्यास गर्ने भएको मवाट तिमीले वेदहरू सुनेकी हुनाले निश्चय नै त्यो विश्रवा नाम गरेको हुनेछ ।

एवमुक्त्वा तु सा कन्या प्रहृष्टेनान्तरात्मना ।
अचिरेणैव कालेन प्राप्तं विश्रवनामकम् ॥४१॥

खुशी आत्माले यति भनेपछि त ती कन्याले चाँडै नै विश्रवा नामको (छोरो) पाइन् ।

स तु लोकत्रये ज्ञातः शौचकर्मसमन्वितः ।
बुद्धिमान् समदर्शी च व्रताचाररुचिस्तथा ॥४२॥
सत्यवाक्यः कृतज्ञश्च द्युतिमान् धृतिमान् वशी ।
पितेव तपसा युक्तो विश्रवा मुनिपुङ्गवः ॥४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती मुनि विश्रवा तीनै लोकमा प्रसिद्ध, पवित्र कर्महरूले युक्त, बुद्धिमान्, समदर्शी, व्रत लिनमा रुचि भएका, साँचो वोल्ने, कृतज्ञ, कान्ति भएका, धैर्य भएका, इन्द्रिय वशमा राखेका वाबु झैं नै तपस्यामा लाग्ने भए ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल–माहात्म्ये षोडशोऽध्यायः ॥१६॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपाल माहात्म्यको सोह्रौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्रौं अध्याय

अगस्त्य उवाच– अगस्त्यले भने –

अथ पुत्रः पुलस्त्यस्य विश्रवा मुनिपुङ्गवः ।
अचिरेणैव कालेन पितेव तपसि स्थितः ।।१।।
सत्यवाक् शीलवाग् दक्षः स्वाध्यायनिरतः शुचिः ।
सर्वभोगेष्वसंसक्तो नित्यधर्मपरायणः ।।२।।

अनि पुलस्त्यका छोरा मुनि विश्रवा चाँडै नै बावु झैं तपस्यामा रहेका र साँचो बोल्ने, असल बोली भएको, सिपालु, स्वाध्यायमा संलग्न, पवित्र, सबै भोगहरूबाट छुट्टै रहेका र सधैं धर्ममा लागेका भए ।

ज्ञात्वा च तस्य तद्वृत्तं भरद्वाजो महामुनिः ।
ददौ विश्रवसे भार्यां स्वसुतां वरवर्णिनीम् ।।३।।

भरद्वाज मुनिले तिनको त्यस्तो चालचलन थाहा पाएर भरखरकी राम्री आफ्नी छोरीलाई विहा गरी विश्रवालाई दिए ।

प्रतिगृह्य तु धर्मेण भरद्वाजसुतां तदा ।
मुदा परमया युक्तो विश्रवा मुनिपुङ्गवः ।।४।।
स तस्यां वीर्यसंपन्नमपत्यं परमद्भुतम् ।
जनयामास धर्मज्ञं सर्वैरात्मगुणैर्युतम् ।।५।।

भरद्वाजकी छोरीलाई खूब खुशी भएका ती विश्रवा मुनिले धर्मपूर्वक लिएर तिनीबाट अनौठो पराक्रम भएको, धर्म जान्ने, सब आफ्ना गुणहरूले युक्त छोरो पाए ।

तस्मिन् जाते संबभूव सन्तुष्टः स पितामहः ।
नाम चास्याकरोत् प्रीत्या सर्वदेवर्षिभिस्तथा ।।६।।
यस्माद्विश्रवसोऽपत्यं सादृश्याद्विश्रवा इव ।
तस्माद्वैश्रवणो नाम भविष्यत्येष विश्रुतः ।।७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो जन्मेकोमा खुशी भएका बाजेले सबै देवर्षिहरूका साथ त्यसरी यसको नाम राखे- विश्रवाको छोरो विश्रवा जस्तै भएकालेयो वैश्रवण नामले प्रख्यात हुनेछ।

स तु वैश्रवणस्तस्य तपोवनगतस्तदा ।
अवर्धताहुतिहुतो महातेजा यथाऽनलः ॥८॥
तस्याऽऽश्रमपदस्थस्य बुद्धिर्जज्ञे महात्मनः ।
चरिष्यामि यतो धर्मं धर्मो हि परमा गतिः ॥९॥

तपोवनमा गएका ती वैश्रवण आहुति गरिएको ठूलो तेज भएको आगो झैं बढे । आश्रममा रहेका ती महात्माको 'अब धर्म गर्छु, किनकि धर्म नै ठूलो गति हो' भन्ने बुद्धि पैदा भयो ।

ततो वर्षसहस्राणि तपस्तेपे चतुर्दश ।
पूर्णे पूर्णे सहस्रे च तां तां वृत्तिमुपस्थितः ॥१०॥

त्यसपछि चौध हजार वर्ष तपस्या गरे, पूरा पूरा हजारमा (हजार पुगेपछि) त्यही त्यही वृत्ति उपस्थित भयो ।

जलाशो मरुताहारो निराहारस्तथैव च ।
एवं वर्षसहस्राणि गतान्यस्यैकवर्षवत् ॥११॥

पानी खाएर, हावा खाएर तथा खाँदै नखाईकन यिनको एकै वर्ष झैं हजार वर्ष बिते ।

अथ प्रीतो महातेजाः सेन्द्रैः सुरगणैः सह ।
गत्वाऽऽश्रमपदं तस्य ब्रह्मेदं वाक्यमब्रवीत् ॥१२॥

यसपछि खुशी भएका महातेजस्वी ब्रह्माले इन्द्रसहितका देवताहरूसँग आश्रममा गएर यो कुरो भने –

परितुष्टोऽस्मि ते वत्स कर्मणाऽनेन सुव्रत ।
वरं वृणिष्व भद्रं ते वरार्हस्त्वं हि मे मतः ॥१३॥

राम्रो व्रत लिने हे बाबु ! तिम्रो यस कामले म खुशी छु, तिम्रो कल्याण हुने वर माग, तिमी वर दिइन योग्य छौ भन्ने म ठान्छु ।

अथाब्रवीद्वैश्रवणः पितामहमुपस्थितम् ।
भगवन् लोकपालत्वमिच्छेयं वित्तरक्षणम् ॥१४॥

यसपछि अगाडि रहेका ब्रह्मालाई वैश्रवण (कुबेर) ले भने- भगवान् ! लोकपाल भएर धनको रक्षा गर्न चाहन्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्राब्रवीद्वैश्रवणं परितुष्टेन चेतसा ।
ब्रह्मा सह सुरैः सर्वैर्वाढमित्येव हृष्टवत् ॥१५॥

खुशी चित्त भएका ब्रह्मासहित सबै देवताहरूले खुशी भएर नै कुवेरलाई हुन्छ भने ।

अहं हि लोकपालानां चतुर्थं स्रष्टुमुद्यतः ।
यमेन्द्रवरुणानां वै पदं तत् तव चेप्सितम् ॥१६॥
सत् कृतं गच्छ धर्मज्ञ दिक्पालत्वमवाप्नुहि ।
यमेन्द्रवरुणानां वै चतुर्थोऽद्य भविष्यसि ॥१७॥

यम, इन्द्र र वरुण लोकपालहरूको अतिरिक्त म तिमीले नै इच्छा गरिएको त्यो (लोकपालको) चौथो पद सिर्जना गर्ने खोजिरहेको थिएँ ,ठीकै गर्‍यो; हे धर्मज्ञ ! जाऊ, दिक्पालत्व प्राप्त गर्‍यौ । आजदेखि यम, इन्द्र वरुणहरूको मध्यमा चारौं भयौ ।

एतच्च पुष्पकं नाम विमानं सूर्यसन्निभम् ।
प्रतिगृह्णीष्व भद्रं ते त्रिदशैः समतां व्रज ॥१८॥

यो सूर्यसमान पुष्पक नामको विमान लेऊ तिम्रो कल्याण होस्, देवतासरहकै होऊ ।

स्वस्त्यस्तु ते गमिष्यामः सर्व एव यथागताः ।
कृतकृत्या वयं जातास्तव दत्वा महावरम् ॥१९॥

तिम्रो स्वस्ति होस्, आएका सबै जान्छौं । तिमीलाई ठूलो वर दिएर हामीहरू कृतकृत्य भयौं ।

इत्युक्त्वा स ययौ ब्रह्मा सह देवैर्नभस्तलम् ।
गतेषु ब्रह्ममुख्येषु देवेषु च महात्मसु ॥२०॥
धनेशः पितरं प्राह विनयात् प्रणतो वचः ।

यति भनेर ती ब्रह्मा देवताहरूका साथ आकाशतिर गए । ब्रह्मादि गरिएका महात्मा देवताहरू गएपछि झुकेर कुवेरले बाबुलाई नम्रतापूर्वक कुरो भने –

भगवँल्लब्धवानस्मि वरं कमलयोनितः ॥२१॥
निवासं न तु मे देवो विदधे स प्रजापतिः ।
एवमुक्तस्तु पुत्रेण विश्रवा मुनिपुङ्गवः ॥२२॥
वचनं तत्र धर्मज्ञ श्रूयतामित्यथाब्रवीत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् ! ब्रह्माबाट वर पाएको छु, उनै देव ब्रह्माले मेरो वासस्थान भनै वनाइदिनुभएन । छोराले यस्तो भनिएका श्रेष्ठ मुनि विश्रवाले हे धर्मज्ञ ! सुन भन्ने वोली वोले ।

लङ्का नाम पुरी रम्या निर्मिता विश्वकर्मणा ।।२३।।
राक्षसानां निवासाय यथेन्द्रस्यामरावती ।

विश्वकर्माले वनाएको लङ्का नामको राम्रो शहर राक्षसहरूलाई वस्नका लागि इन्द्रको अमरावती जस्तै छ ।

तत्र त्वं वस भद्रं ते रमसे तत्र नित्यशः ।।२४।।
रमणीया पुरी सा हि रुक्मवैदूर्यतोरणा ।

त्यहाँ तिमी वस, तिम्रो कल्याण हुनेछ, सधैं त्यहीं रमाउनेछौ, सुन र वैदूर्यले सिंगारिएको त्यो शहर राम्रो छ ।

राक्षसैः सा तु संत्यक्ता पुरी विष्णुभयार्दितैः ।।२५।।
शून्या रक्षोगणैः सर्वैः रसातलतलं गतैः ।

विष्णुको डरले आत्तिएका राक्षसहरूले त्यो शहर छोडिएको छ, पाताल गएका सवै राक्षसहरूले गर्दा शून्यै छ ।

स त्वं तत्र निवासाय रोचयस्व मतिं स्वकाम् ।।२६।।
निर्दोषस्तत्र ते वासो न च दोषोऽस्ति कश्चन ।

त्यहाँ वस्नका लागि तिमी आफ्नो मन लगाऊ, त्यहाँ वस्नका लागि निर्दोष तिम्रो केही दोष हुँदैन ।

एतच्छ्रुत्वा तु धर्मात्मा धर्मिष्ठं वचनं पितुः ।।२७।।
निवेशयामास तदा लङ्कां पर्वतमूर्धनि ।

धर्मात्मा (कुवेर) ले वावुको यो धार्मिक कुरो सुनेर पर्वतको टाकुरामा लङ्का शहर वसाए ।

नैर्ऋतानां सहस्रैः सा मुदितैर्बहुभिस्तदा ।।२८।।
अचिरेणैव कालेन संपूर्णा तस्य शासनात् ।

त्यो शहर उनैको शासनले गर्दा खुशी भएका हजारौं राक्षसहरूले थोरै समयमा नै भरिभराउ भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स तु तत्रावसत् प्रीतो धर्मात्मा नैर्ऋतैः सह ।।२९।।
समुद्रपरिखायां तु लङ्कायां विश्रवःसुतः ।

खुशी भएका, धर्मात्मा (कुवेर) राक्षसहरूका साथ समुद्रले घेरिएको लङ्कामा वसे ।

काले काले स तु तदा पुष्पकेन धनेश्वरः ।।३०।।
अभ्यगच्छेद्विनीतात्मा पितरं मातरं तथा ।

समय- समयमा नम्र दिल भएका ती कुवेर वावु-आमाकहाँ जान्थे ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो

अगस्त्यस्य वचः श्रुत्वा श्यामः प्रोवाच तं मुनिम् ।।३१।।

अगस्त्यको कुरा सुनेर श्यामले ती मुनिलाई भने–

श्याम उवाच– श्यामले भने –

भगवन् पूर्वमप्येषा लङ्काऽऽसीत् पिशिताशिनाम् ।
इति दम्भवचः श्रुत्वा जातो मे विस्मयः पुनः ।।३२।।

हे भगवान् ! पहिल्यै पनि यो लङ्का राक्षसहरूको थियो भन्ने दम्भका कुरा सुनेर फेरि मेरो आश्चर्य उत्पन्न भयो ।

पुलस्त्यवंशादुत्पन्ना राक्षसा इति नः श्रुतम् ।
इदानीमन्यतश्चापि सम्भवः कीर्तितस्त्वया ।।३३।।

राक्षसहरू पुलस्त्यवंशवाट उत्पन्न भएका हुन् भन्ने हामीहरूले सुनेका थियौं, अहिले तपाईंले अरूहरूबाट पनि भएको उत्पत्ति भन्नुभयो ।

रावणात् कुम्भकर्णाच्च प्रहस्ताद् विकटादपि ।
रावणस्य च पुत्रेभ्यः किं न ते बलवत्तराः ।।३४।।

रावण, कुम्भकर्ण, प्रहस्त, विकट र रावणका छोराहरूभन्दा पनि के तिनीहरू वलिया थिए ?

क एषां पूर्वको ब्रह्मन् किं नामानश्च किंबलाः ।
अपराधं च किं प्राप्य विष्णुना बाधितस्ततः ।।३५।।

ब्रह्मन् ! यिनीहरूका पूर्वज को हुन् ? के नाम भएका र कस्ता वल भएका हुन् ? के अपराध गरेर विष्णुले विताइदिए ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतद्विस्तरतः सर्वं कथयस्व ममानघ ।
कौतूहलमिदं त्वं मेऽनुद भानुर्यथा तमः ॥३६॥

हे पुण्यात्मा ! यो मेरो कौतूहललाई उदाएका सूर्यले अन्धकारलाई झैं (हटाउने) गरी तपाईंले यो सबै विस्तारपूर्वक मलाई भन्नुहोस् ।

भार्गवस्य वचः श्रुत्वा प्रत्यभाषत तं पुनः ।

श्यामको कुरा सुनेर तिनलाई फेरि भने ।

अगस्त्य उवाच– अगस्त्यले भने–

प्रजापतिः पुरा सृष्ट्वा अपो भार्गवनन्दन ॥३७॥
आसां गोपायने सत्त्वानसृजत् पद्मसम्भवः ।

हे श्याम ! पहिल्यै कमलबाट जन्मेका ब्रह्माले पानी सिर्जना गरेर जलको रक्षाका लागि प्राणीहरू सृष्टि गरे ।

ते सत्त्वाः सर्वकालेन विनीतवदुपस्थिताः ॥३८॥
किं कुर्म इत्यभाषन्त क्षुत्पिपासाभयार्दिताः ।

भोक, तिर्खा र डरले त्रस्त भएका, हरवडी नम्र भएर आएका ती प्राणीहरूले 'के गरौं ?' भने ।

प्रजापतिस्तु तान् सर्वान् प्रत्याह प्रहसन्निव ॥३९॥
आभाष्यापः प्रयत्नेन रक्षतेति च भार्गव ।

श्याम ! प्रजापतिले ती सबैलाई हाँसेझैं गरी जललाई सबैले प्रयत्नपूर्वक रक्षा गर भने ।

रक्षाम इति तत्रान्यैर्यक्षामश्चेत्यथापरैः ॥४०॥
क्षुधिताक्षुधितैरुक्तांस्ततस्तानाह भूतकृत् ।

भोकाएका र नभोकाएकाहरूमध्ये एक थरीले रक्षा गर्छौं र अर्को थरीले यक्ष गर्छौं (खान्छौं) भने, तिनीहरूलाई ब्रह्माले भने –

यक्षाम इति यैरुक्त मतो यक्षा भवन्तु वः ॥४१॥
रक्षाम इति यैरुक्तं राक्षसास्ते भवन्तु वः ।

जसले खान्छौं भने ती यक्ष होऊन् र जसले रक्षा गर्छौं भने तिनीहरू राक्षस होऊन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः प्रहेतिर्हेतिश्च राक्षसौ भ्रातरावुभौ ।।४२।।
मधुकैटभसंकाशौ बभूवतुररिन्दमौ ।

शत्रुलाई दमन गर्ने दुई भाइ प्रहेति र हेति नाम भएका राक्षस मधुकैटभ बरोबरकै भए ।

प्रहेतिर्धार्मिकस्तत्र दानवान् सोऽभिकाङ्क्षति ।।४३।।
हेतिर्दारक्रियार्थं तु यत्नं परममास्थितः ।

त्यो धार्मिक प्रहेतिले दानवहरूलाई मन पराउँछ (थ्यो), हेति त विहाका लागि ठूलो यत्न गरेर बस्यो ।

स कालभगिनीं पत्नीं भयानामभयावहाम् ।।४४।।
उदावहदमेयात्मा स्वयमेव महामतिः ।

त्यो धेरै बुद्धि भएको ठूलो राक्षस आफैंले नै डराएकाहरूलाई निडर गराउने कालकी बहिनीलाई विहा गऱ्यो ।

स तस्यां जनयामास हेती राक्षसपुङ्गवम् ।।४५।।
पुत्रं पुत्रवतां श्रेष्ठं विद्युत्केशमिति श्रुतम् ।

त्यस हेतिले तिनमा विद्युत्केश नामले प्रख्यात भएको लायक छोरो जन्मायो ।

स हेतिपुत्रो विक्रान्तः प्रदीप्ताग्निसमप्रभः ।।४६।।
व्यवर्धत महातेजास्तोयमध्ये यथाम्बुजम् ।

पराक्रमी ठूलो तेज भएको र बलेको आगो जस्तो कान्ति भएको त्यस हेतिको छोरो पानीको बीचमा रहेको कमल झैं बढ्यो ।

स यदा यौवनं तत्र प्राप्त आसीन्निशाचरः ।।४७।।
ततो दारक्रियां तस्य कर्तुं व्यवसितः पिता ।

जब त्यो राक्षस उमेरदार भयो, त्यसका बाबुले त्यसको विहा गर्ने खोज ।

सन्ध्यादुहितरं सोऽथ नाम्ना शालकटङ्कटाम् ।।४८।।
वरयामास पुत्राय हेती राक्षसपुङ्गवम् ।

हेति राक्षसले छोरोको निम्ति सन्ध्याकी शालकटङ्कटा नाम गरेकी छोरी छान्यो ।

अवश्यमेव दातव्या वराय चेति सन्ध्यया ।।४९।।
चिन्तयित्वा सुता दत्ता विद्युत्केशाय भार्गव ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे भार्गव ! वरलाई निश्चय दिनैपर्छ भन्ने सोचेर सन्ध्याले विद्युत्केशलाई छोरी दिइन् ।

सन्ध्यायास्तनयां लब्ध्वा विद्युत्केशो निशाचरः ॥५०॥
रेमे वै स तया सार्धं पौलोम्या मघवानिव ।

निशाचर विद्युत्केशले सन्ध्याकी छोरी पाएर तिनका साथ इन्द्राणीसँग इन्द्रले झैं रमण गर्‍यो ।

कस्यचित् त्वथ कालस्य श्याम शालकटङ्कटा ॥५१॥
विद्युत्केशाद् गर्भमाप घनराजीव चार्णवात् ।

श्याम ! केही समयपछि शालकटङ्कटाले समुद्रबाट उठेको मेघतुल्य विद्युत्केशबाट पेट बोकिन् ।

ततः सा राक्षसी गर्भं घनगर्भसमप्रभम् ॥५२॥
प्रसूता मन्दरं गत्वा गंगा गर्भमिवग्निजम् ।

त्यसपछि ती राक्षसीले घनगर्भतुल्य कान्ति भएको गर्भ मन्दरमा गएर अग्निबाट भएको गङ्गाको गर्भ झैं जन्माइन् ।

तस्मिन्नुत्सृज्य तं गर्भं विद्युत्केशाद्रतार्थिनी ॥५३॥
रेमे पत्या तदा सर्वं विस्मृत्य सुतमात्मनः ।

विद्युत्केशबाट संभोगको इच्छा गर्ने त्यसले त्यस गर्भलाई त्यसैमा (मन्दरमा) छोडेर आफ्नो छोरोलाई पूरै बिर्सी लोग्नेसँग रमण गरी ।

तयोत्सृष्टस्तु स शिशुः प्रदीपाग्निसमप्रभः ॥५४॥
आस्ये पाणिं समाधाय मेघवद्विरुरोद ह ।

ती दुईले छोडिएपछि त बलेको आगो जस्तो त्यो बालक मुखमा हात राखेर मेघ झैं रोयो ।

अथोपरिष्टाद्वृषभस्थितो देवो महेश्वरः ॥५५॥
अपश्यदुमया सार्धं रुदन्तं राक्षसात्मजम् ।

अनि माथि उमाका साथ साँढेमा चढेका देव महेश्वरले रोइरहेको राक्षसको छोरोलाई देखे ।

कारुण्यादथ पार्वत्या भवस्त्रिपुरसूदनः ॥५६॥
तं राक्षसात्मजं चक्रे पितुरेव वयःसमम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वतीको दयाले गर्दा शिवले त्यस राक्षसको छोरोलाई बाबुको समान उमेरको बनाए ।

अमरं चैव तं कृत्वा महादेवोऽक्षयावहम् ॥५७॥
पुरमाकाशगं प्रादात् पार्वत्याः प्रीतिकाम्यया ।

पार्वतीको मायाले गर्दा महादेवले त्यसलाई अमर गराएर आकाशमा रहेको नाश नहुने शहर दिए ।

उमयाऽपि वरो दत्तो राक्षसानां भृगूद्वह ॥५८॥
गर्भप्राप्तिः सद्य एव प्रसूतिः सद्य एव तु ।
जातस्य च वयःप्राप्ति कामतश्च भृगूद्वह ॥५९॥

हे श्याम ! पार्वतीले पनि राक्षसहरूको गर्भप्राप्ति तुरुन्तै होस्, सुत्केरी पनि तुरुन्तै होऊन्, कामबाट जन्मेकाको पनि उमेर तुरुन्तै पुगोस् भन्ने वर दिइन् ।

१. **ततः सुकेशो वरदानसंस्थितः**
श्रियं प्रभोः प्राप्य भवस्य पार्श्वतः ।
चचार सर्वत्र महामतिः क्षणात्
खगं पुरं प्राप्य पुरन्दरो यथा ॥६०॥

त्यसपछि वरदान पाएको सुकेश शिवबाट कल्याण पाएर र इन्द्रले झैं आकाशमा रहेको शहर पाएर तुरुन्तै ठूलो बुद्धि भएको त्यो संसारको चारैतिर घुम्दो भयो ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये सुकेशवरदानं नाम सप्तदशोऽध्यायः ॥१७॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डको नेपालमाहात्म्यमा सुकेशवरदान नामको सत्रौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अठारौं अध्याय

अगस्त्य उवाच– अगस्त्यले भने–

सुकेशं धार्मिकं मत्वा वरलब्धं च राक्षसम् ।
ग्रामणीर्नाम गन्धर्वो विश्वावसुसमप्रभः ॥१॥
तस्य देववती कन्या द्वितीया श्रीरिवापरा ।
तां तस्मै प्रददौ प्रीतः कृष्णायेवोदधिः श्रियम् ॥२॥

वर पाएको धार्मिक राक्षस सुकेश हुन् भन्ने ठानेर विश्वावसु जस्तो ग्रामणी नामको गन्धर्वले दोस्री लक्ष्मी जस्ती देववती नामकी उनकी ती कन्या छोरी समुद्रले विष्णुलाई लक्ष्मी झैं तिनलाई (सुकेशलाई) खुशी भएर दिए ।

वरदानकृतैश्वर्यं सा तं प्राप्य पतिं प्रियम् ।
आसीद्देववती हृष्टा धनं प्राप्य च दुर्भगः ॥३॥
स तया सह सुप्रीतो रेमे च रजनीचरः ।

वरदानबाट ऐश्वर्य पाएको प्यारो त्यस पतिलाई पाएर ती देववती खुशी थिइन्, दुर्भग त्यो रजनीचर (राक्षस) धन समेत पाई खुशी भएर तिनका साथ रमण गर्न लाग्यो ।

अञ्जनागर्भनिष्पन्नो गजो वाऽसीत् तथेव हि ॥४॥
देववत्यां सुकेशस्तु जनयामास भार्गव ।

हे भार्गव ! अञ्जनाको गर्भबाट हात्ती पैदा भएको थियो । तिनैले (अञ्जनाले) झैं देववतीबाट सुकेशले छोरा पाए ।

स त्रिनेत्रसमान् पुत्रान् जनयामास राक्षसः ॥५॥
माल्यवन्तं सुमालिं च माली च सुमहाबलम् ।

त्यस राक्षसले खूब बलिया माल्यवान्, सुमाली र माली नामका त्रिनेत्र जस्ता छोरा पायो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयः सुकेशस्य सुताः त्रेताग्निसमतेजसः ॥६॥
त्रयो लोका इवान्यत्वं गतास्त्रय इवाग्नयः ।

त्रेताग्नि जस्ता सुकेशका तीनोटा छोरा, तीनोटा लोक जस्ता र अर्का तीनोटा अग्नि जस्ता भए ।

त्रयो मन्त्रा इवात्युग्रास्त्रयो घोरा इवाग्नयः ॥७॥
विवृद्धिमगमँस्तत्र व्याधयः प्रबला इव ।

तीन मन्त्र जस्ता उग्र, तीन अग्नि झैं घोर (डरलाग्दा) प्रबल रोग झैं ती वढें ।

धनं प्राप्य ततस्ते तु ज्ञात्वैश्वर्यं पितुर्महत् ॥८॥
तपस्तप्तुं गता एवं भ्रातरः कृतनिश्चयाः ।

त्यसपछि धन पाएर र वावुको ठूलो ऐश्वर्य जानेर निश्चय गरेका तीनै भाइहरू तपस्या गर्न गए ।

प्रगृह्य नियमान् घोरान् राक्षसा मुनिपुङ्गव ॥९॥
चेरुस्तत्र तपो घोरं सर्वभूतभयावहम् ।

हे मुनि श्याम ! राक्षसहरूले घोर नियमहरू लिएर सबै प्राणीहरूलाई नै डर गराउन घोर तपस्या गरे ।

सत्यार्जवदमोद्भूतः स तु तेषां तपोबलः ॥१०॥
निर्ददाहेव लोकाँस्त्रीन् सदेवासुरमानुषान् ।

सत्य, सोझोपना र इन्द्रियनिग्रहवाट निस्केको तिनीहरूको तपोवल देवता असुर र मानिससहितका तीनै लोकलाई डढाउँछ क्यारे जस्तो थियो ।

ततो देवश्चतुर्वक्त्रो विमानं वरमास्थितः ॥११॥
सुकेशपुत्रानामन्त्र्य वरदोऽसीत्यभाषतः ।

त्यसपछि (ब्रह्माले) श्रेष्ठ विमानमा बसेका छँदा सुकेशका छोराहरूलाई बोलाएर वर दिन्छु भने ।

ब्रह्माणं वरदं ज्ञात्वा हृष्टा भार्गव राक्षसाः ॥१२॥
ऊचुः प्राञ्जलयः सर्वे वेपमाना इव द्रुमाः ।

हे भार्गव ! वर दिने भए भन्ने ब्रह्मालाई लागेर काँपेका रूख जस्ता सबै राक्षसहरूले हात जोडेर भने –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपसाऽऽराधितो देव ददासि यदि नो वरान् ॥१३॥
अजेयाः शत्रुहन्तारस्तथैव चिरजीविनः ।
प्रभविष्णो भविष्यामः परस्परमनुव्रताः ॥१४॥

देव ! तपस्याले आराधना गरिएको हुनुहुन्छ, यदि हामीलाई वर दिनुहुन्छ भने जित्न नसकिने, शत्रुलाई मार्ने र धेरै बाँच्ने होऔं, त्यस्तै परस्परका व्रतमा पछि लाग्ने र समर्थवान् होऔं ।

अगस्त्य उवाच– अगस्त्यले भने–

एवं भविष्यथेत्युक्त्वा सुकेशतनयाँस्तदा ।
इत्युक्तः स ययौ देवो ब्रह्मा ब्राह्मणवत्सलः ।

सुकेशका छोराहरूलाई यस्तो होऊ भनेर ब्राह्मणका प्यारा ब्रह्मा गए ।

वरं लब्ध्वा तु ते सर्वे श्याम रात्रिञ्चरेश्वराः ।
सुरासुरनराणां तु वरदानात् सुनिर्भयाः ॥१६॥

हे श्याम ! देव दानव मानवहरूको बीचमा वर पाएर नडराउने भएका ती सबै राक्षसहरू थिए ।

तैर्वाध्यमानास्त्रिदशा ऋषिसङ्घाः सचारणाः ।
त्रातारं नाध्यगच्छंस्ते निरपत्या यथा नराः ॥१७॥

तिनीहरूले पिरिएका देवताहरू, ऋषि र चारणहरूले सन्तान नभएका मानिसले झैं रक्षा पाएनन् ।

अथ ते विश्वकर्माणं शिल्पिनां प्रभुमव्ययम् ।
प्रोचुराहूय सहिता राक्षसा भृगुनन्दन ॥१८॥

हे भृगुनन्दन ! राक्षसले सहित भएका तिनीहरूले कालिगडहरूका मालिक अविनाशी विश्वकर्मालाई बोलाएर भने–

गृहकर्ता भवान् देवो देवानां हृदयेप्सितम् ।
अस्माकमपि देव त्वं गृहान् कर्तुमतोऽर्हसि ॥१९॥

हे देव ! तपाईं देवताहरूको इच्छामाफिकको घर बनाउने हुनुहुन्छ, देव ! तपाईं हाम्रा पनि घर बनाउन योग्य हुनुहुन्छ ।

हिमवन्तं समासाद्य मेरुमन्दरमेव च ।
सुरेश्वरगृहप्रख्यान् गृहान् नः कुरु विश्वकृत् ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालय मेरु र मन्दर पर्वतमा पुगेर इन्द्रका जस्ता घरहरू हामीलाई बनाइदिनुहोस् विश्वकर्मा !

विश्वकर्मा वचः श्रुत्वा राक्षसानां महात्मनाम् ।
निजगाद क्षणं ध्यात्वा राक्षसेभ्यो महत्स्थलम् ॥२१॥

ठूलठूला राक्षसहरूको बोली सुनेर एकै छिन घोरिएर विश्वकर्माले भने– राक्षसहरूको ठूलो स्थल बताए ।

विश्वकर्मोवाच– विश्वकर्माले भने–

शकुनैरपि दुष्प्रापं टङ्कच्छिन्नं चतुर्दिशम् ।
त्रिंशद्योजनविस्तीर्णं शतयोजनमायतम् ॥२२॥

पक्षीहरू पनि पुग्न नसक्ने चारै दिशा छिनोले काटिएको (चारैतिरबाट भूभागसँग अलग्गिएको) तीस योजन (१२० कोस) फराकिलो (चौडा) र सय योजन (४०० कोस) लामो भएको –

तत्र लङ्का च नगरी मया शक्राज्ञया कृता ।
सा सुवर्णमयी लङ्का रत्नवैदूर्यतोरणा ॥२३॥

त्यहाँ लङ्का नामको शहर छ, मैले इन्द्रको आज्ञाले बनाएको हो, त्यो सुनै सुनको लङ्का रत्न र वैदूर्यहरूले सिंगारिएको छ ।

तस्यां वसत दुर्धर्षा पुर्यां राक्षससत्तमाः ।
सहस्रानुचराः कृत्वा गत्वा भार्गव सत्पुरीम् ॥२४॥
दृढप्राकारपरिखां हेमैर्गृहशतैर्वृताम् ।

हे जित्न नसकिने राक्षसहरू ! हजारौं सेवकहरू बनाएर, बलियो पर्खालको घेरा भएको, सयौं सुनका घरहरूको सत्पुरी त्यस शहरमा गएर वस्नुहोस् ।

लङ्कामवाप्य ते हृष्टा अवसन् रजनीचराः ॥२५॥

लङ्का पुगेर खुशी भएका ती राक्षसहरू वसे ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भने–

इत्यगस्त्यवचः श्रुत्वा भृगुवंशसमुद्भवः ।
श्यामः पप्रच्छ विनयादगस्त्यं मुनिसत्तमम् ।२६॥

अगस्त्यको यस्तो कुरा सुनेर भृगुवंशमा उत्पन्न भएका श्यामले नम्रतापूर्वक मुनि अगस्त्यलाई सोधे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्याम उवाच– श्यामले भने –

दक्षिणस्योदधेस्तीरे सुमेरुशिखरे कथम् ।
लङ्का स्वर्णमयी विश्वकर्मणा निर्मिता कथम् ।।२७।।
एतं नः संशयं छिन्धि सर्वज्ञ मुनिसत्तम ।
श्यामवाक्यं समाकर्ण्यागस्त्यः प्राह पुनश्च तम् ।।२८।।

दक्षिण समुद्रको तीरमा सुमेरुको चुचुरोमा कसरी सुनै-सुनको लङ्का विश्वकर्माले बनाए, यस्तो हाम्रो शंका नाश गरिदिनुहोस् सर्वज्ञ मुनिसत्तम ! श्यामको कुरो सुनेर अगस्त्यले तिनलाई फेरि भने ।

अगस्त्य उवाच– अगस्त्यले भने–

अहं ते कथयिष्यामि लङ्कोत्पत्तिं निशामय ।
पुरा सुमेरुशिखरे नानारत्नविचित्रिते ।।२९।।
दिव्या देवसभा जाता सिद्धगन्धर्वचारणैः ।
तत्र प्रसङ्गतो जाता कथा बलवतां मुने ।।३०।।

म तपाईंलाई लङ्काको उत्पत्ति भन्छु, सुन्नुहोस् – पहिल्यै विभिन्न रत्नहरूले विचित्र सुमेरुको चुचुरोमा सिद्ध गन्धर्व र चारणहरूको दिव्य देवसभा भयो, हे मुनि ! त्यहाँ प्रसंगले बलियाहरूको कथा उत्पन्न भयो (कुरो निस्कियो) ।

कश्चित् तत्र सुरः प्राह वायुर्बलवतां वरः ।
नेति देव कश्चिदाह गरुडो बलिनां वरः ।।३१।।

त्यहाँ कुनै एक देवताले वायु सबैभन्दा बलिया छन् भने, कुनै अर्कोले हे देव ! हैन, गरुड सबैभन्दा बलिया छन् भने ।

सुरान् सुरेन्द्रः संप्राह ज्ञातव्यमनयोर्बलम् ।
कथं विशेषतो देवाः प्रभञ्जनसुपर्णयोः ।।३४।।

देवताहरूलाई इन्द्रले भने– हे देवताहरू ! यी वायु र गरुडको बल राम्रोसँग कसरी जान्ने ?

सुरेन्द्रवचनं श्रुत्वा नारदः प्राह देवताः ।
सुमेरुशृङ्गमेकं हि धृत्वा वै विनतात्मजः ।।३३।।
तिष्ठतूप रिविक्रान्तो वायुरुत्पाटयत्वमुम् ।
तदा बलं परीक्षामः प्रभञ्जनसुपर्णयोः ।।३४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुरेन्द्रको बोली सुनेर नारदले भने– देवताहो ! एउटा सुमेरुको चुचुरो पक्डेर माथि गरुड बसून्, पराक्रमी वायुले यसलाई उछिट्याऊन्, अनि वायु र गरुडको बलको परीक्षा गरौं ।

नारदस्य वचः श्रुत्वा बाढमित्यब्रवीद्वचः ।
वायुरप्याह गरुडं सुपर्ण भव विक्रमी ।।३५।।

नारदको कुरा सुनेर हुन्छ भने । वायुले पनि 'गरुड ! अब पराक्रमी हुनुहोस्' भने ।

इति वायुवचः श्रुत्वा गरुडो बलिनां वरः ।
धृत्वा सुमेरुशिखरं तस्थौ विक्रमपूर्वकम् ।।३६।।

यस्तो वायुको बोली सुनेर खूब बलिया गरुडले सुमेरुको चुचुरो पक्डेर बलियो भएर बसे ।

ववौ प्रभञ्जनः शीघ्रं महाविक्रमपूर्वकम् ।
उन्मूलयामास गिरीन् महावृक्षाननेकशः ।।३७।।

वायुले तुरुन्तै खूब तोडले बहेर पर्वतहरू र अनेकौं रूखहरू उखेले ।

महाझञ्झानिलोभ्दूतैस्तरङ्गैश्च महोदधिः ।
जगत् संप्लावयामास लोकाः व्याकुलतां ययुः ।।३८।।

ठूलो आँधीबाट निस्केका छालद्वारा समुद्रले संसारबु डाइदियो, मानिसहरू व्याकुल भए ।

झञ्झावायुसमुद्भूतः पांशुभिः कवलीकृतौ ।
न दृक्पथं समायातौ प्राणिनां चन्द्रभास्करौ ।।३९।।

आँधीबाट उठेका धूलाले ढाकिएका चन्द्र र सूर्य प्राणीहरूको आँखामा देखा पर्न आएनन् ।

संचालने सुपर्णस्य पक्षस्यैकस्य मारुतः ।
अपि संचलने शक्तो नालं विक्रमसंयुतः ।।४०।।
शिखरोन्मूलने शक्तिः का हि वायोर्भविष्यति ।

गरुडको एक प्वाँख पनि चलाउन बलिया वायुले सकेनन्, चुचुरै उखेल्ने शक्ति वायुको केको हुने र ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायुर्बलवतां श्रेष्ठः कृत्वा द्विगुणविक्रमम् ।।४१।।
व्याकुलं च जगच्चक्रे सर्वं स्थावरजङ्गमम् ।

बलियाहरूमा पनि बलिया गनिएका वायुले दोबर बल गरेर सब संसारका स्थावर र जङ्गमलाई नै व्याकुल पारे ।

झञ्झावातहताः केचित् प्राणिनो निधनं गताः ।।४२।।
उन्मूलितैर्गिरिवरैर्देशाश्चूर्णीकृता भृशम् ।
त्रैलोक्यं विकलं सर्वं ब्रह्माणं शरणं ययौ ।।४३।।

आँधीबेरीले हानिएका केही प्राणी मरे । उखेलिएका पर्वतहरूद्वारा देशहरू नराम्रोसँग धूलो गराइए, तोवा तोवा भएका सबै तीनै लोक नै ब्रह्माको शरणमा गए ।

सुमेरुशिखरं गत्वा ब्रह्मा लोकपितामहः ।
वन्दितस्त्रिदशैः सर्वैः प्रभञ्जनमथाब्रवीत् ।।४४।।

सबै देवताहरूले वन्दना गरिएका लोकका पितामह ब्रह्मा सुमेरुको टुप्पोमा गई वायुलाई भने ।

ब्रह्मोवाच– ब्रह्माले भने–

प्रभञ्जन निवर्तस्व जगत् सर्वं विनश्यति ।
देहिनां प्राणभूतोऽसि जानेऽहं विक्रमं तव ।।४५।।

क्षमां कुरु जगत्प्राण क्षमाशीला हि पण्डिताः ।
कुरुष्व जगतां रक्षा जानेऽहं बलवानसि ।।४६।।

वायु ! रोकिऊ, (नत्रभने) सबै संसार नासिनेछ । शरीरधारीहरूका प्राण हौ, तिम्रो पराक्रम म जान्दछु । हे संसारका प्राण ! क्षमा गर, पण्डितहरू क्षमा गर्ने नै हुन्छन्, संसारको रक्षा गर; बलवान् छौ, म जान्दछु ।

अगस्य उवाच– अगस्त्यले भने–

इति धातुर्वचः श्रुत्वा प्राह वाक्यं प्रभञ्जनः ।
ब्रह्माको यस्तो बोली सुनेर वायुले भने ।

वायुरुवाच – वायुले भने –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरुशृङ्गमनुत्पाट्य निवृत्तो न भवाम्यहम् ॥४७॥
जगत् तिष्ठतु वा यातु नाशं तत्र न मे वृथा ।

मेरुको टुप्पो नउखेली म रोकिन्नँ, संसार रहोस् अथवा नासियोस् मलाई केही वास्ता छैन ।

इति वायुवचः श्रुत्वा ब्रह्मा विष्णुमुवाच ह ॥४८॥

यस्तो वायुको कुरा सुनेर ब्रह्माले विष्णुलाई भने ।

ब्रह्मोवाच– ब्रह्माले भने–

निवारय हृषीकेश गरुडं बलिनां वरम् ।
वायुरुत्पाटयत्वेनं न चेत् सृष्टिर्विनश्यति ॥४९॥

हृषीकेश ! बलियाहरूमा श्रेष्ठ गरुडलाई रोक्नुहोस्, यसलाई वायुले उखेलून्, नत्रभने सृष्टि नै नासिन्छ ।

श्रुत्वा ब्रह्मवचो विष्णुर्गरुडं प्राह तत्क्षणात् ।

विष्णुले ब्रह्माको कुरा "सुनेर तत्कालै गरुडलाई भने ।

श्रीविष्णुरुवाच– श्रीविष्णुले भने–

निवृत्तो भव पक्षीन्द्र जानेऽहं तव विक्रमम् ॥५०॥
उत्पाट्य मेरुशिखरं तुष्टो भवतु मारुतः ।

हे पक्षिराज ! हट्नुहोस्, तपाईंको पराक्रम जान्दछु । मेरुको टुप्पो उखेलेर वायु खुशी होऊन् ।

पक्षी विष्णुवचः श्रुत्वा किंचिच्छैथिल्यमाययौ ॥५१॥
वायुरुत्पाटयामास मेरुशृङ्गं महाबलः ।
दक्षिणस्योदधेस्तोयमध्ये शृङ्गं पपात ह ॥५२॥

गरुडले विष्णुको कुरो सुनेर केही शैथिल्य लिए, महाबली वायुले मेरुको टुप्पो उछिट्याए, दक्षिण समुद्रको पानीको बीचमा शृङ्ग खस्यो ।

तत्सुवर्णमयं शृङ्गं सिन्धुतोयैः सुवेष्टितम् ।
प्रोवाच विश्वकर्माणं शक्रो दृष्ट्वा मनोहरम् ॥५३॥

समुद्रको पानीले घेरिएको राम्रो त्यस टाकुरालाई देखेर विश्वकर्मालाई इन्द्रले भने –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वकर्मन् महाभाग वासाय मम सत्वरम् ।
कुरु लङ्कापुरीं रम्यां परिखीकृतसागराम् ॥५४॥

महाभाग विश्वकर्मा ! चाँडै नै मेरो वासका लागि समुद्रले घेरिएको राम्रो लङ्कापुरी वनाउनुहोस् ।

इति शक्रवचः श्रुत्वा विश्वकर्मा महाकृतिः ।
लङ्का नाम पुरीं चक्रे शक्रस्यैवामरावतीम् ॥५५॥

यस्तो इन्द्रको कुरा सुनेर महाकृति विश्वकर्माले इन्द्रकै अमरावती जस्तो लङ्कापुरी वनाए ।

लङ्का नाम पुरीं रम्यामुवास बलसूदनः ।
सर्वदेवगणैः सार्धं निजां त्यक्त्वाऽमरावतीम् ॥५६॥

आफ्नो अमरावतीलाई छोडेर राम्रो लङ्कापुरीमा सबै देवताहरूका साथ इन्द्र वसे ।

एतद् वृत्तान्तमाकर्ण्य ब्रह्मा मुनिगणैः सह ।
विश्वकर्मकृतां लङ्कां ययौ द्रष्टुं मनोहराम् ॥५७॥

यस्तो हालखवर सुनेर विश्वकर्माले वनाएको मनोहर लङ्का हेर्न मुनिहरूका साथ ब्रह्मा गए ।

लङ्कायामागतं दृष्ट्वा ब्रह्माणं बलसूदनः ।
प्रत्युद्ययावादरेण सर्वदेवगणैः सह ॥५८॥

लङ्कामा ब्रह्मा आएको देखेर इन्द्र सबै देवताहरूका साथ आदरपूर्वक लिन गए ।

पूजयित्वा यथान्यायं कृतासनपरिग्रहम् ।
उवाच विनतो भूत्वा ब्रह्माणं वलसूदनः ॥५८॥

क्रमअनुसार पूजा गरेर पछि आसनमा वसेका ब्रह्मालाई इन्द्रले नम्र भएर भने-

लङ्का नाम पुरीं रम्यां परिखीकृतसागराम् ।
ब्रह्मन् संदृश्यतां दिव्या मम वासाय कल्पिता ॥६०॥

हे ब्रह्मा ! मेरो वासका लागि वनाइएको दिव्य, समुद्रले घेरिएको लङ्का नामको राम्रो शहर हेर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगस्त्य उवाच– अगस्त्यले भने–

इति देववचः श्रुत्वा विरिञ्चिर्लोकपूजितः ।
तुङ्गसौधं समारुह्य ददर्श नगरीं तदा ॥६१॥

यस्तो देवताको कुरा सुनेर लोकले पूजिएका ब्रह्मा चूनले पोतिएको अग्लो दरवारमा चढी शहरलाई हेरे ।

निम्नां दक्षिणदिग्भागे लङ्कां दृष्ट्वा मनोहराम् ।
ब्रह्मा प्रोवाच देवेन्द्रं मुनिभिः परिवारितः ॥६२॥

दक्षिणपट्टि होचो भएको मनोहर लङ्कालाई देखेर मुनिहरूले घेरिएका ब्रह्माले देवेन्द्रलाई भने –

इयं दक्षिणदिग्भागे निम्ना लङ्कापुरी यतः ।
अतो हि रक्षसां स्थानमियं लङ्का भविष्यति ॥६३॥

दक्षिण दिशापट्टि भिरालो परेको यो लङ्कापुरी हुनाले यो लङ्का राक्षसहरूको स्थान हुनेछ ।

निम्ना दक्षिणदिग्भागे या पुरी त्रिदशेश्वर ।
तस्यां निवसतामादौ वृद्धिरन्ते पुनः क्षयः ॥६४॥

हे इन्द्र ! दक्षिणपट्टि भिरालो परेको जुन यो शहर छ, त्यसमा वस्नेहरूको पहिल्यै बढिबढाउ र फेरि पछि नाश हुनेछ ।

निवसिष्यन्ति लङ्कायां प्राणिनो धार्मिका अपि ।
ते सर्वे क्रूरकर्माणो भविष्यन्ति न संशयः ॥६५॥

लङ्कामा धार्मिक प्राणीहरू पनि वस्नेछन्, निःसन्देह ती पनि सबै क्रूर काम गर्ने हुनेछन् ।

न वस्तव्यं त्वया शक्र लङ्कायामिति हेतुतः ।
राक्षसा निवसिष्यन्ति घोरा लोकभयावहाः ॥६६॥

भयङ्कर, संसारैलाई डर गराउने राक्षसहरू वस्नेछन् भन्ने कारणले नै इन्द्र! तपाइँ लङ्कामा नवस्नुहोस् ।

इत्युक्त्वा प्रययौ ब्रह्मा मुनिभिः परिवारितः ।
विहाय लङ्कां देवेशो जगाम स्वपुरीं ततः ॥६७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः प्रभृति शून्याऽभूल्लङ्का स्वर्णमयी मुने ।

यति भनेर मुनिहरूले घेरिएका ब्रह्मा गए, अनि इन्द्र लङ्का छोडेर आफ्नो शहर (अमरावती) मा गए । हे मुनि श्याम ! त्यहाँदेखि सुनै-सुनको लङ्का शून्य भयो ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल-माहात्म्ये-ऽष्टादशोऽध्यायः ॥१८॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपालमाहात्म्यको अठारौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन्नाइसौं अध्याय

श्याम उवाच– श्यामले भने –

ततस्ते मुनिशार्दूल लङ्कायां राक्षसेश्वराः।
किमकुर्वन्त ते वीरास्तन्ममाख्यातुमर्हसि ।।१।।

हे श्रेष्ठमुनि ! त्यसपछि ती वीर राक्षसहरूले लङ्कामा के के गरे त्यो मलाई भन्न योग्य हुनुहुन्छ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

इति श्यामवचः श्रुत्वा जैमिने मुनिसत्तम ।
भृगुवंशसमुद्भूतमगस्त्यः प्राह सादरम् ।।२।।

हे जैमिनि मुनि ! यस्तो श्यामको कुरा सुनेर अगस्त्यले भृगुवंशमा उत्पन्न भएका (श्याम) लाई आदरसाथ भने ।

अगस्त्य उवाच– अगस्त्यले भने–

एतस्मिन्नेव काले तु यथाकामं च भार्गव ।
नर्मदा नाम गन्धर्वी बभूव भृगुनन्दन ।।३।।

हे भृगुका छोरा श्याम ! यसै वेलामा इच्छामाफिककी नर्मदा नामकी गन्धर्वी भइन् ।

तस्याः कन्यात्रयं ह्यासीत् ह्रीश्रीकान्तिसमद्युतिः ।
ज्येष्ठक्रमेण सा तेषां राक्षसानामराक्षसी ।।४।।
कन्यास्ताः प्रददौ हृष्टाः पूर्णचन्द्रनिभाननाः ।

तिनका लज्जा, श्री र कान्ति समान तेज भएका तीनोटा छोरी थिए । ती अराक्षसी (गन्धर्वी) ले जेठाको क्रमले (जेठालाई जेठी, माहिलालाई माहिली र कान्छालाई कान्छी) ती राक्षसहरूलाई हँसिला र पूर्ण चन्द्र जस्तो अनुहार भएका ती कन्याहरू दिइन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयाणां राक्षसेन्द्राणां तिस्रो गन्धर्वकन्यकाः ।।५।।
दत्ता मात्रा महाभागा नक्षत्रे भगदैवते ।
कृतदारास्तु ते श्याम सुकेशतनयास्तदा ।।६।।
चिक्रीडुः सह भार्याभिरप्सरोभिरिवामराः ।

तीनोटा राक्षसेन्द्रहरूलाई लायक तीनोटा गन्धर्वका छोरीहरू उत्तराफाल्गुणी नक्षत्रमा आमाले दिइएका थिए, अनि त श्याम ! विहा गरेका ती सुकेशका छोराहरूले अप्सराहरूसँग देवताहरू झैं स्वास्नीसँग रमण गरे ।

तत्र माल्यवती नाम सुन्दरीणां च सुन्दरी ।।७।।
स तस्यां जनयामास यदपत्यं निबोध तत् ।

राम्रीहरूमा पनि राम्री माल्यवती नाम गरेकी सुन्दरी थिइन्,त्यसले (माल्यवान्ले) तिनमा जुन सन्तान पैदा गऱ्यो, त्यो सुन्नुहोस् ।

वज्रमुष्टिर्विरूपाक्षो दुर्मुखश्चैव राक्षसाः ।।८।।
सुमुखो यज्ञकेतुश्च मत्तोन्मत्तस्तथैव च ।
सुचेला चाभवत् कन्या सुन्दर्या नाम सुन्दरी ।।९।।

वज्रमुष्टि, विरूपाक्ष, दुर्मुख, सुमुख, यज्ञकेतु, मत्त र उन्मत्त नामका राक्षसहरू र सुन्दरीको (माल्यवतीको) सुचेला नामकी सुन्दरी छोरी पनि भइन् ।

सुमालिनोऽपि भार्याऽऽसीत् पूर्णचन्द्रनिभानना ।
नाम्ना केतुमती श्याम प्राणेभ्योऽपि गरीयसी ।।१०।।

हे श्याम ! सुमालीकी पनि पूर्णचन्द्र जस्तो मुख भएकी र प्राणभन्दा पनि ठूली प्यारी केतुमती नामकी स्वास्नी थिइन् ।

सुमाली जनयामास यदपत्यं निशाचरः ।
केतुमत्यां भृगुश्रेष्ठ तन्निबोधानुपूर्वशः ।।११।।

राक्षस सुमालीले केतुमतीमा जुन सन्तान पायो, तिनलाई क्रमैसँग सुन्नुहोस् श्याम !

प्रहस्तोऽकम्पनश्चैव विकटः कालिकामुखः ।
धूम्राक्षश्चाथ दण्डश्च सुपार्श्वश्च महाबलः ।।१२।।
संह्लादिः प्रघसश्चैव भासकर्णश्च राक्षसः ।

प्रहस्त, अकम्पन, विकट, कालिकामुख, धूम्राक्ष, दण्ड, सुपार्श्व, महाबल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संह्लादि, प्रघस, भासकर्ण राक्षस हुन् ।

राका पुष्पोत्कटा चैव नैकसी च शुचिस्मिता ।।१३।।
कुम्भीनसी तथेत्येताः सुमालिप्रभवाः स्मृताः ।

राका, पुष्पोत्कटा, नैकशी, शुचिस्मिता र कुम्भीनसी, यी सुमालीका छोरीहरू भनेर बताइए ।

मालिनो वसुदा नाम गन्धर्वी रूपशालिनी ।।१४।।
भार्याऽसीत् पद्मपत्राक्षी साक्षात् पद्मसमानना ।

मालीका, कमलको पात जस्तो आँखा भएकी र दुरुस्तै कमल जस्तो अनुहार भएकी, राम्री वसुदा नामकी गन्धर्वी स्वास्नी थिइन् ।

सुमालिनोऽनुजस्तस्यां जनयामास यन्मुने ।।१५।।
अपत्यं कथ्यमानं तु निबोध मम भार्गव ।

सुमालीको भाइ (माली) ले तिनमा जे पायो, हे भार्गव मुनि ! मैले भनिन लागेका ती सन्तानहरू सुन ।

अनिलश्च निलश्चैव भीमः सम्पातिरेव च ।।१६।।
एते विभीषणामात्याः प्रालेयास्ते निशाचराः ।

अनिल, निल, भीम र सम्पाति, यी प्रालेया राक्षस विभीषणका मन्त्री हुन् ।

ततस्तु ते राक्षसपुङ्गवास्त्रयो
निशाचरैः पुत्रशतैश्च संवृताः ।
सुरान्महेन्द्रानृषिनागदानवान्
ववाधिरेऽतिप्रवलातिगर्विताः ।।१७।।

अनि सयौं राक्षस छोराहरू भएका ज्यादै बलिया र खूब सेखी गर्ने ती तीनोटा राक्षसहरूले देवताहरूलाई, ऋषिहरूलाई, नाग र दानवहरूलाई पनि पिर्न थाले ।

जगद्ग्रसन्तोऽनलवद्दुरासदाः
रणप्रचण्डाः शतशः सदोद्यताः ।
वरप्रदानादभिवर्धिता भृशं
ऋतुक्रियाणां प्रशमं प्रचक्रिरे ।।१८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारैलाई निल्ने आगा झैं जित्न नसकिने, लडाईंमा प्रचण्ड भएका सधैं तम्तयार भएका, वर दिनाले खूब बढेका तिनले यज्ञ आदि क्रियाको शमन गरे।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल-माहात्म्ये ऊनविंशोऽध्यायः ॥१९॥

स्कन्दपुराणअन्तर्गत हिमवतखण्डमा नेपालमाहात्म्यको उन्नाइसौं अध्याय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीसौं अध्याय

अगस्त्य उवाच– अगस्त्यले भने–

तैर्वाध्यमाना देवाश्च मुनयश्च तपोधनाः ।
भयार्ता शरणं जग्मुर्देवदेवं महेश्वरम् ॥१॥

तिनीहरूले वाधा दिइएका देवताहरू र तपस्या नै धन भएका मुनिहरू पनि डरले देवताका पनि देवता महादेवको शरणमा गए ।

प्रणम्य दण्डवद् भूमौ भयाद् गद्‌गदभाषिणः ।
सुकेशपुत्रैर्भगवन् वाधिताः स्म हताश्च ह ॥२॥

भुइँमा लौरी झैं भई प्रणाम गरेर, डरले रोक्किई रोक्किई वोल्ने (देवताहरूले भने) –हे भगवान् ! सुकेशका छोराहरूद्वारा वाधा दिइएका र मारपीट खाएका पनि छौं ।

प्रजाध्यक्ष प्रजाः सर्वा वाध्यन्ते रिपुनाशन ।
शरण्येहा शरण्याश्च कृतास्ते राक्षसैर्विभो ॥३॥

शत्रुलाई नाश गर्ने हे प्रजाका अध्यक्ष ! सबै प्रजाहरू वाधा दिइएका छन्, हे प्रभु ! तिनीहरू (प्रजाहरू) राक्षसहरूद्वारा शरण चाहने र शरण लिनैपर्ने पनि वनाइए ।

स्वर्गात् प्रच्यवते शक्रः स्वर्गे क्रीडन्ति देववत् ।
अहं विष्णुरहं रुद्रो ब्रह्माऽहं देवराडहम् ॥४॥

अहं यमोऽहं वरुणश्चन्द्रोऽहं रविरप्यहम् ।
इति ते राक्षसा देव वरदानेन दर्पिताः ॥५॥

भाषन्ते समरे हर्षाद्ये च तेषां पुरःसराः ।
तन्नो देव भयार्तानामभयं दातुमर्हसि ॥६॥

अशिवं वपुरास्थाय जहि तान् देवकण्टकान् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्गवाट इन्द्र खसालिए, जो स्वर्गमा देवताहरू झैं खेल्दछन् र वर दिनाले सेखी गर्ने तिनीहरूको अगि पछि लाग्ने छन्, ती राक्षसहरू हर्षले म विष्णु हुँ, मै वरुण हुँ, चन्द्र र सूर्य पनि मै हुँ, लडाइँमा यस्तो भन्छन् । त्यस कारण डरले पिरिएका हामीहरूलाई अभय दिनुहोस् । भयङ्कर शरीर लिएर ती देवताका काँडालाई मार्नुहोस् ।

इत्युक्तः स सुरैः सर्वैः कपर्दी नीललोहितः ॥७॥'

सुकेशं प्रति सापेक्षाः प्राह देवगणान् प्रभुः ।
अहं तान् न हनिष्यामि ममावध्या हि तेऽसुराः ॥८॥

किंतु मन्त्रं प्रवक्ष्यामि यो वै तान् निहनिष्यति ।
एवमेव समुद्योगं पुरस्कृत्य सुरर्षभाः ॥९॥

गच्छन्तु शरणं विष्णुं हनिष्यति स तान् प्रभुः ।

सबै देवताहरूले यति भनिएका नीललोहित (बैंगनी रङ्गका) शिवले सुकेश-पट्टि संकेत गरेर देवताहरूलाई भने– म तिनीहरूलाई मार्दिनँ, ती दैत्यहरू मैले मार्न सकिने होइनन्, तर जसले तिनीहरूलाई मार्छ त्यो मन्त्र भन्छु– विष्णुले तिनी-हरूलाई मार्नुहुनेछ, यही उद्योग अगाडि राखेर (यसै गर्न) देवताहरू जाऊन् ।

ततस्ते जयशब्देन नन्दित्वा वै महेश्वरम् ॥१०॥
विष्णोः समीपं ते जग्मुर्निशाचरभयार्दिताः ।

त्यसपछि तिनीहरूले महेश्वरलाई जयशब्दद्वारा सम्मान गरेर, राक्षसको डरले भुतुक्कै भएका ती विष्णुको नजीकमा गए ।

शङ्खचक्रधरं ते तु प्रणम्य बहुमानतः ॥११॥
ऊचुः सम्भ्रान्तवद्वाक्यं सुकेशतनयार्दिताः ।

खूब सम्मानपूर्वक शङ्ख चक्र गदा लिने (विष्णु) लाई प्रणाम गरेर सुकेशका छोराहरूले पिरिएका तिनीहरूले हडवडाएजस्तो बोली बोले–

सुकेशतनयैर्देव त्रिभिस्त्रेताग्निसन्निभैः ॥१२॥
आक्रम्य वरदानेन वश्या देवकृता वयम् ।

हे देव ! सुकेशका त्रेताग्नि जस्ता तीनोटा पुत्रहरूले वरदानले गर्दा आक्रमण गरेर हामी देवताहरू अधीन गराइयौं ।

लङ्का नाम पुरी रम्या त्रिकूटशिखरस्थिता ॥१३॥
तत्र स्थित्वा प्रवाधन्ते सर्वान् नः क्षणदाचराः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिकूटको चुचुरामा रहेको लङ्का नामको शहर छ, त्यहाँ रहेर राक्षसहरूले सबै हामीलाई बाधा गर्छन् ।

स त्वमस्मत्प्रियार्थं हि जहि तान् मधुसूदन ।।१४।।
चक्रकृत्तास्यकमलान् निवेदय यमाय वै ।

मधुसूदन ! तपाईंले हाम्रो भलोको लागि तिनीहरूलाई मार्नुहोस्; चक्रले काटिएको मुखकमल भएका (सुन्दर मुख भएका) तिनीहरूलाई यमराजकहाँ भनि-दिनुहोस् (मार्नुहोस्)।

भयेष्वभयदोऽस्माकं नान्योऽस्ति भवता समः । ।।१५।।
नुद तन्नो भयं देव नीहारमिव भास्करः ।

डरमा हामीहरूलाई अभय दिने तपाईं जस्तो अरू कोही छैन, सूर्यले झैं हाम्रो डर हटाउनुहोस् देव !

इत्येवं तैः सुरैरुक्तो देवदेवो जनार्दनः ।।१६।।
अभयं भयभीतानां दत्वा देवानुवाच ह ।

ती देवताहरूले यस्तो भनिएका देवताका पनि देवता जनार्दन (विष्णु) ले डरले भुतुक्क भएकालाई अभय दिए र उनै देवताहरूलाई भने–

सुकेशं राक्षसं जाने ईशानवरदर्पितम् ।।१७।।
त्रीँस्तस्य तनयाञ्जाने येषां ज्येष्ठः स माल्यवान् ।

शिवको वरले सेखी गर्ने सुकेश राक्षसलाई जान्दछु, त्यसका तीनोटै छोराहरूलाई चिन्दछु तिनीहरूमा जेठो माल्यवान् हो ।

तानहं समतिक्रान्तमर्यादान् राक्षसाधमान् ।।१८।।
सूदयिष्यामि संग्रामे सुरा भवत विज्वराः ।।

मर्यादा नाघेका ती अधम राक्षसहरूलाई लडाइँमा मारुँला, देवताहो ! चिन्ता नगर्नुहोस् ।

इत्युक्त्वा ते सुराः सर्वे विष्णुना प्रभविष्णुना ।।१९।।
यथावासं ययुर्हृष्टाः प्रशंसन्तो जनार्दनम् ।

समर्थ विष्णुले यति भनिएका ती सबै देवताहरू खुशी हुँदै, जनार्दन (विष्णुलाई) प्रशंसा गर्दै आ-आफ्नो वस्ने ठाउँमा गए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विबुधानां समुद्योगं माल्यवान् स निशाचरः ।।२०।।
श्रुत्वा तौ भ्रातराविष्टाविदं वचनमब्रवीत् ।

त्यो माल्यवान् राक्षसले देवताहरूको उद्योग सुनेर ती सारै मन परेका दुई भाइलाई यो कुरा भन्यो ।

अमरा मुनयश्चैव समेत्य किल शङ्करम् ।।२१।।
अस्मद्वधं परीप्सन्त इदमूचुस्त्रिलोचनम् ।

देवता र मुनिहरूले पनि हामीलाई मार्न खोजी शङ्करकहाँ गएर शिवजीलाई यो भने–

सुकेशतनया देववरदानवरोद्धताः ।।२२।।
बाधन्तेऽस्मान् समुद्युक्ता घोररूपा पदे पदे ।

देवताको वरदानबाट खूब उद्धत भएका, सधैं लागिरहने, पाइला-पाइलामा डरलाग्दो रूप भएका सुकेशका छोराहरू हामीलाई बाधा गर्छन् ।

राक्षसैरभिभूतास्ते न शक्ताः स्म उमापते ।।२३।।
स्वेषु धर्मेषु संस्थातुं भयात् तेषां दुरात्मनाम् ।

हे उमापति ! राक्षसहरूले दवाइएका छँदा ती दुरात्माहरूको डरबाट आफ्नो धर्ममा रहन नसक्ने भयौं ।

तदस्माकं हितार्थाय जहि तांस्तु त्रिलोचन ।।२४।।
राक्षसान् हुंकृतेनैव दह प्रदहतां वर ।

हे त्रिलोचन (शिव) ! यसैले हाम्रो हितका लागि तिनीहरूलाई मार्नुहोस्, हे डढाउनेहरूमा श्रेष्ठ ! राक्षसहरूलाई 'हूँ' गरेर नै डढाउनुहोस् ।

इत्येवं त्रिदशैरुक्तो निशम्यान्धकसूदनः ।।२५।।
शिरः करं च धुन्वान इदं वचनमब्रवीत् ।

देवताले यस्तो भनेको सुनेर अन्धकलाई मार्ने (शिव) ले हात र टाउको (हात मुख) हल्लाउँदै यो भने–

अवध्या मम ते देवाः सुकेशतनया रणे ।।२६।।
मन्त्रं तु वः प्रवक्ष्यामि यस्तान् वै निहंनिष्यति ।

देवताहो ! ती सुकेशका छोराहरू लडाइँमा मैले मार्न नसकिने छन्। जसले तिनीहरूलाई मार्नेछ, त्यो मन्त्र भन्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योऽसौ चक्रगदापाणिः पीतवासा जनार्दनः ॥२७॥
हरिर्नारायणः श्रीमान् शरणं तं प्रपद्यत ।

चक्र र गदा हातमा लिने पीताम्वरधारी र जनतालाई सुख दिने जुन श्रीमान् हरि नारायण हुनुहुन्छ , उहाँकै शरणमा पर्नुहोस् ।

हरादवाप्य ते मन्त्रं कामारिमभिवाद्य च ॥२८॥
नारायणालयं प्राप्य तस्मै सर्वं न्यवेदयत् ।

शिववाट यो मन्त्र पाएर तिनीहरूले कामदेवका शत्रु (शिव) लाई अभिवादन गरी नारायणको मन्दिर पुगेर उनलाई सबै निवेदन गरे ।

ततो नारायणेनोक्ता देवा इन्द्रपुरोगमाः ॥२९॥
सुरारींस्तान् हनिष्यामि देवा भवत निर्भयाः ।

देवताहो ! नडराउनुहोस्, देवताका शत्रु तिनलाई मार्नेछु भनी इन्द्रादि देवताहरूलाई नारायणले भने–

देवानां भयभीतानां हरिणा राक्षसर्षभौ ॥३०॥
प्रतिज्ञातो वधोऽस्माकं चिन्त्यतां यदिह क्षमम् ।

हे राक्षसहरू! डरले आत्तिएका देवताहरूको प्रार्थनाले गर्दा हरिले हामीलाई मार्ने अठोट गरे, अहिले जे उचित छ त्यो विचार गर ।

हिरण्यकशिपोर्मृत्युरन्येषां च सुरद्विषाम् ॥३१॥
नमुचिः कालनेमिश्च संह्लादो वीरसत्तमः ।
राधेयो बहुमायी च लोकपालोऽथ धार्मिकः ॥३२॥
यमलार्जुनौ च हार्दिक्यः शम्भुश्चैव निशम्भुकः ।

हिरण्यकशिपुको मृत्यु र अरू देवताको रिस गर्नेहरूको मृत्यु भयो, त्यस्तै नमुचि कालनेमि, वीर संह्लाद, राधेय, वहुमायी, धार्मिक लोकपाल, यमल अर्जुन, हार्दिक्य शम्भु र निशम्भुक ।

असुरा दानवाश्चैव सत्त्ववन्तो महाबलाः ॥३३॥
सर्वे समरमासाद्य श्रूयन्ते च पराजिताः ।

सत्त्व भएका र धेरै वलिया असुर र दानवहरू सबै लडाइँमा पुगेर हारे रे भन्ने सुनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वैः ऋतुशतैरिष्टं सर्वमायाविदस्तथा ।।३४।।
नारायणेन निहता शतशोऽथ सहस्रशः ।
एतज्ज्ञात्वा तु सर्वेषां क्षमं कर्तुमिहार्हथ ।।३५।।

सबै सय यज्ञ गर्ने र सबै माया जान्ने सबै हजारौं (दैत्यहरू) नारायणले मारिए, यो जानेर सबैको असल गर्न अहिले योग्य छौ ।

विष्णोर्दोषस्तु नास्त्यत्र कारणे राक्षसेश्वरौ ।
देवानामेव दोषेण विष्णोः प्रचलितं मनः ।।३६।।

राक्षसहो ! यसमा विष्णुको दोष छैन, देवताहरूकै दोषले विष्णुको मन चल्यो। जसले हामीलाई मार्न चाहन्छ, ती विष्णुलाई जित्न मुश्किल छ ।

ततः सुमाली माली च श्रुत्वा माल्यवतो वचः ।।३७।।
ऊचतुर्भ्रातरं ज्येष्ठमश्विनाविव वासवम् ।

सुमाली र मालीले माल्यवान्को कुरा सुनेपछि दुई अश्विनीकुमारले इन्द्रलाई झैं दाजुलाई भने ।

स्वाधीनं दत्तमिष्टं च ऐश्वर्यपरिपालितम् ।।३८।।
आयुर्निरामयं प्राप्तं धर्मश्चापि कुलोचितः ।

स्वाधीनता पायौं, दान दियौं, यज्ञ गर्‍यौं, ऐश्वर्यको पनि पालना गर्‍यौं, रोग नलाग्ने आयु पायौं र कुलोचित धर्म पनि पायौं ।

देवसागरमक्षोभ्यं शस्त्रैः समवगाह्य नः ।।३९।।
जिता द्विषो ह्यप्रतिमा न नो मृत्युभयं कृतम् ।

चलाउन नसकिने (शान्त) देवसागरलाई शस्त्रै-शस्त्रले ढाकेर हामीले बेजोड शत्रुहरूलाई जित्यौं, मृत्युको डरै गरिएन (मानिएन)।

नारायणश्च रुद्रश्च शक्रश्चापि यमस्तथा ।।४०।।
अस्माकं प्रमुखे स्थातुं सर्वे बिभ्यन्ति सर्वदा ।

नारायण, रुद्र, इन्द्र र यम पनि हाम्रा अगाडि टिक्न सधैं डराउँछन् ।

विष्णोर्दोषस्तु नास्त्यत्र कारणे राक्षसेश्वराः ।।४१।।
देवानामेव दोषेण विष्णोः प्रचलितं मनः ।

यसमा विष्णुको दोष छैन राक्षसेश्वरहो! देवताहरूकै दोषले विष्णुको मन चल्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मादद्यैव सहिताः सर्वसैन्यसमावृताः ॥४२॥
देवानेव जिघांसामो येभ्यो दोषः समुत्थितः ।

त्यसैले आजै नै सवै सेनाहरूले घेरिएर, जसवाट दोष उत्पन्न भएको हो, तिनै देवताहरूलाई मारौं ।

इति ते श्याम संमन्त्र्य सर्वोद्योगेन राक्षसाः ॥४३॥
युद्धाय निर्ययुः सर्वे महाकाया महाबलाः ।

हे श्याम ! यसरी सवै उद्योगद्वारा विचार गरेर ठूलो शरीर भएका धेरै वलिया ती राक्षसहरू युद्धका लागि निस्किए ।

स्यन्दनैर्वारणैश्चैव हयैश्च करिसन्निभैः ॥४४॥
खरैर्गोभिरथोष्ट्रैश्चशिशुमारैर्भुजङ्गमैः ।
मकरैः कच्छपैर्मीनैर्विहङ्गैर्गरुडोपमैः ॥४५॥
सिंहैर्व्याघ्रैर्वराहैश्च सृमरैश्चमरैरपि ।
त्यक्त्वा लङ्कां गताः सर्वे राक्षसा वलगर्विताः ॥४६॥

रथ हात्ती र हात्ती जस्ता घोडा, गधा, गाई, रथ र उँट, सोंस, सर्प, मकर (ग्राह), कछुवा, माछा, गरुड जस्ता चरा, सिंह, वाघ, बँदेल, सृमर (एक प्रकारको मृग) र चौंरीहरूका साथ वलले सेखी गर्ने सवै राक्षसहरू लङ्का छोडेर गए ।

प्रयाता देवलोकाय निस्त्रासा देवशत्रवः ।
लङ्कायाः पर्य्यंयं दृष्ट्वा यानि लङ्कालयान्यथ ॥४७॥
भूतानि विमनस्कानि भयदर्शीनि सर्वशः ।
प्रयाता राक्षसास्तूर्णं देवलोकं प्रयत्नतः ॥४८॥

लङ्काका घेरा र लङ्काको भएजत्ति घरहरू हेरेर देवताका निडर शत्रुहरू देवलोकका लागि हिंडे । सवैतिरवाट डराएका र खिन्न मन भएका प्राणीलाई देखेर चाँ-चाँडो राक्षसहरू मेहनतसाथ देवलोकतिर गए ।

राक्षसा देवलोकेन दैवतान्युपचक्रमुः ।
भौमाश्चैवान्तरिक्षाश्च कालाज्ञप्ता भयावहाः ॥४९॥
उत्पाता राक्षसेन्द्राणामभावाय समुत्थिताः ।
अस्थीनि मेघा ववृषुरुष्णशोणितमेव च ॥५०॥

देवलोक गएर राक्षसहरूले देवताहरूलाई हमला गरे, (सो वेला) डरलाग्दा र काललाई वोलाउने जस्ता भौम र आन्तरिक्ष उत्पातहरू राक्षसहरूका नाशका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि आइपरे, मेघले हाड र तातो रगत नँवर्साए ।

वेलां समुद्रश्चोत्क्रान्तश्चेलुश्चाप्यथ भूधरा ।
अट्टहासा विमुञ्चन्तो घननादसमस्वनाः ।।५१।।

समुद्रले तीरलाई नाघ्यो, मेघको आवाज जस्तो शब्द गर्ने पहाडहरू अट्टहास छोड्दै चले ।

वासन्त्युच्चैः शिवास्तत्र दारुणं घोरदर्शनाः ।
संपतन्त्यथ भूतानि दृश्यन्ते च यथाक्रमम् ।।५२।।

त्यहाँ देख्दै डरलाग्दा श्यालहरू डरलाग्दो किसिमले जोडसँग कराए, क्रमैसँग ढलेका प्राणीहरू पनि देखिए ।

गृध्रचक्रं महच्चात्र प्रज्वलाङ्गारिभिर्मुखैः ।
रक्षोगणस्योपरिष्टात् परिभ्रमति कालवत् ।।५३।।

राक्षसहरूको माथिपट्टि काल झैं वल्दो अंगार जस्तो मुख भएका गिद्धहरूको ठूलो चक्कर घुम्छ (घुम्यो) ।

कपोता रक्तपादाश्च शारिका विद्रुता ययुः ।
हाहा वसन्ति तत्रैव विडाला द्विपपादिकाः ।।५४।।

परेवा, सुगा र मैनाहरू भागे, बिराला र द्विपपादिका (चितुवा) हा हा गरेर त्यहीं वस्छन् (वसे) ।

उत्पातांस्ताननादृत्य राक्षसा बलगर्विताः ।
ययुरेव विदित्वा तु मृत्युपाशवशं गताः ।।५५।।

ती उत्पातहरूलाई जानेर पनि वास्तै नराखी मृत्युको पाशमा गएका राक्षसहरू वलले मात्तिएका छँदा गए ।

माल्यवांश्च सुमाली च माली च सुमहाबलः ।
पुरःसरा राक्षसानां ज्वलिता इव पावकाः ।।५६।।

वलिया माल्यवान्, सुमाली र माली वलेको आगो झैं राक्षसहरूको अघि लागे ।

माल्यवन्तं च ते सर्वे माल्यवन्तमिवाचलम् ।
निशाचराश्चाश्रयन्ति धातारमिव देवताः ।।५७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताहरूले ब्रह्मालाई झैं माल्यवान् पर्वत जस्तो माल्यवान्मा ती सबै राक्षसहरूले आश्रय लिन्छन् (लिए) ।

तद्बलं राक्षसेन्द्राणां महाभ्रमिव नादितम् ।
जयेप्सया देवलोकं ययौ मालिवशे स्थितम् ॥५८॥

ठूलो मेघको जस्तो शब्द गर्ने मालीको वशमा रहेका राक्षसहरूको त्यो सेना जित्ने इच्छाले देवलोक गयो ।

राक्षसानां समुद्योगं तं तु नारायणः प्रभुः ।
देवदूतादुपश्रुत्य चक्रे युद्धे तदा मनः ॥५९॥

राक्षसहरूको त्यो उद्योग देवदूतबाट सुनेर नारायणले युद्धमा मन गरे ।

ससर्जायुधतूणीरौ वैनतेयोपरिस्थितः ।
राक्षसानामभावाय ययौ तूर्णतरं प्रभुः ॥६०॥

हतियार र ठोक्रो (वाण राख्ने भाँडो) वनाए, गरुडमाथि चढेका नारायण चाँडै नै राक्षसहरूलाई मार्नका लागि गए ।

सुपर्णपृष्ठे प्रबभौ श्यामः पीताम्वरोः हरिः ।
काञ्चनस्य गिरेःशृङ्गे सतडित्तोयदो यथा ॥६१॥

सुवर्णाचलको चुचुरोमा विजुलीसहितको वादल झैं गरुडको पछाडि रहेका श्याम वर्णका पीताम्बर हरि उडे ।

स सिद्धदेर्वाषमहोरगेश्वरै -
र्गन्धर्वयक्षैरुपगीयमानः ।
समाससादामरशत्रुसैन्यं
गदासिशार्ङ्गायुधचक्रपाणिः ॥६२॥

सिद्ध, देवर्षि, ठूला सर्पराज, गन्धर्व र यक्षहरूले गान गरिएका, गदा, तरवार, शार्ङ्ग (विष्णुको धनु)हतियार र चक्र हातमा लिएका ती विष्णु देवताका शत्रु-सेनाकहाँ पुगे ।

सुपर्णपक्षानिलधूतपत्रं
भ्रमत्पताकं परिकीर्णशस्त्रम् ।
चचार तद्राक्षसराजसैन्यं
चलोपलं नीलमिवाचलाग्रम् ॥६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरुडको पखेटाको हावाले वाहन कम्पित भएको ,पताकाहरू फरफराएको, शस्त्रहरू छरिएको, राक्षसको त्यो सैन्य कालो पर्वत चलेझैं गरेर हिंड्यो ।

ततश्च ते शोणितमांसरूषितै -
र्युगान्तवैश्वानरतुल्यविग्रहाः ।
निशाचराः संपरिवार्य माधवं
वरायुधैर्निर्बिभिदुः सहस्रशः ॥६४॥

त्यसपछि रगत र मासु मुछिएका श्रेष्ठ हजारौं हतियारहरूद्वारा , प्रलयकालको अग्नि झैं विरोध गर्ने ती राक्षसहरूले माधवलाई घेरेर हाने ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल-माहात्म्ये विंशतितमोऽध्यायः ॥२०॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपालमाहात्म्यको बीसौं अध्याय सकियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक्काइसौं अध्याय

नारायणगिरिं ते तु गर्जन्तो राक्षसाम्बुदाः ।
बाणवर्षेण सिषिचुर्वर्षेणेवाद्रिमम्बुदाः ॥१॥

नारायणरूपी पर्वतलाई गर्जने राक्षसरूपी मेघले पर्वतलाई वर्षाले झैं बाणको वर्षाले सेचन गरे ।

श्यामावदातो विष्णुश्च नीलैर्नक्तञ्चरोत्तमैः ।
रेजेऽञ्जनगिरिः श्रीमान् वर्षद्भिरिव तोयदैः ॥२॥

काला र घागडान राक्षसहरूद्वारा काला र राम्रा श्रीमान् विष्णु वर्सने मेघहरूद्वारा गाजलको पर्वत झैं नै शोभित भए (बाणहरूद्वारा ढाकिए) ।

शलभा इव केदारं मशका इव पर्वतम् ।
हरिं विशन्ति स्म शरा लोकास्तमिव पर्यये ॥३॥

खेतमा सलहले झैं र पर्वतलाई लामखुट्टेहरूले झैं प्रलयकालमा संसारविलय भएझैं बाणहरूले हरिलाई छोपे ।

स्यन्दनैः स्यन्दनगता गजैर्गजधुरं गताः ।
अश्वारोहाः सदश्वैश्च पदाताश्च पदातिभिः ॥४॥

रथीले रथ चढ्नेहरूसँग, हात्ती चढ्नेले हात्ती चढ्नेसँग, घोडा चढ्नेले घोडा चढ्नेसँग र पदातिले पैदल हिंड्नेसित –

राक्षसेन्द्रा गिरिनिभाः शरशक्त्यृष्टितोमरैः ।
निरुच्छ्वासं हरिं चक्रुः प्राणायामा इव द्विजम् ॥५॥

शर, शक्ति, तरबार र तोमरहरू भएका पर्वत जस्ता राक्षसहरूले र प्राणायाम गरेका ब्राह्मणलाई झैं हरिलाई सासै फेर्न नसक्ने जस्तो बनाए ।

निशाचरैर्हन्यमानो मीनैरिव महातिमिः ।
शार्ङ्गमात्रस्य गात्राणि राक्षसानां महाहवे ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूलो एक प्रकारको माछालाई माछाहरूले झैं राक्षसहरूको ठूलो लडाईंमा राक्षसहरूद्वारा हानिएको विष्णुको शरीर (भयो) ।

शरैः कर्णायतोत्सृष्टैर्वज्रकल्पैर्महाजवैः ।
चिच्छेद तिलशो विष्णु शतशोऽथ सहस्रशः ।।७।।

(अनि) कानसम्म तानेर छोडिएका, वज्र जस्ता र खूव वेग भएका शरहरूद्वारा विष्णुले राक्षसका जीउहरू तिल जस्तो गरेर, सयौं र हजारौं टुक्रा पारेर काटे।

विद्राव्य शरवर्षं तद्वर्षं वायुरिवोत्थितम् ।
पाञ्चजन्यं महाशङ्खं दध्मौ स पुरुषोत्तमः ।।८।।

वायु झैं उठेको त्यो शरको वर्षा गरेर उनै पुरुषोत्तमले ठूलो पाञ्चजन्य शङ्ख फुके ।

सोऽम्बुजो हरिणा ध्मातः सर्वप्राणेन शङ्खराट् ।
ननाद भीमनिर्ह्रादो युगान्तजलदो यथा ।।९।।

भएभरका सासले हरिले फुकिएको त्यो ठूलो शङ्खले डरलाग्दो शब्द गर्ने युगान्तकारी मेघले झैं आवाज गर्‍यो ।

शङ्खराजरवः सोऽथ त्रासयामास राक्षसान् ।
मृगराजरवोऽरण्ये समदानिव कुञ्जरान् ।।१०।।

जङ्गलमा मद भएका हात्तीलाई, सिंहको शब्दले झैं त्यो श्रेष्ठ शङ्खको शब्दले राक्षसहरूलाई तर्सायो ।

न शेकुरश्वाः संस्थातुं विमदाः करिणोऽभवन् ।
स्यन्दनेभ्योऽपतन् सद्यः शङ्खशब्देन मोहिताः ।।११।।

शङ्खको शब्दले मोहित भएका छँदा घोडाहरू अड्न सकेनन्, हात्तीहरू मद नभएका भए र तुरुन्तै रथवाट खसे ।

शार्ङ्गचापविनिर्मुक्ता वज्रतुल्याननाः शराः ।
विदार्य तानि रक्षांसि सुपुङ्खा विविशुः क्षितिम् ।।१२।।

शार्ङ्ग धनुवाट छोडिएका वज्रको जस्तो अग्रभाग भएका र पुङ्ख (वाणको छेउ) राम्रो भएका शरहरू ती राक्षसहरूलाई छेडेर पृथ्वीमा पसे ।

भिद्यमानाः शरैश्चान्यैर्नारायणधनुश्च्युतैः ।
निपेतू राक्षसा भीता शैला वज्रहता इव ।।१३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारायणको धनुबाट खसेका अरू शरहरूले छेडिएका डरछेरुवा राक्षसहरू वज्रले हानिएका पर्वत झैं खसे ।

चर्माणि वरनागानां विष्णुवाणक्षतानि च ।
असृक् क्षरन्ति धराभिः गैरिकानिव पर्वताः ॥१४॥

विष्णुको बाणले चोट लगाइएका ठूला हात्तीहरूका छालाहरूबाट रगत चुहिएजस्तै पर्वतहरूबाट गेरु खस्छ ।

शङ्खराजवरश्चापि शार्ङ्गचापवरोऽपि च ।
ग्रसन्ते वैष्णवा बाणास्तेषां ध्वजधनूंषि च ॥१५॥

श्रेष्ठ शङ्ख र श्रेष्ठ धनु शार्ङ्गले, अनि विष्णुका बाणहरूले तिनीहरूका ध्वजा र धनुहरूलाई निलिदिन्छन् ।

तेषां वरान् शरानूरून् शिरोध्वजधनूंषि च ।
रथान् पताकाँस्तूणीराँश्चिच्छेद स हरिः शरैः ॥१६॥

ती विष्णुले तिनीहरूका श्रेष्ठ शरहरू, तिघ्राहरू, शिर, ध्वजा, धनुहरू, रथहरू, पताकाहरू र ठोक्राहरू शरद्वारा काटे ।

सूर्यादिव मयूखो द्याः सागरादिव चोर्मयः ।
पातालादिव नागेन्द्रा वार्योघा इव चाम्बुदात् ॥१७॥

आकाशीय किरण सूर्यबाट झैं, छालहरू समुद्रबाट झैं, नागराजहरू पातालबाट झैं र मेघबाट आँधी झैं –

तथा गाढविनिर्मुक्ता शार्ङ्गनारायणेरिताः ।
निर्धावन्ति शरास्तूर्णं शतशोऽथ सहस्रशः ॥१८॥

नारायणको धनुबाट गाढा (वेग) सँग छोडिएका सयौं हजारौं बाणहरू चाँ-चाँडो दौडन्छन् ।

शरभेण यथा सिंहः सिंहेन द्विरदो यथा ।
द्विरदेन यथा व्याघ्रः शार्दूलेनेव द्वीपिनः ॥१९॥
द्वीपिना च यथा श्वानः शुना मार्जारको यथा ।
मार्जारेण यथा सर्पा भुजङ्गैर्मूषिका यथा ॥२०॥
तथा ते राक्षसाः सर्वे विष्णुना प्रभविष्णुना ।
द्राविता विदिशश्चैव शायिताश्च महीतले ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरभ (सिंहभन्दा बलिया आठखुट्टे जनावर) ले सिंहलाई झैं, सिंहले हात्तीलाई झैं, हात्तीले बाघलाई झैं, बाघले चितुवालाई झैं, चितुवाले कुकुरलाई झैं, कुकुरले बिरालोलाई झैं, बिरालोले सर्पलाई झैं, सर्पले मूसालाई झैं समर्थ विष्णुद्वारा सबै राक्षसहरू चारैतिर तितरबितर बनाइए र भुईंमा सुताइए (मारिए)।

राक्षसानां सहस्राणि निहत्य मधुसूदनः ।
वारिजं ध्मापयामास खे वायुरिव तोयदम् ॥२२॥

हजारौं राक्षसहरूलाई मारेर मधुसूदनले वायुले मेघलाई झैं शङ्ख बजाए।

नारायणरणध्वस्तं शङ्खनादप्रविह्वलम् ।
ययौ तु लङ्काभिमुखं प्रभग्नं राक्षसं बलम् ॥२३॥

नारायणले लडाइँमा ध्वस्त पारिएको, शङ्खको स्वरले गर्दा के गरूँ र कसो गरूँ भएको र छिन्नभिन्न भएको राक्षसहरूको सेना लङ्कातिर भाग्यो।

प्रभग्ने राक्षसबले नारायणशराहते ।
सुमाली शरजालेन आजघान रणे हरिम् ॥२४॥

नारायणको शरले हानिएको राक्षसको सेना तितरबितर भएपछि शरैशरद्वारा सुमालीले लडाइँमा हरिलाई हान्यो।

स तु तं छादयामास नीहार इव भास्करम् ।
राक्षसाः सत्त्वसंपन्नाः पुनर्धैर्यं समादधुः ॥२५॥

कुहिरोले सूर्यलाई झैं त्यसले (सुमालीले) तिनलाई (नारायणलाई) ढाकिदियो, बल पाएका राक्षसहरूले फेरि धैर्य लिए।

तदैव तस्य तत्क्रोधाद्राक्षसो बलदर्पितः ।
महानादं प्रकुर्वाणो राक्षसान् जीवयन्निव ॥२६॥
उत्क्षिप्य स्वर्णाभरणं करं करमिव द्विपः ।
ननाद राक्षसो हर्षात् सतडित्तोयदो यथा ॥२७॥

त्यसै बेला रिसले गर्दा बलले मात्तिएको राक्षसले राक्षसहरूलाई बचाउँला झैं ठूलो शब्द गरी हात्तीले सूँड उझ्याएझैं सुनका गहना लगाएको हात उठाई हर्षले त्यस राक्षसले बिजुलीसहितको मेघले झैं शब्द गऱ्यो।

अथ तानर्दतः सङ्ख्ये शिरो ज्वलितकुण्डलम् ।
चिच्छेद यन्तुस्तुरगाः प्रोद्भ्रान्तास्तस्य रक्षसः ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वैर्भ्रमद्भिः संभ्रान्तः सुमाली च निशाचरः ।
इन्द्रियार्थैः परिभ्रान्तैर्वृत्तिहीनः पुमानिव ॥२९॥

अनि तिनीहरूलाई लडाइँमा ढलमल्याउँदा चम्किलो कुण्डल भएको सारथिको टाउको (हरिले) काटे। त्यसका (राक्षसका) घोडाहरू बेकाबू भए, काबूमा नरहेका घोडाहरूले गर्दा हडबडाएको सुमाली राक्षस इन्द्रियका प्रयोजनहरू संभ्रान्त भएर वृत्ति नभएको पुरुष जस्तो भयो ।

स तु तान् सन्नियम्याश्वनिन्द्रियार्थान् यथा यतिः ।
स्थितोऽभूदचलो भूत्वा स्थापयित्वा गतो रथम् ॥३०॥

त्यसो त ती घोडाहरूलाई योगीले इन्द्रियहरूलाई झैं नियममा राखेर अडिग भएर रह्यो, अनि रथ राखेर गयो (दौडियो)।

ततो विष्णुं महाबाहुं प्रतपन्तं रणाजिरे ।
माली ह्यभ्यद्रवद्वीरः प्रगृह्य सशरं धनुः ॥३१॥

अनि लडाइँमा रोक्किएका लामा हात भएका विष्णुतिर शर भएको धनु लिएर शब्द गर्दै वीर माली दौडियो ।

मालिचापच्युता बाणाः कार्त्तस्वरविभूषिताः ।
विविशुर्हरिमासाद्य क्रौञ्चं पत्ररथा इव ॥३२॥

सुनले सिंगारिएका मालीले छोडिएका बाणहरू क्र्याङ-कुरुङमा पत्ररथ (सामान्य चरो) झैं हरिकहाँ पुगी पसे (हरिको शरीरमा पसे) ।

अर्दमानः शरैः सोऽथ मालित्यक्तैः सहस्रशः ।
न चुक्षुभे रणे विष्णुर्जितेन्द्रिय इवाधिभिः ॥३३॥

मालीले छोडिएका हजारौं शरहरूले दारिएका ती विष्णुले इन्द्रिय जितेको मानिस मानसिक दुःखबाट नहडबडाएझैं लडाइँमा हड्बडाएनन् ।

ततो मौर्वीस्वनं कृत्वा भगवान् भूतभावनः ।
मालिनं प्रति बाणौघान् ससर्जासिगदाधरः ॥३४॥

त्यसपछि तरबार र गदा लिएका भूतभावन विष्णुले ताँदोको शब्द गरेर मालीतिर बाणहरू छोडे ।

ते मालिदेहमासाद्य वज्रविद्युत्प्रभाः शराः ।
बहुरक्तं पपुस्तत्र नागा इव पुराऽमृतम् ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वज्रको जस्तो चम्किलो कान्ति भएका ती शरहरू मालीको शरीरमा पुगेर पहिल्यै नागहरूले अमृत झैं गरी धेरै रगत पिए ।

मालिनं विमुखं कृत्वा शङ्खचक्रगदाधरः ।
शितैः शरैर्ध्वजं चापं वाजिनश्चाप्यपातयत् ॥३६॥

शङ्ख चक्र गदा लिने (विष्णु) ले मालीलाई विमुख गरेर तीखा शरद्वारा ध्वजा, धनु र घोडाहरूलाई पनि खतम पारिदिए ।

गदामादाय विरथस्ततो माली निशाचरः ।
आपुप्लुवे गदापाणिर्गिर्यग्रादिव केशरी ॥३७॥

अनि रथ नभएको छँदो गदा हातमा लिएको माली राक्षस गदा लिएर पर्वतको टाकुराबाट सिंह झैं उफ्रियो ।

स तदा गरुडं सङ्ख्य ईशानं वै यथाऽन्धकः ।
जघान शिरसि क्रुद्धो वज्रेणेव इवारिहा ॥३८॥

शत्रुलाई हान्ने त्यसले लडाइँमा शिवलाई अन्धक असुरले झैं गरुडलाई टाउकामा वज्रले झैं हान्यो ।

गदयाऽभिहतस्तेन मालिना गरुडस्तदा ।
रणात् पराङमुखं देवं कृतवान् वेदनातुरः ॥३९॥

त्यो मालीको गदाले हानेको वेदनाले आत्तिएको गरुडले लडाइँबाट देव (विष्णु) लाई पराङमुख गरिदियो ।

पराङमुखीकृते देवं गरुडेन पतत्रिणा ।
बभूव रक्षसां नादः सिंहानामिव गर्जताम् ॥४०॥

विष्णुलाई पक्षी गरुडले पिठ्यूँ फर्काइदिएपछि गर्जने सिंहहरूको जस्तो राक्षसहरूको स्वर भयो ।

रक्षसां गर्जतां श्रुत्वा नादं हरिहयानुजः ।
पराङमुखोऽप्युत्ससर्ज चक्रं मालिजिघांसया ॥४१॥

गर्जने राक्षसहरूको स्वर सुनेर फर्किएका हरिले मालीलाई मार्ने इच्छाले चक्र छोडे ।

तत् सूर्यमण्डलाभासं प्रभया भासयन् नभः ।
कालचक्रनिभं चक्रं मालिशीर्षमपातयत् ॥४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्यमण्डलको जस्तो प्रकाश भएको कालचक्र जस्तो त्यस चक्रले तेजले आकाश उजिल्याउँदै मालीको टाउको खसालिदियो ।

तच्छिरो राक्षसेन्द्रस्य चक्रकृत्तं विभीषणम् ।
पपात रुधिरोद्गारि पुरा राहुशिरो यथा ॥४३॥

राहुको टाउको जस्तै चक्रले काटिएको राक्षसेन्द्रको त्यो अजङ्गको टाउको रगत छाद्दै खस्यो ।

ततो देवैः सुसंहृष्टैः सर्वप्राणसमीरितः ।
सिंहनादस्ततो मुक्तः साधु देवेति वादिभिः ॥४४॥

'राम्रो गर्नुभयो देव !' यस्तो भन्ने, खुशी भएका देवताहरू भएभरका सासले कराए ।

मालिनं निहतं दृष्ट्वा सुमाली माल्यवानपि ।
सबलौ शोकसन्तप्तौ लङ्कां प्रति विधावितौ ॥४५॥

मालीलाई मारेको देखेर वलिया र शोकले पिरिएका सुमाली र माल्यवान् लङ्कातिर भागे ।

गरुडस्तु समाश्वस्तः संनिवृत्य यथामनः ।
राक्षसान् पातयामास पक्षपातेन कोपितः ॥४६॥

आश्वस्त भएका गरुडले मनमाफिक रिसले पखेटाले हानेर राक्षसहरूलाई लडाए ।

नारायणोऽप्याशु वरेषुभिः प्रभुर्विदारयामास धनुः प्रसूतैः ।
नक्तञ्चरान् मुक्तविधूतकेशान् विध्वस्तचापासिनिवृत्तबाणान् ॥४७॥

नारायणले पनि धनुबाट निस्केका वर (श्रेष्ठ) वाणहरूद्वारा फुकेका कपाल हल्लाएका, धनु तरवार र बाणहरू ध्वस्त भएका राक्षसहरूलाई छिन्नभिन्न पारे ।

छन्नातपत्रं पतमान शस्त्रं शरैः समन्तादतिभिन्नदेहम् ।
विनिर्गतास्त्रं भयलोलनेत्रं बलं तदुन्मत्तनिभं बभूव ॥४८॥

छाता काटिएको, शस्त्र खसेको, चारैतिरबाट देह टुक्रिएको, अस्त्रहरू खतम भएको र डरले गर्दा चञ्चल आँखा भएको त्यो सेना उन्मत्त जस्तो भयो ।

संबाध्यमाना हरिबाणजालैः सुरागजालानि समुत्सृजन्तः ।
धावन्ति नक्तञ्चरकालमेघाः वायुप्रणुन्ना इव कालमेघाः ॥४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिका वाणजालले दु:ख पाएका, काला मेघ जस्ता राक्षसहरू आफूले चाहेका कुराहरू छोडेर वायुले लखेटिएका (उडाइएका) काला वालद झैं दगुर्छन् (दगुरे).

चक्रप्रहारैर्विनिकृत्तदेहाः संचूर्णिताश्चाशु गदाप्रहारैः ।
असिप्रहारैर्बहुधा विभक्ताः पतन्ति शैला इव राक्षसेन्द्राः ॥५०॥

चक्रको प्रहारले शरीर काटिएका, गदाको भारले तुरुन्तै धूलोपीठो भएका र तरवारको चोटले धेरै प्रकारले टुक्रिएका राक्षसहरू पर्वत झैं लड्छन् (लडे) ।

चक्रोत्कृत्तास्यकमला गदासंचूर्णितोरसः ।
लाङ्गलाकर्षितग्रीवाः मुशरैर्भिन्नमस्तकाः ॥५१॥
केचिच्चैवासिना छिन्ना तथाऽन्ये शरपीडिताः ।
निपेतुरम्बरात् तूर्णं राक्षसाः सागराम्भसि ॥५२॥

चक्रले काटिएका, मुख भएका गदाले धुल्याइएका, तिघ्रा भएका, हलोले घांटी तानिएका र असल वाणहरूले टाउको फोरिएका, त्यस्तै कोही तरवारले काटिएका र अरू वाणले पिरिएका राक्षसहरू तुरुन्तै आकाशवाट समुद्रको पानीमा खसे ।

ततोऽम्बरं प्रच्युतहारकुण्डलैर्निशाचरैर्नीलवलाहकोपमैः ।
निपात्यमानैर्ददृशे निरन्तरं विसर्प्यमाणैरिव नीलपर्वतैः ॥५३॥

अनि त हार र कुण्डल खसेका, काला मेघ जस्ता र मारिएका राक्षसहरूले गर्दा हुट्न लागेका नीला पर्वतहरू झैं आकाश देखियो ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये मालिबधो नाम एकविंशोऽध्यायः ॥२१॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डको नेपाल-माहात्म्यमा मालिवध नामको एक्काइसौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाइसौं अध्याय

अगस्त्य उवाच– अगस्त्यले भने–

हते माल्यवले तस्मिन् पद्मनाभेन पृष्ठतः ।
माल्यवान् स निवृत्तोऽथ वेलयेव महार्णवः ॥११॥
संरक्तनयनः कोपाच्चलन् मौलिर्निशाचरः ।
पद्मनाभमिदं प्राह वचनं परुषं तदा ॥२॥

विष्णुले पछाडिबाट माल्यवान्को त्यो सेना हानिएपछि तीरद्वारा ठूलो समुद्र झैं गरी त्यो माल्यवान् रोक्कियो । राता आँखा भएको र रिसले गर्दा टाउको हल्लाएको राक्षसले विष्णुलाई यस्तो कठोर वचन भन्यो –

नारायण न जानीषे क्षत्रधर्मं सनातनम् ।
अयुद्धमनसो यन्नो भवान् हन्ति यथेतरः ॥३॥

नारायण ! सनातन (चलिआएको) क्षत्रीको धर्म जान्दैनौं । जो युद्ध नचाहने छ, त्यसलाई तिमी बाहेक अरूले त हान्दैन ।

पराङ्मुखवधं पापं यः करोति महीतले ।
स हन्ता न हतः स्वर्गं लभते तेन कर्मणा ॥४॥

पछाडि फर्केकालाई मार्ने पाप पृथ्वीतलमा जसले गर्छ, त्यो मार्ने र पीठ फर्काएर भाग्दा मारिनेले पनि स्वर्ग पाउँदैन ।

युद्धश्रद्धाऽथवा तेऽस्ति तत्र शार्ङ्गगदाधरः ।
अयं स्थितोऽहं पश्यामि बलं दर्शय यत् तव ॥५॥

अथवा शार्ङ्ग गदा लिने तिम्रो लड्ने नै मन छ कि ? म अडेरै हेर्छु, तिम्रो जे बल छ, त्यो देखाऊ ।

माल्यवन्तं स्थितं दृष्ट्वा माल्यवन्तमिवाचलम् ।
उवाच राक्षसेन्द्रं तं देवेन्द्रावरजो बली ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माल्यवान् पर्वत झैं अडेको राक्षसराज त्यस माल्यवान्लाई देखेर बलिया विष्णुले भने –

युष्मत्तो भयभीतानां देवानामभयं मया ।
राक्षसोत्सादनाद्दत्तं तदेतदनुपाल्यते ॥७॥

राक्षसहरूलाई सखाप पार्नाले तिमीहरूदेखि डराएका देवताहरूलाई अभय दिएँ, त्यो पालना नै गर्छु (लखेटिरहन्छु) ।

प्राणैरपि प्रियं कार्यं देवतानां सदा मया ।
सोऽहं विनिहनिष्यामि रसातलगतानपि ॥८॥

सधैं मैले देवताहरूलाई प्राणभन्दा पनि प्यारो गर्नुपर्छ, त्यही म पाताल पुगेका राक्षसहरूलाई पनि मार्नेछु ।

देवमेवं ब्रुवाणं तु स तदा पुरुषोत्तमम् ।
शक्त्या विभेद संक्रुद्धो राक्षसेन्द्रो ननाद च ॥२॥

यस्तो भनेका पुरुषोत्तम देवलाई रिसाएको त्यो श्रेष्ठ राक्षसले शक्तिले छेड्यो (हान्यो) र गर्ज्यो पनि ।

माल्यवद्भुजनिर्मुक्ता शतिर्घण्टाकृतस्वना ।
हरेरुरसि बिभ्राज मेघोपरि शतह्रदा ॥१०॥

माल्यवान्को हातवाट छोडिएको घण्टको जस्तो शव्द गर्ने शक्ति हरिको छातीमा मेघमाथि विजुली जस्तै गरी राम्रो देखियो ।

ततस्तमेव निष्कृष्य शक्तिं शक्तिधरप्रियः ।
माल्यवन्तं समुद्दिश्य चिक्षेपाम्बुरुहेक्षणः ॥११॥

अनि त्यसै शक्तिलाई झिकी माल्यवान्लाई नै उद्देश्य गरेर शक्तिधारण गर्नेहरूका प्यारा, कमलका जस्ता आँखा भएका (विष्णु) ले फ्याँके ।

स्कन्दोत्सृष्टेव सा शक्तिर्गोविन्दकरनिःसृता ।
काङ्क्षन्ती राक्षसं प्रायान्महोल्केवाञ्जनाचलम् ॥१२॥

स्वामिकार्तिकले छोडिएजस्तो, गोविन्दको हातवाट निस्केको त्यो शक्ति ठूलो उल्काले गाजलको पर्वतलाई झैं राक्षसलाई खोज्दै गयो ।

सा तस्योरसि विस्तीर्णे हारभाभिः प्रभासिते ।
अपतद्राक्षसेन्द्रस्य गिरिकूटे यथाऽशनिः ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस राक्षसराजको हारको कान्तिले उज्यालिएको चौडा छातीमा त्यो शक्ति पर्वतको चुचुरोमा वज्र झैं खस्यो ।

तया भिन्नतनुत्राणः प्राविशद्विपुलं तमः ।
माल्यवान् पुनराश्वस्तस्तस्थौ गिरिरिवाचलः ॥१४॥

त्यसले कवच फोरिएको छँदो बेहोश भयो, फेरि माल्यवान् आश्वस्त भएर पर्वत झैं अचल भएर रह्यो ।

ततः कार्ष्णायसं शूलं कण्टकैर्बहुभिर्वृतम् ।
प्रतिगृह्याहनद्देवं स्तनयोरन्तरे दृढम् ॥१५॥

त्यसपछि धेरै काँढा भएको कालो फलामको बलियो शूल झिकेर छातीको बीचमा विष्णुलाई हान्यो ।

तथैव रणरक्तस्तु मुष्टिभिः सोऽरुणानुजम् ।
ताडयित्वा धनुर्मात्रमपक्रान्तो निशाचरः ॥१६॥

धनु मात्रै खोसिएको र लडाइँमा लागेको त्यस राक्षसले त्यसरी नै विष्णुलाई मुड्कीले बजाई–

ततोऽम्बरे महाशब्दः साधु साध्वित्यथोत्थितः ।
आहत्य राक्षसो विष्णुं गरुडं यदताडयत्। ।१७॥

विष्णुलाई हानेर गरुडलाई हानेको थियो कि त्यसपछि आकाशमा राम्रो राम्रो भन्ने ठूलो शब्द उठ्यो ।

वैनतेयस्तदा क्रुद्धः पक्षवातेन राक्षसम् ।
व्युवाह वलवान् वायुः शुष्कपर्णचयं यथा ॥१८॥

अनि गरुडले वलवान् वायुले सुकेको पातको थुप्रोलाई झैं रिसाएका पखेटाको हावाद्वारा राक्षसलाई हुत्याइदिए ।

द्विजेशपक्षवातेन वीक्ष्य ताडितमग्रजम् ।
सुमाली स्वबलैः सार्धं लङ्कामभिमुखो ययौ ॥१९॥

गरुडको पखेटाको हावाद्वारा ताडना गरिएको (उडाइएको) दाजुलाई देखेर आफ्ना सेनाहरूका साथ सुमाली लङ्कातिर गयो ।

पक्षवातसमुद्धूतो माल्यवानपि राक्षसः ।
स्वबलेन समागम्य ययौ लङ्कां ह्रियाऽऽवृतः ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पखेटाको हावाले उडाइएको माल्यवान् राक्षस पनि आफ्ना सेनाहरूसँग मिलेर लाज मानेको छँदो लङ्कातिर गयो ।

एवं ते राक्षसाः श्याम हरिणा लोकधारिणा ।
वहुशः समरे भग्ना बहुप्रबलनायकाः ॥२१॥

श्याम ! यसरी धेरै नै वलिया नायकहरू भएका ती राक्षसहरू लोकधारणा गर्ने हरिद्वारा लडाइँमा भगाइए ।

अशक्नुवँस्ततो विष्णुं प्रतियोद्धुं भयार्दिताः ।
त्यक्त्वा लङ्कां गताः सर्वे पातालं पन्नगालयम् ॥२२॥

त्यसपछि विष्णुलाई हराउन नसकेका र डरले आत्तिएका सबै लङ्का छोडेर सर्पहरूको घर पातालमा गए ।

सुमालिनं समासाध्य राक्षसं भृगुसत्तम ।
स्थितः प्रख्यातवीर्योऽयं वंशे शालकटङ्कटे ॥२३॥

हे श्याम ! सुमाली राक्षसलाई पाएर प्रसिद्ध पराक्रम भएको यो (माल्यवान्) शालकटङ्कटा वंशमा रह्यो (वंशको हो) ।

कथिता राक्षसाः श्याम चैते शालकटङ्कटाः ।
दशग्रीवादयः श्याम पौलस्त्य नाम राक्षसाः ॥२४॥

श्याम ! यी शालकटङ्कटा राक्षस भनिन्छन् र दशग्रीव (रावण) आदि राक्षसहरू पौलस्त्य भनिन्छन् ।

सुमाली माल्यवान् माली ये च तेषां पुरःसराः ।
सर्व एते महाभागा रावणाद् बलवत्तराः ॥२५॥

सुमाली, माल्यवान्, माली र जो तिनीहरूको अगाडि लाग्ने थिए, यी सबै महाभागहरू रावणभन्दा वलिया थिए ।

न चान्यो रक्षसां हन्ता सुरेष्वपि मुनीश्वर ।
ऋते नारायणाद् देवाच्छङ्खचक्रगदाधरात् ॥२६॥
भवाद्वा मुनिशार्दूल पार्वतीप्राणवल्लभात् ।

हे मुनीश्वर ! शङ्ख, चक्र, गदा लिने नारायणलाई छोडेर अथवा पार्वतीका प्राणप्यारा शिवलाई छोडेर देवतामा पनि राक्षसलाई मार्ने अरू छैनन् ।

येषां मया तव मुनीश्वर राक्षसाना-
मुत्पत्तिरद्य कथिता सकला यथावत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूयो निबोध भृगुसत्तम रावणस्य
जन्मप्रभावमतुलं बलवत्तरस्य ॥२७॥

हे मुनीश्वर ! मैले तपाईंलाई जुन राक्षसहरूको सम्पूर्ण उत्पत्ति जस्ताको तस्तो गरेर आज भनें, भृगुसत्तम ! वलवान् राक्षस रावणको जन्म र तुलना गर्न नसकिने प्रभाव फेरि जान्नुहोस् (सुन्नुहोस्) ।

स राक्षसो विष्णुभयार्दितस्तदा
स्वपुत्रपौत्रैश्च समन्वितो बली ।
चिरात् सुमाली व्यचरद्रसातलं
ततस्तु लङ्कामवसद्धनेश्वरः ॥२८॥

अनि विष्णुको डरले भुतुक्क भएको त्योवलियो सुमाली राक्षस आफ्ना छोरा नातिहरूले युक्त भएको छँदो धेरै कालदेखि पातालमा घुम्छ । त्यसपछि लङ्कामा कुवेर वसे ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये द्वाविंशोऽध्यायः ॥२२॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपाल-माहात्म्यको बाइसौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेइसौं अध्याय

अगस्त्य उवाच– अगस्त्यले भने–

कस्यचित् त्वथ कालस्य सुमाली स तु राक्षसः ।
नीलजीमूतसङ्काशस्तप्तकाञ्चनसन्निभः ॥१॥
आदाय कन्यां रुचिरां विना पद्ममिव श्रियम् ।
राक्षसेन्द्रः स तु तदा विचरन् वै महीतले ॥२॥

कुनै वेला कालो (नीलो) मेघ जस्तो र तातेको सुन जस्तो त्यो सुमाली राक्षस कमलविनाकी लक्ष्मी जस्ती राम्री छोरी लिएर पृथ्वीमा घुमिरहेको थियो ।

गच्छन्तं गगनेऽपश्यत् पुष्पकेण धनेश्वरम् ।
पितरं द्रष्टुकामं च मातरं च निशाचरः ॥३॥

बाबु र आमालाई दर्शन गर्न पुष्पक (विमान) द्वारा गइरहेका कुवेरलाई आकाशमा राक्षसले देख्यो ।

तं दृष्ट्वाऽनलसङ्काशं विमानं पावकोपमम् ।
हितार्थं चिन्तयामास राक्षसानां निशाचरः ॥४॥

आगो जस्तो र आगोको उपमा दिन सकिने त्यस विमानलाई देखेर राक्षसले राक्षसहरूको हितका लागि विचार गऱ्यो ।

किं नु कृत्वा भवेच्छ्रे यो वर्धेमहि कथं वयम् ।
सुतां विश्रवसे दद्यां राक्षसीं वरवर्णिनीम् ॥५॥

के गरेर कल्याण होला, कसरी हामी वढ्छौं, विहा गर्नुपर्ने वेला भएकी राक्षसी छोरी विश्रवालाई दिऊँ कि क्या ?

स तु राक्षसशार्दूल शार्दूलसमविक्रमः ।
अथाब्रवीत् सुतां तां तु नैकसीं किल नामतः ॥६॥

वाघको जस्तो पराक्रम भएको त्यस राक्षसले नैकसी नामकी ती छोरीलाई भन्यो –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्रि प्रदानकालस्ते यौवनं चातिवर्तते ।
त्वत्कृते च वयं सर्वे यन्त्रिता धर्मबुद्धयः ।।७।।

छोरी ! तिमीलाई दिने वेला भयो, उमेर पनि चढिसक्यो, तिम्रै लागि हामी धर्मवुद्धि भएका सवै लागेका छौं (जकडिएका छौं) ।

त्वयि पुत्रसमायुक्ता इच्छा संपत्स्यतेऽचिरात् ।
त्वं हि सर्वगुणोपेता श्रीरपद्मेव नः कुले ।।८।।

चाँडै नै तिमीमा छोरो पाउने इच्छा उठ्नेछ, हाम्रो कुलमा तिमी नै कमल नभएकी लक्ष्मी जस्ती सवै गुणले युक्त छयौ ।

प्रत्याख्यानाच्च भीतैस्त्वं नासुरैर्व्रियसे शुभे ।
न ज्ञायते वरः पुत्रः कन्यानां चारुदर्शनः ।।९।।
कन्या पितॄणां दुःखं हि सर्वेषां मानकारिणाम् ।

हे कल्याणी ! प्रत्याख्यान गर्नाले डराएका राक्षसहरूद्वारा वरण गरिनेछैनौं । छोरीका लागि राम्रो वर केटोको पत्तै छैन, मान गर्ने सवै वावुहरूका लागि छोरी दुःखकै कारण हो ।

मातुः कुलं पितुश्चैव यत्र कन्या प्रदीयते ।।१०।।
कुलत्रयं यदा कन्या संशयस्थं करोति हि ।

आमाको र वावुको कुल र जहाँ छोरी दिइन्छ यी तिनै कुलमा कन्याले शङ्का नै गराउँछे ।

सा त्वं मुनिवरं श्रेष्ठं प्रजापतिकुलोद्भवम् ।।११।।
गच्छ विश्रवसं पुत्रि पौलस्त्यं वरय स्वयम् ।

त्यस्ती तिमी प्रजापतिको कुलमा उत्पन्न भएका, श्रेष्ठ मुनि पौलस्त्य विश्रवाकहाँ जाऊ र छोरी आफैं वरण गर ।

ईदृशास्ते भविष्यन्ति पुत्राः पुत्रि न संशयः ।।१२।।
तेजसा भास्करोदग्रा यादृशोऽयं धनेश्वरः ।

छोरी ! निश्चय नै तिम्रा यस्ता छोरा हुनेछन्, जस्ता सूर्य जस्तो तेजिला यी कुवेर छन् ।

सा तु तद्वचनं श्रुत्वा कन्यका पितृगौरवात् ।।१३।।
गत्वाऽऽश्रमपदं तस्थौ यत्र तप्यति विश्रवाः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती कन्या त्यो कुरा सुनेर बाबुले भनेकोले जहाँ विश्रवा तपस्या गर्थे त्यहीं आश्रममा गएर बसिन् ।

एतस्मिन्नन्तरे श्याम पुलस्त्यतनयो द्विजः ॥१४॥
अग्निहोत्रमुपातिष्ठच्चतुर्थ इव पावकः ।

श्याम ! यसै बीचमा पुलस्त्यका छोरा ब्राह्मण चारौं अग्नि झैं अग्निहोत्रका लागि बसे ।

सा तु तं दारुणं कालमबुध्वा पितृगौरवात् ॥१५॥
उपवृत्याग्रतस्तस्य चरणेऽधोमुखी स्थिता ।

बाबुले भनेको हुनाले तिनी उनको दारुण काल पत्तै नपाएर उनको अगाडि गइन् । पाउमा निहुरेको मुण्टो गरेर बसिन् ।

स तु तां वीक्ष्य धर्मात्मा पूर्णचन्द्रनिभाननाम् ॥१६॥
अब्रवीत् परमोदारो दीप्यमान इवौजसा ।

पूर्ण चन्द्रमा जस्तो मुख भएकी तिनलाई देखेर ज्यादै उदार र तेजले गर्दा बलेजस्ता ती धर्मात्माले भने –

भद्र कस्यासि दुहिता कुतो वा त्वमिहागता ॥१७॥
किं कार्यं कस्य वा हेतोस्तत्त्वतो ब्रूहि तच्छुभे ।

कल्याणी ! कसकी छोरी हौ ? कहाँबाट तिमी यहाँ आयौ ? अथवा के काम र केको निम्ति आयौ, हे कल्याणी ! नढाँटी भन ।

एवमुक्त्वा तु सा कन्या कृताञ्जलिरथाब्रवीत् ॥१८॥
राक्षसी विद्धि मां ब्रह्मन् शासनात् पितुरागताम् ।
नैकसीमिति नाम्ना वै शेषं त्वं ज्ञातुमर्हसि ॥१९॥
तपःप्रभावेण मुने यदर्थमहमागता ।

यति भनेपछि ती कन्याले हात जोडेर भनिन्– हे ब्राह्मण ! बाबुको आज्ञाले आएकी मलाई राक्षसी भनेर चिन्नुहोस् । नाम नैकसी हो, हे मुनि ! अरू सबै तपस्याको प्रभावबाट म जेका निम्ति आएकी हुँ जान्नुहोस् ।

ततो गत्वा मुनिर्ध्यानं वाक्यमेतदुवाच ह ॥२०॥
विज्ञातं ते मया भद्र कारणं यन्मनोगतम् ।
सुताभिलाषो मत्तस्ते मत्तमातङ्गगामिनी ॥२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि मुनिले ध्यानमा पुगेर (ध्यान गरेर) यो कुरो भने– हे कल्याणी ! मैले तिम्रो मनमा भएको कारण थाहा पाएँ, हे मत्ताहात्तीको जस्तो हिंडाइ भएकी मबाट छोरो पाउने इच्छा छ ।

दारुणायां तु वेलायां यस्मात् त्वं समुपस्थिता ।
शृणु तस्मात् सुतान् भद्र यादृशाञ्जनयिष्यसि ॥२२॥

दारुण वेलामा तिमी आएकी हुनाले हे कल्याणी ! जस्ता छोरा पाउनेछ्यौ त्यो सुन ।

दारुणान् दारुणाचारान् दारुणाभिजनप्रियान् ।
जनयिष्यसि सुश्रोणि राक्षसान् क्रूरकर्मणः ॥२३॥

हे सुश्रोणी ! (डरलाग्दो) आचार भएका, डरलाग्दा जाति अथवा परिवारका प्रिय भएका र क्रूर कर्म भएका डरलाग्दा राक्षसहरूलाई जन्माउनेछ्यौ ।

सा तु तद्वचनं श्रुत्वा प्रणिपत्याब्रवीद्वचः ।
भगवन्नेदृशाः पुत्रास्त्वत्तो ब्राह्मणयोनितः ॥२४॥

तिनले त त्यो कुरो सुनेर प्रणाम गरेर भनिन्– भगवन् ! तपाईं जस्ता ब्राह्मणको योनिबाट यस्ता छोरा नहुनुपर्ने ।

स कन्ययैवमुक्तस्तु विश्रवा मुनिपुङ्गवः ।
उवाच नैकसीं भूयः पुर्णेन्दुरिव रोहिणीम् ॥२६॥

ती कन्याले यस्तो भनिएका श्रेष्ठ मुनि विश्रवाले रोहिणीलाई पूर्ण चन्द्रमाले झैं नैकसीलाई फेरि भने ।

पश्चिमो यस्तव सुतो भविष्यति शुभानने ।
मम धर्मानुरूपः स भविष्यति न संशयः ॥२६॥

हे राम्रो अनुहार भएकी ! जुन तिम्रो पछिल्लो छोरो हुनेछ त्यो निश्चय नै मै जस्तो हुनेछ ।

एवमुक्ता तु सा कन्या श्याम कालेन केनचित् ।
जनयामास बीभत्सरक्षोरूपं सुदारुणम् ॥२७॥
दशग्रीवं महादंष्ट्रं नीलाञ्जनचयोपमम् ।
ताम्रोष्ठं विंशतिभुजं महास्यं दीप्तमूर्धजम् ॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्याम ! यस्तो भनिएकी ती कन्याले केही समयपछि वीभत्स राक्षसको रूप भएको डरलाग्दो, दशोटा घिच्रा र लामा दाह्रा भएको, कालो गाजलको थुप्रो जस्तो तामो जस्तो (रातो) ओठ भएको, वीस हात भएको, ठूलो मुख भएको, वलेको जस्तो ठाडा रौं भएकोलाई जन्माइन् ।

जातमात्रे ततस्तस्मिन् प्रजज्वाल बलाग्निना ।
क्रव्यादाश्चापशव्यानि मण्डलानि प्रचक्रमुः ।।२९।।

त्यो जन्मनासाथै राक्षसहरू पनि अपसव्य गरेर मण्डल पारी हिंड्न थाले, आगोहरू पनि त्यसै वल्न थाले ।

ववर्षू रुधिरं देवा मेघाश्च खरनिःस्वनाः ।
निष्प्रभश्चापि सूर्योऽपि महोल्का चापतद् विभु ।।३०।।

देवताहरूले रगत वर्साए, मेघहरू पनि गधाको जस्तो शब्द गर्ने भए, सूर्य पनि तेज नभएका भए र पृथ्वीमा ठूलो डल्ला खस्यो ।

चकम्पे धरणी चैव ववुर्वाताः सुदारुणाः ।
अक्षोभ्यः कुक्षिभिश्चैव समुद्रः सरितां पतिः ।।३१।।

पृथ्वी काँप्यो, भयङ्कर हावा चल्यो, नदीहरूको पति नहुँडलिने समुद्र पनि कुना-कुनावाट काँपे ।

अथ नामाकरोत् तस्य पितामहसमः पिता ।
दशग्रीवः प्रसूतोऽयं दशग्रीवो भविष्यति ।।३२।।

यसपछि त्यसका पितामहतुल्य वावुले यो दशोटा गर्धन भएको जन्मिएकोले दशग्रीव हुनेछ भन्ने नाम राखे ।

तस्य त्वनन्तरं जातः कुम्भकर्णो महाबलः ।
प्रमाणाद्यस्य विपुलं प्रमाणं नेह विद्यते ।।३३।।

त्यसपछि खूब वलिया कुम्भकर्ण जन्मियो, जुनभन्दा ठूलो त यहाँ प्रमाणै छैन (नामै छैन) ।

ततः सूर्पणखा नाम संजज्ञे विकटानना ।
बिभीषणश्च धर्मात्मा नैकस्याः पश्चिमः सुतः ।।३४।।

त्यसपछि विकट (डरलाग्दो) अनुहार भएकी शूर्पणखा जन्मी, धर्मात्मा बिभीषण त नैकसीको पछिल्ला छोरा हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मिन् जाते महासत्त्व पुष्पवर्षं पपात ह ।
आकाशस्था दुन्दुभयो देवानां प्राणदँस्तथा ।।३५।।

ती महासत्त्व असल प्राणी जन्मँदा फूलवर्षा भयो, देवताहरूका आकाशमा रहेका दुन्दुभिहरू वजे ।

वाक्यं चैवान्तरिक्षे च साधु साध्विति वै तदा ।

आकाशमा साधु साधु भन्ने वाक्य, निस्कयो ।

तौ तु तत्र महारण्ये ववृधाते महौजसौ ।।३६।।
कुम्भकर्णदशग्रीवौ लोकोद्वेगकरौ तदा ।

लोकलाई पीडा गर्ने ठूलो तेज भएका ती दुई कुम्भकर्ण र दशग्रीव ठूलो जङ्गलमा वढे ।

कुम्भकर्णः प्रमत्तस्तु महर्षीन् धर्मवत्सलान् ।।३७।।
त्रैलोक्यं नित्यसन्तुष्टो भक्षयन् विचचार ह ।

मातेको कुम्भकर्णले त धर्म प्यारो गर्ने महर्षिहरूलाई खाँदै सवैं खुशी भएको छँदो तीनै लोक चहान्यो ।

विभीषणस्तु धर्मात्मा नित्यं धर्मे व्यवस्थितः ।।३८।।
स्वाध्यायी नियताहार उवास विजितेन्द्रियः ।

धर्मात्मा विभीषण त सधैं धर्ममा लागेका, स्वाध्यायी, नियत आहार भएका र इन्द्रिय जितेका भई वसे ।

अथ वैश्रवणो देवस्तत्र कालेन केनचित् ।।३९।।
आयातः पितरं द्रष्टुं पुष्पकेण धनेश्वरः ।

अनि विश्रवाका छोरा कुवेर केही समयपछि पुष्पकद्वारा वावुलाई हेर्न त्यही वाटो गरेर आए ।

तं दृष्ट्वा नैकसं तत्र ज्वलन्तमिव तेजसा ।।४०।।
आगम्य राक्षसी तत्र दशग्रीवमुवाच ह ।

तेजले वल्लान् जस्ता तिनलाई देखेर राक्षसीले त्यहाँ आएर आफ्ना छोरा दशग्रीवलाई भनिन् ।

सुतं वैश्रवणं यस्य भ्रातरं तेजसा वृतम् ।।४१।।
भ्रातृभावे समे वाऽपि पश्यात्मानं त्वमीदृशम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेजैं तेज भएका विश्रवाका छोरा दाजुलाई हेर, भ्रातृभाव वरावर भए पनि (दाजुभाई वरावर भए पनि) यस्तो भएको आफूलाई हेर ।

दशग्रीव तथा यत्नं कुरुष्वामितविक्रमः ।।४२।।
यथा त्वमपि पुत्रो मे भव वैश्रवणोपमः ।

दशग्रीव ! त्यस्तो प्रयास गर, धेरै पराक्रम भएका मेरा छोरा ! जसरी हुन्छ तिमी पनि कुवेर जस्तो होऊ ।

मातुस्तद्वचनं श्रुत्वा दशग्रीवः प्रतापवान् ।।४३।।
अमर्षमतुलं लेभे प्रतिज्ञां चाकरोत् तदा ।

प्रतापी दशग्रीवले आमाको त्यो कुरा सुनेर खूव जोशमा आएर प्रतिज्ञा गर्‍यो ।

सत्यं ते प्रतिजानामि भ्रातृतुल्योऽधिकोऽपि वा ।।४४।।
भविष्याम्योजसा चैव सन्तापं त्यज हृद्गतम् ।

साँच्चै तपाईंलाई भन्छु– दाजु (कुवेर) वरावर अथवा वढी पनि तेजद्वारा हुनेछु, मनको पीर छोड्नुहोस् ।

ततः क्रोधेन तनैव दशग्रीवः सहानुजः ।।४५।।
चिकीर्षुर्दुष्करं कर्म तपसे धृतमानसः ।
प्राप्स्यामि तपसा काममिति कृत्वा यथाविधि ।।४६।।
आगच्छदात्मसिद्ध्यर्थमत्र गोकर्णसन्निधौ ।

त्यसपछि त्यसै रिसले भाइसँगै भएको र तपस्यामा मन दिएको दशग्रीवले गर्न मुश्किल पर्ने कर्म गर्‍यो । विधिपूर्वकको तपस्याले चिताएको कुरा पाउनेछु भन्ने सोचेर आफ्नो कुरा पुर्‍याउनका लागि यहाँ गोकर्णको नजीकमा आयो ।

स राक्षसश्चात्र सहानुजस्तदा तपश्चचारातुलमुग्रविक्रमः ।
अतोषयच्चापि पितामहं विभुं ददौ स तुष्टश्च वरं महात्मने ।।४८।।

भाइ सँगै भएको खूव भयङ्कर पराक्रम भएको त्यस राक्षसले तपस्या गर्‍यो र ब्रह्मालाई खुशी पनि वनायो, खुशी भएका तिनले (ब्रह्माले) महात्मालाई (दशग्रीवलाई) वर दिए ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल–माहात्म्ये त्रयोविंशोऽध्यायः ।।२३।।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपाल-माहात्म्यको तेइसौं अध्याय सिद्धियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौबीसौं अध्याय

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो ।

अथाब्रवीन्मुनिः श्याम अत्रागत्य महाबलाः ।
आचक्ष्व कीदृशं ब्रह्मन् तपस्तेपुर्महौजसः ॥१॥

अनि खूब बलिया र ठूलो तेज भएकाहरू यहाँ आएर कस्तो तपस्या गरे ब्राह्मण ! भन्नुहोस् भनेर श्याम मुनिले भने ।

अगस्त्यस्त्वब्रवीत् श्यामं भूयः प्रयतमानसम् ।
ताँस्तान् धर्मविधींस्तात भ्रातरस्ते समाश्रिताः ॥२॥

पवित्र मन भएका श्यामलाई फेरि अगस्त्यले भने– बाबु ती (पछि बताइने) धर्मविधि लिएका ती भाइहरू थिए ।

कुम्भकर्णस्तदात्यर्थं सत्यधर्मपरायणः ।
अतपद्ग्रीष्मकाले वै सोऽग्निभिः सूर्यपञ्चमैः ॥३॥

त्यस बेला खूब धर्ममा लागेको कुम्भकर्णले ग्रीष्मकालमा सूर्य समेत गरेर पाँच पञ्चाग्निमा रही तपस्या गर्‍यो ।

मेघाम्बुसिक्तो वर्षासु वीरासनमसेवत ।
नित्यं च शिशिरे काले जलमध्ये प्रतिश्रयः ॥४॥

वर्षामा मेघको पानीले सेचिएर र शिशिरमा सधैं पानीको बीचमा बसेर वीरासनमा तपस्या गर्‍यो ।

एवं वर्षसहस्राणि दश तस्य तदा ययुः ।
सत्यधर्मानुरक्तस्य सत्येष्वधिष्ठितस्य च ॥३॥

यसरी सत्यधर्ममा लागेको र सत्यमा रहेको त्यसका दश हजार वर्ष विते ।

विभीषणश्च धर्मात्मा नित्यं धर्मरतः शुचिः ।
पञ्च वर्षसहस्राणि पादेनैकेन तस्थिवान् ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सधैं धर्ममा लागेका, पवित्र र धर्मात्मा विभीषण पनि एक खुट्टोले पाँच हजार वर्ष अडिएर रहे ।

समाप्ते नियमे तस्य ननृतुश्चाप्सरोगणाः ।
पपात पुष्पवर्षं च तुष्टुवुश्चैव देवता ॥७॥

तिनको नियम-समाप्ति हुँदा अप्सराहरू नाचे, फूल-वर्षा भयो र देवताहरू पनि खुशी भए ।

पञ्च वर्षसहस्राणि सूर्यमेवानुवर्त्तयत् ।
तस्थावूर्ध्वशिरोबाहुः स्वाध्यायासक्तचेतनः ॥८॥

पाँचहजार वर्ष सूर्यलाई मात्रै ध्यान गरे ! उँभो मुख,माथि हात गरेर र स्वाध्यायमा चित्त लगाएर रहे ।

एवं विभीषणस्यापि गतानि सुमहात्मनः ।
दश वर्षसहस्राणि स्वर्गस्थस्येव नन्दने ॥९॥

स्वर्गमा नै रहेका महात्मा विभीषणका पनि नन्दन (इन्द्रको बगैंचा) मा यसरी दश हजार वर्ष विते ।

पुनश्च शङ्खमूलस्य सङ्गमे जलमाश्रितः ।
तपश्चचार सुमहन्निराहारो जितेन्द्रियः ॥१०॥

फेरि पनि शङ्खमूलको सङ्गममा पानीमा वसेका निराहार रहेका र इन्द्रिय जितेको छँदो ठूलो तपस्या गरे ।

लिङ्गानां कोटिमुत्पाद्य व्रतं कृत्वा महत्तरम् ।
वाग्मत्या मणिमत्याश्च सङ्गमे पूर्वगे तटे ॥११॥
लिङ्गं संस्थाप्य कोटीनां लिङ्गानामुपरिस्थले ।
दिव्यवर्षसहस्रं तु निराहारो दशाननः ॥१२॥
पूर्णे वर्षसहस्रे तु शीर्षमग्नौ जुहाव सः।
एवं वर्षसहस्राणि नव तस्यातिचक्रमुः ॥१३॥

वाग्मती र मणिमतीको सङ्गमको पूर्वी किनारामा ठूलो व्रत गरेर, कोटी लिङ्ग उत्पन्न गरेर र लिङ्ग-स्थापना गरेर कोटियौं लिङ्गको माथिपट्टि दिव्य हजार वर्ष निराहार वसेको त्यो दशानन (रावण) ले एक एक हजार वर्ष वितेपछि आगोमा टाउको होम्यो, यसरी नै त्यसका नौ हजार वर्ष विते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिरांसि नव चाप्यस्य प्रविष्टानि हुताशनम् ।
पूर्णे वर्षसहस्रे तु दशमे दशमं शिरः ॥१४॥
छेत्तुकामस्य धर्मात्मा प्राप्तस्तस्य प्रजापतिः ।
पितामहस्तु सुप्रीतः सह देवैरुपस्थितः ॥१५॥

यसका नौ औटा शिरहरू आगोमा पसे (होमिए) । दशहजारौं वर्ष पुगेपछि दशौं शिर काट्न खोज्ने त्यसको अगाडि देवताहरूका साथ खुशी भएका प्रजाहरूका पति पितामह (ब्रह्मा) उपस्थित भए र

वत्स वत्स दशग्रीव प्रीतस्तेस्मीत्यभाषत ।
शीघ्रं वृणीष्व भद्रं ते वरं यत् तेऽभिवाञ्छितम् ॥१६॥
तत् ते कामं करोम्यद्य न वृथा ते परिश्रमः ।

वाबु, बाबु दशग्रीव ! तिमीदेखि खुशी छु, चाँडो तिमीलाई इच्छा लागेको असल वर माग, तिम्रो इच्छाअनुसारको काम आज गर्छु, तिम्रो परिश्रम खेर जाँदैन भने ।

ततोऽब्रवीद्दशग्रीवः प्रहृष्टेनान्तरात्मना ॥१७॥
प्रणम्य शिरसा देवं हर्षगद्गदया गिरा ।

त्यसपछि दशग्रीवले देवलाई शिरले प्रणम गरी हर्षले गद्गद भएको बोलीले दिलैदेखि खुशी भएर भन्यो –

भगवन् प्राणिनां नित्यं नान्यत्र मरणाद्भयम् ॥१८॥
न च मृत्युसमः शत्रुरमरत्वं ततो वृण ।

हे भगवान् ! प्राणीहरूलाई सधैं मर्ने डर हुन्छ, अरू थोकको हुँदैन, मृत्यु बरावर शत्रु कोही छैन, यसैले मर्दै नमर्ने वर दिनुहोस् ।

एवमुक्तस्ततो ब्रह्मा दशग्रीवमुवाच ह ॥१९॥
नास्ति सर्वामरत्वं ते वरमन्यं वृणीष्व वै ।

यस्तो भनिएका ब्रह्माले दशग्रीवलाई भने– सबै अमर हुँदैनन्, अर्को वर माग ।

एवमुक्तस्तदा श्याम ब्रह्मणा लोककारिणा ॥२०॥
दशग्रीव उवाचेदं कृताञ्जलिरथाग्रतः ।

हे श्याम ! लोक बनाउने ब्रह्माले यस्तो भनिएका दशग्रीवले सामुन्मा हात जोडेर यस्तो भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुपर्णनागयक्षाणां दैत्यदानवरक्षसाम् ॥२१॥
अवध्यत्वं प्रजाध्यक्ष देवतानां च सर्वशः ।

हे प्रजाका अध्यक्ष ! गरुड, नाग, यक्ष, दैत्य, दानव, राक्षस र सबै देवताहरूबाट नमारिने होऊँ ।

न हि चिन्ता ममान्येषु प्राणिषु प्रपितामह ॥२२॥
तृणभूता हि मे सर्वे प्राणिनो मानुषादयः ।

हे प्रपितामह ! अरू प्राणीहरूमा मेरो चिन्ता नै छैन, मानिस आदि सबै प्राणीहरू तृण बराबर नै हुन् ।

एवमुक्तस्तु धर्मात्मा दशग्रीवेण रक्षसा ॥२३॥
उवाच वचनं श्याम सह देवैः पितामह ।

हे श्याम ! राक्षस दशग्रीवले यस्तो भनिएका, धर्मात्मा र देवताहरू साथै भएका पितामहले भने –

भविष्यति तदेवं वै तव राक्षसपुङ्गव ॥२४॥
शृणु चापि वरं भूयः प्रीतस्य विहितं मम ।

हे श्रेष्ठ राक्षस ! तिम्रो यस्तो हुनेछ । खुशी भएको मबाट निश्चित वर पनि फेरि सुन ।

हुतानि यानि शीर्षाणि पूर्वमग्नौ त्वयाऽनघ ॥२५॥
उत्थास्यन्ति पुनस्तानि तव राक्षसपुङ्गव ।

हे धर्मात्मा ! पीरै नमानी जति टाउकाहरू पहिल्यै आगोमा होम्यौ, हे श्रेष्ठ राक्षस ! फेरि तिम्रा ती टाउकाहरू खडा हुनेछन् ।

वितरामि वरं सौम्य तव चान्यं सुदुर्लभम् ॥२६॥
छन्दतो विन्द भद्रं ते रूपमन्यद्यदीच्छसि ।

तिमीलाई अर्को पाइ नसक्नु वर दिन्छु– तिमी अर्को जुन रूपको इच्छा गर्छौ, त्यो छानेर रोज (इच्छामाफिकको रूप होस्)

एवं पितामहोक्तस्य दशग्रीवस्य रक्षसः ॥२७॥
अग्नौ हुतानि शीर्षाणि यानि तान्युत्थितानि वै ।

ब्रह्माले यसरी भनिएका दशग्रीव राक्षसका जति आगोमा होमिएका टाउका हुन्, त्यति उठे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवमुक्त्वा तु तं श्याम दशग्रीवं प्रजापतिः ॥२८॥
विभीषणमथोवाच वाक्यं लोकपितामहः ।

हे श्याम ! ती दशग्रीवलाई यस्तो भनेर लोकका पितामह ब्रह्माले विभीषणलाई भने–

विभीषण त्वया वत्स धर्मसंहितबुद्धिना ॥२९॥
आराधितोऽस्मि धर्मज्ञ वरं वरय सुव्रत ।

बाबु विभीषण ! धर्म बुद्धि भएका तिमीले आराधना गरिएको छु, हे असल व्रत लिने र धर्म जान्ने ! वर माग ।

विभीषणस्तु धर्मात्मा प्राञ्जलिर्वाक्यमब्रवीत् ॥३०॥
वृतः सर्वगुणैर्नित्यं चन्द्रमा रश्मिभिर्यथा ।

रश्मि (चन्द्रकिरण) हरूले चन्द्रमा झैं सबै गुणहरूले सधैं घेरा लाइएका (सबै गुण भएका) धर्मात्मा विभीषणले हात जोडेर भने–

भगवन् हितमेतावन्मन्ये लोकेश्वरः प्रभुः ॥३१॥
प्रीतो यदि तु दातव्यो वरो मे श्रृणु सुव्रत ।

भगवान् ! यति धेरै त हितै हो भन्ने ठान्छु, लोकका प्रभु ! यदि खुशी हुनुहुन्छ भने हे सुव्रत ! मलाई दिनुपर्ने वर सुन्नुहोस् ।

परमापद्गतस्यापि धर्म एव मतिर्भवेत् ॥३२॥
अशिक्षितं च भगवन् ब्रह्मास्त्रं प्रतिभातु मे ।

ठूलो आपतमा परे पनि मेरो बुद्धि धर्ममा नै लागोस् (धार्मिक बुद्धि नै होओस्) हे भगवान् (ब्रह्मा) ! नसिकेको ब्रह्मास्त्र पनि मलाई फुरोस् ।

या या जायेत मे बुद्धिस्तेषु तेष्वाश्रमेष्विह ॥३३॥
सा सा भवतु धर्मिष्ठा तं तं धर्मं भजे तव ।

ती ती आश्रमहरूमा मेरो जुन जुन बुद्धि उत्पन्न होला, त्यो बुद्धि धार्मिक होओस् र तपाईंको त्यस्तै त्यस्तै धर्ममा लागूँ ।

एष मे परमोदारो वरः परमको मतः ॥३४॥
न हि धर्माभिरक्तानां किंचिल्लोकेऽस्ति दुर्लभम् ।

परम उदार भएको यो वर मेरा लागि ज्यादै ठूलो हो । धर्ममा लागेकाहरूका लागि संसारमा पाइ नसक्नु केही छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ प्रजापतिः प्रीतो वाक्यमेतदुवाच ह ।।३५।।
धर्मिष्ठस्त्वं यथा वत्स तथैतत् ते भविष्यति ।

यसपछि खुशी भएका प्रजापतिले यो कुरो भने– हे बावु ! तिमी धर्मिष्ठ छौ, त्यस्तै यो तिम्रो हुनेछ ।

यस्माद्राक्षसयोनौ ते जातस्यामित्रकर्षण ।।३६।।
नाधर्मे जायते बुद्धिरमरत्वं ददामि ते ।

राक्षसको योनि (वंश) मा जन्मेका शत्रुलाई नाश गर्ने तिम्रो अधर्ममा बुद्धि जानेछैन र तिमीलाई देवत्व दिन्छु ।

एष एव च ते कामो नित्यं वत्स भविष्यति ।।३७।।
अशिक्षितं च ब्रह्मास्त्रं यथावत् प्रतिपत्स्यते ।

हे बावु ! यही नै तिम्रो इच्छा छ, त्यो सधैं हुनेछ, नसिकिएको ब्रह्मास्त्र पनि जस्ताको तस्तै पाउनेछौ ।

कुम्भकर्णाय तु वरं दातुकामं तपोधन ।।३८।।
प्रजापतिं सुराः सर्वे वाक्यं प्राञ्जलयोऽब्रुवन् ।

हे तपोधन ! कुम्भकर्णलाई वर दिन खोज्ने प्रजापतिलाई त हात जोडेका सबै देवताहरूले भने–

न तावत् कुम्भकर्णाय प्रदातव्यो वरस्त्वया ।।३९।।
जानासि हि यथा लोकाँस्त्रासयत्येष राक्षसः ।

भो, कुम्भकर्णलाई तपाईं वर नदिनुहोस्, जानिहाल्नुहुन्छ नि कसरी यो राक्षस लोकहरूलाई तोवा पार्छ ।

नन्दनेऽप्सरसः सप्त महेन्द्रानुचरा दश ।।४०।।
अनेन भक्षिता ब्रह्मन् ऋषयो ब्राह्मणास्तथा ।

हे ब्रह्मा ! नन्दन (इन्द्रको वगैंचा) मा सातोटा अप्सरा, दशोटा इन्द्रका अनुचर त्यस्तै ऋषि र ब्राह्मणहरू पनि यसले खायो ।

तच्छापो वरणादस्मै दीयताममितप्रभो ।।४१।।
लोके वै स्वस्ति चैवं स्याद्भूवेदस्य च सम्मते ।

हे समर्थ ब्रह्माजी ! त्यो वर सराप झैं यसलाई दिनुहोस्, जुन लोकको कल्याण र उसको मञ्जूरी पनि भएको होस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवमुक्तः सुरैर्ब्रह्माऽचिन्तयत् पद्मसम्भवः ॥४२॥
देवीं सरस्वतीं देवः पद्माक्षीं पद्मसम्भवीम् ।

देवताहरूले यस्तो भनिएका कमलबाट उत्पन्न भएका देव ब्रह्माले कमलको जस्तो आँखा भएकी र कमलँबाट उत्पन्न भएकी देवी सरस्वतीलाई सम्झे ।

विलोक्य सर्वभूतेषु जिह्वा बुद्धिर्धृतिः स्मृतिः ॥४३॥
चिन्तिता चोपतस्थौ सा पार्श्वे हृष्टा सरस्वती ।

सम्पूर्ण प्राणीको जिब्रो, बुद्धि, धृति, स्मृतिमा देखेर तिनको ध्यान गरे, खुशी भएकी उनै सरस्वती बगलमा उपस्थित भइन् ।

प्राञ्जलिः प्राह पार्श्वस्था सा तु देवी सरस्वती ॥४४॥
इयमस्म्यागता देव किं कार्यं करवाणि ते ।

नजीकै रहेकी ती देवी सरस्वतीले हात जोडेर भनिन्– देव ! यहीं आएकी छु, तपाईंको के काम गरूँ ।

प्रजापतिस्तु तां प्राह देवीं चैव सरस्वतीम् ॥४५॥
वाणि त्वं राक्षसस्यासे भव या देवतेप्सिता ।

प्रजापति (ब्रह्मा) ले उनै देवी सरस्वतीलाई भने– हे सरस्वती ! देवताहरूले चाहे जस्तो वनी यो राक्षसको मुखमा होइद्यौ ।

इत्युक्त्वा सा प्रणम्याथ तं विवेश निशाचरम् ॥४६॥
ततो भार्गव तद्रक्षो ब्रह्मा वचनमब्रवीत् ।

यति भनेर तिनले (सरस्वतीले) प्रणाम गरी त्यस राक्षसमा प्रवेश गरिन्, हे भार्गव (श्याम) ! त्यसपछि त्यस राक्षसलाई ब्रह्माले भने –

कुम्भकर्ण महाबाहो वरं वरय राक्षस ॥४७॥
कुम्भकर्णस्ततो हृष्टः श्रुत्वा वाक्यमुवाच ह ।

'महाबाहु हे कुम्भकर्ण राक्षस ! वर माग' –(यो कुरो) सुनेपछि खुशी भएको कुम्भकर्णले भन्यो –

स्वप्तुं वर्षसहस्राणि देवदेव ममेप्सितम् ।४८॥
षण्मासान्ते भवेदेव दिनमेकं तु भोजनम् । ॥

हे देवताका पनि देव ! म त हजारौं वर्ष सुत्न चाहन्छु, छ महीनापछि एकदिन मेरो भोजन होओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवमस्त्विति तं चोक्त्वा सह देवैः पितामहः ॥४९॥
देवी सरस्वती चैव मुक्त्वा तं प्रययौ दिवम् ।

त्यसलाई यस्तै होओस् भनेर देवताहरूका साथ ब्रह्मा स्वर्ग गए र देवी सरस्वती पनि त्यसलाई छोडेर स्वर्ग गइन् ।

गतेषु ब्रह्मपूर्वेषु दैवतेषु नभःस्थलम् ॥५०॥
विमुक्तोऽसौ सरस्वत्या पूर्वां प्रकृतिमागतः ॥

ब्रह्मादि देवताहरू आकाशमा गएपछि सरस्वतीले छोडिएको त्यो पहिल्यैको स्थितिमा पुग्यो ।

कुम्भकर्णस्तु दुष्टात्मा चिन्तयामास दुःखितः ॥५१॥
ईदृशं किमिदं वाक्यं वदनान्मम निःसृतम् ।

अनि पिरिएको दुष्टात्मा कुम्भकर्णले सोच्यो– के यस्तो वाक्य मेरो मुखवाट निस्कियो नि ।

अनभिप्रेतपूर्वं हि संमोहादिव भाषितम् ॥५२॥
भक्षयामीति वदता स्वप्स्यामित्युदितं मया ।

पहिल्यै कहिल्यै नचाहेको कुरा मैले वेहोशमा वोलें, खान्छु यस्तो भन्ने मैले सुत्छु यस्तो पो भनें ।

सन्ताप्यमानो दुःखार्तो विधुन्वंश्चरणौ करौ ॥५३॥
आत्मानमेवमवशं श्वसन् निन्दन् पपात ह ।

ताप मानेको, दुःखले पिरिएको, हात र खुट्टा हल्लाउँदो र आफ्नै कावूमा नभएको त्यो स्वाँ फ्वाँ गर्दै गाली गर्दै लड्यो ।

एवं लब्धवराः सर्वे भ्रातरो दीप्ततेजसः ॥५४॥
श्लेष्मान्तकवनं नाम तत्र ते न्यवसँश्चिरम् ।

यसरी वर पाएका र वल्दो तेज भएका ती सवै भाइहरू त्यहीं श्लेष्मान्तक वनमा धेरै समयसम्म वसे ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल–माहात्म्ये चतुर्विंशोऽध्यायः ॥२४॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपाल–माहात्म्यको चौबीसौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पच्चीसौं अध्याय

अगस्त्य उवाच– अगस्त्यले भने–

सुमाली वरलब्धाँस्तु ज्ञात्वा तान् वै निशाचरः ।
उदतिष्ठद्भयं त्यक्त्वा सानुगः सर्व आतुरः ॥१॥

सुमाली राक्षस तिनीहरूले वर पाएको थाहा पाएर डर छोडी अनुचरहरूका साथ हडवडाएर उठ्यो ।

माली चण्डः प्रहस्तश्च विरूपाक्षो महोदरः ।
सचिवाः परिवार्येनमुपातिष्ठन् सुमालिनम् ॥२॥

माली, चण्ड, प्रहस्त, विरूपाक्ष, महोदर सचिवहरू यस सुमालीलाई घेरेर रहे।

प्रस्थितः सचिवैः सर्वैर्वृतो राक्षसपुङ्गवैः ।
अभिगम्य दशग्रीवं परिष्वज्येदमब्रवीत् ॥३॥

श्रेष्ठ राक्षस भएका सबै सचिवहरूले घेरिएर हिंडेको (सुमाली) ले दशग्रीव-कहाँ गई आलिङ्गन गरेर यो भन्यो–

दिष्ट्या ते पुत्र संप्राप्तश्चिन्तितोऽयं मनोरथः ।
यस्त्वं त्रिभुवनश्रेष्ठाल्लब्धवान् वरमीदृशम् ॥४॥

हे वावु ! जुन तिमीले तीनै लोकका श्रेष्ठ (ब्रह्मा) वाट यस्तो वर पाएको छौ, तिम्रो भाग्यले यो सोचेकै कुरो पाइएको छ ।

यत्कृते च वयं लङ्कां त्यक्त्वा याता रसातलम् ।
तद्गतं नो महाबाहो महद्विष्णुकृतं भयम् ॥५॥

जेले गर्दा हामी लङ्का छोडेर पाताल गयौं, विष्णुले गराइएको हाम्रो त्यो डर (अव) गयो ।

असकृत् तेन भग्ना हि परित्यज्य स्वमालयम् ।
विद्रुताः सहिताः सर्वे प्रविष्टा स्मो रसातलम् ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वारंवार त्यसले (विष्णुले) छिन्न भिन्न पारिएका सबै मिलेर हामीहरू आफ्नो घर छोडी भागेर पातालमा पसेका हौं ।

अस्मदीया च लङ्केयं नगरी राक्षसोषिता ।
निवेशिता तव भ्रात्रा धनाध्यक्षेण धीमता ॥७॥

राक्षसहरू बसेको यो लङ्का नगरी हाम्रो हो, तिम्रा दाजु बुद्धिमान् कुवेरले यो शहर बसाएको हो ।

यदि नाम न शक्येयं समावस्तुं त्वयाऽनघ ।
तपसा वा महाबाहो प्रत्यानेतुं त्वमर्हसि ॥८॥

हे बाबु ! यदि यो लङ्का (लङ्का) वस्न नसकिने छ भने (पनि) हे महाबाहु ! तपस्याद्वारा तिमीले यो फिर्ता लिनैपर्छ ।

त्वं तु लङ्केश्वरस्तात भविष्यसि न संशयः ।
सर्वेषां नः प्रभुश्चैव भविष्यसि महाबल ॥९॥

हे बाबु ! तिमी त लङ्काको मालिक निश्चय भइहाल्नेछौ, हे ठूलो बल भएका ! हामी सबैको मालिक पनि हुनेछौ ।

अथाब्रवीद् दशग्रीवो मातामहमुपस्थितम् ।

अनि अगाडि वसेका मातामह (आमापट्टिको बाजे) लाई दशग्रीव (रावण)-ले भन्यो ।

दशग्रीव उवाच– रावणले भन्यो –

वित्तेशो गुरुरस्माकं नार्हस्येवं प्रभाषितुम् ॥१०॥
इत्येवमुक्तः स तदा सुमाली रावणेन हि ।
नोवाच किञ्चिदत्रैव न्यवसत् स सुहृद्वृतः ॥११॥

कुवेर हाम्रा मान्य हुन्, यस्तो नभन्नुहोस्। रावणले यस्तो भनिएका सुमालीले त्यस वेला केही पनि भनेनन्, (तैपनि) त्यहीं नै मित्रहरूका साथ बस्दा भए ।

कस्यचित् त्वथ कालस्य वसन्तं तत्र रावणम् ।
प्रहस्तः प्रश्रितं वाक्यमिदं राक्षसमब्रवीत् ॥१२॥

केही समयपछि त्यहीं वस्ने राक्षस रावणलाई प्रहस्तले यस्तो नम्र कुरो भने ।

प्रहस्त उवाच– प्रहस्तले भने–

दशग्रीव महाबाहो यत् पुरा प्रोक्तवानसि ।
वित्तेशो गुरुरस्माकं वाक्यमेतन्निबोध मे ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे महावाहु रावण ! पहिल्यै कुवेर हाम्रा गुरु हुन् भन्ने जुन कुरो भन्नुभएको थियो, (त्यसैबारे) मेरो यो कुरो सुन्नुहोस् ।

महावीर महावाहो नाहंस्त्वं वक्तुमीदृशम् ।
सौभ्रात्रं नास्ति वीराणां शृणु भूयो वचश्च मे ॥१४॥

हे महाबाहु ! तपाइंले यस्तो भन्नुहुँदैन, वीरहरूको सौभ्रात्र (दाजुभाइमा मेल-मिलाप) भन्ने कुरो हुँदैन अझै मेरो कुरो सुन्नुहोस् –

अदितिश्च दितिश्चैव द्वे एते सहिते किल ।
भार्ये परमरूपिण्यौ कश्यपस्य प्रजापते ॥१५॥

प्रजापति कश्यपका सँगै अदिति र दिति यी दुई खूब राम्रा स्वास्नी थिए ।

अदित्यां जज्ञिरे देवास्तदा त्रिभुवनेश्वर ।
दितिश्चाजनयद्दैत्यान् कश्यपादात्मसम्भवान् ॥१६॥

हे त्रिभुवनेश्वर ! कश्यपले अदितिमा देवताहरू र दितिमा दैत्य छोराहरू जन्माए ।

दैत्यानां किल धर्मज्ञ पूरियं सवनार्णवा ।
आसीत् सर्ववृता भूमिस्तेऽभवन् प्रभविष्णवः ॥१७॥

हे धर्म जान्ने ! वन र समुद्रले युक्त यो शहर दैत्यहरूको हो, भूमि (लङ्काको भूमि) सबै (दैत्यहरूले) ढाकिएको थियो, ती (दैत्यहरू) समर्थ थिए ।

ततस्ते निहताः सर्वे विष्णुना प्रभविष्णुना ।
देवानां तु वशं नीतं त्रैलोक्यमिदमव्ययम् ॥१८॥

अनि ती सबै समर्थ विष्णुद्वारा मारिए । यो अविनाशी तीनै लोक देवताहरूको वशमा लगिए ।

तथा वैरमपर्याप्तं गरुडस्योरगैः सह ।
भ्रातृभिः संप्रयुक्तं वै संहारो यस्य नाभवत् ॥१९॥

त्यस्तै सर्पहरूका साथ गरुडको प्रशस्त वैरभाव भयो । दाजुभाइमा परेको झगडा कहिल्यै टुङ्गिएन ।

नैतदेको भवानद्य करिष्यति विपर्ययम् ।
सुरैराचरितं पूर्वं कुरुष्वैतद्वचो मम ॥२०॥

आज तपाइं एउटाले उल्टो काम गर्न हुनेछैन, पहिल्यै देवताहरूले नै गरियो, मेरो यो कुरो गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवमुक्तो दशग्रीवः प्रहस्तेन महात्मना ।
चिन्तयित्वा मुहूर्तं तु बाढमित्येव सोऽब्रवीत् ।।२१।।

महात्मा प्रहस्तले यस्तो भनिएका रावणले केही क्षण विचार गरेर हुन्छ नै भने ।

स तु तेनैव हर्षेण तस्मिन्नहनि वीर्यवान् ।
लङ्कां गतो दशग्रीव सह तैः क्षणदाचरैः ।।२२।।

त्यसै खुशीले त्यसै दिनमा ती पराक्रमी रावण उनै राक्षसहरूका साथ लङ्कामा गए ।

त्रिकूटस्थः स तु तदा दशग्रीवो महाबलः ।
प्रेषयामास दौत्येन प्रहस्तं वाक्यकोविदम् ।।२३।।

त्रिकूटमा रहेका उनै वलिया रावणले वोल्न चतुर प्रहस्तलाई दूतको रूपमा पठाए ।

प्रहस्त शीघ्र तं गत्वा ब्रूहि राक्षसपुङ्गवः ।
वचनान्मम वित्तेशं सामपूर्वमिदं वचः ।।२४।।

हे श्रेष्ठ राक्षस प्रहस्त ! तुरुन्त तपाईं गएर कुवेरलाई मैले भनेको भनी नम्रतापूर्वक यो कुरा भन्नुहोस्–

इयं लङ्कापुरी राजन् राक्षसानां महात्मनाम् ।
निवासो देवविहितः सर्वलोकपरिश्रुतः ।।२५।।

हे राजा ! यो लङ्का शहर महात्मा राक्षसहरू वस्ने ठाउँ हो, (यो वस्ने ठाउँ) देवताले वनाइएको हो र सवै दुनियाले सुनेको (जानेकै) हो ।

किंचित् कारणमुद्दिश्य त्यक्तासीद्राक्षसैरियम् ।
ते पुनः समये प्राप्ते स्वं निवासमुपागताः ।।२६।।

केही कारणले गर्दा यो राक्षसहरूले छोडिएको थियो, फेरि मौका आएर ती आफ्नो वस्ने ठाउँमा आएका छन् ।

त्वया निवेशिता चेयं तत् ते न सदृशं कृतम् ।
तद्भवान् यदि नामैतां दद्यादतुलविक्रमे ।।२७।।

यस लङ्कामा तपाईं वस्नुभयो, त्यसैले आफूले गर्नुपर्ने जस्तो व्यवहार गर्नुभएन, तपाईं यो प्रशस्त पराक्रम भएका (दैत्यहरूलाई) दिनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृता मम भवेत् प्रीतिर्धर्मश्चैवानुपालितः ।
इत्युक्तः स तदा गत्वा प्रहस्तो वाक्यकोविदः ॥२८॥
दशग्रीववचः सर्वं वित्तेशाय न्यवेदयत् ।

यसो गर्नु भयो भने मलाई प्रीति हुनेछ र धर्मको पनि पालन हुनेछ । यति भनिएका बोल्नमा बाठा उनै प्रहस्त गएर रावणका सबै कुरा कुवेरलाई निवेदन गरे ।

प्रहस्तादभिसंश्रुत्य सर्वं वैश्रवणो वचः ॥२९॥
उवाच वाक्यं वाक्यज्ञः प्रहस्तं स निशाचरम् ।

प्रहस्तबाट सबै कुरा सुनेर बोल्नमा बाठा ती कुवेरले प्रहस्त राक्षसलाई भने–

वैश्रवण उवाच– कुवेरले भने–

सर्वं कर्त्ताऽस्मि भद्रं ते राक्षसेशवचोऽचिरात् ॥३०॥
किन्तु तावत् प्रतीक्षस्व पितुर्यावन्निवेदय (ये ?) ।

तपाईंका राक्षसेशको सबै भद्र कुरा चाँडै नै गरौंला, तर पिताजीलाई निवेदन गरुञ्जेल पर्खनुहोस् ।

एवमुक्त्वा धनाध्यक्षो जगाम पितुरन्तिकम् ॥३१॥
अभिवाद्याब्रवीत् तं च रावणस्य यदीप्सितम् ।

धनका अध्यक्ष (कुवेर) यति भनेर पिताका नजीकमा गए, अभिवादन गरेपछि रावणले चाहेका कुरा भने ।

एष तात दशग्रीवो दूतं प्रेषितवान् मम ॥३२॥
ममेयं दीयतां लङ्का पूर्वं रक्षगणोषिता ।
तन्मया यदनुष्ठेयं तदाचक्ष्व ममानघ ॥३३॥

पिताजी ! यो रावणले मकहाँ दूत पठायो र पहिल्यै राक्षसले बसिएको यो लङ्का मलाई दिनुहोस् (भन्यो), त्यस कारण मैले जे गर्नुपर्छ त्यो भन्नुहोस् ।

धनदेनैवमुक्तस्तु विश्रवा मुनिपुङ्गवः ।
सोऽब्रवीद्वचनं तत्र शृणु पुत्र वचो मम ॥३४॥

कुवेरले यस्तो भनिएका उनै विश्रवा मुनिले त्यसो भए बाबु ! मेरो कुरा सुन भने ।

विश्रवा उवाच– विश्रवाले भने–

दशग्रीवो ममाप्येतदुक्तवान् मुनिसन्निधौ ।
मया निर्भत्सितः सोऽपि बहुधोक्तः सुदुर्मतिः ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रावणले मुनिहरूको नजीकमा मलाई पनि यस्तो भन्यो, मैले हकारिए पनि त्यो दुष्ट वुद्धि भएकोले धेरै पटक भन्यो ।

क्रोधेन च पुनश्चोक्तो ध्वंस ध्वंसेति वै मुहुः ।
तच्छृणुष्व वचः पुत्र मम धर्मार्थसंहितम् ॥३६॥
वरप्रदानात् संमूढो धर्माधर्मं न वेद सः ।
न विभेति च मे शापात् प्रकृतिं दारुणां गतः ॥३७॥

रिसले वारंवार नाश भएस् भनें पनि (तर मान्दैन)। त्यसै कारण हे बाबु ! धर्म अर्थले युक्त मेरो कुरो सुन, डरलाग्दो स्वभाव भएको त्यो मेरो सरापवाट पनि डराउँदैन ।

तस्मात् प्रयाहि भद्रं ते कैलासं धरणीधरम् ।
निशामय निकेतार्थं त्यज लङ्कां सहानुगः ॥३८॥

त्यसैले परिवारसहित वस्नका लागि कैलाश पर्वतमा जाऊ, तिम्रो कल्याण हुनेछ । सुन–लङ्कालाई छोडिद्यौ ।

तत्र मन्दाकिनी नाम नदीनां प्रवरा नदी ।
काञ्चनैः सूर्यसंकाशैः पङ्कजैर्मण्डितोदका ॥३९॥

त्यहाँ सुनहरूले र सूर्य जस्ता कमलहरूले सिंगारिएको पानी भएका नदीहरूमा श्रेष्ठ मन्दाकिनी नामको नदी छ ।

तत्र देवाः सगन्धर्वाः साप्सरोगणकिन्नराः ।
विहारशीलाः सततं रमन्ते धरणीधरे ॥४०॥

विहार गर्ने गन्धर्वसहितका देवताहरू, अप्सरा र किन्नरहरू सधैं पर्वतमा रमाउँछन् (रमाइलो गर्छन्) ।

रमस्व पुत्र त्वमपि रम्ये तस्मिन् शिलोच्चये ।
न हि क्षेमं तवानेन वैरं धनद राक्षसा ॥४१॥
जानीषे च यथा तेन लब्धः परमको वरः ।

वाबु ! तिमी पनि त्यही राम्रो पर्वतमा रमाऊ, कुवेर ! यो राक्षससँग वैरभाव गर्नु तिम्रा लागि राम्रो छैन । जानिहालेका छौ, त्यसले ठूलो वर पाएको छ ।

तथेत्युक्त्वा स पितरमभिवाद्य कृताञ्जलिः ॥४२॥
ययौ लङ्कां पुनस्तूर्णं प्रहस्तं चेदमब्रवीत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ भनेर तिनले हात जोरी बाबुलाई अभिवादन गरेर फेरि चाँडै नै लङ्का गए र प्रहस्तलाई यस्तो भने–

ब्रूहि गच्छ दशग्रीवं पुरीं राज्यं च यन्मम ।।४३।।
तवाप्येतन्महाभाग भुङ्क्ष्वैनं गतकण्टकम् ।
अविभक्तं त्वया सार्धं राज्यं यच्चास्ति मे वसु ।।४४।।

रावणकहाँ जाऊ र जुन मेरो राज्य र शहर छ यो तिम्रो पनि हो, त्यो सबै अकण्टक भईकन भोग गर, तिमीसँग वण्डा नभएको राज्य र मेरा सम्पत्ति जे छन् ती पनि भोग गर भनी भन ।

अहं गच्छामि कैलाशं निवासाय सहानुगः ।
लङ्कामावस भद्रं ते स्वधर्ममनुपालय ।।४५।।

म बस्नका लागि सँगै जानेहरूका साथ कैलाश जान्छु, लङ्कामा गएर बस, तिम्रो कल्याण होस्, आफ्नो धर्मको पनि पालना गर ।

एवमुक्त्वा धनाध्यक्षो बलेन महता तदा ।
सपौरदारः सामात्यः सवाहनधनागतः ।।४६।।

पुरवासी, पत्नी, सचिव, वाहन र धन सहितका कुवेर यस्तै भनेर ठूलो दलबल सहित गए ।

प्रहस्तोऽथ दशग्रीवं गत्वा वचनमब्रवीत् ।
प्रहृष्टात्मा महात्मानं सहामात्यं सहानुगम् ।।४७।।

ठूला मन्त्री र भारदारसहित भएका रावणकहाँ गएर खुशी भएका प्रहस्तले यी कुरा भने–

शून्या सा नगरी लङ्का त्यक्त्वैनां धनदो गतः ।
प्रविश त्वं महाबाहो स्वधर्ममनुपालय ।।४८।।

त्यो लङ्का शहर शून्य छ, यसलाई छोडेर कुवेर गए, हे महाबाहु ! तपाइं पस्नुहोस् र आफ्नो धर्मको पालना गर्नुहोस् ।

एवमुक्तः प्रहस्तेन दशग्रीवो निशाचरः ।
निवेशयामास पुरीं सभ्राता सपदानुगः ।।४९।।
धनदेन परित्यक्तां संविमुक्तमहापथाम् ।

प्रहस्तले यस्तो भनिएका दाजुभाइसहितका र पछि लाग्नेहरूसहितका राक्षस रावण कुवेरले छोडिएको शहरमा पसे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स चाभिषिक्तः क्षणदाचरैस्तदा ।
निवेशयामास पुरीं दशाननः ।
निकामपूर्णा च बभूव सा पुरी
निशाचरैर्नीलबलाहकोपमैः ॥५०॥

त्यसपछि राक्षसहरूले अभिषेक गरिएका छँदा दशटाउके (रावण) शहरमा बस्दा भए । त्यो शहर पनि काला बादल जस्ता राक्षसहरूले भरिभराउ भएको भयो ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये पञ्चविंशोऽध्यायः ॥२५॥

कस्न्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपालमाहात्म्यको पच्चीसौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छब्बीसौं अध्याय

अगस्त्य उवाच– अगस्त्यले भने–

अत्र श्याम दशग्रीवो गोकर्णेश्वरसन्निधौ ।
तपस्यां परमां कृत्वा त्रैलोक्यदुर्जयोऽभवत् ॥१॥

हे श्याम ! यहीं गोकर्णेश्वरको नजीकमा ठूलो तपस्या गरेर रावण तीनै लोकमा जित्न नसकिने भए ।

देवेन्द्र स्ववशे कृत्वा जित्वा सर्वान् महीपतीन् ।
नागलोकं वशे कृत्वा तस्थौ लोकेश्वरो बली ॥२॥

सबै राजाहरूलाई जितेर इन्द्रलाई आफ्नो वश बनाएर, र नागलोकलाई पनि वश गरेर बलियो राजा भई रहे ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

जैमिने मुनिशार्दूल स मुनिः कुम्भसम्भवः ।
दशग्रीवसमुत्पत्तिमुक्त्वाकारुणिकेश्वरम् ॥३॥
मुनिभिर्वेष्टितो भूत्वा ययौ चन्द्रसमन्वितः ।

हे मुनि जैमिनि ! ती मुनि अगस्त्य रावणको उत्पत्ति भनेर, मुनिहरूले घेरिई चन्द्रमाका साथ कारुणिकेश्वरमा गए ।

चन्द्रमास्तत्र दानानि दत्वा कारुणिकेश्वरम् ॥४॥
दृष्ट्वा स प्रययौ धीरो द्रष्टुं वै वज्रयोगिनीम् ।

चन्द्रमाले त्यहाँ दान दिएर कारुणिकेश्वरको दर्शन गरी अनि ती धीर (चन्द्रमा) वज्रयोगिनी हेर्न गए ।

वज्रां देवीं समभ्यर्च्य यथाविभवविस्तरैः ॥५॥
द्रष्टुं नारायणं देव ययौ दोलागिरिं विधुः ।

विधिपूर्वक वज्रयोगिनी देवीलाई पूजा गरेर नारायण देवको दर्शन गर्न चन्द्रमा दोलागिरिमा गए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तलिङ्गमालोक्य सर्वपापप्रणासनम् ॥६॥
पुनः कुम्भेश्वर द्रष्टुं जगामागस्त्यसंयुतः ।

सबै पाप नाश गर्ने अनन्तलिङ्गलाई हेरेर फेरि अगस्त्यका साथ कुम्भेश्वरलाई दर्शन गर्न गए ।

गत्वा किंचित् ततो दूर विश्रान्तोऽगस्त्यसंयुतः ॥७॥
ततो जलाशये एकश्चटकः सलिलं तदा ।
पातुं समागतं वीक्ष्य श्येन एकः प्रधावितः ॥८॥

अगस्त्यका साथ केही टाढा गएर थकाइ मारेका थिए, अनि जलाशयमा एउटा भँगेरो पानी पिउन आएको देखेर एउटा बाज दौडियो ।

श्येनो गृहित्वा चटकं दृष्ट्वा चन्द्रः कृपान्वितः ।
त्याजयामास चटकं चन्द्रमा मुनिपुङ्गव ॥९॥

हे मुनि ! बाजले भँगेरो समातेको देखेर दया भएका चन्द्रमाले भँगेरालाई छुटाए ।

मुमूर्षुं चटकं दृष्ट्वा चन्द्रमास्तं जलाशये ।
स्थापयामास कृपया घटसम्भवसंयुतः ॥१०॥

अगस्त्य सँगै भएका चन्द्रमाले भँगेरो मर्न आँटेको देखेर दयाले गर्दा त्यसलाई जलशयमा राखिदिए ।

प्राणांस्तत्याज चटकस्तस्मिँस्तीर्थे मनोहरे ।
ततो दिव्यतनुर्भूत्वा तप्तकाञ्चनभूषणः ॥११॥
बभूव चटकः सद्यस्तत्र त्यक्त्वा कलेवरम् ।

भँगेरोले त्यो मनोहर तीर्थमा प्राण छोड्यो । अनि उत्तिखेरै भँगेरोको शरीर छोडेर तातेको सुनले सिंगारिएको दिव्य शरीर भएको भयो ।

शिवरूपधरास्तत्र शिवदूताः समागताः ॥१२॥
विमानवरमादाय ज्वलत्पावकतेजसः ।
विमाने स्थापयामासुर्विद्याधरमिवापरम् ॥१३॥
चामरैर्वीज्यमानं तं द्वितीयमिव भास्करम् ।
विस्मितोऽभूत् क्षपानाथो मुनिभिः परिवारितः ॥१४॥

बलेको आगोको जस्तो तेज भएको असल विमान लिएर शिवको रूप धारण गरेका शिवका दूतहरू आए। अर्को विद्याधरलाई झैं गरी विमानमा राखे । चमरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हम्किएको दोस्रो सूर्य जस्तो उनलाई देखी मुनिहरू सँगै भएका चन्द्रमा आश्चर्य भए ।

भूत्वा च विस्मितश्चन्द्र उवाच घटसम्भवम् ।
स्थापयिष्यामि तीर्थेऽस्मिन् शिवलिङ्गं मनोहरम् ।१५।।

आश्चर्य भएर चन्द्रमाले अगस्त्यलाई भने– यस तीर्थमा मनोहर शिवलिङ्गको स्थापना गर्दछु ।

चटकस्य चरित्रं हि दृष्ट्वा हर्षसमागतः ।
चन्द्रस्य वचनं श्रुत्वा प्राह वै घटसम्भवः ।।१६।।

भँगेरोको चरित्र देखेर हर्षित भएका अगस्त्यले चन्द्रको वचन सुनेर भने–

स्थापयात्र महालिङ्गं तीर्थे परमदुर्लभे ।

यो पाइ नसक्नु तीर्थमा महालिङ्गको स्थापना गर्नुहोस् ।

ततो विधुर्मुनिप्रोक्तैर्मन्त्रैः परमपावनैः ।।१७।।
स्वनाम्ना स्थापयामास लिङ्गं विभवविस्तरैः ।

त्यसपछि मुनिहरूले भनिएका परम पवित्र मन्त्रहरूका साथ विधिपूर्वक चन्द्रमा ले आफ्नै नामबाट लिङ्ग-स्थापना गरे ।

स्थापनादेव लिङ्गस्य निशानाथः स्वकां प्रभाम् ।।१८।।
प्रतिपेदे मुनिश्रेष्ठ मुनीनामग्रतस्तदा ।

हे श्रेष्ठ मुनि (जैमिनि) ! लिङ्ग-स्थापना गर्नेवित्तिकै मुनिहरूका अगाडि चन्द्रमाले आफ्नो प्रभा (उज्यालो) पाए ।

ततः प्रोवाच भगवानगस्त्यो मुनिसत्तमः ।।१९।।

त्यसपछि भगवान् मुनि अगस्त्यले भने ।

अगस्त्य उवाच– अगस्त्यले भने–

शृण्वन्तु मुनयः सर्वे यथार्थं वचनं मम ।
सोमेन स्थापितं यस्माच्छिवलिङ्गमनुत्तमम् ।।२०।।
सोमलिङ्गं ततो विप्रा नाम चास्य भविष्यति ।

सबै मुनिहो, मेरो यथार्थ (जस्ताको तस्तो) कुरा सुन्नुहोस्– सोम (चन्द्रमा) ले उत्तम शिवलिङ्गको स्थापना गरेकोले हे ब्राह्मणहो ! यसको नाम सोमलिङ्ग हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरश्चटकतीर्थे हि स्नात्वा भक्तिपरायणः ॥२१॥
सोमलिङ्गं प्रभुं दृष्ट्वा मुच्यते घोरकिल्विषात् ।

भक्ति भएको मानिस चटक(भँगेरो)तीर्थमा नुहाई सोमलिङ्गको दर्शन गरेपछि घोर पापवाट छुट्छ ।

चतुर्दश्यां सोमवारे सोमलिङ्गं वरं भुवि ॥२२॥
ये च द्रक्ष्यन्ति मनुजास्तेषां सिद्धिः करस्थिता ।

चतुर्दशीमा, सोमवारमा असल सोमलिङ्गलाई पृथ्वीमा जो मानिसले दर्शन गर्नेछन्, सिद्धि त तिनीहरूको हातैमा रहन्छ ।

हेलयाऽपि च ये लोकाः सोमलिङ्गं शुभोदयम् ॥२३॥
द्रक्ष्यन्ति सोमवारे वै तेऽपि स्युः शिववल्लभाः ।

शुभ उदय भएको सोमलिङ्गलाई खेलवाडले पनि जसले सोमवारमा हेर्नेछन्, ती पनि शिवका प्यारा हुनेछन् ।

तीर्थे हि कलविङ्कस्य जलस्पर्शेन मानवः ।२४॥।
मुच्यते घोरपापेभ्यो नात्र कार्या विचारणा ।

भँगेरा(चटक)को तीर्थमा गई जल छुनाले पनि मानिस घोर पापवाट छुट्छ, यसमा विचारै गर्नुपर्दैन ।

सत्यं सत्यं पुनः सत्यं शृण्वन्तु मनयो वचः ॥२५॥
सोमलिङ्गस्य भक्तानां नापत् कुत्रापि वर्तते ।
सोमलिङ्गस्य भक्तानां धनधान्यं भविष्यति ॥२६॥

मुनिहो ! खूब साँचो कुरा सुन्नुहोस्– सोमलिङ्गका भक्तहरूको आपत्ति कहीं पनि हुँदैन । सोमलिङ्गका भक्तहरूको धन धान्य (प्रशस्त) हुनेछ ।

इत्युक्त्वा स मुनीन् सर्वानगस्त्यः कुम्भसम्भवः ।
उवाच चन्द्रं विधिवत् पूजयाशु महेश्वरम् ॥२७॥

घैंटोवाट जन्मेका ती अगस्त्यले सबै मुनिहरूलाई यति भनेर चन्द्रमालाई चाँडो महेश्वरको पूजा गर्नुहोस् भने ।

चतुर्वेदोक्तमन्त्रैश्च मुनीनां मुखनिःसृतैः ।
पूजयामास विधिवत् सोमलिङ्गं कलानिधिः ॥२८॥

मुनिहरूका मुखबाट निस्केका चार वेदका मन्त्रहरूले सोमलिङ्गलाई विधिपूर्वक चन्द्रमाले पूजा गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

पूजयित्वा यथान्यायं चन्द्रः सोऽगस्त्यसंयुतः ।
मुनिभिर्वेष्टितो भूत्वा कुम्भेश्वरशिवं ययौ ॥२९॥

अगस्त्य साथमा भएका चन्द्रमाले क्रमअनुसार पूजा गरेर मुनिहरू वरिपरि भएको भएर कुम्भेश्वर शिवकहाँ गए ।

कुम्भेश्वरं पूजयित्वा स मुनिः कुम्भसम्भवः ।
हरसिद्धिं समालोक्य दक्षिणाशां ययौ तदा ॥३०॥

कुम्भेश्वरलाई पूजा गरेर र हरसिद्धिलाई दर्शन गरी ती मुनि अगस्त्य दक्षिण दिशातिर गए ।

चन्द्रोऽपि निर्मलो भूत्वा स्वर्लोकं प्रजगाम हि ।
यज्ञभागं जहार स्वं सर्वदेवैः प्रपूजितः ॥३१॥

चन्द्रमा पनि निर्मल भएर आफ्नो लोकमा गए । सबै देवताले पूजा गरिएका छँदा आफ्नो यज्ञको भाग लिए ।

स्वं स्वं स्थानं ययुः सर्वे मुनयो लोकपूजिताः ।

लोकले पूजिएका सबै मुनिहरू आ-आफ्नो स्थानमा गए ।

सोमलिङ्गसमुत्पत्तिं यः शृणोति नरोत्तमः ॥३२॥
इह लोके सुखं भुक्त्वाऽप्यन्ते स्वर्गमवाप्नुयात् ।

जो उत्तम मानिसले सोमलिङ्गको उत्पत्ति सुन्छ, त्यसले यस लोकमा सुख भोगेर अन्तमा स्वर्ग पाउला ।

प्रायः कलियुगे कोऽपि सोमलिङ्गस्य तत्त्वतः ॥३३॥
न वेद महिमानं वै जैमिने मुनिसत्तम ।

हे मुनिसत्तम जैमिनि ! प्रायः कलियुगमा कसैले पनि सोमलिङ्गको महिमा तत्त्व-पूर्वक जान्दैन ।

इति ते कथितं विप्र किमन्यच्छ्रोतुमिच्छसि ॥३४॥

हे विप्र (जैमिनि) ! यस्तो तपाईंलाई भनें, अरू के सुन्न चाहनुहुन्छ ?

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये षड्विंशोऽध्यायः ॥२६॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपालमाहात्म्यको छब्बीसौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्ताइसौं अध्याय

सूत उवाच– सूतले भने–

मार्कण्डेयमुखोद्भूतं सोमेश्वरसमुद्भवम् ।
श्रुत्वा तुष्टतमो भूत्वा जैमिनिः पर्यपृच्छत ।।१।।

मार्कण्डेयको मुखवाट निस्केको सोमेश्वरको उत्पत्ति सुनी खूब खुशी भएर जैमिनिले सोधे–

जैमिनिरुवाच– जैमिनिले भने–

मार्कण्डेय महाभाग साधु साधु मुनीश्वर ।
त्वद्वक्त्राम्बुजनिर्यातां कथाममृतरूपिणीम् ।।२२।।
पिवतो नास्ति मे तृप्तिः सन्तोषश्च परोऽभवत् ।

हे महाभाग मुनीश्वर मार्कण्डेय ! राम्रो राम्रो, तपाईंको मुख-कमलवाट निस्केको, अमृतरूप कथा पिउने मेरो तृप्ति नै हुँदैन, सन्तोष भने खूबै भयो ।

सोमलिङ्गसमुत्पत्तिं दशग्रीवकथान्विताम् ।।३।।
श्रुत्वा मे परमस्तोषो जातश्च मुनिसत्तम ।

हे मुनि ! रावणको कथासहित सोमलिङ्गको उत्पत्ति सुनेर मलाई खूब सन्तोष भयो ।

अन्यान्यपि च लिङ्गानि सोमलिङ्गसमानि च ।।४।।
ब्रह्मन् कथय मे भूयः श्लेष्मान्तकवनं मुने ।

हे ब्राह्मण मुनि ! श्लेष्मान्तक वनमा रहेका सोमलिङ्ग जस्ता अरू लिङ्गहरू मलाई फेरि भन्नुहोस् ।

इति जैमिनिवाक्येन प्रेरितो मुनिसत्तमः ।।५।।
मार्कण्डेयो महाभागः पुनराह कथां शुभाम् ।

जैमिनिका यस्ता कुराले प्रेरित भएका महाभाग मार्कण्डेय मुनिले फेरि राम्रो कथा भने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयले भने–

जैमिनेऽहं प्रवक्ष्यामि भृङ्गीश्वरसमुद्भवम् ।।६।।
यस्य श्रवणमात्रेण सर्वपापैः प्रमुच्यते ।

हे जैमिनि ! म भृङ्गीश्वरको उत्पत्तिको कथा भन्छु, जुन सुन्नाले मात्रै पनि सबै पापबाट छुटिन्छ ।

पुरा कैलाशशिखरे नानाधातुविचित्रिते ।।७।।
नानानिर्झरणोपेते नानाद्रुमसमन्विते ।
अप्सरोगणसंकीर्णे सिद्धविद्याधरान्विते ।।८।।
मन्दाकिनीस्वर्णपद्मसमूहैश्च विराजिते ।
नानापक्षिनिनादेन सदा श्रुतिमनोहरे ।
नानाविधैः शिवगणैः समन्तात् परिवेष्टिते ।।१०।।

विभिन्न धातुहरूले विचित्र भएको, अनेक किसिमका झरनाहरू, विभिन्न रूखहरू र अप्सराहरू जतातततै भएको, सिद्ध विद्याधरहरू, मन्दाकिनी (स्वर्गङ्गा) र सुनका कमलहरू भएको, कामधेनुहरू कल्पवृक्षहरू भएको, विभिन्न चराहरूका अवाजले गर्दा सधैं सुनिरहूँ जस्तो भएको र अनेक शिवका गणहरूले चारैतिरबाट घेरिएको –

व्याघ्राननैर्बिडालास्यैः शार्दूलवदनैस्तथा ।
अपादैर्बहुपादैश्च ह्रस्वपादैस्तथैव च ।।११।।
अकर्णैर्बहुकर्णैश्च गोकर्णैः खरकर्णकैः ।
अश्वकर्णैरुष्ट्रकर्णैर्गजकर्णैर्महोदरैः ।।१२।।
कुब्जैर्वानरकैर्दीर्घैर्विकटैर्दन्तुरैस्तथा ।
उदरास्यैर्महास्यैश्च बहुहस्तैस्तथैव च ।।१३।।
वानरास्यैर्वराहास्यैर्हस्तशून्यैस्तथैव च ।
एवंविधगणैस्तत्र समन्तात् परिवारिते ।।१४।।

वाघको मुख भएका, विरालोको मुख भएका र सिंहको जस्तो मुख भएका, खुट्टै नभएका, धेरै खुट्टा भएका र छोटा खुट्टा भएका, कानै नभएका, धेरै कान भएका गाईको जस्तो कान भएका, गधाको जस्तो कान भएका, घोडाको जस्तो कान भएका, ऊँटको जस्तो कान भएका र हात्तीको जस्तो कान भएका, ठूलो पट भएका, कुब्ज वानर, लामा र नमिलेका दन्तुर, पेट जस्तो मुख भएका, ठूलो मुख भएका, धेरै हात भएका, बाँदरको जस्तो मुख भएका, बँदेलको जस्तो मुख भएका र हातै नभएका यस्ता गणहरूले चारैतिरबाट घेरिएको कैलाशको चुचुरामा–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याघ्रचर्मसमासीनं शशाङ्कधवलं शिवम् ।
विभूतिभूषितं त्र्यक्षं परमानन्दरूपिणम् ॥१५॥
सुप्रसन्नमुखं दृष्ट्वा हसन्तं स्मितभाषिणम् ।

वाघको छालामा वसेका, चन्द्रमा जस्ता सेता, विभूति (खरानी) ले सिंगारिएका, परमानन्दरूपी, प्रसन्न मुख भएका, हँसिला र मुस्कुराएर वोल्ने शिवलाई देखेर–

एकान्ते गिरिजा देवी प्रणम्य च कृताञ्जलिः ॥१६॥
विनयात् परिपप्रच्छ कौतूहलसमन्विता ।

एकान्तमा कौतूहल भएकी गिरिजा (पार्वती) देवीले हात जोरेर प्रणाम गरी नम्रतापूर्वक सोधिन् ।

पार्वत्युवाच– पार्वतीले भनिन्–

देवदेव महादेव शशाङ्ककृतशेखर ॥१७॥
कथां विचित्रां कथय कस्याप्यविदितां प्रभो ।

देवताका पनि देवता चन्द्रमालाई शिरको गहना वनाएका हे महादेव प्रभु ! कसैले पनि नजानेको अनौठो कथा भन्नुहोस् ।

त्वत्तः श्रुत्वा कथां चित्रां सखीनामग्रतः प्रभो ॥१८॥
वक्ष्येऽहं जगतां नाथ तासां तोषो भविष्यति ।

प्रभु ! तपाईंवाट विचित्र कथा सुनेर साथीहरूका अगाडि म भन्छु, जगत्का मालिक ! अनि तिनीहरू खुशी हुनेछन् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

पार्वत्या वचनं श्रुत्वा विहस्य जगतां पतिः ॥१९॥
नन्दिकेशं समाहूय वचनं चेदमब्रवीत् ।

पार्वतीको कुरो सुनी जगत्का पतिले हाँसेर, नन्दिकेशलाई वोलाई यो कुरो भने-

यावद् देव्या कथां कुर्वे विचित्रे मन्दिरोत्तमे ॥२०॥
द्वारि स्थित्वा नन्दिकेश गणान् सर्वान् निवारय ।

जुन वेलासम्म विचित्रको यो श्रेष्ठ मन्दिरमा कथा भन्छु, त्यहाँसम्म नन्दिकेश ! ढोकामा वसेर सवै गणहरूलाई हटाऊ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महादेववचः श्रुत्वा नन्दिकेशः शिवाशया ॥२१॥
द्वाःस्थो भूत्वा गणान् सर्वान् वारयामास तत्क्षणात् ।

महादेवको कुरो सुनेर शिवको आज्ञाअनुसार ढोकामा रहेर नन्दिकेशले उत्तिखेरै सबै गणहरूलाई हटाए ।

ततो विचित्रभवने सह देव्या महेश्वरः ॥२२॥
गत्वा दत्वा कपाटं च कथां प्राह मनोहराम् ।

त्यसपछि विचित्र घरमा गई ढोका लगाएर देवी (पार्वती) का साथ (रही) महेश्वरले मनोहर कथा भने ।

एतस्मिन्नन्तरे भृङ्गी स्वकीयभवनं ययौ ॥२३॥
गत्वा स्वभवनं भृङ्गी चिन्तयित्वा क्षणार्धतः ।
भृङ्गरूपं समास्थाय ययौ तत्र महेश्वरः ॥२४॥

यसै वीचमा भृङ्गी आफ्नो घरमा गयो, आफ्नो घरमा गई एकै छिन विचार गरेर, भृङ्गी भृङ्ग (भमरो) को रूप लिई महेश्वरकहाँ गयो ।

कपाटच्छिद्रमार्गेण भृङ्गी तत्र विवेश ह ।

ढोकाको प्वालको वाटो गरेर भृङ्गी त्यहाँ पस्यो ।

पार्वतीपुरतः प्रोक्ताः कथाश्चामृतसन्निभाः ॥२५॥
प्रत्याह भृङ्गरूपेण भृङ्गी शुश्राव ताः कथाः ।

पार्वतीको अगाडि भनिएका अमृत जस्ता कथा भनिए, भमरोको रूप लिएको भृङ्गीले ती कथा सुने ।

स्वस्त्रियै विजयानाम्न्यै प्रत्याह तां कथां वराम् ॥२६॥
कथयामास भृङ्गी वै महादेवमुखाच्छ्रुताम् ।

विजया नामकी आफ्नी स्वास्नीलाई महादेवको मुखवाट सुनेको त्यो उत्तम कथा भृङ्गीले भने ।

एकदा गिरिजा देवी विचित्रासनसंस्थिता ॥२७॥
विजयाद्याः सखीः सर्वाः प्रोवाच स्मितपूर्वकम् ।
कथयामि कथां दिव्यां कयाऽपि हि न च श्रुताम् ॥२८॥

एकदिन विचित्रको आसनमा वसेकी पार्वती देवीले मुस्कुराउँदै विजयादि गरेका सबै साथीहरूलाई कसैले पनि नसुनेको दिव्य कथा भन्छु भनिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृताञ्जलिपुटाः प्रोचुर्जयाद्या गिरिजां तदा ।
आज्ञापय महादेवी दैत्यदर्पनिसूदिनि ॥२९॥

अनि हात जोरेका जयादिहरूले पार्वतीलाई दैत्यको सेखी तोड्ने हे महादेवी ! आज्ञा होस् ! भने ।

इति तासां वचः श्रुत्वा गिरिजा हरवक्त्रतः ।
निर्गतां कथयामास परमानन्दतस्तथा ॥३०॥

यस्तो तिनीहरूको कुरो सुनेर पार्वतीले शिवको मुखबाट निस्केको कथा खूब आनन्दसँग भनिन् ।

सखिमध्यात् समुत्थाय विजया प्राह चण्डिकाम् ।
मयाऽपि ज्ञायते देवी कथय त्वं प्रसादतः ॥३१॥
कथयामि कथामुक्त्वा विजया प्रावदत् कथाम् ।

सखीहरूको बीचबाट उठेर विजयाले पार्वतीलाई भनिन्, हजूर भन्नुहोस्, निगाह भए म भन्छु भनेर विजयाले कथा भनिन् ।

विजयावक्त्रतः श्रुत्वा कथां सा हरवल्लभा ॥३२॥
दुःखिताऽभूत् समुत्थाय ययौ च हरसन्निधौ ।

विजयाको मुखबाट कथा सुनेर ती पार्वती दुःखित भइन् र उठेर शिवको नजीकमा गइन् पनि ।

अतीव दुःखितां दृष्ट्वा शङ्करः प्राणवल्लभाम् ॥३३॥
प्रोवाच स्नेहपूर्वं हि विषण्णाऽसि कथं प्रिये ।

प्राणप्यारीलाई ज्यादै दुःखी देखेर शङ्करले माया गरेर भने–प्यारी ! किन खिन्न छौ ?

इति शम्भुवचः श्रुत्वा प्रोवाच गिरिजा रुषा ॥३४॥
स्फुरदोष्टपुटद्वन्द्वा वेपमाना मुहुर्मुहुः ।

यस्तो शिवको कुरो सुनेर रिसले दुवै ओठ फरफराएकी र वारंवार काम्दी पार्वतीले भनिन् ।

महादेव न जानामि हृदयं कुटिलं तव ॥३५॥
उक्ता कथा या भवता संगोपनपरेण च ।
मदग्रे जगतां नाथ त्वयैव विजयाऽपि च ॥३६॥
सखीनामग्रतो लज्जा मम जाता महेश्वर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महादेव ! तपाईंको वाङ्गो मन म जान्दिनँ, गोप्य गरेर हजूरले मलाई जुन कथा मेरा अगाडि भन्नुभयो, जगत्का नाथ ! त्यै कथा तपाईंले विजयालाई पनि भन्नुभएछ, महेश्वर ! साथीहरूको अगाडि मलाई लाज मर्नुभयो ।

इति तस्या वचः श्रुत्वा प्रोवाच गिरिजां हरः ॥३७॥
मा विषीद वरारोहे यावद् ध्यानं करोम्यहम् ।

यस्तो तिनको कुरा सुनेर शिवले पार्वतीलाई भने– सुन्दरी ! खिन्न नहोऊ, म जहाँसम्म ध्यान गर्छु ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो –

इत्युक्त्वा गिरिजां नाथो दध्यौ तस्मिन् क्षणे मुने ॥३८॥

हे मुनि (जैमिनि) ! पार्वतीका पतिले यति भनेर तुरुन्तै ध्यान गरे ।

ध्यात्वा तु कारणं ज्ञात्वा चाहूय भृङ्गिणं शिवः ।
क्रोधसंरक्तनयनः शशापाशु स भृङ्गिणम् ॥३९॥

ध्यान गरेपछि त कारण थाहा पाई भृङ्गीलाई बोलाएर रिसले राता आँखा भएका शिवले त्यस भृङ्गीलाई तुरुन्तै सराप दिए ।

त्वया कपटपूर्वं हि भृङ्गरूपेण चाधम ।
रहोवार्ता श्रुता यस्माद्देव्यग्रे च मयोदिता ॥४०॥
अतो ध्वंसेति कैलासान्मानुषो भव सर्वथा ।

अधम ! तैंले छल गरेर भमरो रूपले मैले देवीका अगाडि भनेको एकान्तको कुरा सुनिछस्, त्यसैले कैलासबाट नाश भएस्, मानिस भइहालेस् ।

शापं सुदारुणं लब्ध्वा भृङ्गी देवान्महेश्वरात् ॥४१॥
दण्डवत् प्रणिप्रत्याग्रे वचनं चेदमब्रवीत् ।

महेश्वर देवबाट भृङ्गीले भयङ्कर सराप पाएपछि अगाडि लौरी झैं पत्रिएर यो कुरो भन्यो ।

भृंग्युवाच – भृङ्गीले भन्यो–

अजानता मया देव चरितं विप्रियं तव ॥४२॥
क्षन्तव्यो मेऽपराधस्तु देवदेव महेश्वर ।

देव ! मैले नजानेर तपाईंको मन नपर्ने काम गरें, देवताका पनि देव हे महेश्वर ! मेरो अपराध क्षमा गरिदिनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दस्य मम दुष्टस्य चापराधः पदे पदे ॥४३॥
अन्तरेण महादेव कः सहेतापरः प्रभुः ।

मन्द र दुष्ट मेरो अपराध पाइला पाइलामा महादेव बाहेक कुन अर्को मालिकले सहला र ?

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

इति भृङ्गिवचः श्रुत्वा महादेवः कृपानिधिः ॥४४॥
उवाच भृङ्गिन् मे वाक्यं न कदाऽपि मृषा भवेत् ।

यस्तो भृङ्गीको कुरो सुनेर दयाका खानी महादेवले भने– भृङ्गी! मेरो वाक्य कहिल्यै झूटो हुँदैन ।

पृथिव्यां ब्राह्मणो भूत्वा विद्यावान् धार्मिकः कृती ॥४५॥
नवलक्षमिता गाथाः कृत्वा रससमन्विताः ।
शिवलिङ्गं हि संस्थाप्य क्षेत्रे परमदुर्लभे ॥४६॥
मानुष्यं हि परित्यज्य कैलासं पुनरेष्यसि ।

(तैपनि) पृथिवीमा विद्यावान्, धार्मिक र सन्तुष्ट ब्राह्मण भएर, रसले युक्त भएका नौ लाख गाथा गरेर, अनि पाइनसक्नु क्षेत्रमा शिवलिङ्ग स्थापना गरेपछि मानिसको चोला छोडेर फेरि कैलासमा आउनेछौ ।

इति शङ्करवाक्यान्ते भृङ्गी परमदुःखितः ॥४७॥
पतितः पृथिवीमध्ये स्वापराधेन जैमिने ।

जैमिनि ! शङ्करको यस्तो वाक्यपछि ज्यादै दुःखी भएको भृङ्गी आफ्नो अपराधद्वारा पृथिवीमा खस्यो ।

पुत्रोऽभूद्विष्णुदत्तस्य मथुरायां सुतेजसः ॥४८॥
जातकर्मादिकं चास्य पिता चक्रे समाहितः ।
गुणाढ्य इति तन्नाम पृथिव्यां प्रथितं तदा ॥४९॥

(यो त) मथुराका तेजिला विष्णुदत्तका छोरा भए। एकाग्र चित्त भएका यिनका बाबुले जातकर्मादि गरे, अनि पृथिवीमा गुणाढ्य प्रख्यात नामका भए ।

पपाठ सकला विद्या मुने व्याकरणादिकाः ।
स सर्वशास्त्रवेत्ताऽभूद् गुणाढ्यो द्विजसत्तम ॥५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रेष्ठ ब्राह्मण हे मुनि ! ती गुणाढचले व्याकरण आदि सबै विद्या पढे, र सबै शास्त्र जान्ने भए ।

पितर्युपरते सोऽथ गुणाढचो गुणसंयुतः ।
ययावुज्जयिनीं धीरो मदनो यत्र भूपतिः ॥५१॥

पिता मरेपछि गुणले युक्त, धीर गुणाढच उज्जयिनी गए, जहाँ राजा मदन थिए ।

आचार्यः सर्ववर्माऽभून्मदनद्वारि पण्डितः ।
स परीक्ष्य महाबुद्धि गुणाढचं कविपण्डितम् ॥५२॥
कथयामास भूपाय सर्ववर्मा बुधोत्तम ।

मदनको द्वारपण्डित आचार्य सर्ववर्मा थिए। तिनले धेरै बुद्धि भएका कवि पण्डित गुणाढचलाई परीक्षा गरेपछि विद्वान्मा श्रेष्ठ सर्ववर्माले राजालाई भने–

यथार्थनामा नृपते गुणाढचोऽयं द्विजोत्तमः ॥५३॥
योग्योऽथ भवतो द्वारि वृत्तिरस्मै प्रदीयताम् ।

राजा ! श्रेष्ठ ब्राह्मण यी गुणाढच (गुण प्रशस्त भएको) नामअनुसारका छन्, हजूरको ढोकामा रहन योग्य छन्, यिनलाई वृत्ति दिनुहोस् ।

मुने मदनभूपस्य भार्याभूदतिसुन्दरी ॥५५॥
नाम्ना लीलावती देव विद्या व्याकरणादिकाः ।

हे मुनि ! मदन राजाकी खूब राम्री लीलावती नामकी भार्या थिइन् र व्याकरण आदि विद्या जान्दथिन् ।

राजा व्याकरणं नैव जानाति मुनिपुङ्गव ।

हे श्रेष्ठ मुनि ! राजा व्याकरण जान्दै जान्दैनथे ।

एकदा ग्रीष्मसमये घर्मार्तो मदनो नृपः ॥५७॥
लीलावतीसमायुक्तो जलक्रीडां चकार हि ।

एक दिन ग्रीष्मको समयमा लीलावती साथ भएका गर्मीले सताइएका मदन राजाले जलक्रीडा गरे ।

जलाञ्जलिप्रदानेन परस्परमभीक्ष्णशः ॥५८॥
चिक्रीडतुर्दम्पती तौ सखीभिः परिवारितौ ।

परस्परमा खूबसँग पानीका अञ्जलि दिएर (छ्यापाछ्याप गरेर) साथीहरू वरिपरि भएका ती दम्पती खेले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलाञ्जलिप्रदानेन खिन्ना लीलावती पतिम् ॥५९॥
प्राह नाथ परिश्रान्ता मोदकं देहि सर्वथा ।

अँजुलीले पानी छ्याप्नाले थाकेकी र खिन्न भएकी लीलावतीले पतिलाई भनिन्- नाथ ! मोदक दिनुहोस् ।

प्रस्तावसदृशं वाक्यमबुध्वा नृपतिस्तदा ॥६०॥
लड्डुका दापयामास नानारससमन्विताः ।

राजा प्रस्ताव जस्तो वाक्य (मा-उदकं देहि–पानी नछ्याप्नुहोस् भन्ने कुरो) नबुझेर विभिन्न रस भएका लड्डू दिंदा भए ।

एतादृशं पतिं वुध्वा ज्ञानशून्यं मुने तदा ॥६१॥
लीलावती जिहासोच्चैर्विषण्णा चाऽभवत् क्षणात् ।

हे मुनि (जैमिनि) ! ज्ञानै नभएको यस्तो पतिलाई बुझेर लीलावती जोरसँग खित्का छोडेर हाँसिन् र उत्तिखेरै खिन्न पनि भइन् ।

उच्चैर्हाससमायुक्ता विषण्णा तदनन्तरम् ॥६२॥
व्रीडितोभून्नरपतिर्मदनो मुनिपुङ्गव ।

हे श्रेष्ठ मुनि ! पहिल्यै खित्का छोडेर हाँसेकी र त्यसपछि खिन्न भएकी (रानीलाई देखेर) मदन राजा लज्जित भए ।

एकान्ते सर्ववर्माणमाचार्यं पण्डितोत्तमम् ॥६३॥
गुणाढ्यं च तथाऽऽहूय राजा वचनमब्रवीत् ।

एकान्तमा श्रेष्ठ पण्डित आचार्य सर्ववर्मालाई र गुणाढ्यलाई पनि बोलाएर राजाले भने ।

राजोवाच– राजाले भने–

मत्पण्डितावुभावेव भवन्तौ गुणसंयुतौ ।
मया जलविहारेऽद्य लज्जा लब्धा कलत्रतः ॥६४॥

तपाईंहरू दुवै नै गुणले युक्त मेरा पण्डितहरू हुनुहुन्छ, मैले आज जलविहारमा (पौडी खेल्दामा) स्वास्नीबाट लाज पाएँ ।

प्राह लीलावती मां तु मोदकं देहि भूपते ।
इति तस्या वचः श्रुत्वा ततोऽहं द्विजसत्तमौ ॥६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोदकानां सहस्रं हि ददौ तस्यै क्षणार्धतः ।
सा जहास तदा राज्ञी विषण्णा चाभवत् क्षणात् ।।६६।।

लीलावतीले 'मलाई मोदक दिनुहोस् राजा' भनिन्, त्यस्तो तिनको कुरा सुनेर मैले त ब्राह्मणहो ! उत्तिखेरै हजारौं लड्डूहरू तिनलाई दिएँ, अनि त रानी हाँसिन् र उत्तिखेरै खिन्न पनि भइन् ।

ततो विषादो मे जातो लज्जा च महती पुनः ।
कोऽर्थो मोदकशब्दस्य भवेद्ब्राह्मणसत्तमौ ।।६७।।

त्यसपछि म खिन्न भएँ, फेरि ठूलो लाज पनि भयो, मोदक शब्दको अर्थ के हो हँ ब्राह्मणहो !

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये सप्तविंशोऽध्यायः ।।२७।।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपालमाहात्म्यको सत्ताइसौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अठ्ठाइसौं अध्याय

मार्कण्डेय उवाच – मार्कण्डेयले भने–

इति तस्य वचः श्रुत्वा भूपतेर्द्विजसत्तमौ ।
ऊचतुर्युक्तिमद्वाक्यं भूपतिं वाक्यकोविदौ ॥१॥

ती राजाको यस्तो कुरो सुनेर कुरामा सिपालु भएका दुवै असल ब्राह्मणहरूले राजालाई युक्तियुक्त कुरो भने ।

सर्ववर्मगुणाढ्यावूचतु– सर्ववर्मा र गुणाढ्यले भने–

राजँल्लीलावती राज्ञी गौडभूपस्य कन्यका ।
सा विद्या विविधा वेद काव्यव्याकरणादिकाः ॥२॥

राजा ! रानी लीलावती गौड राजाकी छोरी हुनुहुन्छ । वहाँ विभिन्न किसिमका काव्य र व्याकरण आदि जान्नुहुन्छ ।

उदकं मा प्रयच्छेति तयोक्तं नृपसत्तम ।
अपां विहारे भवता प्रस्तावो नावधारितः ॥३॥

राजा ! उहाँले जल-विहारमा पानी नदिनुहोस् (नछ्याप्नुहोस्) भन्नुभयो, हजूरले प्रसंग (भनेको कुरो) वुझ्नुभएन ।

अतस्तया च हसितं नान्यदस्तीह कारणम् ।
एवं वचस्तयो श्रुत्वा मदनः प्राह तौ पुनः ॥४॥

यसैले उहाँ हाँस्नुभयो, यसमा अर्को कारण छैन । ती दुइटाको यस्तो कुरा सुनर मदनले ती दुवैलाई फेरि भने ।

कालेन कियता विप्रौ ज्ञानं व्याकरणे मम ।
भवेत् तद्विजशार्दूलावेष मे संशयो महान् ॥५॥

ब्राह्मणहो ! कति समयमा व्याकरणमा मेरो ज्ञान होला ? श्रेष्ठ ब्राह्मणहो ! यसमा मेरो ठूलो शङ्का छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति तस्य वचः श्रुत्वा गुणाढ्यः प्राह भूपतिम् ।
अब्दैर्द्वादशभिर्भूप ज्ञानं व्याकरणे तव ॥६॥
अहं हि कारयिष्यामि नात्र कार्या विचारणा ।

यस्तो उनको कुरा सुनेर गुणाढ्यले राजालाई भने– राजा ! बाह्र वर्षमा व्याकरणको ज्ञान तपाईंलाई मै गराउँछु, यसमा शङ्का नै छैन ।

गुणाढ्यवचनं श्रुत्वा सर्ववर्मा बुधाग्रणीः ॥७॥
राजानं प्राह राजेन्द्र ज्ञानं व्याकरणे तव ।
वर्षद्वयेन संपूर्ण कारयिष्याम्यहं किल ॥८॥

गुणाढ्यको कुरा सुनेर पण्डितहरूमा अग्रणी (मुख्य) सर्ववर्माले राजालाई भने– राजा ! म दुई वर्षमै तपाईंलाई व्याकरण जान्ने गराउँछु ।

इति तस्य वचः श्रुत्वा भूपति प्राह तं पुनः ।
तिनको यस्तो कुरा सुनेर राजाले फेरि तिनलाई भने ।

राजोवाच – राजाले भने–

यदि वर्षद्वयेनैव ज्ञानं व्याकरणे मम ॥९॥
कारयिष्यसि विप्रेन्द्र राज्यस्यार्ध ददामि ते ।

श्रेष्ठ ब्राह्मण ! यदि दुवै वर्षमा मलाई व्याकरण जान्ने बनाउनुहुन्छ भने आधा राज्य तपाईंलाई दिन्छु ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

एवं तयोर्वचः श्रुत्वा गुणाढ्यः प्राह भूपतिम् ॥१०॥

ती दुइटाको यस्तो कुरा सुनेर गुणाढ्यले राजालाई भने ।

गुणाढ्य उवाच– गुणाढ्यले भने–

यदि वर्षद्वयेनैव ज्ञानं व्याकरणे तव ।
सर्ववर्मा कारयति तदा शास्त्रं त्यजाम्यहम् ॥११॥

यदि सर्ववर्माले दुई वर्षमै तपाईंलाई व्याकरण जान्ने गराए भने म शास्त्र नै छोड्छु ।

तुभ्यं दत्वा हि सर्वस्वं यास्यामि गहनं खलु ।
संस्कृतस्य परित्यागं यावज्जीवं करोम्यहम् ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाईंलाई सर्वस्व दिएर वनमा जानेछु र बाँचुन्जेल म संस्कृतकै त्याग गर्नेछु ।

इति तस्य वचः श्रुत्वा सर्ववर्मा द्विजोत्तमः ।
प्रतिज्ञापूर्वकं प्राह गुणाढ्यं गुणभाषितम् ॥१३॥

यस्तो तिनको (गुणाढ्यको) कुरा सुनेर गुण भएका गुणाढ्यलाई श्रेष्ठ ब्राह्मण सर्ववर्मालि प्रतिज्ञासाथ भने–

यदि वर्षद्वयादर्वाग्ज्ञानं व्याकरणे दृढम् ।
न शक्यते मया कर्तुं नरेन्द्रस्य द्विजोत्तम ॥१४॥
यावज्जीवं परित्यागं संकृतस्य करोम्यहम् ।
सर्वस्वं भवते दत्वा यास्यामि गहनं ध्रुवम् ॥१५॥

हे श्रेष्ठ ब्राह्मण ! यदि दुई वर्षभन्दा अघि नै व्याकरणमा राजाको ज्ञान दृढ गराउन सकिनँ भने बाँचुन्जेल संस्कृत छोड्नेछु, सर्वस्व तपाईंलाई दिएर वनमा जानेछु ।

इति प्रतिज्ञां कृत्वा हि समुत्थाय गृहं ययौ ।
रात्रावाराधयामास कुमारं हरनन्दनम् ॥१६॥
धूपैर्दीपैश्च नैवेद्यैः परां भक्ति समाश्रितः ।
प्रसन्नश्च कुमारोऽभून्निशीथे सर्ववर्मणे ॥१७॥
तं विलोक्य नमश्चक्रे सर्ववर्मा द्विजोत्तमः ।
विनतं तं समालोक्य प्रोवाच हरनन्दनः ॥१८॥

यस्तो प्रतिज्ञा गरी उठेर घर गए । राती शिवका छोरा कुमारलाई धूप दीप नैवेद्यद्वारा खूब भक्तिपूर्वक आराधना गरे । सर्ववर्मासँग राती नै कुमार प्रसन्न भए, तिनलाई (कुमारलाई) देखेर श्रेष्ठ ब्राह्मण सर्ववर्गलि नमस्कार गरे, नम्र ती सर्ववर्मालाई देखेर शिवका छोराले भने ।

कुमार उवाच– कुमारले भने–

वरं वरय विप्रेन्द्र प्रसन्नोऽस्मि न संशयः ।

विप्रेन्द्र ! वर माग, साँच्चै नै प्रसन्न भएको छु ।

कुमारवाक्यमाकर्ण्य सर्ववर्माऽवदत् पुनः ॥१९॥

कुमारको कुरा सुनेर सर्ववर्मालि फेरि भने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्ववर्मोवाच– सर्ववर्माले भने–

यदि प्रसन्नो मे देव स्वल्पं व्याकरणं तदा ।
देहि से मदनो येन पण्डितो भवति ध्रुवम् ॥२०॥

देव ! यदि मसँग खुशी हुनुहुन्छ भने सानो व्याकरण दिनुहोस्, जसद्वारा मदन पण्डित हुन्छन् ।

इति तस्य वचः श्रुत्वा कुमारोऽमितविक्रमः ।
कलापाख्यं व्याकरणं ददौ कृत्वा द्विजन्मने ॥२१॥

यस्तो तिनको कुरा सुनेर खूब पराक्रम भएका कुमारले कलाप नामको व्याकरण वनाएर ब्राह्मणलाई दिए ।

आचार्योऽपि तदादाय पुस्तकं मदनं नृपम् ।
पाठयामास यत्नेन पण्डितो मदनोऽभवत् ॥२२॥

आचार्यले पनि त्यो पुस्तक लिएर मदन राजालाई यत्नपूर्वक पढाए र मदन पण्डित भए ।

मदनस्य दृढं ज्ञानं दृष्ट्वा व्याकरणे तदा ।
गुणाढ्यो लज्जितो भूत्वा सर्वस्वं सर्ववर्मणे ॥२३॥
दत्वा त्यक्त्वा संस्कृतं च जगाम गहनं खलु ।
तत्राश्रमं विधायाशु गुणाढ्योऽप्यतिसुन्दरम् ॥२४॥
विभूतिभूषितो नित्यं जटाजूटसमन्वितः ।
रुद्राक्षमालया नित्यं शिवनाम जजाप हि ॥२५॥

व्याकरणमा मदनको दृढ ज्ञान देखेर, गुणाढ्य लज्जित भई सर्ववर्मालाई सर्वस्व दिएर र संस्कृत पनि छोडेर वनमा गए । गुणाढ्य पनि त्यहाँ खूब राम्रो आश्रम वनाएर विभूतिले सिंगारिएको र जटाजूट ले युक्त भई (जटा पालेर) सधैं रुद्राक्षमालाले शिवको नाम जप्दा भए ।

एकदा ह्याश्रमे तस्य पुलस्त्यो मुनिसत्तमः ।
समागतो दैवयोगान्मुनिभिः परिवारितः ॥२६॥

एक दिन तिनको आश्रममा दैवसंयोगले मुनिहरू वरिपरि लागेका पुलस्त्य मुनि आए ।

तमागतमभिप्रेक्ष्य पुलस्त्यं मुनिसत्तमम् ।
प्रत्युद्ययावादरेण गुणाढ्यो गुणसंयुतः ॥२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रेष्ठ मुनि ती पुलस्त्य आएको देखेर गुण भएका गुणाढ्य आदरसाथ गए ।

आसने तं समावेश्य पाद्यादिभिरथो मुने ।
गुणाढ्यः पूजयामास मुनीनपि यतव्रतान् ॥२८॥

हे मुनि (जैमिनि) ! आसनमा तिनलाई राखेर गुणाढ्यले पाद्यादिद्वारा पूजा गरे र नियत व्रत भएका मुनिहरूलाई पनि पूजा गरे ।

ततो विश्रान्तमासीनं पुलस्त्यं मुनिसंयुतम् ।
गुणाढ्यः परिपप्रच्छ भाषया नतकन्धरः ॥२९॥

त्यसपछि, थकाइ मरेका, बसेका र मुनिहरु सँगै भएका पुलस्त्यलाई नुहेका गुणाढ्यले भाषा (संस्कृतभन्दा अर्को भाषा) मा सोधे ।

गुणाढ्य उवाच – गुणाढ्यले भने–

सर्वा कथा मे विदिता भवता मुनिसत्तम ।
निस्तारस्तु कथं मे स्यात् तदाचक्ष्व दयानिधे ॥३०॥

दयाका खानी हे श्रेष्ठ मुनि ! मेरो सबै कथा हजूरले जान्नुभयो, मेरो निस्तार (उद्धार वा उँभो लाग्ने तरीका) कसरी होला त्यो भन्नुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

इति तस्य वचः श्रुत्वा पुलस्त्यो धातृनन्दनः ।
गुणाढ्यं पुनरेवाह सर्वज्ञो मुनिसत्तमः ॥३१॥

यस्तो तिनको कुरा सुनेर सर्वज्ञ, मुनिसत्तम र ब्रह्माका छोरा पुलस्त्यले गुणाढ्यलाई फेरि भने ।

पुलस्त्य उवाच– पुलस्त्यले भने–

पिशाचभाषया गाथा नवलक्षमिताः कुरु ।
ततो हि परमे पीठे नेपालाख्ये मनोहरे ॥३२॥
शिवलिङ्गं स्थापयित्वा विप्र मोक्षमवाप्स्यसि ।

ब्राह्मण ! परम पीठ भएको मनोहर नेपालमा शिवलिङ्ग स्थापना गरी पिशाच भाषाले नौ लाख संख्याको गाथा बनाऊ, मोक्ष पाउनेछौ ।

इत्युक्त्वा स्वाश्रमं यातो मुनिभिः परिवारितः ॥३३॥
पुलस्त्यो ब्रह्मणः पुत्रो जैमिने मुनिसत्तम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे श्रेष्ठ मुनि जैमिनि ! मुनिहरूले घेरिएका ब्रह्माका छोरा पुलस्त्य यति भनेर आफ्नो आश्रममा गए ।

ततो गुणाढ्यो गुणवान् पत्राण्यादाय शाखिनाम् ।।३४।।
धातुर्भिविलिलेखाशु कृत्वा गाथा मनोहराः ।
पपाठ च स्वयं गाथा गुणाढ्यो गुणिसत्तमः ।।३५।।

त्यसपछि गुणवान् गुणाढ्यले मनोहर गाथा बनाई रूखका पातहरू लिएर धातु (गेरु आदि) हरूद्वारा चाँडै नै लेखे, गुणी गुणाढ्यले आफैं गाथा पढे पनि ।

गाथाः श्रुत्वा हि पशवो गुणाढ्यरचितास्तदा ।
आहारं हि परित्यज्य तस्थुस्तस्याश्रमे सदा ।।३६।।

गुणाढ्यले बनाएको गाथा (कथा) सुनेर, खान नै छोडी सधैं पशुहरू आश्रममा बसे ।

यदा जजाप हि मुने गुणाढ्यो गुणिनां वरः ।
तदा हि पशवः सर्वे ग्रासान्वेषणतत्पराः ।।३७।।

हे मुनि ! गुणीहरूमा श्रेष्ठ गुणाढ्य जब जप गर्थे, अनि सबै पशुहरू घाँस खोज्न लागेका हुन्थे ।

व्याधा हत्वा मृगाँस्ताँस्तु मदनस्य महीपतेः ।
ददौ हि सूपकारेभ्यः पेचुस्तेऽपि तदा मुने ।।३८।।
नीरसं हि परं भुक्त्वा नृपः प्राह च पाचकान् ।।

हे मुनि ! मदन राजाका व्याधाहरूले ती मृगहरूलाई मारेर भान्छेहरूलाई दिए, तिनीहरूले पनि पकाए । एकदम नीरस (स्वाद नभएको) खाएर राजाले भान्छेलाई भने ।

राजोवाच– राजाले भने–

कथं शुष्कानि मांसानि मह्यं दत्तानि पाचकाः ।।३९।।

हे भान्छेहरू ! किन मलाई सुकेको मासु दियौ हँ ?

इति तस्य वचः श्रुत्वा प्रोचुस्ते पाचका नृपम् ।
व्याधैराहृतमांसानि ह्यस्माभिः संस्कृतानि च ।।४०।।

तिनको यस्तो कुरा सुनेर भान्छेहरूले राजालाई भने–व्याधाहरूले ल्याएको मासु हामीहरूले संस्कार गर्यौं (पकायौं) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाचकानां वचः श्रुत्वा व्याधानाहूय पार्थिवः ।
जगाद हेतुना केन शुष्कमांसमुपागतम् ॥४१॥

भान्छेहरूको कुरो सुनेर राजाले व्याधाहरूलाई वोलाएर भने– के कारणले सुकेको मासु आइपुग्यो हँ ?

इति भूपवचः श्रुत्वा व्याधाः प्रोचुर्भयातुराः ।
दुर्बला हरिणाः सर्वे वने जाता नरेश्वर ॥४२॥
कारणं तु नजानीमो येन ते दुर्बला मृगाः ।

राजाको यस्तो कुरा सुनेर डराएका शिकारीहरूले भने– राजा ! वनमा सवै मृगहरू दुब्ला भए, जेले मृगहरू दुब्ला भए त्यो कारण त थाहा छैन ।

व्याधानां वचनं श्रुत्वा व्याधान् प्राह नरेश्वरः ॥४३॥

शिकारीहरूको कुरो सुनेर राजाले शिकारीहरूलाई भने ।

ज्ञायतां कारणं व्याधा येन ते दुर्बला मृगाः ।

शिकारीहो ! जेले ती मृगहरू दुब्ला भए त्यो कारण थाहा पाओ ।

इति भूपवचः श्रुत्वा ययुर्व्याधा वनं तदा ॥४४॥
गत्वा तदाश्रमं रम्यं गुणाढ्यं ददृशुस्तदा ।
कृत्वा गाथा वदन्तं च जटिलं श्मश्रुसंयुतम् ॥४५॥

राजाको यस्तो कुरा सुनेर शिकारीहरू वनमा गए, त्यो राम्रो आश्रममा गएर अनि गाथा वनाएर भन्ने लट्टा परेको जुंगा भएका गुणाढ्यलाई देखे ।

गाथाश्च श्रृण्वतस्तस्थुः पशूँश्च ददृशुस्तदा ।
गाथाः श्रुत्वाऽथ ते तस्थुस्तत्रैव विपिने मुने ॥४६॥

हे मुनि ! गाथा सुनेर वसेका पशुहरूलाई देखे, अनि त तिनीहरू पनि त्यहीं वनमा गाथा सुनेर वसे ।

चकार भोजनं राजा तदा मांसविवर्जितम् ।
सूपकारांश्च पप्रच्छ कोपसंरक्तलोचनः ॥४७॥

अनि राजाले मासु नभएको भोजन गरे (गर्न लागे), रिसले रातो आँखा भएका (राजाले) भान्छेहरूलाई सोधे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजोवाच- राजाले भने-

कथमद्य समानीतं भोजनं मांसवर्जितम् ।

किन आज मासु नभएको खाना ल्यायौ ?

इत्याकर्ण्य नरेन्द्रस्य वचः कोपसमन्वितम् ॥४८॥
सूपकारास्तदा प्रोचुर्मुने प्राञ्जलयो नृप(म् ?) ।

राजाको यस्तो रिसाहा कुरो सुनेर हात जोडेका भान्छेहरूले राजालाई भने ।

सूपकारा ऊचुः- भान्छेहरूले भने-

मांसार्थं विपिने ये च व्याधा यान्ति नरेश्वर ॥४९॥
न हि ते विनिवर्तन्ते यमलोकं गता इव ।

राजा ! मासुका लागि जुन शिकारीहरू वनमा जान्छन् ती यमलोकमा गएझैं (मरेझैं) फर्कंदै फर्कंदैनन् ।

इति तेषां वचः श्रुत्वा राजा बुद्धिमतां वरः ॥५०॥
सर्ववर्माचार्ययुक्तो जगाम विपिनं तदा ।

तिनीहरूको यस्तो कुरा सुनेर वुद्धिमान्हरूमा श्रेष्ठ राजा सर्ववर्मा आचार्यका साथ वनमा गए ।

स ददर्श नृपो धीरं गुणाढ्यं गुणिनां वरम् ॥५१॥
कथयन्तं कथाश्चित्रा नानाश्चर्यसमन्विताः ।

ती राजाले गुणीहरूमा श्रेष्ठ, धीर र अनेकौं आश्चर्यले युक्त अनौठा कथाहरू भन्ने गुणाढ्यलाई देखे ।

तत्कथाश्रवणामोदत्यक्तग्रासान् पशूँस्तदा ॥५२॥
ददर्श दुर्बलान् भूपो मेदोमांसविवर्जितान् ।

त्यो कथा सुन्ने रमाइलोले गर्दा घाँसै छोडेका, दुब्ला, मेद (बोसो) र मासु नभएका पशुहरूलाई राजाले देखे ।

आत्मनश्च रसोत्पत्तिं ज्ञात्वा भूपतिसत्तमः ॥५३॥
ववन्दे गुणिनां श्रेष्ठं गुणाढ्यं धर्मतत्परम् ।

आफ्नो पनि रस उत्पन्न भएको जानेर राजाले गुणीहरूमा श्रेष्ठ र धर्ममा लागेका गुणाढ्यलाई वन्दना गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुणाढ्योऽपि ततो दृष्ट्वा सर्ववर्माणमागतम् ॥५४॥
ननाम गुरुवद्धीरो ददौ भूपाय चाशिषम् ।
चकार विधिवत् पूजां तयोर्द्विजनरेन्द्रयोः ॥५५॥

अनि धीर गुणाढ्यले पनि सर्ववर्मा आएको देखेर गुरुलाई झैं नमस्कार गरेर राजालाई आशिष दिए । ती ब्राह्मण र राजाको विधिवत् पूजा गरे ।

ततो नरपतिः प्राह सर्ववर्ममते स्थितः ।
गुणाढ्य यामो नगरं यथापूर्वस्थितिं कुरु ॥५६॥

सर्ववर्माको मतमा लागेका (बुद्धिमा रहेका) राजाले भने–गुणाढ्य ! शहर जाऔं र पहिल्यैको झैं नै गरी (शहरमा) बस्नुहोस् ।

इति भूपतिवाक्यान्ते गुणाढ्य प्राह भूपतिम् ।

राजाले यति भनिसकेपछि गुणाढ्यले राजालाई भने–

जानामि सर्वं नृपते तवास्मीति निगद्यते ॥५७॥
पिशाचभाषया राजन् कृता गाथा मनोहरा ।
नवलक्षमितास्तास्त्वं संस्कृतेन लिखापय ॥५८॥

राजा ! सबै जानें, पैशाची भाषामा नौ लाख राम्रा गाथाहरू बनाएँ राजा ! तिनलाई तपाईं संस्कृतमा लेखाउनुहोस् ।

अहं यास्यामि नेपालं क्षेत्राणां क्षेत्रमुत्तमम् ।
इत्युक्त्वा प्रददौ तानि शाखिपत्राणि जैमिने ॥५८॥

म क्षेत्रहरूमा पनि उत्तम क्षेत्र नेपाल जान्छु । हे जैमिनि ! यति भनेर ती रूखका पातहरू दिए ।

आदाय तानि नृपतिः स्वकीयां नगरीं ययौ ।
तदा ययौ गुणाढ्योऽपि श्लेष्मान्तकवनं मुने ॥६०॥

ती लिएर राजा आफ्नो शहरमा गए । अनि त हे मुनि ! गुणाढ्य पनि श्लेष्मान्तक वनमा गए ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल–माहात्म्ये ऽष्टविंशो ऽध्यायः ॥२८॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डको नेपाल–माहात्म्यमा अठ्ठाइसौं अध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनन्तीसौं अध्याय

जैमिनिरुवाच– जैमिनिले भने–

नेपालक्षेत्रमासाद्य गुणाढ्येन महात्मना ।
किमकारि महाभाग तदाचक्ष्व पुरो मम ॥१॥

नेपालक्षेत्रमा पुगेर गुणाढ्य महात्माले के गरे, महाभाग ! मेरा अगाडि त्यो भन्नुहोस् ।

सूत उवाच– सूतले भने–

इति जैमिनिवाक्यान्ते मार्कण्डेयस्तपोधनः ।
गुणाढ्यचरितं सर्वं जैमिनिं प्राह शौनकः ॥२॥

हे शौनक ! जैमिनिले यति भनेपछि तपोधन मार्कण्डेयले जैमिनिलाई गुणाढ्य-को सबै कथा भने ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

नेपालक्षेत्रमासाद्य गुणाढ्यो द्विजसत्तमः ।
वाग्मत्या सलिले स्नात्वा दृष्ट्वा पशुपतीश्वरम् ॥३॥
क्षेत्रप्रदक्षिणं कृत्वा लिङ्गं संस्थाप्य यत्नतः ।
आरुरोह ततो भृङ्गी कैलासं पर्वतोत्तमम् ॥४॥

श्रेष्ठ ब्राह्मण गुणाढ्य नेपालक्षेत्रमा पुगी वाग्मतीको जलमा नुहाएर पशुपतिलाई हेरीवरी क्षेत्रको प्रदक्षिणा गरेर यत्नपूर्वक लिङ्ग-स्थापना गरेपछि उत्तम पर्वत कैलासमा भृङ्गी चढ्यो ।

जैमिनिरुवाच– जैमिनिले भने–

भृङ्गिणा मुनिशार्दूल कथं क्षेत्रप्रदक्षिणम् ।
कृतं तद्विधिमाचक्ष्व लिङ्गस्थापनकं विधिम् ॥५॥

हे श्रेष्ठ मुनि ! भृङ्गीले कसरी क्षेत्रप्रदक्षिणा गरे त्यो विधि र लिङ्गस्थापनाको विधि भन्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

क्षेत्रप्रदक्षिणविधिः श्रूयतां मुनिसत्तम ।
क्षेत्रप्रदक्षिणं कृत्वा नरः पापैः प्रमुच्यते ॥६॥

हे मुनि ! क्षेत्र-प्रदक्षिणाको विधि सुन्नुहोस्, क्षेत्र-प्रदक्षिणा गरेर मानिस पापबाट छुट्छ ।

पुर्वेद्युर्मानवो यत्नाद्धविष्याशी जितेन्द्रियः ।
भूमिशायी ध्रुवं भूयाच्छिवस्मरणतत्परः ॥७॥

अघिल्ला दिन यत्नपूर्वक हविष्य खाने, इन्द्रिय जितेको, भुईंमा सुत्ने र शिवलाई सम्झिरहने मानिस होस् ।

ततः प्रभाते वाग्मत्यां स्नानं कृत्वा यथाविधि ।
पूजयित्वा पशुपतिं संकल्पं नियतश्चरेत् ॥८॥

अनि विहान विधिपूर्वक वाग्मतीमा नुहाएर पशुपतिलाई पूजा गरी निश्चित सङ्कल्प गरोस् ।

मासपक्षतिथीनां च निमित्तानां च सर्वशः ।
आदावुल्लेखनं कृत्वा ततः सङ्कल्पमाचरेत् ॥९॥

पहिल्यै महीना, पक्ष, तिथिको र सबै निमित्तहरूको पनि उल्लेख गरेर सङ्कल्प गरोस् ।

क्षेत्रप्रदक्षिणं देव करिष्ये विधिपूर्वकम् ।
संकल्पसिद्धिर्मे भूयात् त्वत्प्रसादान्महेश्वर ॥१०॥
अनुज्ञां देवदेवेश देहि मे परमेश्वर ।
इत्यनुज्ञां प्रार्थयित्वा त्रिः प्रदक्षिणमाचरेत् ॥११॥

देव ! विधिपूर्वक क्षेत्रको प्रदक्षिणा गर्छु, महेश्वर ! तपाईंको प्रसादबाट मेरो सङ्कल्प-सिद्धि होस्, परमेश्वर ! देवताका पनि देव ! मलाई आज्ञा दिनुहोस्, यस्तो आज्ञा मागेर तीन पटक प्रदक्षिणा गरोस् ।

ततो दक्षिणद्वारेण राजराजेश्वरीं व्रजेत् ।
विलोक्य भैरवं देवं वत्सलां प्रविलोक्य च ॥१२॥
गुह्येश्वरीं ततो गच्छेन्नदीमुत्तीर्य वाग्मतीम् ।
नत्वा गुह्येश्वरीं देवीं चैलगङ्गां ततो व्रजेत् ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि दक्षिण ढोकाबाट राजराजेश्वरीमा जाओस्, अनि भैरव र वत्सलालाई हेरेर, ओर्लिई वाग्मतीमा जाओस् । गुह्येश्वरीदेवीलाई नमस्कार गरेर अनि चैलगङ्गा जाओस् ।

स्नात्वा वै चैलगङ्गायां पितॄन् सन्तर्प्य यत्नतः ।
गोकर्णेशं ततो गच्छेन्महापातकनाशनम् ॥१४॥

चैलगङ्गामा नुहाएर यत्नपूर्वक पितृहरूलाई तर्पण दिई त्यसपछि महापाप नाश गर्ने गोकर्णेश जाओस् ।

तमभ्यर्च्य महाभक्त्या यथाविभवविस्तरैः ।
तत्रानुज्ञां प्रार्थयित्वा गच्छेत् कारुणिकेश्वरम् ॥१५॥

सरसामानसहित तिनलाई (गोकर्णेशलाई) ठूलो भक्तिसाथ पूजा गरेर, त्यहाँ आज्ञा मागी कारुणिकेश्वर जाओस् ।

सुन्दरीं च ततो दृष्ट्वा गच्छेद्वै वज्रयोगिनीम् ।
ततो गरुडपूर्वं हि नारायणमथो व्रजेत् ॥१६॥

त्यसपछि सुन्दरीलाई हेरेर वज्रयोगिनी जाओस्, अनि गरुडनारायण कहाँ जाओस् ।

तं संपूज्य यथा भक्त्या गच्छेच्चैव कीलेश्वरम् ।
ततो वागीश्वरं गच्छेद्वाग्विभूतिप्रदायकम् ॥१७॥

तिनलाई भक्तिपूर्वक पूजा गरी कीलेश्वरमा जाओस् । त्यसपछि वाग्विभूति दिने वागीश्वरमा जाओस् ।

तत्र कुण्डे नरः स्नात्वा वाल्मीकेशं प्रपूजयेत् ।
तत्रैव वसतिं कुर्याद् ब्राह्मणान् भोयेजत् ततः ॥१८॥

त्यस कुण्डमा नुहाएर मानिसले वाल्मीकेशलाई पूजा गरोस्, त्यहीं बसोस् र ब्राह्मणहरूलाई भोजन गराओस् ।

रात्रौ जागरणं कुर्यान्नृत्यगीतादिकौतुकैः ।
ततः प्रभाते विमले स्नात्वा कुण्डे मनोहरे ॥१९॥
अनुज्ञां प्रार्थयेद्धीमान् कृताञ्जलिपुटस्तदा ।

अनि राती रमाइला नाचगान र बजानले जागरण (जाग्राम) गरोस् । अनि विहान निर्मल र सुन्दर कुण्डमा नुहाएर हात जोरेको बुद्धिमान्ले प्रार्थना गरोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जय वागीश्वर विभो जय त्र्यक्ष महेश्वर ॥२०॥
क्षेत्रप्रदक्षिणं कर्म निर्विघ्नं भवतु प्रभो ।
इत्यनुज्ञां प्रार्थयित्वा त्रिचम्पकसरो व्रजेत् ॥२१॥

जय वागीश्वर प्रभु ! जय तीन आँखा भएका महेश्वर ! प्रभु ! क्षेत्र-प्रदक्षिणा गर्ने काम विघ्नरहित होस्, यस्तो आज्ञा प्रार्थना गरेर त्रिचम्पक तलाउमा जाओस् ।

देवान् पितॄँश्च सन्तर्प्य तस्मिँस्तीर्थे शुभोदके ।
भोगिभोगसमासीनं माधवं पूजयेज्जले ॥२२॥

त्यो शुभ तीर्थमा देवता र पितृहरूलाई तर्पण दिएर, शेषशायी नारायणलाई पूजा गरोस् ।

ततश्चण्डेश्वरीं गच्छेन्महादुरितनाशिनीम् ।
चण्डेश्वरीं पूजयित्वा चण्डेश्वरसमन्विताम् ॥२३॥
गच्छेद्धनेश्वरं लिङ्गं धनवृद्धिकरं तदा ।

त्यसपछि महापाप नाश गर्ने चण्डेश्वरीमा जाओस्, चण्डेश्वरसहितकी चण्डेश्वरीलाई पूजा गरेर धन बढाउने धनेश्वर लिङ्गमा जाओस् ।

मौनी व्रजेत् ततो धीमान् लिङ्गं गोखुरकेश्वरम् ॥२४॥
अद्यापि दृश्यते लिङ्गं गोखुराङ्कसमं मुने ।
तमभ्यर्च्य ततो गच्छेल्लिङ्गमिन्द्रेश्वराभिधम् ॥२५॥

त्यसपछि मौन रहेको बुद्धिमान् गोखुरकेश्वर लिङ्गमा जाओस् । हे मुनि ! गाईको खुर जस्तो लिङ्ग आजभोलि पनि देखिन्छ । त्यसलाई पूजा गरेपछि इन्द्रेश्वर लिङ्गमा जाओस् ।

लीलावत्या रोषमत्या सङ्गमे सुमनोहरे ।
स्नात्वा पितॄन् समभ्यर्च्य दत्वा दानानि शक्तितः ॥२६॥
अर्चयित्वेश्वरं लिङ्गं आशापूरेश्वरं व्रजेत् ।
तं समभ्यर्च्य विधिवड्डोलेश्वरमथो व्रजेत् ॥२७॥

लीलावती र रोषमतीको मनोहर दोभानमा नुहाएर पितृहरूलाई पूजा गरी शक्तिअनुसार दान दिएर, ईश्वर (इन्द्र) लाई पूजा गरी आशापूरेश्वर लिङ्गमा जाओस् । विधिपूर्वक त्यसलाई पूजा गरी डोलेश्वर जाओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्रैव वसतिं कुर्याद् धारातीर्थेऽतिपुण्यदे ।
रात्रित्रये नृत्यगीतपुराणश्रवणैर्नरः ।।२८।।

तीन रातसम्म मानिस नाच गान र पुराण सुनेर ज्यादै पुण्य दिने त्यहीं नै धारा तीर्थमा वास वसोस् ।

प्रातः स्नात्वा समभ्यर्च्य डोलेश्वरमिति क्रमात् ।
अनुज्ञां प्रार्थयेत् तत्र भक्तियुक्तो नरोत्तमः ।।२९।।

विहान नुहाएर क्रमैले डोलेश्वरलाई पूजा गरी भक्ति भएको मानिसले आज्ञा मागोस् ।

जय डोलेश्वर विभो क्षेत्रवासिजनप्रिय ।
अनुज्ञां देहि देवेश प्रदक्षिणविधौ मम ।।३०।।

क्षेत्रमा वस्ने मानिसका प्यारा डोलेश्वर विभु जय; प्रदक्षिणा गर्न मलाई आज्ञा दिनुहोस् देवेश ! ।

इत्यनुज्ञां गृहीत्वा तु गच्छेत् सूर्यविनायकम् ।
गणेश विघ्नहरण भक्तानुग्रहकारक ।।३१।।
क्षेत्रप्रदक्षिणविधिमविघ्नं कुरु मे प्रभो ।
इति मन्त्रेण गणपं नत्वा भक्तिपुरःसरम् ।।३२।।

यस्तो आज्ञा लिएर सूर्यविनायकमा जाओस् । विघ्न हर्ने, भक्तमा अनुग्रह गर्ने गणेश ! हे प्रभु ! क्षेत्र–प्रदक्षिणा गर्ने विधिमा विघ्न हटाइदिनुहोस् । यस्तो मन्त्रले भक्तिपूर्वक गणेशलाई नमस्कार गरेर धर्म अर्थ काम दिने अनन्तलिङ्गमा नियमपूर्वक जाओस् ।

अनन्तलिङ्गं नियमाद् गच्छेद् धर्मार्थकामदम् ।
तत्र पुष्करिणीं प्राप्य देवाग्रे निर्मलोदकाम् ।।३३।।
स्नात्वा यथाविधि जले पितॄन् सन्तर्प्य यत्नतः ।
तल्लिङ्गं पूजायित्वा तु यथाविभवविस्तरैः ।।३४।।
दानानि च यथाशक्त्या शिवप्रीत्या उदारधीः ।
द्विजातिभ्यस्ततो दद्यात् सात्विको यतमानसः ।।३५।।

निर्मल पानी भएको पोखरीमा पुगेर पितृहरूलाई तर्पण दिएर, सरसामान-सहित त्यस लिङ्गलाई पूजा गरेपछि उदार चित्त भएको, मन ठीक भएको सात्विकले शिवको प्रेमले गच्छेअनुसार द्विजातिहरूलाई दान देओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गच्छेद्वै वज्रवाराहीं सर्वदेवनमस्कृताम् ।
भक्त्या देवीं नमस्कृत्य भारभूतेश्वरं व्रजेत् ॥३६॥

(अनि) सबै देवताले नमस्कार गरिएकी वज्रवाराहीमा जाओस्, र भक्तिपूर्वक देवीलाई नमस्कार गरी भारभूतेश्वर जाओस् ।

भुजङ्गशैलमारुह्य गुहद्वारि मनोहरे ।
क्षेत्रसीमानिवर्सातं गणेशं द्वारि पूजयेत् ॥३७॥

भुजङ्ग पर्वत चढेर, मनोहर गुहद्वारमा सीमामै रहेका गणेशलाई ढोकामा नै पूजोस् ।

योन्याकारेण छिद्रेण प्रविश्य मनुजः सुधीः ।
भारभूतेश्वरं नत्वा सर्वपापैः प्रमुच्यते ॥३८॥

वुद्धिमान् मानिस योनिको आकारको प्वालवाट पसेर भारभूतेश्वरलाई नमस्कार गरेर सम्पूर्ण पापवाट छुट्छ ।

योन्याकारेण छिद्रेण यः प्रविश्य नरः सुधीः ।
भारभूतेश्वरं पश्यन् न स गर्भगृहं विशेत् ॥३९॥

जो वुद्धिमान् मानिसले योनिको आकार भएको प्वालवाट पसी भारभूतेश्वरलाई दर्शन गर्छ त्यो गर्भमा पस्नेछैन ।

मनःशिलामहातीर्थे दृष्ट्वा हरिहरावुभौ ।
भैरवं च नरो दृष्ट्वा सर्वपापैः प्रमुच्यते ॥४०॥

मनःशिला महातीर्थमा दुवै हर हरिलाई र भैरवलाई पनि हेरेपछि मानिस सम्पूर्ण पापवाट छुट्छ ।

यथा तेन परावृत्य मातृतीर्थं ततो व्रजेत् ।

अनि पछि त्यसै वाटोद्वारा फर्केर मातृतीर्थ (मातातीर्थ) मा जाओस् ।

अद्यापि तत्र वर्तन्ते जैमिने मुनिसत्तम ॥४१॥
मीनाः सुवर्णतिलका मातृतीर्थे मनोहरे ।

हे असल मुनि जैमिनि ! मनोहर मातृतीर्थमा आज पनि सुनटिके माछाहरु छन् ।

मातृतीर्थे नरः स्नात्वा दृष्ट्वा हरिहरावुभौ ॥४२॥
न स गर्भगृहं याति पुमान् स्त्री वा न संशयः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसले मातृतीर्थमा नुहाएर हरि हर दुवैंलाई दर्शन गरेपछि पुरुष होस् वा स्त्री त्यो निश्चय नै पाठेघरमा पस्दैन ।

हरसिद्धिमथो दृष्ट्वा गोपालेशं ततो व्रजेत् ।।४३।।
गोपालेशं पूजयित्वा दृष्ट्वा नारायणं प्रभुम् ।
तत्रैव वसतिं कुर्याद्धविष्याशी जितेन्द्रियः ।।४४।।
रात्रौ जागरणं कुर्याद् गीतनृत्यसुमङ्गलैः ।

अनि हरसिद्धिलाई हेरेर गोपालेश्वर जाओस् । गोपालेश्वरलाई पूजा गरेर नारायणलाई दर्शन गरी हविष्य खाएको र इन्द्रिय जितेको मानिस त्यहीं वसोस् । मङ्गलमय नाच गानका साथ राती जाग्राम गरोस् ।

ततः प्रभाते विमले स्नात्वा चैव यथाविधि ।।४५।।
अनुज्ञां प्रार्थयेद् धीमान् गोपालेश्वरसन्निधौ ।

त्यसपछि स्वच्छ विहान विधिपूर्वक नुहाएर गोपालेश्वरको नजीकमा बुद्धिमान्ले आज्ञा मागोस् ।

गोपालेश महादेव क्षेत्रविघ्ननिवारक ।।४६।।
क्षेत्रप्रदक्षिणविधिर्भवतु त्वत्प्रसादतः ।
इत्याज्ञां प्राप्य मनुजो गच्छेद्वै पाण्डुकेश्वरम् ।।४७।।

क्षेत्र-क्षेत्रको विघ्न हटाउने हे गोपालेश्वर ! महादेव ! तपाईंको प्रसादवाट प्रदक्षिणा गर्ने विधि होस् (गर्न पाऊँ) यस्तो आज्ञा पाएर मानिस पाण्डुकेश्वर जाओस्।

पाण्डुनद्यां नरः स्नात्वा दृष्ट्वा वै पाण्डुकेश्वरम् ।
अपि दुष्कृतकर्माऽपि मुच्यते सर्वकिल्विषात् ।।४८।।

पाण्डु नदीमा नुहाएर पाण्डुकेश्वरलाई हेरेपछि दुष्कृत कर्म (पापकर्म) गर्ने मानिस पनि सम्पूर्ण पापवाट छुट्छ ।

ततः पर्वतमुल्लङ्घ्य चतुर्वक्त्रेश्वरं व्रजेत् ।
चतुर्वक्त्रेश्वरं भक्त्या पूजयित्वा यथाविधि ।।४९।।
इन्द्रेश्वरोमथो गच्छेत् सर्वसिद्धिप्रदायकम् ।

त्यसपछि पर्वत नाघेर चतुर्वक्त्रेश्वर जाओस् । भक्तिले विधिपूर्वक चतुर्वक्त्रेश्वरलाई पूजा गरेर सबै सिद्धि दिने इन्द्रेश्वरमा जाओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तं पूजयित्वा विधिवन्महाविभवविस्तरैः ॥५०॥
ततः पर्वतमुल्लङ्घ्य प्रत्यङ्नारायणं व्रजेत् ।
नारायणं पूजयित्वा तत्रैव वसतिं चरेत् ॥५१॥

सर-सामानका साथ विधिपूर्वक तिनलाई पूजा गरेर, पर्वत नाघेर पश्चिमपट्टि नारायणकहाँ जाओस्, नारायणलाई पूजा गरी त्यहीं वास बसोस् ।

रात्रौ जागरणं कुर्याद्विष्णुधर्मकथादिभिः ।
ततः प्रभाते विमले स्नानं कृत्वा यथाविधि ॥५२॥
अनुज्ञां प्रार्थयेत् तत्र श्रीनारायणसन्निधौ ।

राती विष्णु र धर्मका कथाहरूले जाग्राम गरोस् । अनि स्वच्छ विहान विधिपूर्वक नुहाई श्रीनारायणको नजीक (गई) आज्ञा मागोस् ।

मह्यं देहि प्रभोऽनुज्ञां विष्णो त्रैलोक्यपूजित ॥५३॥
क्षेत्रप्रदक्षिणविधिः पूर्णोऽस्तु कृपया तव ।
इत्यनुज्ञां ततो लब्ध्वा बुद्धस्थानं ततो व्रजेत् ॥५४॥

तीनै लोकले पूजिएका हे विष्णु प्रभु ! मलाई आज्ञा दिनुहोस्, तपाईंको आज्ञाले क्षेत्र-प्रदक्षिणा गर्ने विधि पूर्ण होस् । यस्तो आज्ञा पाएर (प्रार्थना गरेर) बुद्धस्थान जाओस् ।

परमानन्दकन्दाब्जे धर्मधातुद्रवे जले ।
महाचीनात् समागत्य बुद्धो देवः स्वयं स्थितः ॥५५॥
वसन्ति भिक्षवो यत्र विहाय सुतबान्धवान् ।
ज्ञानानन्दसमायुक्ता बुद्धदर्शनलालसाः ॥५६॥

परमानन्दको गानोको कमलमा धर्मधातुको द्रवरूप जलमा महाचीनबाट बुद्धदेव स्वयं आएर बसे, जहाँ ज्ञानानन्दले युक्त र बुद्धदर्शन मन पराउने वा बुद्धलाई दर्शन गर्न खोज्ने भिक्षुहरू छोरा र दाजुभाइलाई छोडेर वस्छन् ।

बुद्धं प्रदक्षिणीकृत्य ततो विष्णुमतीं व्रजेत् ।
विष्णुमत्यां नरः स्नात्वा सन्तर्प्य च पितामहान् ॥५७॥
लुण्ठिकेशं ततो गच्छेद्यत्रास्ते भगवान् हरिः ।

बुद्धलाई प्रदक्षिणा गरेपछि विष्णुमती जाओस्, मानिसले विष्णुमतीमा नुहाएर जिजुबाजेलाई तर्पण दिई लुण्ठिकेश जाओस्, जहाँ भगवान् हरि रहन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तशयनासीनं वीक्ष्य नारायणं नरः ।।५८।।
उत्तरेण ततो गच्छेद्विष्णुस्मरणतत्परः ।

अनन्तशयनमा रहेका (अनन्तनागको शय्यामा रहेका) नारायणलाई हेरेर विष्णुलाई सम्झिरहने मानिस उत्तरतिर जाओस् ।

अधस्तात् पर्वतस्यैव भोगिभोगासनस्थितम् ।।५९।।
नरो नारायणं दृष्ट्वा मुच्यते चापि किल्बिषात् ।

पर्वतको तल नागको आसनमा रहेका नारायणलाई हेरेर मानिस सबै पापबाट छुट्छ ।

आगच्छेद्दक्षिणपथा जयवागीश्वरीं शिवाम् ।।६०।।
तामभ्यर्च्य यथाशक्त्या दण्डवत् प्रणिपत्य च ।
मनसा संस्मरन् विष्णुं गच्छेत् पशुपतीश्वरम् ।।६१।।
दृष्ट्वा पशुपतिं देवं सर्वपापैः प्रमुच्यते ।

दक्षिणतिरको बाटो गरेर जयवागीश्वरी शिवाकहाँ आओस्, गच्छेअनुसार तिनलाई पूजा गरेर दण्डवत् प्रणाम गरी मनले विष्णुलाई सम्झँदै पशुपति ईश्वर-कहाँ जाओस् । पशुपतिदेवलाई दर्शन गरेर सम्पूर्ण पापबाट छुट्छ ।

पञ्चामृतैः पञ्चगव्यैः स्नापयेत् परमेश्वरम् ।।६२।।
नानासुगन्धिद्रव्यैश्च सुगन्धिकुसुमैस्तथा ।
अभ्यर्चयेद्यथाशक्त्या धूपैर्नैवेद्यविस्तरैः ।।६३।।

पञ्चामृत र पञ्चगव्यले परमेश्वरलाई नुहाओस्, विभिन्न सुगन्धी चीज-बीजले, बास्ना आउने फूलहरूले र धूप नैवेद्यहरूले गच्छेअनुसार पूजा गरोस् ।

ब्राह्मणान् भोजयेच्छक्त्या दद्याच्चापि च दक्षिणाम् ।
कृताञ्जलिपुटो भूत्वा मन्त्रं चेमं ततः पठेत् ।।६४।।

शक्तिअनुसार ब्राह्मणहरूलाई भोजन गराओस् र दक्षिणा पनि देओस्, अनि हात जोडेर यो मन्त्र पढोस् ।

देवदेव महादेव पार्वतीप्राणवल्लभ ।
क्षेत्रप्रदक्षिणविधिः संपूर्णस्त्वत्प्रसादतः ।।६५।।

देवताका पनि देव हे महादेव ! हे पार्वतीका प्राणप्यारा ! तपाईंको प्रसाद-बाट क्षेत्र-प्रदक्षिणा गर्ने विधि पूर्ण भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इमं मन्त्रं समुच्चार्य वाग्मती सरितं व्रजेत् ।
तत्र स्नात्वा यथान्यायं सन्तर्प्य च पितामहान् ॥६६॥
विलोक्य वत्सलां देवीं गच्छेद् द्वारं च दक्षिणम् ।

यो मन्त्र भनेर वाग्मती नदीमा जाओस्, त्यहाँ विधिपूर्वक नुहाएर पितामहहरूलाई तर्पण दिई वत्सला देवीलाई दर्शन गरी पछि दक्षिण ढोकामा जाओस् ।

देवं प्रदक्षिणीकृत्य वासुकिं प्रविलोक्य च ॥६७॥
प्राच्यां दिशि ततो दृष्ट्वा द्वारपालविनायकम् ।
ततः कृतार्थो भवनं गच्छेन्मनुजसत्तमः ॥६८॥
सुहृद्भिः सह भुञ्जीत पापशून्यो नरोत्तमः ।

देव (पशुपति) लाई प्रदक्षिणा गरी वासुकिलाई पनि हेरी पूर्वपट्टिका द्वारपाल विनायकलाई पनि हेरी, त्यसपछि कृतार्थ भएको श्रेष्ठ मानिस घर जाओस्, पाप हुँदै नभएको त्यो उत्तम मान्छेले मित्रजनहरूका साथ भोजन गरोस् ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपाल-माहात्म्ये ऊनत्रिंशोऽध्यायः ॥२९॥

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपालमाहात्म्यको उनन्तीसौ अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीसौं अध्याय

जैमिनिरुवाच– जैमिनिले भने –

भवदुक्तप्रकारेण कृत्वा क्षेत्रप्रदक्षिणम् ।
कथं संस्थापितं लिङ्गं भृङ्गिणा तद् ब्रवीहि मे ॥१॥

तपाईंले भनेअनुसारको क्षेत्र-प्रदक्षिणा गरी भृङ्गीले कसरी लिङ्ग-स्थापन गरे त्यो मलाई भन्नुहोस् ।

मार्कण्डेय उवाच – मार्कण्डेयले भन्नुभयो –

क्षेत्रप्रदक्षिणं कृत्वा गुणाढ्यो गुणिनां वरः ।
आहूय च मुनीन् सर्वान् नेपालक्षेत्रवासिनः ॥२॥

गुणीहरूमा श्रेष्ठ गुणाढ्यले क्षेत्र-प्रदक्षिणा (तीर्थयात्रा) गरेपछि नेपालमा वस्ने सबै मुनिहरूलाई बोलाएर –

गुह्येश्वरीसन्निधिस्थान् वत्सलापार्श्वसंस्थितान् ।
शङ्खमूले स्थितांश्चापि कुम्भेशसविधे स्थितान् ॥३॥

गुह्येश्वरी र वत्सलाको नजीकमा रहेका, शङ्खमूलमा रहेका र कुम्भेशको नजीकमा रहेका–

स्थितान् पशुपतेः पार्श्वे तथा दोलागिरिस्थितान् ।
हनुमत्तीर्थसंस्थांश्च तथा वागीश्वरस्थितान् ॥४॥

पशुपतिको नजीकमा, दोलागिरिमा, हनुमत्तीर्थमा र वागीश्वरमा रहेका –

चण्डेश्वरीसन्निधिस्थान् वज्रासन्निधिवासिनः ।
मृगेन्द्रशिखरस्थांश्च विष्णुमत्युद्भवस्थितान् ॥५॥

चण्डेश्वरीको नजीकमा र वज्रा (वज्रवाराही) को नजीकमा रहेका, मृगेन्द्र-शिखरमा रहेका र विष्णुमतीको मूलमा रहेका –

आशापूरेश्वरस्थांश्च डोलेश्वरनिवासिनः ।
भारभूतेश्वरस्थांश्च गोपालेश्वरसंस्थितान् ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशापूरेश्वरमा वस्ने, डोलेश्वरमा वस्ने, भारभूतेश्वरमा वस्ने र गोपालेश्वरमा वस्ने–

इत्यादिनानातीर्थस्थाँस्तापसान् विजितेन्द्रियान् ।
तेषां सम्मतिमादाय वेदोक्तविधिना तदा ॥७॥
लिङ्गसंस्थापनं कर्म प्रारेभे होमपूर्वकम् ।

इत्यादि अनेक तीर्थमा वस्ने तपस्वी र इन्द्रिय जितेकाहरूलाई (बोलाएर) तिनीहरूको सम्मति लिई वेदोक्त विधिले होमका साथ लिङ्ग-स्थापना गर्ने काम शुरू गरे ।

ततः प्रववृते यज्ञो गुणाढ्यस्य महात्मनः ॥८॥
दीयतां भुज्यतां चैव जातो हि निनदो महान् ।

त्यसपछि गुणाढ्य महात्माको यज्ञ शुरू भयो, देऊ र खाऊ भन्ने ठूलो शब्द भयो ।

मरुत्तस्य यथा यज्ञो यथा दाशरथेरपि ॥९॥
तथैव यज्ञो ववृधे गुणाढ्यस्य महात्मनः ।

मरुत्तको यज्ञ र रामको यज्ञ झैं महात्मा गुणाढ्यको यज्ञ वढ्यो (भयो) ।

होमान्ते स्थापयामास शिवलिङ्गं द्विजोत्तम ॥१०॥
कृताञ्जलिपुटो भूत्वा गुणाढ्यो गुणिनां वरः ।
प्रोवाच तापसान् सर्वान् विनयानतकन्धरः ॥११॥

हे ब्राह्मण (जैमिनि) ! होमपछि शिवलिङ्ग स्थापना गरे । गुणीहरूमा श्रेष्ठ र नम्र भएका गुणाढ्यले हात जोरेर सबै तपस्वीहरूलाई भने ।

गुणाढ्य उवाच– गुणाढ्यले भने–

शृण्वन्तु ब्राह्मणाः सर्वे शिवलिङ्गस्य तापसाः ।
किं नामधेयं कर्तव्यं तत् समाख्यातुमर्हथ ॥१२॥

हे सबै तपस्वी ब्राह्मणहरू ! सुन्नुहोस् शिव लिङ्गको के नाम राख्ने होला, त्यो भन्नुहोस् ।

गुणाढ्यवचनं श्रुत्वा मुनीनामग्रगस्तथा ।
हारीतो नाम विप्रर्षिर्गुणाढ्यं प्राह धार्मिकम् ॥१३॥

गुणाढ्यको कुरो सुनेर मुनिहरूमा अग्रगण्य हारीत नामका विप्रर्षिले धार्मिक गुणाढ्यलाई भने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हारीत उवाच– हारीतले भने–

गुणाढ्य श्रूयतां वाक्यं न त्वं प्राकृतमानुषः ।
हेतुना केनचिच्छप्तः शम्भुना पूर्वजन्मनि ॥१४॥
भृङ्गी ते नाम शम्भोस्त्वं सर्वदा द्वारपालकः ।
अतो भृङ्गीश्वरं नाम कुरू लिङ्गस्य सर्वथा ॥१५॥

गुणाढ्य ! कुरो सुन्नुहोस्, तपाईं खास मानिस होइन, पहिलो जन्ममा कुनै कारणले गर्दा शिवले सराप दिइएको हुनहुन्छ । तपाईंको नाम भृङ्गी हो र शिवजीको सधैंको ढोके हुनहुन्थ्यो । यसैले लिङ्गको नाम पनि भृङ्गीश्वर राख्नुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

हारीतस्य वचः श्रुत्वा प्राह वेदशिरा मुनिः ।

हारीतको कुरो सुनेर वेदशिरा मुनिले भने –

वेदशिरा उवाच– वेदशिराले भने–

इति भृङ्गीश्वरं लिङ्गं वदन्तु द्वापरे युगे ॥१६॥
स्पर्शपाषाणजं लिङ्गं यतोभृंगी श्वराभिधम् ।
अतः कलियुगे लोकाः सुवर्णेश्वरसंज्ञितम् ॥१७॥
वर्धिष्यिन्त मुनिश्रेष्ठाः सर्वकामप्रदं सदा ।

द्वापर युगमा स्पर्शपाषाणवाट वनेको यसलाई भृङ्गीश्वर लिङ्ग भनून्, भृङ्गीश्वरलाई कलियुगमा दुनियाँले सुवर्णेश्वर नामले भन्नेछन् । हे मुनिश्रेष्ठ सधैं यो सबै चाहना दिने लिङ्ग हो ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

ततो गुणाढ्यो गुणवान् रत्नगोवस्त्रकाञ्चनैः ॥१८॥
ब्राह्मणाँस्तोषयामास गुणश्रेष्ठपुरस्सरम् ।

अनि गुणवान् गुणाढ्यले रत्न, गाई, वस्त्र र सुनहरूद्वारा र असल गुणले ब्राह्मणहरूलाई खुशी पारे ।

ततः पपात गगनात् पुष्पवृष्टिर्मनोहरा ॥१९॥
देवदुन्दुभयो नेदुर्ननृतुश्चाप्सरोगणाः ।
ववौ वायुः सुखस्पर्शा गन्धर्वा ललितं जगुः ॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि आकाशवाट मनोहर पुष्पवृष्टि भयो । देवताका दुन्दुभि (दमाहा)-हरू वजे, अप्सराहरू नाचे । सुखस्पर्श भएको (शीतल) हावा वढ्यो, गन्धर्वहरूले ललित गानवजान गरे ।

मुनीनां पश्यतां तत्र वृषयानं मनोहरम् ।
विमानमागतं तत्र नानाश्चर्यसमन्वितम् ॥२१॥
रुद्ररूपधरैः श्रेष्ठैर्गणैश्च समधिष्ठितम् ।

त्यहाँ हेरिरहेका मुनिहरूकहाँ विभिन्न आश्चर्यले युक्त रुद्रको रूप लिएर श्रेष्ठ गणहरू वसिएको मनोहर वृषयान विमान आयो ।

तदाश्चर्यं महद् दृष्ट्वा सर्वे संभ्रान्तमानसाः ॥२२॥
उत्तस्थुर्मुनयः सर्वे वेदवेदाङ्गपारगाः ।

त्यो ठूलो आश्चर्य देखेर वेद र वेदाङ्गमा पारङ्गत भएका सवै मुनिहरू हड-वडाएका छँदा उठे ।

अवतीर्य विमानात् तु ततो रुद्रगणा मुने ॥२३॥
प्रोचुर्मुनिगणान् हर्षाद्भस्मरुद्राक्षधारिणः ।
त्रिशूलधारिणो गौरा जटामुकुटधारिणः ॥२४॥
लोचनत्रयसंयुक्ता दिव्या डमरुपाणयः ।

हे मुनि ! त्यसपछि खरानी र रुद्राक्ष लिएका, त्रिशूल लिएका, गोरा, जटा-मुकुट लाएका, तीन आँखे, दिव्य र हातमा डमरु लिएका शिवका गणहरू विमानवाट ओर्लेर हर्षपूर्वक मुनिहरूलाई भने ।

रुद्रगणा ऊचुः– शिवका गणहरूले भने–

भवन्तो मुनयः सर्वे वेदवेदाङ्गपारगाः ॥२५॥
आसनेषु समासीनाः शृणुध्वं वचनं मम ।

वेद र वेदाङ्गमा पार लागेका सवै तपाइँ मुनिहरूले आसनमा वसेरै मेरो (हाम्रो) कुरा सुन्नुहोस् ।

एवं गणवचः श्रुत्वा हारीतः प्राह तान् गणान् ।

गणको यस्तो कुरा सुनेर हारीतले ती गणहरूलाई भने –

हारीत उवाच– हारीतले भने –

रुद्ररूपधराः सर्वे तेजसा भास्करोपमाः ।
उपविश्य भवन्तोऽपि कथां कुर्वन्तु सर्वथा ॥२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्ररूप धारण गरेका र तेजले गर्दा सूर्य जस्ता तपाइंहरू पनि सबै बसेर हर-तरहले कथा गर्नुहोस् । (भन्ने र सुन्ने गर्नुहोस् ।)

मार्कण्डेय उवाच– मार्कण्डेयले भने–

उपविश्य गणाः सर्वे कथा प्रोचुर्मनोहराः ।

सबै गणहरू बसेर रमाइला कथाहरू भने ।

रुद्रगणाः ऊचुः– रुद्रका गणहरूले भन्नुभयो –

यो देवः सर्वदेवानां देवेषु परिगीयते ।।२८।।
येन सृष्टं जगत् सर्वं यः पाति सकलं जगत् ।
संहरत्यपि भूतानि स देवः परमेश्वरः ।।२९।।

जो देवताहरूमा सबै देवताका देवता भनिन्छन्, जसले जगत्को सृजना गरे, जो सम्पूर्ण जगत्को पालना गर्छन् र प्राणीहरूको संहार पनि गर्छन्, ती देव परमेश्वर हुन् ।

वेदा अपि नजानन्ति यं रुद्रं परमार्थतः ।
इह नैको गुणान् वक्तुं तस्य सर्वात्मनो विभो ।।३०।।

जुन रुद्रलाई परमार्थपूर्वक, वेदहरूले पनि जान्दैनन् भने, यहाँ एउटाले उहाँ सर्वातमा प्रभुको गुणहरू भन्न सकिन्न ।

परमात्मस्वरूपेण वर्तते सर्वजन्तुषु ।
नित्यानन्दमयः साक्षात् स देवः केवलो विभुः ।।३१।।

जो परमात्मस्वरूपले सबै जन्तुमा रहन्छन्, ती देव नित्यानन्दमय साक्षात् प्रभु नै हुन् ।

निर्गुणो देहवान् योऽपि सर्वगो न हि गोचरः ।
यस्यान्तं नैव जानाति ब्रह्मा हरिरपि स्वयम् ।।३२।।

जुन निर्गुण र देहवान् छन्, सबैमा रहने, तर गोचर (देखिने) छैनन्, जसको अन्त स्वयं ब्रह्मा र हरिले पनि जान्दैनन् ।

सदेवैश्चिन्त्यते साक्षात् सर्वव्यापी महेश्वरः ।

तिनलाई सबै देवताहरूले सर्वव्यापी साक्षात् महेश्वर भनेर सोच्छन् ।

कृपया यस्य देवस्य वासवाद्याः सुरा अपि ।।३३।।
संप्राप्ता लोकपालत्वं स देवो गिरिजापतिः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन देवताको कृपाले इन्द्रादि देवताले पनि लोकपालत्व पाए ती, देवता पार्वतीका पति हुन् ।

श्मसाने वसतिर्यस्य ललाटे यस्य चन्द्रमाः ॥३४॥
वामाङ्गे गिरिजा यस्य स यदाह शृणुष्व तत् ।

जसको मसानमा घर छ, जसको निधारमा चन्द्रमा छ र जसको वायाँ अङ्गमा पार्वती छन्, उहाँले जे भनेका छन्, त्यो सुन्नुहोस् ।

अपि दुष्कृतकर्माऽपि यो लिङ्गं स्थापयेन्नरः ॥३५॥
मुच्यते सर्वपापेभ्यो नात्र कार्या विचारणा ।

पापकर्म गर्ने मानिसले पनि लिङ्ग–स्थापन गर्छ भने सबै पापबाट छुट्छ, यसमा विचारै गर्नुपर्दैन ।

हेलया कपटेनापि शोभया मनुजोत्तमः ॥३६॥
धारयन्ति च रुद्राक्षं तेषां पापं न विद्यते ।

हेलाले, कपटले र शोभाले (राम्राका लागि) पनि मानिसले रुद्राक्ष लाउँछन् भने तिनीहरूको पाप हुँदैन (नासिन्छ) ।

विभूतिभूषिता ये वै ये च रुद्राक्षधारिणः ॥३७॥
लिङ्गसंस्थापका ये च ते स्युः कैलासवासिनः ।

जो विभूति लाएका, जो रुद्राक्ष लाएका र जो लिङ्ग स्थापना गर्ने छन्, ती कैलाश वस्नेहरू हुन् ।

मल्लिङ्गपूजनरता मन्नामग्रहणे रताः ॥३८॥
मत्पुष्पवाटीकर्तारस्ते स्युः कैलाशगामिनः ।

जो मेरो लिङ्ग– पूजामा, मेरो नाम लिनामा, मेरो फूलको वगैंचा वनाउनमा लागेका छन्, ती कैलाश जाने होऊन् ।

अर्कधत्तूरपुष्पैश्च विल्वपुष्पैस्तथा जलैः ॥३९॥
मां पूजयन्ति मनुजास्ते स्युः कैलाशगामिनः ।

आँक र धतूरोका फूलहरूले, वेलको फूलले र पानीले जो मलाई पूजा गर्छन्, तिनीहरू कैलाश जाने होऊन् ।

अपि दुष्कृतकर्माऽपि युक्तो वा सर्वपातकैः ॥४०॥
लिङ्गसंस्थापनादेव मुच्यते नात्र संशयः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खराव काम गर्ने अथवा सम्पूर्ण पापले युक्त भए पनि लिङ्ग–स्थापना गर्नाले निश्चय छुटिहाल्छ (पापमुक्त हुन्छ)।

हेलया परिहासेन संकेतेनापि मानवाः ॥४१॥
मन्नामग्रहणे युक्ता मुच्यन्ते घोरकिल्विषात् ।

मानिसहरूले हेलाले, खिस्सीले र संकेतले पनि मेरो नाम लिन्छन् भने घोर पापबाट छुट्छ ।

अयं तु गुणवाँल्लोके गुणाढ्यो लोकपूजितः ॥४२॥
आचारवान् योगयुक्तो वेदवेदाङ्गपारगः ।
विद्यावान् विनयाधारः स्वाध्यायी देवपूजकः ॥४३॥
विशेषतो हि मद्भक्तो मन्नामग्रहणे रतः ।
अस्य प्राक्तनकं जन्म शृण्वन्तु मुनयो ध्रुवम् ॥४४॥

यी गुणी गुणाढ्य त संसारले पूजिएका, आचारवान्, योगले युक्त वेद र वेदाङ्गमा पार लागेका विद्यावान्, नम्र, स्वाध्यायी, देवतालाई पूजा गर्ने, विशेष गरेर मेरा भक्त र मेरो नाम लिनामा तल्लीन छन्, यिनको पूर्वजन्म, हे मुनिहरू ! सुन्नुहोस् ।

अयं किल पुरा भृङ्गी नन्दितुल्यो महाबलः ।
मद्द्वारपालको नित्यं मम रूपधरः सदा ॥४५॥

यी भृङ्गी पहिले नन्दी जत्तिकै वलिया, मेरो रूप धारण गरेका र सधैं मेरो ढोके थिए ।

एकस्मिन् दिवसे देव्या मया च रहसि स्थितम् ।
कुर्वतो हि कथास्तत्र नानारससमन्विताः ॥४६॥
तत्रानेन समास्थाय भृङ्गरूपं हि दुर्धिया ।
आगत्य हि श्रुताः सर्वा कथा मन्मुखनिर्गताः ॥४७॥

एक दिन देवी (पार्वती) र म एकान्तमा थियौं, खूब रमाइला कथाहरू भन्ने र सुन्ने गरेका हाम्रो बीचमा त्यहाँ यो दुष्ट बुद्धि भएकोले भृङ्ग (भमरो)को रूप लिएर आई मेरो मुखबाट निस्केका सबै कथा सुन्यो ।

कथास्ताः कथयामास स्वपत्न्यै रससंयुताः ।
एतज्ज्ञात्वा मया शप्तः कैलासात् पतितो ह्ययम् ॥४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती रसले पूर्ण भएका (रमाइला) कथाहरू आफ्नी स्वास्नीलाई भन्यो, यो थाहा पाएर मैले सराप दिएँ, यो कैलाशबाट पतित भयो ।

स तस्य चरितं सर्वं ज्ञात्वाऽन्तर्यामिना तदा ।
शप्तोऽसौ देवदेवेन ततो मानुषतामियात् ॥४९॥

शिवले तिनको सबै आचरण थाहा पाएर, अनि अन्तर्यामी देवदेवद्वारा मानिस होस् भनेर यी सरापिए ।

लब्ध्वा विप्रकुले जन्म गुणाढ्यो गुणिनां वरः ।
नवलक्षमिता गाथाः कृत्वा रससमन्विताः ॥५०॥
नेपाले परमे क्षेत्रे देवानामपि दुर्लभे ।
लिङ्गं संस्थापयामास शिवस्यानुग्रहोऽभवत् ॥५१॥

गुणीहरूमा श्रेष्ठ गुणाढ्यले वाहुनको कुलमा जन्म पाई रसले युक्त नौ लाख गाथा गरेर, देवताहरूका लागि पनि दुर्लभ परम क्षेत्र नेपालमा लिङ्ग-स्थापना गरे र शिवको दया भयो (लाग्यो) ।

विमानं प्रेषितं दिव्यं देवदेवेन शम्भुना ।
एहि विप्र गुणाढ्य त्वं विमानेऽधिष्ठितो भव ॥५२॥
सहैव यामः कैलासं शम्भुमद्य प्रपश्यसि ।

(यसैले) देवदेव शम्भुले दिव्य विमान पठाउनुभयो, विप्र गुणाढ्य ! आउनु-होस्, विमानमा बस्नुहोस्, सँगै कैलाश जाऔं, आज, शम्भुलाई देख्नुहुनेछ ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

एवं गणवचः श्रुत्वा गुणाढ्यो गुणिसत्तमः ॥५३॥
वदनं समुदैक्षेत मुनीनामुग्रजतेसाम् ।

गणको यस्तो कुरा सुनेर मुनि गुणाढ्यले उग्र तेज भएका मुनिहरूको मुख हेरे ।

ततो गुणाढ्यमालोक्य मुनीनां मुखवीक्षकम् ॥५४॥
प्राह चण्डतपा वाक्यं मुनीनां तत्र शृण्वताम् ।

अनि मुनिहरूको मुख हेर्ने गुणाढ्यलाई हेरेर सुनिरहेका मुनिहरूको बीचमा चण्डतपाले भने ।

चण्डतपा उवाच– चण्डतपाले भने –

आदावेव हि संप्रोक्तं हारीतेन तपस्विना ॥५५॥
सेवको देवदेवस्य न त्वं प्राकृतमानुषः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हारीत तपस्वीले पहिल्यै भन्नुभयो नि, तपाईं खास मानिस हुनुहुन्न, देवदेव-(शिव) को सेवक हुनुहुन्छ भनेर ।

नेपाले परमे क्षेत्रे लिङ्गं संस्थापितं त्वया । ।५६।।
शापान्तस्तेन ते जातस्तुष्टोऽभूत् पार्वतीपतिः ।

परम क्षेत्र नेपालमा तपाईंले लिङ्ग-स्थापना गर्नुभयो, त्यसैले सरापको अन्त भयो, पार्वतीपति खुशी हुनुभयो ।

विमानवरमारुह्य याहि पश्य महेश्वरम् ।।५७।।
आशीर्वादैर्द्विजादीनां शीघ्रं पश्य महेश्वरम् ।

श्रेष्ठ विमानमा चढेर जानुहोस्, महेश्वरलाई हेर्नुहोस्, ब्राह्मण आदिहरूको आशीर्वादले चाँडै महेश्वरलाई हेर्नुहोस् ।

मार्कण्डेय उवाच– मार्कण्डेयले भन्नुभयो–

इति श्रुत्वा मुनेर्वाक्यं गुणाढयो द्विजसत्तमान् ।।५८।।
आमन्त्र्याधिरुरोहाशु विमानमतिसुन्दरम् ।

मुनिको यस्तो कुरो सुनेर गुणाढय श्रेष्ठ ब्राह्मणहरूसित विदावारी भएर खूब राम्रो विमानमा तुरुन्तै चढे ।

जयध्वनिस्ततो जातो मुनीनां वदनोद्गतः ।।५९।।
पपात खात् पुष्पवृष्टिर्विद्याधरकरच्युता ।

अनि मुनिहरूको मुखबाट निस्केको जय श-द भयो (गुञ्ज्यो), विद्याधरहरूको हातबाट खसेको फूल-वर्षा भयो ।

देवदुन्दुभयो नेदुर्ननृतुश्चाप्सरोगणाः ।।६०।।
ववौ वायुः सुखस्पर्शो गन्धर्वा ललितं जगुः ।

देवदुन्दुभिहरू वजे, अप्सराहरू नाचे, सुखस्पर्श (छुँदा मजा आउने) हावा वह्यो । गन्धर्वहरूले रसिक (गीत) गाए ।

विमानस्पर्शमात्रेण गुणाढयो गुणिनां वरः ।।६१।।
त्र्यक्षरूपधरो भूत्वा कैलासं प्रययौ तदा ।

गुणीहरूमा श्रेष्ठ गुणाढय विमान छुनासाथै शिवको रूप लिएको भई कैलाश गए ।

एवं ते कथितं विप्र भृङ्गीश्वरसमुद्भवम् ।।६२।।
भृङ्गीश्वरसमं लिङ्गं न भूतं न भविष्यति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विप्र ! यसरी तपाईंलाई भृङ्गीश्वरको उत्पत्ति भनें, भृङ्गीश्वर जस्तो लिङ्ग त न भयो र न हुनेछ ।

भृङ्गीश्वरं ये पश्यन्ति नेपाले क्षेत्रसत्तमे ॥६३॥
तेषां मनोरथावाप्तिर्भविष्यति न संशयः ।

उत्तम क्षेत्र नेपालमा (रहेको) भृङ्गीश्वरलाई जसले हेर्छन्, तिनीहरूको निश्चय मनोरथ–सिद्धि हुनेछ ।

भृङ्गीश्वरं ये पश्यन्ति भक्तियुक्तेन चेतसा ॥६४॥
तेषां दास्यति कैलासं भगवान् पार्वतीपतिः ।

भक्तिपूर्वकको चित्तले जसले भृङ्गीश्वरलाई हेर्छन्, भगवान् पार्वतीपतिले तिनीहरूलाई कैलाश दिनेछन् ।

अष्टम्यां च चतुर्दश्यां संक्रान्तिदिवसे तथा ॥६५॥
भृङ्गीश्वरं ये क्ष्यन्ति ते यास्यन्ति परां गतिम् ।

अष्टमीमा, चतुर्दशीमा र संक्रान्तिको दिनमा जसले भृङ्गीश्वरलाई हेर्नेछन्, ती परम गतिमा पुग्नेछन् ।

षण्मासं प्रत्यहं दृष्ट्वा देवं भृङ्गीश्वरं मुदा ॥६६॥
विद्यावान् जायते विप्रः कवीनामग्रणीर्भवेत् ।

देव भृङ्गीश्वरलाई छ महीनासम्म दिनहुँ दर्शन गरेर ब्राह्मण विद्यावान् हुन्छ र कविहरूमा अग्रणी हुन्छ ।

वन्ध्याऽपि नियमं दृष्ट्वा शीघ्रं गर्भमवाप्नुयात् ॥६७॥
भृङ्गीश्वरस्य सेवातो दरिद्रो धनमाप्नुयात् ।

नियमपूर्वक दर्शन गरे बाँझीले पनि चाँडै गर्भ पाउनेछ, भृङ्गीश्वरको सेवाले दरिद्रले धन पाउला ।

अद्यापि भृङ्गरूपेण भृङ्गी पर्वणि पर्वणि ॥६८॥
समायाति मुने द्रष्टुं लिङ्गं भृङ्गीश्वराभिधम् ।

हे मुनि (जैमिनि)! आजभोलि पनि भृङ्ग रूप लिएर भृङ्गी पर्व-पर्वमा भृङ्गीश्वर लिङ्गलाई हेर्न आउँछन् ।

श्रुत्वाऽध्यायमिमं पुण्यं भृङ्गीश्वरसमुद्भवम् ॥६९॥
यः शृणोति नरः श्रेष्ठ श्रीशम्भोर्विजयं शुचिः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रद्दधानः सदा भक्त्या सर्वैनोभिः स मुच्यते ॥७०॥
मनःशुद्धिविहीनत्वात् समस्तं कर्म निष्फलम् ।

भृङ्गीश्वरको उत्पत्ति भएको यो पुण्यदायी अध्याय सुनेर जो श्रेष्ठ मानिस पवित्र श्री शम्भुको विजय सुन्छ । सधैं भक्तिले श्रद्धा गर्ने त्यो सवै (नोभि?)वाट त्यसले छुट्कारा पाउँछ । मन शुद्धि नभएकोको निम्ति सबै कर्म निष्फल हुन्छन् ।

ब्राह्मणं पूजयित्वा च भूषणाच्छादनादिभिः ॥७१॥
लभते तत्तदेवाशु प्रसादाच्छङ्करस्य च ।

गहना र आच्छादन (वस्त्र) हरूले ब्राह्मणलाई पूजा गरेपछि शङ्करको प्रसादले त्यही त्यही (पूजा गरेकै चीज) नै तुरुन्त पाउँछ ।

द्विजो विद्यामवाप्नोति वर्षादर्वाङ न संशयः ॥७२॥

ब्राह्मणले वर्ष अगाडि नै निश्चय विद्या पाउँछ ।

अस्य श्रवणमात्रेण क्षत्रियो विजयी भवेत् ।
महतीं श्रियमाप्नोति नरेन्द्रेण सुदुर्लभाम् ॥७३॥

यो सुन्नाले मात्रै पनि क्षत्री विजयी होओस्, (होला) र राजाले पाउन नसक्ने श्रीसम्पत्ति पाओस् ।

श्रुत्वाऽध्यायमिमं पुण्यं महापातकनाशनम् ।
वैश्यो धनसमृद्धः स्यात् महाधर्ममवाप्नुयात् ॥७४॥

ठूलो पाप नाश गर्ने यो अध्याय सुनेर वैश्य धनी होला र ठूलो धर्म पाउला । यो पवित्र अध्याय सुनेर शूद्र असल गति जालो (पाउला) ।

सूत उवाच– सूतले भने–

इति नेपालमाहात्म्यं मार्कण्डेयस्तपोधनः ॥७५॥
कथयित्वा द्विजातिभ्यः सायंसन्ध्यामुपासितुम् ।
ययौ शिष्यगणैः सार्धं विभावसुरिवापरः ॥७६॥
अन्येऽपि मुनयः सर्वे ययुः सन्ध्यामुपासितुम् ।

तपोधन मार्कण्डेय यस्तो नेपालमाहात्म्य ब्राह्मणहरूलाई भनेर शिष्यहरूका साथ सन्ध्याको उपासना गर्न दोस्रो सूर्य झैं गए । अरू सबै मुनिहरू पनि सन्ध्याको उपासना गर्न गए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इदं नेपालमाहात्म्यं गुह्यमत्यन्तदुर्लभम् ॥७७॥
गोपनीयं प्रयत्नेन धार्मिकाय प्रकाशयेत् ।

गुह्य (रहस्यमय) र पाइ नसक्नु यो नेपालमाहात्म्य मेहनतले रक्षा गर्नुपर्छ (लुकाउनुपर्छ) । धार्मिकलाई भने प्रकाश पारोस् (भनोस्) ।

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये त्रिंशोऽध्यायः ।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा नेपालमाहात्म्यको तीसौं अध्याय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९१

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

०५३।६०।८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५४४८

Q23:4445
VYA
2028B.S.

सरस्वती नः सुभगा मयस्करत्
महेन्द्र संस्कृत विश्वविद्यालयः
MAHENDRA SANSKRIT UNIVERSITY 1986 AD

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ड. ग.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu